# कर्णाली प्रदेशका
# जाति, भाषा र साँस्कृतिक अवस्था
## एक अध्ययन



प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

कर्णाली प्रदेश

वीरेन्द्रनगर, सुर्खेत नेपाल

# स्थलगत अध्ययन भ्रमणका केही तस्बिरहरू



सूचना सङ्कलन गर्दै, खलङ्गा, जुम्ला



तिला कर्णाली, जुम्ला




अन्तरक्रियामा सहभागीहरू, सिंजा, जुम्ला



सिंजा उपत्यका, जुम्ला



सूचना सङ्कलन गर्दै, आचार्यबाडा, जुम्ला



खस भाषाभाषीहरूसँग छलफल



ऐतिहासिक काठे पुल, सिंजा



स्थानीयसँग कुराकानी गर्दै, सिंजा, जुम्ला

# प्रदेश सरकार

## कर्णाली प्रदेश

फोन नं.:०८३-५२३२५८
फ्याक्स नं.: ०८३-५२२०२९
निजी सचिवालय

**मा. दल रावल**
मन्त्री
सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत नेपाल

# शुभकामना



यस मन्त्रालयको आ.व. २०७५/०७६ मा प्रदेशभित्र रहेका सबै भाषा, धर्म संस्कृतिको संरक्षण, सम्वर्द्धनका लागि पहिचान, अभिलेखीकरण, अध्ययन गर्ने कार्यक्रम व्यवस्था भए अनुसार नेपाल विकास अनुसन्धान प्रतिष्ठान, पुल्चोक, ललितपुरले उक्त कार्य गर्ने जिम्मेवार पाए अनुसार अध्ययन अनुसन्धान कार्य सम्पन्न गरी पेश गरेको कर्णाली प्रदेशका जाति, भाषा, धर्म र सांस्कृतिक समृद्धि सम्बन्धी प्रतिवेदनलाई आवश्यक सम्पादन गरी पुस्तकको रूपमा प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुसी लागेको छ । प्रदेश भित्र बसोबास गर्ने विभिन्न जातजातिको भाषा, धर्म, संस्कृति र सभ्यताको पहिचान गराएको छ । यसले ती कुराको संरक्षण तथा सम्वर्द्धन गर्नका लागि प्रदेश सरकार र स्थानीय तहलाई नीति निर्माण गर्न मद्दत पुग्नुका साथै सो सम्बन्धमा अध्ययन अनुसन्धान गर्न चाहने जोसुकैलाई पनि सहयोग पुग्ने विश्वास लिएको छु ।

यस अध्ययन टोलीमा संलग्न भाषाविद् प्रा.डा. माधवप्रसाद पोखरेल, डा. दीपेन्द्र रोकाया, डा. अपर्णा पोखरेल र सुश्री प्रतिज्ञा रेग्मी लगायत सम्पूर्ण पदाधिकारीहरू र अध्ययन गराउन तथा प्रतिवेदन प्रकाशन गर्न व्यवस्था मिलाउनु हुने मन्त्रालयका संलग्न कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्दै यस प्रकाशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

मिति : २०७६/०३/०५

दल रावल
मन्त्री
मन्त्री

प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

## कर्णाली प्रदेश

वीरेन्द्रनगर, सुर्खेत नेपाल

मा.मन्त्रीज्यू : ०८३-५२४६४०
सचिवज्यू : ०८३-५२५६१२
प्रशासन शाखा : ०८३-५२३६७२
लेखा शाखा : ०८३-५२१७१२
शिक्षा महाशाखा : ०८३-५२२५९०
फ्याक्स : ०८३-५२२०२९



# प्रकाशकीय

कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयको आ.व. २०७५/०७६ मा प्रदेशभित्र रहेका सबै भाषा, धर्म संस्कृतिको संरक्षण सम्वर्द्धनका लागि पहिचान, अभिलेखीकरण, अध्ययन गर्ने कार्यक्रम रहेकोमा नेपाल विकास अनुसन्धान प्रतिष्ठान, पुल्चोक, ललितपुरले कर्णाली प्रदेशका जाति, भाषा, धर्म र सांस्कृतिक अवस्था सम्बन्धी अध्ययन गर्ने जिम्मेवारी प्राप्त गरे अनुसार अध्ययन अनुसन्धानको कार्य पूरा गरी प्रतिवेदन यस मन्त्रालयमा पेश गरेको हो ।

कर्णाली प्रदेशको विभिन्न जिल्लाहरूमा रहेका सामाजिक, भाषिक र सांस्कृतिक अवस्थाको स्थलगत अध्ययनमा आधारित यस प्रतिवेदनलाई आवश्यक सम्पादन गरी पुस्तकको रूपमा प्रकाशन गर्दा अनुसन्धानकर्ता, शैक्षिक संस्था, अन्य सरोकारवाला निकाय, आम नागरिकका साथै विशेष गरी सम्बन्धित स्थानीय तहहरूलाई उपयोगी हुने विश्वास लिइएको छ । प्रदेश भित्रका विभिन्न जातजातिको भाषा, धर्म, संस्कृतिको बारेमा विस्तृत रूपमा उल्लेख भएको यो पुस्तकले यस क्षेत्रको भाषा, धर्म, संस्कृति र सभ्यताको पहिचान गरेको छ । यसले ती कुराको संरक्षण तथा सम्वर्द्धन गर्नका लागि प्रदेश सरकार र स्थानीय तहलाई नीति निर्माण गर्न मद्दत पुग्नुका साथै सो सम्बन्धमा अध्ययन अनुसन्धान गर्न चाहने जोकोहीलाई पनि सहयोग पुग्ने विश्वास लिएको छु ।

नेपाल विकास अनुसन्धान प्रतिष्ठान, पुल्चोक, ललितपुरका निर्देशक डा. जयकुमार गुरूङ तथा यस अनुसन्धान कार्यको नेतृत्व गर्ने भाषाविद् प्रा.डा. माधवप्रसाद पोखरेल र सदस्यहरू डा. दीपेन्द्र रोकाया, डा. अपर्णा पोखरेल र श्री प्रतिज्ञा रेग्मी लगायत सम्पूर्ण पदाधिकारीहरूप्रति आभार व्यक्त गर्दछु । अध्ययन गर्न गराउन तथा प्रतिवेदन प्रकाशन गर्न व्यवस्था मिलाउनु हुने मन्त्रालयका महाशाखा प्रमुख उपसचिव श्री दामोदर फुयल, भाषा सम्पादन गरी सहयोग पुऱ्याउनु हुने त्रिभुवन विश्वविद्यालय सुर्खेत क्याम्पस (शिक्षा)का सहप्राध्यापक डा. हर्कबहादुर शाही लगायत यस कार्यमा संलग्न मन्त्रालयका कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्दछु ।

पुनश्चः यो पुस्तक माथि उल्लेखित संस्थाका अध्ययताहरूले अध्ययनगरी पेश गरेको प्रतिवेदनलाई पुस्तकको रूपमा प्रकाशन गरिएको हो । तसर्थ यसमा उल्लेखित कुराहरु मन्त्रालयको आधिकारिक धारणा नभएको व्यहोरा समेत सम्बन्धित सबैमा अनुरोध गर्दछु ।

*२०७६ असार*

**डा. मानबहादुर बीके**
**सचिव**

# विषय सूची


| विषय | पृष्ठ |
|---|---|
| **कर्णाली प्रदेश** | **१** |
| परिचय | १ |
| यसपूर्व भएका अध्ययनहरूको विवरण | २ |
| अध्ययन विधि | ४ |
| **लोक संस्कृति** | **६** |
| **कर्णाली प्रदेशका सामाजिक विलक्षणता** | **६** |
| प्रागितिहासिक मानव सभ्यताको अवशेष: जिउँदो सङ्ग्रहालय | ६ |
| कर्णाली क्षेत्रको भाषिक विलक्षणता: अव्ययको पनि लिङ्ग, वचन र आदरार्थी | १० |
| **शिक्षा र संस्कृतिमा लिनु पर्ने नीति** | **११** |
| **भाषा नीति** | **११** |
| **नेपाली भाषा र कर्णाली प्रदेशका मातृभाषा** | **१२** |
| **इतिहास: स्थिति र नीति** | **१३** |
| **धार्मिक पर्यटन** | **१४** |
| **धार्मिक अर्थ विज्ञान** | **१५** |
| **दलित क्रान्ति : अज्ञान, भ्रम र वास्तविकता** | **१५** |
| **कर्णाली प्रदेशका जाति: शक्ति, स्थिति र नीति** | **१७** |
| **खसहरूको प्रागितिहास र इतिहास** | **२२** |
| **मानसरोवर, चाङ्चुङ र पश्चिम हिमालयमा खसहरूको इतिहास** | **२४** |
| **खस र मध्य एसियासम्म स्रङचङ गम्पोको दिग्विजय** | **२६** |
| **कर्णाली प्रदेशमा खसहरूको इतिहास** | **२७** |
| **खसहरूको लोक सांस्कृतिक मौलिकता** | **२८** |
| **कर्णालीको सांस्कृतिक समृद्धि** | **३०** |
| **मित लगाउने चलन** | **३४** |
| **औषधोपचार: धामी, झाँक्री, अस्पताल** | **३४** |
| **कर्णालीका प्राकृतिक पर्यटन स्थलहरू** | **३४** |
| **धर्म** | **३५** |
| **लोक संस्कृतिको स्थिति** | **३५** |
| **जाडो र गर्मीको यायावरीय जीवन** | **३६** |
| **मातृभाषाको अध्ययन** | **३६** |
| **निष्कर्ष** | **३७** |
| **सुझाव, गन्तव्य र कार्यदिशा** | **३७** |
| **सन्दर्भ सूची** | **५७** |
| परिशिष्ट क: अनुसूची: स्थलगत अन्तरक्रियाका सहभागीहरू | ६० |
| परिशिष्ट ख: खस जातिको भूगोल, इतिहास र चिनारी | ६५ |
| परिशिष्ट ग: कैलास मानसरोवर जाने प्रागितिहासिक नेपाली बाटो | ७० |
| परिशिष्ट घ: नेपालमा स्त्री राज्य र मातृसत्ताको अवशेष | ७५ |
| परिशिष्ट ङ: खसानको जातभात र प्रागितिहास | ८२ |

# कर्णाली प्रदेश

## परिचय

कर्णाली प्रदेश वर्तमान नेपालको संविधानद्वारा निर्धारण गरिएको छैटौँ प्रदेश हो । यस प्रदेशको राजधानी वीरेन्द्रनगर, सुर्खेत हो । यस प्रदेशमा हुम्ला, मुगु, डोल्पा, जुम्ला, कालिकोट, दैलेख, जाजरकोट, पश्चिम रुकुम, सुर्खेत र सल्यान गरी १० ओटा जिल्लाहरू सम्मिलित छन् । कर्णाली प्रदेशमा हिमाली भूभाग, पहाडी भूभाग र उपत्यका छन्, तर तराई भने छैन । प्रदेशमा खस, मगर, थारू, राउटे, राजी, बादी, चुनारा, गुरुङ, कुमाल, कार्मारोङ, आदि अनेक जाति छन् । खसहरूमध्ये पनि बाहुन, क्षेत्री, ठकुरी, बादी र दलित (कामी, दमाईँ, सार्की, गाइने/गन्धर्व, ओड, भुल आदि) हरूमा जातको परम्परागत वर्गीकरण छ । यहाँ क्षेत्री पनि जनै लगाउने र नलगाउने गरी दुई किसिमका छन् । पहिले जनै लगाउनेलाई तागाधारी र नलगाउनेलाई मतुवाली भन्ने चलन थियो । हाल यस प्रकारको प्रचलन छैन, धेरै जातिले जनै ग्रहण गरिसकेका छन् ।

कर्णाली प्रदेशको इतिहास मात्र होइन, प्रागितिहास पनि समृद्ध छ, प्रकृति मात्र होइन, संस्कृति पनि समृद्ध छ । कर्णाली प्रदेशमा कस्तूरी जस्ता दुर्लभ जन्तु, डाँफे जस्ता दुर्लभ चरा, जैतुन (लौँठो) जस्तो दुर्लभ वनस्पति, यार्चागुम्बा जस्तो बहुमूल्य बुटी, असङ्ख्य जडिबुटी, शिलाजित जस्ता औषधि, रारा र फोक्सुन्डो जस्ता अनेक दह/ताल, छायानाथ जस्ता अनेक हिमाल, शिरस्थान, नाभिस्थान र पादुकास्थान जस्ता ज्वालामुखी तीर्थ, तातोपानीका कुण्ड, लेक, पातल, भोजपत्र जस्ता असङ्ख्य बहुमूल्य वस्तु छन् ।

कर्णाली प्रदेशमा नारायण देवतालाई पनि बोको वलि दिने चलन छ; मस्टाको पूजा र विश्वास हुन्छ । कर्णाली प्रदेशका कति देवीदेउताहरूको नाम हिन्दूहरूले सुनेकै छैनन् । स्कन्द पुराणका मानस खण्ड र केदार खण्डमा मात्र नभएर अनेक पुराणहरूमा वर्णन गरिएको कैलास मानसरोवर क्षेत्र जाने प्रागितिहासिक र ऐतिहासिक मूल बाटो कर्णाली प्रदेशबाटै थियो । मानसरोवरबाट कर्णाली प्रदेश हुँदै भारत जाने मूल बाटो प्राचीन चिनियाँ रेसम मार्गको शाखा थियो, तर नेपालले त्यो अन्तरर्राष्ट्रिय तीर्थ मार्ग प्रयोगमा ल्याइरहन सकेन ।

कर्णाली प्रदेशमा बादी र तिब्बती मूलका जातिहरूले प्रागितिहासिक बहुपति प्रथा जोगाएर राखेका छन् । लोक साहित्य र लोक वार्तामा कर्णाली प्रदेश समृद्ध छ । राष्ट्रकवि माधव घिमिरेले भने झैँ, जसरी कस्तूरी मृगले आफ्नै नाइटाबाट आएको सुगन्ध कहाँबाट आयो भन्ने चाल पाउँदैन, त्यसैगरी कर्णाली प्रदेशले आफ्नै समृद्धि चिनिसक्न कति शताब्दी लाग्छ भन्न सकिँदैन । लक्ष्मीप्रसाद देवकोटाले नेपालका विषयमा जे लेखेका छन्, 'यहाँ कति सावित्री छन्, जसको कथा दुनियाँले सुनेकै छैन । यहाँ कति साहित्य छ, जो लेखिएकै छैन, न लेखिनेछ', कर्णाली प्रदेशमा त्यो शतप्रतिशत लागू हुन्छ । कर्णाली प्रदेशमा बोलिने नेपाली मातृभाषाहरूमा अव्ययमा पनि लिङ्ग, वचन र आदरार्थीको विचलन पाइन्छ । यहाँ मगर ढुट, मगर खाम, मगर काइके र मगर पोइके गरी चार किसिमका मगर मातृभाषाहरू छन् । त्यसबाहेक भोट बर्मेली हिमाली भाषामा राजी, राउटेको खाम्ची, मुगाली कार्मारोङ, अनि आर्य परिवारको थारू भाषा र अनेक खस मातृभाषाहरू छन् ।

कर्णाली प्रदेशमा हिन्दू, बौद्ध, बोन र इस्लाम बाहेक त्यस्ता धर्म छन्, जसको वास्तविक नामकरण पनि भएको छैन । यहाँ इस्लाम धर्म मान्नेहरूको पनि उल्लेखनीय सङ्ख्या छ । अहिले परम्परागत धर्म मान्ने दलित र विपन्नहरूको व्यापक रूपमा धर्म परिवर्तन गर्ने रोग सर्वत्र सल्केको सूचना पाइएको छ ।

## यसपूर्व भएका अध्ययनहरूको विवरण

### *क. कर्णालीको इतिहास र पुरातत्त्वका अनुसन्धानको थालनी*

कर्णाली प्रदेशका विषयमा अनुसन्धान गर्ने पहिला स्वदेशी विद्वान् योगी नरहरि नाथ (२०१३) र पहिला विदेशी विद्वान् इटालीका पुरातत्त्वविद् ज्योसेप्पे टुची (१९५६ ई.) हुन् । यी दुवै विद्वानले नेपालको इतिहासका नाउँमा काठमाडौँको इतिहास मात्र बुझ्ने नेपाली परम्पराको क्रम भङ्ग गरिदिए । टुची (१९५६ ई.) ले सिँजाको सभ्यता र इतिहास मात्र पत्ता नलगाएर पुरातत्त्वको पनि ढोका उघारे । उनले कर्णाली प्रदेशका खस राजाहरूका रगतमा १३औँ शताब्दीपछि राजस्थानको रगत मिसिन आएको कुरो पनि उद्घाटन गर्दै नेपालका बाइसी चौबिसी राज्यका राजाहरूको वंशावलीको बीज पनि प्रकाशित गरे । कर्णाली प्रदेशदेखि कैलास मानसरोवर क्षेत्र (अर्थात्, पश्चिम तिब्बत) सम्म व्याप्त बोन धर्मका देवलहरूको सूचना पनि थपे । कर्णालीका खस राजाहरू कैलास मानसरोवर क्षेत्रबाट जुम्लाको सिँजामा राज्य गर्न आएको र उनीहरूको आधिपत्य कर्णाली प्रदेशदेखि ताक्लाकोटसम्म भएको जानकारी पनि दिए । तिब्बतको वंशावली हेर्दा पश्चिम तिब्बतमा शासन गर्न आउने स्रङ चङ गम्पोका सन्तानका उत्तराधिकारी जस्ता कर्णालीका खस राजा देखिन्छन् । टुची (१९५६ ई.) ले नै त्यो भ्रम तोडेर क्राचल्ल र अशोक चल्लको चल्ल थर काश्मीरको राजवंशका नाउँ (सुल्ल, भुल्ल, टुल्ल, राजल्ल आदि) सँग अनुप्रास मिलाउँदै ती खस राजाहरू स्रङ चङ गम्पोका सन्तान लाङ् दार्माका वंशज चाहिँ होइनन्, राज्यका उत्तराधिकारी मात्र हुन्; त्यहाँका खस राजाहरू आफ्नो नाम तिब्बतीमा पनि लेख्थे, त्यसैले तिनीहरूलाई ‘भोटे राजा’ भन्ने भ्रम भएको हो भन्ने कुरो पनि टुचीले नै प्रस्ट्याएका हुन् । मल्ल थर भारतीय राजवंश हो, तिब्बती होइन भन्ने टुचीको निर्णय छ ।

सत्यमोहन जोशीले आफू नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको सदस्य सचिव भएपछि सङ्गठित र एकीकृत रूपमा कर्णालीको अनुसन्धान गर्ने सरकारी कार्य थाले, तर सत्यमोहन जोशीले जे जस्तो काम गरेर देखाए, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले त्यस्ता कामको निरन्तरता दिएको देखिएन । जोशीले २०२७ सालमा पाँच जना बेग्लाबेग्लै क्षेत्रका अनुसन्धातालाई नेपाल एकेडेमीका तर्फबाट कर्णालीको सिंजा खोला उपत्यकाको बेग्लाबेग्लै पक्षको स्थलगत अनुसन्धानका लागि लिएर गए । केही दिनको अनुसन्धानपछि अर्को वर्ष पाँच ओटा अनुसन्धान ग्रन्थहरू प्रकाशित भए । कर्णालीको इतिहास बारे सत्यमोहन जोशी (जोशी, २०२८) को, भूगोल बारे स्थिरजङ्ग बहादुर सिंह (सिंह, २०२८) को, जनजीवन र सामाजिक तथा सांस्कृतिक पक्ष बारे बिहारी कृष्ण श्रेष्ठ (श्रेष्ठ, २०२८) को, भाषा बारे चूडामणि बन्धु (बन्धु, २०२८) को र लोक साहित्य र कला बारे प्रदीप रिमाल (रिमाल, २०२८) को किताब प्रकाशित भयो । भीम प्रसाद श्रेष्ठ (२०२८) को सम्पादनमा प्रकाशित भएको अनुसन्धान ग्रन्थ पनि कर्णाली प्रदेशका विविध पक्षमा गरिएको अर्को एकीकृत उल्लेखनीय अनुसन्धान हो ।

यात्री (२०४२) को सिंजाको ऐतिहासिक रूपरेखा एउटा उल्लेखनीय अनुसन्धान हो, किनभने पूर्णप्रकाश नेपाल ‘यात्री’ नेपालका तात्कालिक सबैजसो गाउँ पञ्चायतमा पुगेर त्यहाँको विषयमा लेख्ने र प्रकाशित गर्ने आफ्नै किसिमका अनुसन्धाता हुन् ।

सूर्यमणि अधिकारी (२०४३, २०५३, २०५५) का 'पश्चिम नेपालको ऐतिहासिक अन्वेषण', 'पश्चिम नेपालको खस अधिराज्य' र 'जुम्ला राज्यको इतिहास' अनि राजाराम सुवेदी (सुवेदी, २०५५) को बाइसी राज्यको इतिहासले कर्णाली प्रदेशको इतिहासमा धेरै नयाँ कुरा थपेका छन् । रत्नाकर देवकोटाको 'बृहत् जुम्ला राज्यको इतिहास' (२०६४) पनि प्रकाशित भएको छ ।

***ख. लोक साहित्यका अनुसन्धानको आरम्भ***

वि.सं. २०१३ देखि नै कर्मवीर महामण्डल (२०१३) ले दुल्लु, दैलेख र जुम्लाका लोक गीतहरूको सङ्कलन र प्रकाशन गरेर कर्णालीका लोक गीतको सङ्कलन, सम्पादन, प्रकाशन र अनुसन्धानको आरम्भ गऱ्यो । प्रदीप रिमाल (रिमाल,२०२८) को लोक साहित्यको ग्रन्थ एउटा उल्लेखनीय पाइलो हो ।

हुमकान्त पाण्डे (२०५८, २०७०) ले हुम्ला र कर्णालीको लोक साहित्य बारे बेग्लाबेग्लै अनुसन्धान गरेका छन् । डम्बरबहादुर पुन (२०५९) ले दक्षिण पूर्वी सल्यानका लोक गीतमा अनुसन्धान गरेका छन् भने लक्ष्मी ऐडी (२०६९) ले कर्णालीको लोक लय, लोक गाथा र लोक भाका प्रकाशित गरेकी छिन् । शेरबहादुर अधिकारी (२०७३) ले जाजरकोटी लोक साहित्य, गीत र स्रष्टाहरूको परिचय दिएका छन् ।

***ग. भाषा विषयक अनुसन्धानको आरम्भ***

बालकृष्ण पोखरेलले कलकत्ता विश्वविद्यालयबाट भाषा शास्त्रमा एम.ए. (२०१८) उत्तीर्ण भएपछि नेपाली भाषाको इतिहास (पोखरेल, २०१९) मा रुचि राखेर 'नेपाली भाषाको कथा' प्रकाशित गरे । बालकृष्ण पोखरेलले कर्णालीका बेग्लाबेग्लै ठाउँमा पैदल यात्रा नै गरेर कर्णाली प्रदेशका भाषाको मात्र जानकारी बढाएनन्, नेपाली भौगोलिक भाषिकामा योगदान गर्ने पहिलो व्यक्ति पनि बालकृष्ण पोखरेल (पोखरेल, २०२०, २०२२) नै हुन् । नेपाली भाषाका भाषिकाहरू पहिले तीन ओटा निर्धारण गर्दा पनि पछि पाँच ओटा निर्धारण गर्दा पनि बालकृष्ण पोखरेलले कर्णाली प्रदेशका मातृभाषालाई मुख्य स्थान दिए । नेपाली ऐतिहासिक अभिलेखको कालक्रमिक भाषिक अनुसन्धान गर्ने अर्थात्, नेपाली भाषाको ऐतिहासिक अनुसन्धान गर्ने पनि पहिला व्यक्ति बालकृष्ण पोखरेल (२०२०) हुन् । जगदम्बा प्रकाशनबाट प्रकाशित उनको 'पाँच सय वर्ष' भन्ने किताब नै त्यस्तो पहिलो फड्को हो । बालकृष्ण पोखरेलले यस ग्रन्थमा कर्णाली प्रदेशबाट जारी भएका नेपाली भाषाका अनेक अभिलेख समावेश गरेका छन् ।

रत्नाकर देवकोटा (२०२७) को जुम्लेली शब्दावली कर्णाली प्रदेशका मातृभाषाको कोष निर्माणमा पहिलो पाइलो हो । देवकोटा (२०५८) ले नेपाली 'केन्द्रीय भाषिका' का उखान र गाउँखाने कथाको पनि कोश प्रकाशित गरेका छन् ।

चूडामणि बन्धु (बन्धु, २०२८) कर्णालीका भाषिकामा विशिष्ट योगदान गर्ने व्यक्ति हुन्, किनभने उनी सत्यमोहन जोशीकै अनुसन्धान टोलीका भाषा वैज्ञानिक थिए। रामविक्रम सिंजापती (२०५० र २०७३) ले जुम्ली भाषिकाको वर्णनात्मक अध्ययन र प्रज्ञा जुम्ली-नेपाली शब्दकोश तयार पारेका छन्। पहिलो अध्ययन विद्यावारिधि शोधग्रन्थ हो। ओमप्रसाद आचार्य (२०७५) ले पनि सिँजाली भाषिका र मानक नेपाली भाषाको व्यतिरेकी अध्ययन शीर्षकमा विद्यावारिधि गरेको पाइन्छ। त्यसैगरी भाषा आयोग नेपालद्वारा हर्कबहादुर शाही र अन्य (२०७५) ले जुम्ली भाषाको वर्ण निर्धारण, शब्द सङ्कलन र इतिहास लेखन पनि गरिएको छ।

**घ.** पूर्णप्रकाश नेपाल यात्री' (यात्री,नेपाली भाषाको ऐतिहासिक मीमांसा, २०५३) को नेपाली भाषा शास्त्रका बारेमा लेखिएको पुस्तक 'नेपाली भाषाको ऐतिहासिक मीमांसा' हो। यस ग्रन्थमा लेखकले नेपाली भाषाको ऐतिहासिक विकासका बारेमा लेखेका छन्।

**ङ.** ***लोक संस्कृतिका अनुसन्धान***

रत्नाकर देवकोटा (देवकोटा, जुम्लाको सामाजिक रूपरेखा, २०२७) ले 'जुम्लाको सामाजिक रूपरेखा' मा जुम्लाको समाज कस्तो छ भनी जुम्ली समाजको विवरण दिएका छन्। बिहारी कृष्ण श्रेष्ठ (२०२८) को अनुसन्धान ग्रन्थ कर्णाली प्रदेश (विशेषतः सिँजा खोला उपत्यका) को जनजीवन र लोक संस्कृतिको पहिलो अनुसन्धान हो। स्थिरजङ्ग बहादुर सिंह (२०२८) को सिँजा खोला उपत्यकाको भौगोलिक अनुसन्धान पनि सिँजाको भौगोलिक अवस्थाले त्यहाँको जनजीवन र लोक संस्कृतिमा पारेको प्रभावकै अध्ययन हो। 'कर्णाली लोक संस्कृति' को पाँचौँ भागमा प्रदीप रिमालले कर्णाली प्रदेशका साहित्य, कला तथा लोक संस्कृतिका बारेमा लेखेका छन्। उनका अनुसार (रिमाल, २०२८) दशैँमा कनकासुन्दरी देवीको थानमा काँचो बोकालाई जिउँदै टोक्ने चलन छ र भजन गाउँदा मुजुरा, घण्ट, डमरु बजाउने चलन छ।

गणेश गुरुङ (२०३८) को जुम्ली संस्कृतिमा गरिएको अनुसन्धान उल्लेखनीय छ। डोरबहादुर बिष्ट (बिष्ट, २०५२) ले आफ्नो 'सबै जातको फूलबारी' शीर्षकको किताबमा कर्णाली प्रदेशमा बसोवास गर्ने विभिन्न जातजातिका बारेमा लेखेका छन्। पूर्णप्रकाश नेपाल यात्री (यात्री, राउटे लोकजीवन, २०५४) को राउटेको जीवनका बारेमा लेखिएको ग्रन्थ 'राउटे लोकजीवन' हो।

## अध्ययन विधि

**क.** कर्णाली प्रदेशका सबै जिल्लामा प्राथमिक स्तरको तथ्याङ्क संकलन गर्दा स्थलगत अध्ययन सर्वेक्षण, कार्यशाला गोष्ठी, सम्बन्धित जिल्लाका सरकारी निकाय, गैसस तथा स्थानीय जनप्रतिनिधि, नागरिक समाज, सञ्चारकर्मी, विभिन्न समुदायका प्रतिनिधिहरूसँग अन्तरक्रिया जस्ता पद्धति अपनाइएको छ।

**ख. स्थलगत अध्ययन तथा तथ्याङ्क संकलन**

कर्णाली प्रदेशका सबै जिल्लाको तथ्याङ्क एवम् सूचनाहरू विभिन्न स्रोत तथा साधनहरूको उपयोग गरेर संकलन गरिएको छ । भाषा विज्ञान केन्द्रीय विभाग र मानवशास्त्र केन्द्रीय विभागसँग भइसकेका काम र हुन बाँकी अर्थात् गर्नुपर्ने कामहरूको बारेमा छलफल गरेर प्राथमिकताको अध्ययन क्षेत्रको प्राथमिकता निर्धारण गरिएको छ । प्राथमिकताको आधारमा भाषा, धर्म, संस्कृति तथा लोकवार्तासँग सम्बन्धित सूचनाहरू संकलनका लागि प्रश्नावली तयार गरिएको थियो । मानवशास्त्र केन्द्रीय विभागको सर्वेक्षणमा कर्णाली प्रदेश र विशेषगरी खस जाति चाहिँ अध्ययनबाट छुटेको देखिन्छ ।

ग. दोस्रो स्तरको सूचना संकलन गर्नको लागि लिङ्ग्विस्टिक सर्वे अफ नेपाल, भाषा विज्ञान केन्द्रीय विभाग तथा मानवशास्त्र केन्द्रीय विभागले तयार पारेका भाषा, धर्म, संस्कृति तथा लोकवार्ता सम्बन्धित प्रतिवेदनहरू लगायत अन्य सन्दर्भ सामग्रीहरू (पुस्तक, शैक्षिक प्रतिवेदन, प्रोफाइल र नक्सा, आदि) को अध्ययन गरिएको छ । भाषासँग प्रत्यक्ष जोडिएका भाषा आयोग, स्थानीय विभिन्न भाषिक समुदाय, भाषाविद्, शिक्षाविद्, संस्कृतिविद्, शिक्षासेवी, शैक्षिक संस्थाहरूसँग समन्वय गरेर तथ्याङ्क संकलन गरिएका छन् ।

घ. सामग्री सङ्कलन गर्ने दुई ओटा विधि पूरक रूपमा अपनाइएको छ । प्रदेशका दश ओटा मध्ये सात ओटा जिल्ला (सुर्खेत, दैलेख, कालिकोट, जुम्ला, मुगु, हुम्ला र डोल्पा) को सामग्री सङ्कलन स्थलगत अध्ययन र सहभागितामूलक विधिबाट अन्तरक्रिया र अन्तरवार्ताका आधारमा गरियो भने, तीन ओटा जिल्ला (सल्यान, जाजरकोट र पश्चिम रुकुम) को सामग्री र सूचना सङ्कलन गर्न चाहिँ सम्बन्धित जिल्लाका सांसदहरूको सहयोग र समन्वयका आधारमा विशेषज्ञसँग काठमाडौंमै अन्तरक्रिया र अन्तरवार्ताबाट सम्पन्न गरियो ।

**ङ. सहायक दस्तावेजको अध्ययन**

नेपाल सरकारले तयार गरेको भाषा नीति, ऐन, भाषा आयोग, विभिन्न समयका प्रतिवेदन, कर्णाली क्षेत्रको १० वर्षे विकास योजनाको मस्यौदा, विभिन्न जिल्ला विकास समितिका योजना तथा तिनका प्रतिवेदनहरू लगायत दस्तावेजहरूलाई सहायक दस्तावेजको रूपमा लिइएको छ ।

**च. स्थानीय सरोकारवालासँगको छलफल तथा अन्तरक्रिया**

कर्णाली प्रदेशका सुर्खेत, दैलेख, कालिकोट, जुम्ला, मुगुमा स्थलगत रुपमा र त्यसबाहेकका जिल्ला हुम्ला, डोल्पा, जाजरकोट, सल्यान र पश्चिम रुकुमका सरोकावालाहरूलाई प्रदेश राजधानी सुर्खेत र राजधानी काठमाडौंमा सम्बन्धित क्षेत्रका विज्ञहरूसँग भेटघाट, अन्तरक्रिया तथा छलफल गरिएको छ ।

**छ. तथ्याङ्क प्रशोधन तथा विश्लेषण**

स्थलगत सर्वेक्षण र प्रारम्भिक तथ्याङ्क सङ्कलन तथा दोस्रो स्तरको तथ्याङ्कबाट प्राप्त सूचना एवम् जानकारीलाई प्रशोधन गरी विश्लेषण गरिएको छ । त्यसबाट आएको निष्कर्षमाथि भाषाविद्, संस्कृतिविद्, लोकवार्ताविद् तथा स्थानीय विभिन्न भाषी समुदायहरूसँग समन्वय गरेर प्राप्त भएका सुझाव सङ्कलन गरी प्रतिवेदन तयार गरिएको छ ।

# लोक संस्कृति

कुनै जातिका पुस्तौँ पुस्तादेखि परम्परागत रूपमा हस्तान्तरण हुँदै आएका चलनहरू मिलेर लोक संस्कृति बन्छ । ती चलनहरूले गर्दा मानिसको जनजीवन प्रभावित हुन्छ । अर्को शब्दमा भन्नु पर्दा, जुन कुरो हामीले आमाबाबु, पिता पूर्खा र छिमेकीबाट परम्परागत रूपमा सिक्छौँ र ती पुस्तौँपुस्ता सर्दै जान्छन् ती कुराले नै संस्कृति बन्छ । यस दृष्टिले कुन कुन कारणले मानिसको जनजीवनमा प्रभाव पार्छ, ती सबै कुरा संस्कृतिसित सम्बद्ध हुन्छन्, जस्तै, धरातल, हावापानी, भूगोल तथा पर्यावरण, जन्तु, वनस्पति, इतिहास, आदि । यसरी मानिसले प्रकृति, पर्यावरण, प्रागितिहासिक आप्रवास, छिमेकीहरूसँगको आदानप्रदान र अन्तरक्रियाबाट आफ्नो संस्कृतिको निर्माण गर्छ । परिवेशसँग अन्तरक्रिया गर्दै मान्छेले आफ्नो भोजन, वस्त्र, पोसाक, गरगहना, आवास, जीवनसाथी, सन्तान, आनीबानी, डर, मायाँ, प्रतिरक्षा र लोक विश्वास अभिव्यक्त गर्दा आफ्नो जीवनभरिमा वर्ष वर्षमा, महिना महिनामा, हप्ता हप्तामा, दिन दिनमा र रात रातमा, बिहान बिहान, दिउँसो दिउँसो, बेलुका बेलुका आफ्नो व्यवहारमा बानी परे जस्तो समान परिस्थितिमा जे जे आचरण गर्छ र जे जे कुराको निर्माण गर्छ, त्यो सबै कुरो मिलेर जुनसुकै मानिसको संस्कृति बन्दछ ।

कर्णाली प्रदेशमा खस जातिको सामाजिक, सांस्कृतिक र राजनीतिक प्रभाव सबभन्दा बलियो देखिन्छ । त्यो प्रभाव राउटेहरूका थरमा र उनीहरूको थर (राउटे) को व्युत्पत्ति (राजपुत्र)मा र अरु सांस्कृतिक आचरणमा देखिन्छ । जसले कुल देउताका रूपमा मस्टाको पूजा गर्छ, त्यो खस हो (प्रयागराज शर्मा) । मस्टाको सांस्कृतिक प्रभाव कर्णाली प्रदेशका सबै जनजातिहरूमा धेरथोर मात्रामा पाइन्छ । सबैले नेपाली भाषा धेरथोर मात्रामा बोल्छन्; उनीहरूका पूजाआजाका शब्दावलीमा पनि आर्य भाषा र खसहरूको प्रभाव देखिन्छ, तर खसहरूकै संस्कृतिका थुप्रै कुरा (देवता, पूजा विधि, जात, प्रविधि, कर्तव्य, निषेध, वास्तुकला, भाषा, लोक साहित्य, औषधि, कृषि, मल, भाँडाकुँडा, भोजन, घरेलु उद्योग, औजार, लोक विश्वास, उपचार पद्धति, चाडबाड र पहिरन) चाहिँ नेपाल र भारतकै अरु क्षेत्री बाहुनको चलनसँग पनि मिल्दैनन् । भारतका क्षेत्री बाहुनको चलनसित मात्र खसहरूको चलन नमिल्ने होइन, नेपाल तराईकै क्षेत्री बाहुनको चलनसित पनि त्यो मिल्दैन। हिन्दू वेद, पुराण र कर्मकाण्डमा उल्लिखित र निर्दिष्ट आचरण पनि खसहरूको संस्कृतिसित मिल्दैन । उदाहरणका लागि, सिंजा सभ्यतामा नारायणलाई पनि बोको वलि दिने चलन छ (बिहारी कृष्ण श्रेष्ठ, २०२७), तर विष्णु मन्दिरमा वलि दिने कुरो हिन्दू धर्मसँग मेल खाँदैन । कति कुरो त पुराणमा दानव लोकमा पाइने भनेर वर्णन गरिएका चलन पनि कर्णाली प्रदेशमा पाइन्छ । पुराणहरूमा दैत्य, दानव र असुर भनिएका सबै मानिसहरू देउताहरूकै दाजुभाइ त हुन् नि !

# कर्णाली प्रदेशका सामाजिक विलक्षणता

## प्रागितिहासिक मानव सभ्यताको अवशेषः जिउँदो सङ्ग्रहालय

कर्णाली प्रदेशका विभिन्न जातिहरूका निम्न लिखित चलनहरू प्रागितिहासिक मानव सभ्यताको अवशेषका रूपमा देखिन्छन् । सरकारले यी प्रागितिहासिक चलनको अवशेष विश्वका मानवशास्त्र र समाजशास्त्र पढ्ने र अनुसन्धान गर्ने अध्येतालाई काम लाग्ने हुन सक्छन् भन्ने ठानेर तिनीहरूलाई समस्याको रूपमा नहेरेर विश्व सम्पदाको रूपमा हेरेर उचित व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

### *क. राउटेहरूको जीवन शैली*

नेपालमा राउटेहरूले प्रागितिहासिक सभ्यताको चिनारी दिन्छन् । विश्वमा मानव इतिहास र प्रागितिहास तथा सांस्कृतिक मानव शास्त्रको अध्ययन अनुसन्धान गर्नेहरूले राउटेहरूको जीवन शैली अध्ययन गरेर मानव विकासको नयाँ सूत्र सिक्न सक्छन् । त्यस्ता अनुसन्धाताहरूका लागि हामीले राउटेहरूलाई उनीहरूकै सुरक्षित इकोलोजिकल पर्यावरण दिएर संरक्षण गर्नु बुद्धिमानी हो । राउटेहरूको यायावर जीवन शैलीलाई मानव विकासको एउटा जिउँदो सङ्ग्रहालयका रूपमा बुझ्नु पर्ने आवश्यकता छ । राउटेहरूको स्वास्थ्य, सुरक्षा, मातृभाषा, लोक साहित्य, लोक वार्ता, संस्कृति, परम्परा, शिक्षा र विकासमा राज्यले भर गरे मात्र पुग्छ । संसारभरका सबै मान्छेको जीवन शैलीलाई युरोपेली अथवा अमेरिकाली जीवन शैली जस्तै बनाउन खोज्नु मानव विकास होइन भन्ने कुरो हामीले सिक्नु आवश्यक छ ।

### *ख. कुसुन्डाहरूको खोजी*

अस्ट्रियाली मानवशास्त्री राइनहार्ट (Reinhard J. , 1968), (Reinhard & Toba, 1970)ले सुर्खेतमै एउटा कुसुन्डा भाषा बोल्ने मान्छे भेटेका थिए । राउटे जस्तै वनवासी कुसुन्डाहरू आज वनमा बस्तैनन् । सुर्खेतमा पनि केही कुसुन्डा छन्, तर तिनीहरूलाई कुसुन्डा भाषा बोल्न आउँदैन । तिनीहरूलाई आफ्नो संस्कृति बारे केही थाहा छ भने, दाङ (ज्ञानीमैयाँ सेन र प्रेम बहादुर शाही) र रोल्पा (कमला खत्री) का कुसुन्डा भाषा बोल्न जान्ने र प्युठान, कपिलवस्तु र अर्घाखाँचीमा भेटिने कुसुन्डा भाषा बोल्न नजान्नेहरूले थाहा पाएको कुसुन्डा जातिको संस्कृति, रगत र वंशाणु **(Gene)** को अभिलेख राख्न कर्णाली प्रदेशले ज्ञानको विश्व सम्पदालाई सघाउ पुऱ्याउला ।

### *ग. मातृसत्तात्मक समाजका नमुना*

अ. <u>हुम्ला र डोल्पाको बहुपति प्रथा</u>

हिमाली क्षेत्र (हुम्ला र डोल्पा) मा झन्डै ४०% परिवारमा अझै एउटै महिलासित सबै दाजुभाइको बिहे र दाम्पत्य हुने बहुपति (द्रौपदी) प्रथा प्रचलित छ । यो चलन तिब्बती मूलका परिवारमा बढ्ता प्रचलित छ (लक्ष्मीदत्त जोशी, पृ० ७७) । जाजरकोटमा पुरैनीकी एउटी महिलाले सानका साथ दुइटा पुरुष बिहे गरेकी छिन् भन्ने सूचना पाइएको छ (काली बहादुर बिस्ट) ।

मानव विकासको प्रारम्भिक चरणको यो संस्कृतिलाई नेपालका बुज्झकीहरूले कलङ्क ठानेर त्यसलाई युरोप अमेरिकाका पश्चिमी आँखाले अथवा हिन्दू अतिवादीहरूका आँखाले हेरेर पितृसत्तात्मक समाजमा परिवर्तन गराउनका लागि पर्नु दुर्भाग्य हो । विश्वका मानवशास्त्री र समाजशास्त्री अध्येता र अनुसन्धाताहरूका लागि नेपाल हिमालयले जोगाएको यो प्राचीन जीवन शैली अध्ययन र अनुसन्धानको विषय हुन सक्छ, त्यसैले यस्तो प्रागितिहासिक परम्परा बदल्न खोज्ने 'सांस्कृतिक क्रान्ति' लाई हतोत्साहित गर्दै कसरी यस्ता मानव समुदायको यो प्रागितिहासिक प्रथालाई आदर्श ढङ्गले जिउँदो सङ्ग्रहालयका रूपमा संरक्षण गर्ने भन्ने कुरामा स्थानीय, प्रादेशिक र केन्द्रीय सरकार लाग्नु पर्छ ।

आ. बादीहरूको बहुपति प्रथा

बादीहरूको बहुपति प्रथा हिमाली क्षेत्रको 'द्रौपदी प्रथा' भन्दा फरक छ । पितृसत्तात्मक समाजले धेरै दरबारका राजा महाराजाहरूमा प्रचलित एउटै पुरुषले बेलुकै पिच्छे अर्का अर्कै महिलासित रात बिताएको धेरै अस्वाभाविक मान्दैन । अरुकै छोरी बुहारी र पत्नीहरूसित एकै चोटि रास लीला मनाउने पुरुषलाई भगवान् कृष्ण मानेर पूजा गर्न समाजले केही पनि अप्ठ्यारो मानेको छैन, कृष्णजी र राजा महाराजाहरूलाई समाजले चरित्रहीन ठहराएर कलङ्कित गरेको छैन, तर मातृसत्तात्मक समाजमा त्यसै गरी एउटै महिलाले बेग्ला बेग्लै पुरुषसित रात बिताएको पनि स्वाभाविक हुन्छ भन्ने कुरो हाम्रो पितृसत्तात्मक आँखाले बुझ्न सक्तैन । बादीहरूको समाजमा मातृसत्तात्मक समाजको त्यही अवशेष छ, जहाँ श्रीमतीहरू गाउँका राजा, रजौटा र ठालुहरू कहाँ नाचगान गरेर रात बिताउन पुग्छन् र उनीहरूका पतिहरू चाहिँ मादल र बाजा बजाएर सहजकर्ता हुन्छन् । पितृसत्तात्मक नेपाली आँखाले बादीहरूको मातृसत्तात्मक सहवासलाई घृणित मान्यो र उनीहरूको चलनलाई रोक लगायो, तर बादीहरूको समाजलाई वैकल्पिक रोजगार दिन सकेन ।

बादीहरूको परम्परागत संस्कृतिलाई सरकारले कसरी संरक्षण गरेर विश्वका मानवशास्त्री र समाज शास्त्रीहरूको अध्ययन, अनुसन्धान र जीवन्त सङ्ग्रहालयको रूप दिने र उनीहरूको सीप र संस्कृतिको विस्तार गरेर आय आर्जनको बाटो बनाउने भन्ने उपाय निकाल्नु न्याय सङ्गत हुने देखिन्छ ।

इ. महाभारतमा मातृसत्तात्मक समाजका अनेक उदाहरण छन् :

१. बाबुआमाले नै औपचारिक रूपमा पाँच ओटा दाजु भाइ (युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव) सित बिहे गरी दिएकी पाञ्चाल देश (वर्तमान उत्तराखण्ड अथवा कुमाउँ र गढवाल) की राजकुमारी द्रौपदी,

२. बिहे गरी दिएका पति (पाण्डु) सितै सल्लाह गरेर रोजी रोजी अनेक परपुरुषबाट सन्तान जन्माउने शूरसेन अथवा मथुराकी राजकुमारी कुन्ती (धर्मराज, वायु र इन्द्र) र माद्री (जम्ल्याहा अश्विनीकुमार),

३. सासु (पराशर ऋषिका कृपाले उच्च हिमाली क्षेत्रमा पाइने कस्तुरी मृगको बास्ना आउने सत्यवती) र जेठाजु (भीष्म) कै सल्लाह अनुसार सासुले बिहे गर्नु भन्दा अगाडि नै अर्कै पुरुष (पराशर ऋषि) बाट जन्माएका छोरा भएकाले साइनाले जेठाजु पर्ने वेद व्यासबाट सन्तान जन्माउने हस्तिनापुर (दिल्ली) का राजकुमार विचित्र वीर्यका विधवा अम्बिका (धृतराष्ट्र) र अम्बालिका (पाण्डु),

४. समाजको लाजले खोलामा बगाई दिएको र बिहे गर्नुभन्दा अघि नै पाएको अनौपचारिक छोरा (कर्ण) लाई आफु राजमाता भइसके पछि आफ्नै औपचारिक छोरा (अर्जुन) सित धनुर्विद्यामा होड गर्न हाँक दिँदै आउँदा रङ्गशालामा चिने पनि सार्वजनिक नगरेर भित्रभित्रै भुट्भुटिने कुन्ती र

५. कुरु वंश अपुतो हुने सङ्कट आउँदा मात्र विधवा बुहारीहरूबाट नियोग प्रथा अनुसार त्यो सङ्कट टार्न आफ्नो बिहे गर्नुभन्दा अगाडि जन्मेको छोरा (वेदव्यास) को नाम भीष्मसित सार्वजनिक गर्ने 'कस्तूरीगन्धा' सत्यवती, अनि

६. आफ्ना पति (धृतराष्ट्र) हुँदा हुँदै ससुरा पर्ने वेदव्यासबाट आशीर्वाद पाएर एक सय एक सन्तान पाउने गान्धार (अफगानिस्तान) की राजकुमारी प्रतिव्रता गान्धारी।

महाभारत कालको मूलतः उत्तरी हिमाली क्षेत्र (गान्धारदेखि पाञ्चालसम्म) मा पाइने मातृसत्तात्मक समाज आज पनि कर्णाली प्रदेशका हुम्ला र डोल्पामा पाइने रहेछ। द्रौपदीको जस्तो बिहेसँग हुम्ला र डोल्पाको चलन ठ्याक्क मिल्ने रहेछ। महाभारतले अम्बिका, अम्बालिका, कुन्ती र माद्रीका लागि स्वीकार गरेको मातृसत्तात्मक 'नियोग' प्रथालाई पितृसत्तात्मक हिन्दु धर्म शास्त्रले चाहिँ हियाएको छ (Kane, 1941, pp. 599-607)।खसहरूका समाजमा त्यस्तो नियोग प्रथा थियो र अवशेषका रूपमा अझै कतै कतै छ भन्ने कुरो लक्ष्मीदत्त जोशी (Joshi L. D., 1984) ले लेखेका छन्। नेपालका बादीहरूको समाजमा र गढवाल र कुमाउँका नायकहरूका समुदायमा झैँ खसहरूका समुदायमा अहिलेसम्म पनि कुनै न कुनै रूपमा पाइने महाभारतको जस्तो मातृसत्तात्मकताको अवशेषले विश्वका समाजशास्त्र र मानवशास्त्रका विद्यार्थी र अनुसन्धाताहरूका लागि बहुमूल्य जीवन्त सङ्ग्रहालयको प्रतिनिधित्व गर्छन्।

ई. <u>थारू, ठकुरी र जुम्लाका अरु खसहरूको घर ज्वाइँ राख्ने चलन</u>

थारू र ठकुरीहरू कहाँ घरज्वाइँ राख्ने चलन पनि मातृसत्तात्मक संस्कृतिको अवशेष हो कि ? टेकनाथ गौतम (थारू पुराण) ले थरुनीहरू आफ्ना पतिहरूलाई भात पस्केपछि गोडाले सार्छन् भन्ने लेखेका छन्। सुर्खेतका नरबहादुर चौधरीको सूचना अनुसार थारू जातिमा एउटै केटीलाई ६ महिनासम्म तारन्तार माग्न जाने चलन छ। थारू जातिमा दाइजो दिने चलन थिएन। थारू जातिमा रजस्वला भएका महिलाको छुत बार्ने चलन छैन। थारू संस्कृतिका यी सबै कुरा थारूहरूको समाज पहिले मातृसत्तात्मक थियो भन्ने कुराको प्रमाणका रूपमा अघि सार्न सकिन्छ।

उ. <u>मगर र ठकुरीहरूको मामाचेली फुपुचेला बिहे गर्ने चलन</u>

मगर र पोखरातिरका ठकुरीमा मामा चेली फुपु चेला बिहे गर्ने चलन पनि मातृसत्तात्मक समाजकै अवशेष हुन सक्छ।

### घ. *खसहरूको मस्टो पूजा*

मस्टाको पूजा नै कर्णाली प्रदेशका सबै जाति र जनजातिको परिचायक धर्म देखिन्छ। कालिकोटका तुलाराज विस्टले १२-१३ भाइ (दाढे, कालाशिला, दुधाशिला, नुवादेउ, धल्पुरो, बाबिरो, महाबै, दाहाल, बुढु, ठाकुरजी\बिस्टजी, देओडु, बन्डाली, लिङ्गासैनी\कुलदेउ) मस्टाका नाम टिपाएका छन्। मस्टो (Sharma, 1974; Gaborieau, 1976; कोइराला, २०५२) पूजा नेपाल, भारतका उत्तराखण्ड (कुमाउँ र गढवाल), हिमाञ्चल प्रदेश र काश्मीरसम्म नै गरिन्छ, त्यसैले मस्टो खसहरूकै परिचायक

देउता हो (Snellgrove, Himalayan pilgrimage, 1981) । मस्टो पूजा पनि विश्वका मानवशास्त्र, समाजशास्त्र र संस्कृतिका विद्यार्थीहरूको प्रागितिहासिक अनुसन्धानको विषय बन्न सक्ने ठानेर त्यसको संरक्षण, व्यवस्थापन गर्ने र राज्यको आयस्रोतको रूपमा मस्टो पूजालाई उपयोग गर्न सकिन्छ भन्ने सोच्नु आवश्यक छ ।

### ङ. *जनै नलगाउने क्षेत्री*

कर्णाली प्रदेशका व्यासी र अछामका बोहोरा लगायत अन्य बुढा बयक जातिमा पहिले जनै लगाउने चलन थिएन रे, पछि मात्र २००९ सालतिर त्यहाँको समाजले जनै दिएको भन्ने कुरा जनश्रुति रहेको छ । उनीहरूको मानवशास्त्रीय र समाजशास्त्रीय अनुसन्धान हुनु आवश्यक छ । जनै नलगाउने क्षेत्रीलाई नै गबारियो (Gaborieau, 1976)ले चोखो खस मानेका छन् । ती जनै नलगाउने क्षेत्रीको जनै लगाउने क्षेत्री-सित मागी हैन भागी बिहेबारी चल्थ्यो रे, अहिले भने सबै जातिमा जनै र विवाहको पुरानो चलन हटदै गएको छ । यसबाट कर्णाली प्रस्रवण क्षेत्रका मतुवाली क्षेत्री नै यस प्रदेशका आदि खस जाति हुन भन्न सकिन्छ ।

### च. *बोन धर्म*

स्नेल्ग्रोभ (Snellgrove, Indo-Tibetan Buddhism, 1987, 2002) को भनाइ अनुसार बोन धर्म (Snellgrove, The nine ways of Bon, 1980) कैलास मानसरोवर क्षेत्रमा बुद्ध धर्म पुग्नुभन्दा अगाडिको धर्म हो । तिब्बत बाहेक आज यो धर्म नेपालको डोल्पो र सम्भवतः कर्णाली प्रदेशको हिमाली भेगमा मानिन्छ । यो धर्म पश्चिम तिब्बतको कैलास मानसरोवर क्षेत्र, ताजिकिस्तान, अफगानिस्तान, तुर्कमिनिस्तान, इरान र मध्य-एसियामा पालन गरिन्थ्यो । बोनहरूको तिब्बती परम्पराले पनि यसलाई ताजिकिस्तानबाट आएको मान्दछ । टुची (Tucci, 1956; Tucci, 1962) ले कैलास मानसरोवरको उत्तरतिर बोन धर्मका मन्दिरहरूका चित्र पनि दिएका छन् भने, स्नेल्ग्रोभले डोल्पोमा यसको व्यापकता भएको देखाएका छन् । कर्णाली प्रदेशमा पनि बोन धर्मका अवशेष पाइन्छन् । तिनीहरूको अनुसन्धान, संरक्षण र प्रचार आवश्यक छ ।

## कर्णाली क्षेत्रको भाषिक विलक्षणताः अव्ययको पनि लिङ्ग, वचन र आदरार्थी

कर्णाली प्रदेशका छ ओटा जिल्ला (हुम्ला, मुगु, डोल्पा, जुम्ला, कालिकोट र दैलेख) र कर्णाली प्रस्रवण क्षेत्रका अरु केही जिल्ला (बझाङ, बाजुरा, अछाम, डोटी, बैतडीको केही भाग) मा बोलिने ‘खस’ भाषाहरूमा नेपाली व्याकरणका किताबमा ‘अव्यय’ भन्ने गरिएका शब्द (क्रिया विशेषण, नामयोगी, निपात र विभक्ति) मा पनि लिङ्ग, वचन र आदरार्थीमा विचलन हुन्छ । संसार भरिकै अरु भाषामा यस्तो बेहोरा पाइएको छैन । यसबाट कर्णाली प्रदेश र कर्णाली प्रस्रवण क्षेत्रले भाषा विज्ञानकै पद सङ्गतिका सिद्धान्तको विकासमा विशिष्ट योगदान दिन सक्छ (Pokharel, To appear) ।

क. जुम्ली र हुम्लीमा (छोरो ओडो आयो । छोरी ओडी आई । छोरा ओडा आया ।)

ख. अछामीमा (छोरो खोलाउडो छ । छोरी खोलाउडि छ । छोरा खोलाउडा छन् ।)

ग. जुम्लीमा (छोरा ल छोरी कन जुम्लाम्मी भेट्यो । छोरी ल छोरा कन जुम्लाम्मो भेटी । छोरी ल मस्त छोरा कन जुम्लाम्मा भेटी ।)

# शिक्षा र संस्कृतिमा लिनु पर्ने नीति

*शिक्षाको प्रचलित परिभाषा उल्टाएर कर्णाली विद्या सिकाउन प्राथमिकता दिने*

टी० बी० मेकालेले भारतलाई दिगो शासन गर्न भारतीय परम्परागत विद्याको बेवास्ता गरेर अङ्ग्रेजी भाषा र बेलायत तथा युरोपको इतिहास र विद्या अनिवार्य रूपमा पढाउने परिपाटिलाई 'शिक्षा' भन्ने नाम दिएकाले शिक्षामा भारतकै सिको गरेर नेपालले पनि आफ्नो परम्परागत लोक संस्कृति र मातृभाषा सिक्न बेवास्ता गरेर त्यसलाई छोडेर अङ्ग्रेजी र पश्चिम सिक्ने प्रपञ्च रोज्नाले नेपालभरि सबै नेपालीहरू बिचमा आफ्नो मातृभाषा, संस्कृति र परम्परा छोड्ने होड चलेको छ (पोखरेल म. प., २०७५)। जुन आमा हजुरआमाहरूले हामीलाई हाम्रो संस्कृति सिकाए, तिनीहरूलाई 'अशिक्षित' ठहराउने गोरखधन्दालाई 'शिक्षा' मान्ने कुरो घातक हो। यस रोगले कर्णाली प्रदेश पनि सिकिस्त छ। यो बेथिति रोक्न प्राथमिक तहदेखि माथिल्लै तहसम्मका पाठ्यक्रममा देश र प्रदेश तथा आफ्नै गाउँका जाति, भाषा, संस्कृति र सम्पदाको ज्ञानबाटै आफ्नै सामर्थ्य ठम्याउने विद्या अनिवार्य रूपमा पढाउने थिति बसाल्नु पर्ने देखिन्छ। राष्ट्र कवि माधव घिमिरेले लेखेका छन्, 'कस्तूरीले वन वन घुमी खोज्छ आफ्नै सुगन्ध'। कर्णाली विद्या सिकाउने अभ्यास गर्ने र त्यसैलाई आफ्नो चिनारी र आयआर्जनको ब्रान्ड बनाउने कार्यक्रम कस्तुरी मृगले वन वनमा आफ्नै सुगन्ध खोजे जस्तै हो।

# भाषा नीति

**क. मातृभाषाहरूको सबलीकरण**

फिस्मनको वर्गीकरणका आधारमा लेविस र साइमन्स (Lewis & Simons, 2009) ले बनाएको मातृभाषाको सबलताको सोपान अनुसार कुनै मातृभाषा बाबुआमा जति सामर्थ्यका साथ बोल्न सक्छन्, छोराछोरी पनि त्यत्तिकै सामर्थ्यका साथ बोल्छन् भने मात्र त्यो भाषा जीवन्त (Vigorous) हो। आमा बाबुको भन्दा छोराछोरीको मातृभाषा बोल्ने सामर्थ्य कम हुने बितिक्कै जुनसुकै मातृभाषा सङ्कटापन्न (Threatened) हुन थाली हाल्छ। आमा बाबुले आफ्नो मातृभाषा छोराछोरीतिर सार्न सकेनन् भने, त्यो मातृभाषा अघिल्लो पुस्तातिर अपसृत (Shifting) हुन थाल्छ। अब त्यो मातृभाषाले लोप हुने बाटो लियो। कुनै मातृभाषा पछिल्लो पुस्ता भन्दा अघिल्लो पुस्ताले पनि बोल्न छोडे भने, त्यो मातृभाषा मृतप्राय वा मरणासन्न (Moribund) हुन्छ। कुनै मातृभाषा तिन पुस्ता अघि सर्‍यो भने, त्यस भाषालाई लोपोन्मुख (Nearly extinct) भाषा भन्दछन्। कुनै भाषा चार पुस्ता माथि सर्‍यो भने, त्यस भाषालाई सुषुप्त (Dormant) भाषा भन्दछन् र जुन भाषाको प्रयोग कसैले गर्दैन, त्यस भाषालाई मृत भाषा भन्दछन्। कुनै जातिको संस्कृतिलाई पनि यसै गरी वर्गीकरण गर्न सकिन्छ। नेपालका अधिकांश मातृभाषा र नेपालीहरूका चालचलन र लोक वार्ताहरू जस जसको मातृभाषा र संस्कृति हो, उसैले बेवास्ता गरेर नयाँ पुस्तामा सार्न रुचि नदेखाएकाले यसै गरी छिट्छिटो लोपोन्मुख भइरहेका छन्।

अ. **Vigorous> Threatened> Shifting> Moribund> Nearly extinct> Dormant> Dead**

कुनै पनि मातृभाषा (लोक संस्कृति र लोक वार्ता) हरेक जातिको मुख्य चिनारी हो भन्ने बुझेर हामीले त्यसको जगेर्ना र उत्थान गर्नु पर्छ। सबैले आफ्ना सन्तानलाई आफ्नो मातृभाषा र चालचलन सकेसम्म सार्न सफल भए भने, उनीहरूको मातृभाषा (र संस्कृति) जीवन्त हुन्छ। हरेक मातृभाषाको वर्णमाला बनाएर त्यसलाई लेख्य परम्परामा लग्यो भने, लिखित (Written) भाषाको रूपमा त्यस भाषाको आयु र सामर्थ्य बढ्छ। कुनै मातृभाषालाई पाठ्यपुस्तक बनाएर विद्यार्थीहरूलाई पढाउन थाल्यो भने, त्यस भाषाको सामर्थ्य शैक्षणिक (Educational) भाषाका रूपमा झन बढ्छ। कुनै भाषा किनमेल र व्यापार व्यवसायमा प्रयोग गरेर व्यापारिक भाषा (Trade language) बनाइयो भने, त्यस भाषाको सामर्थ्य झन बढ्छ। कुनै मातृभाषालाई प्रदेश भरिकै बोलचाल र सरकारी कामकाजको भाषा बनाइयो भने, त्यस भाषाले क्षेत्रीय भाषा (Regional language) का रूपमा आफ्नो सामर्थ्य झन् बढाउँछ। नेपाली जस्तो कुनै मातृभाषालाई देशभरिको सरकारी कामकाजको भाषा बनाउन सकियो भने, त्यस भाषालाई भाषा वैज्ञानिक सिद्धान्तका आधारमा 'राष्ट्रभाषा' (National language) भन्दछन् अनि अङ्ग्रेजी जस्तो कुनै भाषाले विश्वभरका मानिसहरूको सार्वजनिक सम्पर्क भाषाको रूप लियो भने, त्यस भाषालाई अन्तर्राष्ट्रिय भाषा (International language) भन्दछन्।

आ. **Vigorous> Written> Educational> Trade> Regional> National> International**

कर्णाली प्रदेशमा बोलिने मातृभाषालाई पनि सकेसम्म एक खुड्किलो माथि उचालेर सामर्थ्य बढाउन सकिन्छ। भाषा आयोगको गठन नै यसै प्रयोजनका लागि भएकाले कर्णाली प्रदेश पनि यस दिशामा अग्रसर हुनु पर्छ। मातृभाषामा शिक्षा दिनु नै कुनै पनि मातृभाषालाई सवलीकरण गर्ने ठूलो प्रयास हो।

## नेपाली भाषा र कर्णाली प्रदेशका मातृभाषा

कर्णाली प्रदेशमा १०-१२ ओटा मातृभाषा (नेपाली, खस, राजी, राउटे, मगर (खाम, काइके, पोइके र ढुट), थारू, मुगाली-कार्मारुङ, हुम्ली भोटे) हरू बोलिन्छन्। त्यहाँका रैथाने बादी, चुनारा र गुरुङहरूले नेपाली अथवा खस भाषाकै कुनै भेद दैनिक बोलचालमा प्रयोग गर्छन्।

कुनै पनि जातिका मातृभाषाहरूको ऐतिहासिक साइनो पर्गेल्ने तुलनात्मक भाषा विज्ञानका आधारमा कर्णाली प्रदेशमा बोलिने भोटबर्मेलीको हिमाली शाखाका भाषा (राजी, राउटे, व्यासी, मगर खाम र मगर ढुट) सँग पूर्वी नेपालका राई, लिम्बु र याक्खा, तेस्रो र चौथो प्रदेशका नेवार, थामी, चेपाङ र भुजेल र कर्णाली र सुदूरपश्चिमकै भाषा बिचका आधारभूत शब्दावली हेर्दा मगर खाम भाषा पूर्वका किराँती भाषासित सबभन्दा धेरै (२० ओटा) मिल्ने रहेछ; त्यसपछि व्यासी (१८ ओटा); त्यसपछि राउटे (१० ओटा) र त्यसपछि राजी (९ ओटा) भाषा आउने रहेछन्। मगर ढुट भाषा किराँती भाषासित सबभन्दा कम मिल्दो रहेछ। त्यसैले कर्णाली प्रसवण क्षेत्रका यिनै भाषा बोल्ने जातिका पूर्खाहरूलाई उत्तर वैदिक कालमा किराँत शब्दले जनाएको अड्कल गर्न सकिन्छ।

# इतिहासः स्थिति र नीति

## क. हामीले आफ्नै गौरव बढाउने इतिहास लेखाउनु पर्छ

हाम्रा इतिहास लेखन केही अधुरा छन् । टुची (१९५६ ई., १९६२ ई.) र योगी नरहरि नाथ (२०१२) ले कर्णालीको इतिहास फेला नपारुन्जेल नेपालीहरू नेपालको इतिहास भनेर काठमाडौँको इतिहास मात्र पढ्थे । कर्णाली प्रदेशको सक्कली इतिहास अहिलेसम्म लेखिएकै छैन ।

अ. पहिले मानसरोवर क्षेत्र नेपालकै थियो, २०२१-२२ तिर मात्र नेपालले सम्हाल्न नसकेर चीनको भयो भन्ने कुरो सत्यमोहन जोशी (कुराकानी) भन्दछन् ।

आ. ई.पू. पाँचौँ शताब्दीका युनानी इतिहासकार हेरोडोटसले कैलास मानसरोवरको कमिलाले उत्पादन गरेको बुकी सुनको चर्चा गरेका छन् (McCrindle, 1971) । महाभारत सभा पर्वमा पनि युधिष्ठिरको राजसूय यज्ञमा कैलास मानसरोवर क्षेत्रबाट राजालाई बुकी सुन (पिपीलिका सुवर्ण) चढाउन लाम लागेका थिए ।

इ. इटालेली लामा तारानाथले बुद्ध धर्मको इतिहास (Chattopadhyaya, 1970) को परिशिष्टमा 'दिव्यावदान' र 'अशोकावदान' शीर्षकका दुई ओटा लेख दिएका छन्, जस अनुसार ई.पू. तेस्रो शताब्दीमा पाटलीपुत्र (पटना) मा अशोकका बाबु बिन्दुसारको मृत्यु भएपछि अशोकलाई राज्यको उत्तराधिकार नदिन राज्य विप्लव भएका वेलामा अशोकलाई गद्धीमा चढाउन पश्चिम नेपालका दुई ओटा खसहरूले सघाएका थिए भन्ने कुरो लेखिएको छ ।

ई. रोमन इतिहासकार प्लिनी (McCrindle, 1971) ले पनि हिमालयको यस भेगमा खसहरूको बसोवासको चर्चा गरेका छन् ।

## ख. हाम्रा इतिहास अधुरा छन्

अ. हाम्रा इतिहासहरू केही अधुरा छन् । टुची (१९५६ इ०, १९६२ इ) र नरहरि नाथ (योगी, २०१३) ले कर्णालीको इतिहास फेला नपारुन्जेल नेपालीहरू नेपालको इतिहास भनेर काठमाडौँको इतिहास मात्र पढ्थे । पूर्ण प्रकाश नेपाल 'यात्री' ('यात्री', २०३९) ले दुल्लुको 'दामुपालको शिलालेख' लाई दसौँ शताब्दीको भनेर दाबी गरे पनि त्यो शिलालेख १३औँ शताब्दीभन्दा अघिको ठहर्न सकेन, त्यसैले मोहनप्रसाद खनाल (खनाल, २०६८)ले प्रकाशित गरेको ११औँ शताब्दीको बामु खँड्काको अभिलेख नै आजसम्म फेला परेको नेपाली भाषाको सबैभन्दा पुरानो अभिलेख हो । कर्णाली प्रदेशमा नेपाली भाषाको ११औँ शताब्दीको अभिलेख फेला परेपछि अब खस राजाहरू १२औँ शताब्दीदेखि कर्णाली प्रदेशमा शासन गर्न आएको कुरो पनि संशोधनयोग्य भएको छ । त्यस्तै खस राजाहरूले शासन गरेको मिति हेरेर खस जनजाति पनि त्यति वेलैदेखि नेपाल आयो भन्नु गलत हो । पृथ्वी मल्लको शिला स्तम्भमा लेखिएका उनका पूर्खा नागराजको समय तिब्बत र गढवाल कुमाउँको इतिहास अनुसार ११औँ शताब्दी मानिन्छ, तर नागराजको इतिहासको कुनै दसी पनि नेपालमा देखिँदैन, त्यसको खोजी हुनु बाँकी छ । भगवान् बुद्ध (ई.पू. छैटौँ शताब्दी) नै 'शाक्य' वंशी थिए । 'शाक्य' शब्द नै पनि 'शक' शब्दबाट बनेको देखिन्छ, तर मध्य एसियामा शक घोडचढीहरू ई.पू. आठौँ शताब्दीतिरै

देखिएका भए पनि भारतीय इतिहासमा शकहरू त पहिलो शताब्दीभन्दा अगाडि आएका देखिँदैनन्। भगवान् बुद्ध जन्मनु अगाडि नै शकहरू भारतमा आइसकेका थिए भन्ने मान्दा मात्र बुद्ध 'शाक्यवंशी' हुने सम्भावना हुन्छ।

आ. जब जब गङ्गा सिन्धुको मैदानमा मध्य एसियाबाट विदेशी आक्रमण भयो, तब तब पुराना शासकहरू विस्थापित भएर गढवाल, कुमाउँ र नेपालका हिमाली र पहाडी प्रदेशतिर भाग्न बाध्य भए। क्यारमका गोट्टी सरे झैँ त्यस्ता शासकहरू र उनीहरूका सेनामेना तथा आशामुखीहरू लिएर हिमाली र पहाडी प्रदेश तिर विस्थापित हुँदै गए होलान्। त्यसरी विस्थापित हुने अनेक सभ्यताका पत्र पत्र गढवाल, कुमाउँ र नेपालका हिमाली र पहाडी प्रदेशमा भेटिन सक्छन्। यसरी कर्णाली प्रदेशका खसहरूको सभ्यताभित्र अनुसन्धान गरे, अनेक सभ्यताका पत्र पाइन सक्छन्। मस्टाको पूजा झैँ कर्णाली प्रदेश र सुदूर पश्चिमाञ्चलमा पुजिने धेरै देवीदेउताहरू नेपालका अन्यत्र र भारतमा पुजिँदैनन्। घटोत्कचको पूजा हिन्दूहरू अन्यत्र गर्दैनन्, तर डोटी र डँडेल्धुरा तथा कुमाउँमा 'घटाल' देउताको पूजा हुन्छ। त्यस्तै कर्णाली प्रदेशलाई मैदानी आँखाले नभएर तटस्थ मौलिक अनुसन्धानका आँखाले खोज्नु पर्ने आवश्यकता छ।

## धार्मिक पर्यटन

*मानसरोवर जाने प्राचीन राजमार्गको पुनर्निर्माण*

कैलास मानसरोवर क्षेत्रमा बुकी सुन पाइने हुनाले नै विकट प्रदेश भए पनि खसहरूले त्यो क्षेत्र र भारत (श्रावस्ती, नैमिषारण्य र कान्यकुब्ज) बाट कैलास मानसरोवर तीर्थ यात्रा गर्न जाने बाटा (गौतम, २०५०)मा पर्ने दुल्लु, सिंजा र पश्चिम तिब्बतको ताक्लाकोटको ङरी (कैलासको पश्चिमतिरको गुगे र कैलासको दक्षिणतिरको पुराङ) कब्जा गरेको देखिन्छ। कन्नौजमा हर्षवर्धनले शासन गर्दा (६४७ ई.) त्यहाँबाट नेपाल हुँदै तिब्बत पुगेर मध्य-एसिया पुग्ने चल्तीको बाटो थियो भनेर पनि राहुल (सांकृत्यायन, तिब्बत में बौद्धधर्म, १९४८ इ) र स्नेलग्रोभ (Snellgrove, Indo-Tibetan Buddhism, 1987, 2002, पाना / पानाहरु 416) ले पनि लेखेका छन्। कैलास मानसरोवरको वर्णन अनेक पुराणहरूमा र विशेषगरी स्कन्द पुराणको मानस खण्ड (२०।२१ (लेखक, २०६७)) र केदार खण्ड (नौटियाल, १९९४ इ) मा पाइन्छ।

पेइचिङको राष्ट्रिय अल्पसङ्ख्यक विश्वविद्यालयका तिब्बत विशेषज्ञ प्राध्यापक वाङ याउ (कुराकानी) को सूचना अनुसार चीनको सिआन प्रान्तबाट पश्चिमतिर लाग्ने रेसम मार्ग सिलिङ भन्ने ठाउँमा पुगेपछि दुई हाँगामा फाट्छ। एउटा हाँगो पश्चिमतिर लाग्छ भने, अर्को हाँगो चाहिँ तिब्बतको राजधानी ल्हासा हुँदै सिगाचे पुग्छ। सिगाचेमा त्यो बाटो फेरि दुई हाँगामा फाट्छ। एउटा हाँगो चाहिँ केरुङ हुँदै काठमाडौँतिर लाग्छ भने, अर्को हाँगो चाहिँ न्यालम (कर्णाली?) तिर लाग्छ। सम्भवतः त्यही बाटो कैलाश मानसरोवरबाट सुर्खेत हुँदै कन्नौजतिर झर्ने बाटो हो।

पुरानो समयमा तीर्थ यात्रीहरू हालको सुर्खेतकै कङ्कण विहार (श्रावस्ती) बाट 'मूल डगर' (मूल बाटो) भएर हुम्लाको खारी हुँदै ताक्लाकोट निस्किएर मानसरोवर जान्थे भन्ने कुरो बुढापाकाहरूका मुखबाट सुन्न पाइन्छ (महेन्द्र गिरी, रमेश खत्री)। हुम्ला रादेउमा जन्मेका र आफैँ अनेक पल्ट पैदल यात्रा गरेका दीपेन्द्र रोकायाले

दिएको सूचना अनुसार नेपाल भारतको सिमानाबाट कैलास मानसरोवर क्षेत्रसम्म पुग्ने प्रागितिहासिक बाटामा पर्ने मुख्य ठाउँहरू यी हुन्, (१) बाँकेको रुपैडियाबाट चिसापानी, (२) सुर्खेत, (३) दैलेखको घोडावासबाट दुल्लु हुँदै राकम, (४) कालिकोटको मान्म हुँदै नाग्म, (५) जुम्लाको सिंजा, (६) मुगुको गमगढीबाट वाम, (७) हुम्लाका दार्मदेउली हुँदै क्रमशः ह्याप्सा (पुमा), पङ्खा (रादेउ), दुर्पा (घट्टया), सिमकोट, यौवनफया, केर्मी (सल्लिसल्ला\यालबाङ), यारी, हिल्सा, (८) तिब्बतको ताक्लाकोट हुँदै मानसरोवर र कैलास पर्वत । डा० रोकायाले कालिकोटको जितेगाडबाट रास्कोट हुँदै बाजुराको पिलु हुँदै हुम्लाको सल्लिसल्ला जोडिने वैकल्पिक बाटाको पनि सूचना दिएका छन् ।

## धार्मिक अर्थ विज्ञान

नेपालीहरूले आफ्ना आफ्ना धर्मलाई ब्रान्ड बनाएर अर्थोपार्जन गर्न जानेकै छैनन् । भारतले तीर्थाटन गर्न आउनेहरूबाट खर्बौं रुपियाँ कमाउँछ । नेपालीहरू नै पनि आफ्ना वराह क्षेत्र (सुनसरी), मुक्ति क्षेत्र (मुस्ताङ), बैजनाथ धाम (अछाम), गजेन्द्रमोक्ष धाम (नवलपरासी) र काली गण्डकी जस्ता पुराणहरूमा वर्णन गरेका तीर्थहरू बिर्सेर बर्सेनी तीर्थ यात्रा गर्न भारततिर लाग्छन् । नेपाल सरकारले यसरी विदेश जाने नेपालका तीर्थहरूतिर एकोहोऱ्याउन सक्नु पर्छ । हामीले हिन्दू, बौद्ध र बोन धर्म जस्ता नेपालका बहुसङ्ख्यकले लामो परम्परादेखि मानी आएका धार्मिक तीर्थस्थलको विकास र तिनीहरूको प्रचार र समुचित व्यवस्थापनबाट आफ्ना तीर्थको र त्यहाँका बासिन्दाको आयआर्जनको बाटो बनाउन जानेनौं । यसका लागि धार्मिक क्रान्तिको रणनीति अपनाउनु पर्छ ।

यसैगरी पुरातात्त्विक र ऐतिहासिक माहात्यको पनि प्रचार गर्न सकिन्छ ।

## दलित क्रान्ति : अज्ञान, भ्रम र वास्तविकता

क. कालिकोट जिल्लामा दलितहरूको बहुमत छ; जाजरकोट जिल्लामा पनि दलितहरू ठूलो सङ्ख्यामा छन् । यस कारण यी जिल्लाका राजनीतिक र सामाजिक निर्णयमा दलित जातिको हात प्रभावकारी हुनु पर्ने हो, तर त्यो हुन सकेको देखिँदैन ।

ख. मध्यकाल पछि गङ्गाको मैदानका हिन्दू समाजमा जसका हातमा प्राविधिक सीप छ (कामी, दमाईं, सार्की, गाइने), त्यसलाई चाहिं शूद्र बनाइएको पाइन्छ (दिनकर, १९५६ इ) । त्यस स्थितिको नराम्रो प्रभाव तराई र पहाडका नेपाली समाजमा परे झैं कर्णाली प्रदेशमा पनि नराम्रो गरी प्रचलित छ ।

ग. ऋग्वेद (सोनटक्के & काशीकर, १९४६ इ)को दसौं मण्डल (१०।९०।१२) मा र शुक्ल यजुर्वेदको पुरुष सूक्तमा चार जातको जस्तो विभाजन देखिन्छ, त्यो पेसागत विभाजन मात्र थियो, भात, पानी र बिहेवारी नचल्ने आजको हिन्दू समाजको जस्तो निकृष्ट विभाजन थिएन । त्यसको प्रमाण महाभारतमा अनेक ठाउँमा देखिन्छ :

अ. एउटै राजा गाधिका छोरा विश्वामित्र चाहिँ क्षेत्री र छोरीका छोरा नाति अष्टावक्र चाहिँ बाहुन भएका छन्।

आ. विश्वामित्र आफैँ पनि जन्मिँदा क्षेत्री थिए; वशिष्ठ ऋषिले बाहुन भइस् भने पछि बाहुन भए।

इ. पराशर ऋषिले माझीकी छोरी सत्यवतीबाट जन्माएका व्यास ऋषि बाहुन भएका छन्।

ई. वासुकि नाग (जनजाति) की बहिनी जरत्कारुको जरत्कारु ऋषिबाट जन्मेका आस्तिक मुनि चाहिँ बाहुन थिए।

उ. नेपालको मुलुकी ऐनले छेत्रिनी, जनजाति, र बिहे नगरेका कन्याबाट जन्मेका बाहुनका छोरालाई बाहुन बनाउन कहिल्यै सक्थ्यो? त्यसैले नेपाल भारतका दलितहरू अन्यायपूर्वक वैदिक सनातन धर्म र हिन्दूहरूका आधारभूत ग्रन्थ (वेद, ब्राह्मण, उपनिषद्, रामायण र महाभारत) मा कतै नभएको कुरो 'हिन्दू धर्म' ले निषेध गरेको भनेर मध्यकालीन उत्तर भारतको जातीय स्वार्थबाट विकसित भएको छुवाछुत र समाजबाट मुलुकी ऐन समेतले काढिएको छ।

ऊ. कुमाउँका डोमहरू (र कर्णाली प्रदेशका 'बिटालु', 'डुम' अथवा दलितहरू) प्राग्वेदिक आर्य (वैदिक 'दस्यु') हुन्। कुमाउँमा खस र नागहरूको हैकम नचलुन्जेल त्यहाँका खस र प्राग्वैदिक आर्यहरूलाई नै दास र बिटालु बनाइएको थियो (Joshi L. D., 1984, पानाहरु 11-12)। हिमालयको यस भेगमा शूद्र (डोम) हरू खसहरूभन्दा पहिले आएका आर्य हुन्। एट्किन्सनले इस्वी संवत् सुरु हुनुभन्दा धेरै अगाडि खसहरू हिमालयको यस भेगमा आएका हुन् भन्ने कुरो लेखेका छन् (पृ० २८)।

ऋ. महेश्वर प्रसाद जोशी (जोशी, २०११ इ) ले 'शूद्रों का ब्राह्मणत्व' भन्ने शोध ग्रन्थमा के कुरो भनेका छन् भने, 'ब्राह्मण' शब्दको आधारभूत अर्थ 'कर्मकाण्ड गर्न जान्ने' मात्र हो, त्यसैले गङ्गा र सिन्धुको बेँसीमा विकसित भएको कर्मकाण्डको ज्ञान नहुने मध्य हिमालयका आर्यहरूलाई उनीहरू वैदिक कर्मकाण्ड नजान्ने हुनाले 'शूद्र' ठहराइयो।

ऌ. बिहारी कृष्ण श्रेष्ठ (श्रेष्ठ, २०२८) ले जुम्लाका पावैहरूलाई अवैदिक आर्य मानेकाले तिनीहरू 'घिउ खाने कार्की' (बालकृष्ण पोखरेल, कुराकानी) अर्थात्, 'मतवाली क्षेत्री' मानेको कुरालाई महेश्वर जोशीको अनुसन्धानका आधारमा तिनीहरू प्राग्वेदिक आर्य रहेछन् भन्ने बुझ्नु पर्ने हुन्छ।

ऍ. महेश्वर जोशी (जोशी, २०११ इ) ले कुमाउँका त्यस्ता 'शूद्र' हरूसँग बाहुनको बिहेवारी नहुने र तिनीहरूले छोएको पानी नचल्ने प्रतिबन्ध १९औँ शताब्दीसम्म थिएन; गोर्खाली फौजले जितेपछि मात्र तिनीहरू अस्पृश्य भए भन्ने कुरो लेखेका छन्। जे भए पनि, 'शूद्र', 'अछुत', 'पानी नचल्ने', 'दलित' जस्ता मानवजातिभित्रका पक्षपाती र अन्यायी वर्गीकरण वैदिक सनातन र हिन्दू धर्म दुइटैका आधारभूत मानक ग्रन्थसँग मेल नखाने सामाजिक रोग हुन्। तिनीहरूको अन्त्य हुनु पर्छ। यस काममा नेपाल संस्कृत विश्वविद्यालय, सम्पूर्णानन्द विश्वविद्यालय अथवा पुणें विश्वविद्यालयका संस्कृतका धुरन्धर विद्वान् र अनुसन्धाताको उपयोग गर्नु पर्छ।

ऐ. कर्णाली प्रदेश (र नेपालभरिकै) दलितहरूको उत्थान गर्न प्रथमतः उनीहरूको सीपलाई राज्यले राष्ट्रिय सीपका रूपमा सबै सरकारी कार्यालयमा अनिवार्य रूपले प्रोत्साहन गर्नु पर्छ।

ए. दलितहरूलाई नै प्राथमिकता र टेवा दिएर कर्णाली प्रदेशमा विदेशी र स्वदेशी पाहुनाहरूको सत्कार गर्ने कार्यक्रम चलाउनु पर्छ।

ऐ. दलितहरूको सीप सिक्न चाहने त्यसै गाउँ, ठाउँ, जिल्ला र प्रदेशका मात्र होइन, देशका अन्य प्रदेशका देशभरकै र विदेशका विद्यार्थीहरूलाई पाठ्यक्रम बनाएर क्रेडिट कमाउने प्रयोगात्मक तालिम तिनै दलितहरूबाट लिने चाँजो मिलाउनु पर्छ।

ऑ. दलितहरूका रोजगारका अवसरहरू बढाउनु पर्छ।

ऒ. इतिहासको मध्यकालमा बिग्रेको जाति विभाजनको रूढि नै नेपाली दलितहरूको छुवाछुत प्रथामा देखिन्छ। भारतमा स्वामी दयानन्द सरस्वती र पूर्वी नेपालमा पण्डित छविलाल पोखरेलले हिन्दू धर्मशास्त्रका मानक ग्रन्थहरूका प्रमाण अघि सारेर दलितहरूको उत्थानमा जुन सामाजिक क्रान्ति ल्याए, त्यसलाई पूर्ण रूपमा समस्त नेपालमा लागु गर्नु पर्ने आवश्यकता छ। त्यो सामाजिक सुधार गरेर न्यायिक समानताका आधारमा दलितहरूको वैज्ञानिक र वैधानिक सामाजिक उत्थान नगर्ने हो भने, विदेशी विस्तारवादी धर्महरूले नेपालीहरूका धर्ममा अतिक्रमण गर्ने फटाइँ मुलुकमा कायम रहन्छ। नेपालका कानुनले धर्म परिवर्तन गर्न निषेध गरे पनि थुप्रै विदेशी आइएनजिओहरू नेपालको सामाजिक उत्थान गर्ने निहुँ बनाएर गाउँ-गाउँमा धर्म परिवर्तन गर्न डलर बाँडिरहेका छन् भन्ने कुरो नेपाल सरकारले किन देख्न सकिरहेको छैन ?

ओ. दलितहरूलाई विदेशी विस्तारवादी धर्ममा दीक्षित गराउने अपराध देशभरमा खुल्लमखुल्ला चलिरहेको छ; त्यसमा रोक र कानुन लगाउनु पर्छ।

# कर्णाली प्रदेशका जाति : शक्ति, स्थिति र नीति

## क. किरात

म्याक्डोनेल र किथ (Macdonell & Keith, 1912 [1958]) ले 'वेदिक इन्डेक्स' भन्ने कोशमा वैदिक कालमा भारतीय उपमहाद्वीपमा भएका जातिहरू कुन-कुन भू-भागमा थिए भन्ने देखाउने नक्सा बनाएका छन्। त्यस नक्सामा उनीहरूले किरात जाति कर्णाली नदीको पूर्वतिर देखाएका छन्। यसरी उत्तर वैदिक कालमा जहाँ आर्यहरूले किरातहरूलाई भेटे, ती किरातहरू सम्भवतः भाषालाई 'पाङ' भन्ने रुकुम, रोल्पा र पश्चिम बाग्लुङका मगरहरू थिए; आज पूर्वी नेपालमा 'किराँती' भनेर प्रसिद्ध भएका 'चिराइतो' (किराततिक्त) चलाउने राई, लिम्बु र याक्खा (Chatterji, 1974, p. 29) थिएनन् होला। उत्तर वैदिक साहित्यमा 'किरात' र 'किलात' शब्दले जनाउने जातिका विशेषतामा तिनीहरू ओढारमा बस्ने, सिकार खेल्ने र जरडिबुटी सिलो गर्ने, आदि विशेषता पर्छन्। संस्कृतका महाकवि भारवि (भारवि) ले 'किरातार्जुनीय' महाकाव्यमा किरातेश्वर महादेवसित अर्जुनले युद्ध गरेको प्रसङ्ग पनि अनुसन्धाताहरूले कुमाउँ (उत्तराखण्ड) तिर औंल्याएका छन्। राहुल सांकृत्यायन (सांकृत्यायन, हिमालय-परिचय (१). गढवाल, १९५३ इ, पाना / पानाहरु ४२) ले पिथौरागढका 'राजी' (नेपालका राजीहरूसित तिनीहरूको भाषा त्यति मिल्दैन) लाई जनाउन 'राजकिरात' भन्ने शब्द प्रयोग गरेका छन्।

यस हिसाबले त पिथौरागढका राजी, दार्चुलाका व्यासी र कर्णाली प्रदेश र सुदूरपश्चिममा यायावर भएर घुम्ने राउटे जाति पनि 'किरात' समूहमै पर्ने देखिन्छ । अहिलेकै राउटेको जीवन शैली नै पनि धेरै मात्रामा उत्तर वैदिक साहित्यमा वर्णन गरेका किरातको जीवन शैलीसित मिल्छ । त्यस हिसाबले कर्णाली प्रदेशका डोल्पा, दैलेख र सुर्खेतका मगर मात्र होइन, कैलालीका राजीहरू पनि किरात समूहमै पर्न सक्छन् । रमेश खत्री (Khatri, 2008)ले गरेको अनुसन्धानका आधारमा राजी भाषा किराँती भाषाझैँ सार्वनामिक छ । राजी भाषाको स-उपसर्गले भाषा वैज्ञानिकहरूले कल्पना गरेको किराँती भाषामा लोप भएको सकार फेला परेको छ । राजीहरूले आफूहरू जुम्लाबाट सुर्खेत र कैलाली आएको बताउने कुरो विचारणीय छ ।

### ख. राउटे

राउटेहरूले आफूलाई जङ्गलका राजा मान्दछन् । फिरन्ते प्रकृतिका राउटेहरू अहिलेसम्म पश्चिममा बझाङ, उत्तरमा मुगु जिल्लाको रारा ताल, दक्षिणमा दाङ हुँदै कैलाली अनि महेन्द्रनगर, र पूर्वमा रोल्पासम्म पुगेको कुरा बताउँछन् (सूर्य नारायण कल्याल शाही, राउटेका मुखिया) ।

वनमै बस्नु, बाँदरको सिकार गर्नु, एक किसिमको वस्त्र लगाउनु, घर नबनाउनु, आफ्नो वासस्थान सारिरहेर यायावर बन्नु, आफ्ना तीन किसिमका थर सुनाउनु, एउटै थरमा बिहे नगर्नु, पुरुष र स्त्रीका लोकाचारमा फरक पर्नु, विधवालाई निषेध गर्नु, काठका सामान बनाउनु, आँटोपिठो साट्नु, भोटबर्मेली खाम्ची भाषा बोल्नु, मस्टाको पूजा गर्नु, केही निश्चित लोककथा र लोकसाहित्य पुस्ता-पुस्तामा सार्नु, आफूलाई वनको राजा मान्नु र अरु मानव समुदायबाट आफूलाई अलग्ग राख्नु राउटेहरूको संस्कृति हो । आज राउटेहरू जस्तो किसिमको जीवन बिताइरहेका छन्, प्रागितिहासमा र वैदिक तथा उत्तर वैदिक कालमा 'किरात' (Macdonell & Keith, 1912 [1958]) जाति भनेर चिनाइएका लक्षणहरू धेरैजसो मिल्छन् ।

### ग. राजी

सुर्खेतको देउती बज्यै मन्दिरका पुजारी (राजी) को भनाइ अनुसार राजीहरूको पुर्ख्यौली थलो जुम्ला हो । राजीहरूको एउटा थर 'शाही' भएकाले उनका कुरामा बल देखिन्छ । राजीहरू मस्टो त मान्दैनन्, तर जुम्लाकी 'पाटन भवानी' मान्दछन् । उनको कुरो प्रमाणित भयो भने, भोटबर्मेली किराँती भाषासित मिल्ने तर आज तराई (कैलाली र सुर्खेत) मा बोलिने राजी भाषाका वक्ताहरू पहाडबाटै तराई झरेको प्रमाणित हुन्छ ।

सुर्खेतका राजी, भारतको उत्तराखण्ड राज्यमा पर्ने पिथौरागढका राजी र नेपालको कैलालीका राजीहरू पनि किरात समूहमै पर्न सक्छन् । रमेश खत्री (Khatri, 2008) ले गरेको अनुसन्धानका आधारमा राजी भाषा किराँती भाषा झैँ सार्वनामिक छ । राजी भाषाको स-उपसर्ग नै भाषा वैज्ञानिकहरूले कल्पना गरेको किराँती भाषामा लोप भएको सकारका रूपमा फेला परेको छ । राजीहरूले आफुहरू जुम्लाबाट सुर्खेत र कैलाली आएको कुरो विचारणीय छ । उत्तराखण्डका राजीहरूलाई राहुल सांकृत्यायन (सांकृत्यायन, हिमालय-परिचय (१). गढवाल, १९५३ इ)ले 'राज किरात' भन्ने नाम दिएका छन् । लखनऊ विश्वविद्यालयकी प्राध्यापक कविता रस्तोगी (Rastogi, 2012) ले त्यहाँको राजी भाषामा पिएचडी गरेकी छिन्, तर जाति र भाषाको नाउँ एउटै भए पनि कविता रस्तोगी र रमेश

खत्रीको अनुसन्धान भिडाउँदा पिथौरागढका राजी चाहिँ नेपालका राउटेसित धेरै मिलेको पाइयो भने, नेपालका राजीको भाषा चाहिँ निकै फरक भएको जानकारी पाइएको छ । एउटै कर्णाली प्रदेशमा बसे पनि राउटेकै जस्तो चलन उही भोटबर्मेली सार्वनामिक भाषा नै बोल्ने राजीकै चलनसित पनि मिल्दैन ।

### घ. मगर

मातृभाषाको भिन्नताका दृष्टिले नेपालमा तीन किसिमका मगर छन् :

क. मगर खाम : रोल्पा, रुकुम र पश्चिम बाग्लुङमा भाषालाई 'पाङ' भन्ने मगरहरू

ख. मगर काइके : डोल्पामा काइके (र पोइके) भाषा बोल्ने भाषालाई 'के' भन्ने मगरहरू,

ग. मगर ढुट : स्याङ्जा, पाल्पा, तनहुँ, गोरखा, सिन्धुली, नवलपरासी, सुर्खेत र नेपालका अरु भागमा भाषालाई 'ढुट' भन्ने मगरहरू

कर्णाली प्रदेशको पश्चिम रुकुममा माथि लेखिए अनुसार पहिलो किसिमको भाषा बोल्ने मगरहरू छन्, डोल्पा जिल्लामा दोस्रो किसिमको मातृभाषा बोल्ने मगरहरू छन् भने, सुर्खेत र दैलेख जिल्लामा चाहिँ तेस्रो किसिमको मगर भाषा बोल्ने मगरहरू छन् ।

भोटबर्मेली हिमाली सार्वनामिक मातृभाषा बोल्ने भए पनि पश्चिम रुकुमका मगर खामकै चलनसित पनि राउटे, राजी र दार्चुलाका व्यासीको चलन मिल्दैन । एउटै मगर जाति भए पनि डोल्पाका तिब्बतीय काइके (र पोइके) भाषा बोल्ने मगरहरूको बोली र चलन न पश्चिम रुकुमका भाषालाई 'पाङ' भन्ने मगरहरूको बोलीचालीसित मिल्छ, न भाषालाई 'ढुट' भन्ने सुर्खेत र दैलेखका मगरहरूको बोलचालसित मिल्छ ।

मातृभाषाको भिन्नताले मात्रै पनि एउटै मगर खाम बोल्ने रोल्पा, रुकुम र पश्चिम बाग्लुङका मगरहरूको चाल चलनमा पनि स्थान भेदले केही भिन्नता त भइहाल्छ । भाषालाई 'पाङ' भन्ने रोल्पाकै मगरहरूमा पनि गाम र घुस्बाङको बोली सेसी भाषिका हुनेलाई बुझ्न गारो पर्छ । जातिले मगर भए पनि भाषालाई 'काइके' र 'पोइके' भन्ने डोल्पाका मगरहरूको भाषा चाहिँ तिब्बतीसँग बढ्ता मिल्छ ।

### ङ. व्यासी

'व्यासी' शब्द नेपालमा दुई किसिमका जाति बुझाउन प्रयोग गरिन्छ । दार्चुलातिर अर्थात् व्यास हिमालका फेदीतिर भोट बर्मेली सार्वनामिक भाषा बोल्ने एउटा मङ्गोलाभ जाति 'व्यासी' जातिका नाउँले चिनिन्छ । त्यस जातिको बेग्लै मातृभाषा छ जसलाई व्यासी, ब्याङ्सी, टिङ्कर र सौका भन्ने चलन छ । दार्चुलामै व्यासी भाषाका कम्तीमा दुई ओटा भाषिका बोलिन्छन् । भारतको उत्तराखण्ड राज्यको पिथौरागढ जिल्लामा पनि त्यस जातिलाई 'टिङ्कर' भन्दछन् र उनीहरूले बोल्ने भाषालाई व्यासी भाषामा 'टिङ्कर-लो' भन्ने चलन छ । दिल्ली विश्वविद्यालयमा एउटी व्यासी महिला व्यासी भाषामा पिएचडी गरी रहेकी छिन् । इसाओ होन्दा भन्ने अर्का एउटा जापानी अनुसन्धाता पनि 'ब्याङ्सी' भाषामा पिएचडी गर्दै थिए, तर उनले पूरा गरे नगरेको थाहा छैन । उत्तराखण्डमा व्यासी भाषाका अनेक भाषिका बोलिन्छन् । उत्तराखण्डतिर व्यासी जातिलाई उनीहरू तिब्बतबाट आएका नभए पनि 'भोटिया' भन्ने चलन रहेछ । व्यासी (अथवा सौका) हरू तिब्बततिर व्यापार गर्ने हुनाले पनि

भारतमा उनीहरूलाई 'भोटिया' भन्ने भ्रम चलेको रहेछ । सन् १९६१ मा चीन-भारत युद्ध भएपछि भारतपट्टिका व्यासीहरूलाई तिब्बत जान रोक लागेकाले भारततिरका व्यासीहरूको आर्थिक अवस्था नेपालतिरका व्यासीहरूको भन्दा बिग्रेछ ।

कर्णाली प्रदेशमा चाहिँ 'व्यासी' नाउँ पाएका जातिमा चाहिँ खस जातिकै बाहुल्य देखिन्छ । कर्णाली प्रदेशका व्यासीहरूलाई चाहिँ 'थपाल्या व्यासी' भन्ने चलन रहेछ र उनीहरूको मूल पेसा खेतीपाती रहेछ । सम्भवतः उनीहरू कर्णाली प्रदेशका अध्येताहरूको ध्यान आकर्षित गर्ने 'जनै नलगाउने क्षेत्री' हुन् । व्यास हिमालका छेउमा बस्ने भएकाले दुइटा बेग्लाबेग्लै जातिको नाम 'व्यासी' भएको पनि हुन सक्छ ।

## च. कार्मारोङ (र मुगाली)

मुगु जिल्लाको मुगुम कार्मारोङ गाउँपालिकामा भोटबर्मेली भाषा परिवार अन्तर्गतको कार्मारोङ (वा 'कार्कत') भाषा बोल्ने कार्मारोङ जाति बसोवास गर्दछन् । यसरी 'कार्मारोङ' नाउँ गाउँ, जाति र भाषा तीन ओटैको एउटै छ । नेपालमा यस्तो स्थिति धेरै जाति र मातृभाषाका नाउँमा पाइन्छ । त्यस गाउँपालिकाका १२-१३ ओटा गाउँमा पूरै कार्मारोङ समुदायको मात्र बसोवास रहेको छ । उक्त क्षेत्रमा बसोवास गर्ने कार्मारोङहरूमा विभिन्न कारणले कार्मारोङ बाहेक तामाङ, गुरुङ, महतारा, रोकाया जस्ता अरु थरहरू प्रयोग गर्ने चलन पहिलेदेखि नै चलिरहेको पाइन्छ । यसरी एउटै जातिमा अरु जातिका थरहरूसँग मिल्ने परिस्थितिको ऐतिहासिक कारण हुन्छ, जसको अनुसन्धान हुन सक्छ । मगर, व्यासी र थारूहरूमा पनि यस्तो स्थिति पाइन्छ । तिब्बत र तिब्बती संस्कृतिसित साइनो भएका जातिलाई नेपालका प्राचीन अभिलेखमा 'जाड' जाति लेखिएको पनि पाइन्छ । त्यस शब्दले कुन चाहिँ जातिलाई त्यतिखेर जनाउँथ्यो भन्ने कुरो चाहिँ त्यति प्रस्ट छैन ।

## छ. थारू

थारू नेपाल तराईको चारकोसे झाडीदेखि दक्षिणतिर बस्ने जनजाति हो । संस्कृतमा रुखलाई 'तरु' भन्दछन् थारूहरू जङ्गल र तराईसित जोडिएकाले उनीहरूको नाउँ 'थारू' बनेको पनि हुन सक्छ । तराईमा औलाको प्रकोप भएर अरु जाति शून्यप्राय: भएका बेलामा थारूहरूको रगतमा भएको कुनै विलक्षण तत्त्वले थारूहरूलाई औलाबाट प्रतिरक्षा गरेकाले थारूहरू औलो लागेर मरेनन् ।

तराईमा जङ्गली हात्ती पकड्ने, सधाउने र बेच्ने सामर्थ्यमा थारूहरू बेजोड थिए, त्यसैले धेरैतिर दरबारमा हात्तीका माउतेहरू थारू नै हुन्थे । तराईको धान उत्पादनमा थारूहरू नजिकैसँग जोडिन्छन् । फरक भाषा बोले पनि थारूहरू विशेष प्रकारको अनुहारको बान्की, बोली, वास्तुकला, हस्तकला, संस्कृति, लोकसाहित्य र लोकवार्तामा समृद्ध छन् । थारूहरू नेपालमा पाँच-सात किसिमका भाषा बोल्दछन्, तिनीहरूमध्ये दाङका दङौरा थारूको भाषा सबैभन्दा समृद्ध मानिन्छ । कैलाली र कञ्चनपुरमा राना थारूहरूको छुट्टै भाषा र संस्कृति छ । उत्तराखण्ड भारतमा भोक्सा थारू पाइन्छन् । सुर्खेतका थारूहरू आफूलाई दाङका थारूसित साइनो गाँस्तछन् । लोकवार्ता र संस्कृतिले समृद्ध भए पनि थारूहरूका भाषा, संस्कृति र लोकवार्ता लोपोन्मुख र सङ्कटापन्न छन्, तर पहाडे नेपाली जातिहरूले जति ठूलो मात्रामा आफ्नो संस्कृति छोड्दै गएका छन्, त्यति नै मात्रामा थारूहरूले आफ्नो संस्कृति छोडेको देखिँदैन ।

### ज. बादी

बादी जाति खस समुदायकै सदस्य हुन्, तर परम्परा अनुसार बादी महिलाहरूले ठालुहरूका घरमा नाच्न जाने र पुरुषहरूले मादल बजाएर आफ्ना महिलाहरूलाई सघाउने चलन थियो। यसरी महिलाहरू ठालुहरू कहाँ देह व्यापार गरेर धैरै पैसा र अन्नपात कमाउँथे, त्यसैले बादी समुदायमा छोरो जन्मेको भन्दा छोरी जन्मेको धैरै मूल्य थियो अनि परिवारमा महिला (आमा, पत्नी र छोरीबुहारी) हरूकै हैकम चल्थ्यो। बादी समुदायमा धैरै छोरी जन्मनेहरू र धैरै पत्नी हुनेहरू भाग्यमानी मानिन्थे र सम्पन्न हुन्थे। परम्परा अनुसार बादी समुदाय मातृसत्तात्मक थियो, तर आजभोलि भइरहेको सामाजिक परिवर्तनले बादीहरूको समाज क्रमशः पितृसत्तात्मक भइरहेको छ, त्यसैले आज परिवारमा क्रमशः पुरुषको हैकम चल्न थालेको छ; महिलाहरूको कमाइ घटेको छ; परम्परागत पेसामा परिवर्तन भइरहेको छ; तर महिलाहरूको वैकल्पिक पेसा भने, राज्यले जुटाउन सकेको छैन। यसरी बादीहरू विपन्नताले ग्रस्त भएका छन्। स्थानीय, प्रादेशिक, अथवा केन्द्रीय सरकारले बादीहरूलाई विपन्नताबाट मुक्ति दिँदै वैकल्पिक रोजगार दिलाउँदै सामाजिक आर्थिक सुधारद्वारा सबलीकरण गर्नु पर्ने आवश्यकता छ।

### झ. खस

लक्ष्मीदत्त जोशी (Joshi L. D., 1984) को अनुसन्धान अनुसार खसहरूका समुदायमा हिन्दू वर्णाश्रम धर्मको वैश्य जाति नै पाइँदैन, तर पनि मैदानी भागको भारतीय हिन्दू वर्णाश्रम धर्मसित मिलाउन खसहरूका समुदायमा पनि ठूलो जात (ठालु) र सानो जात (बिटालु) मा वर्गीकरण गरिएको पाइन्छ, तर महेश्वर जोशी (जोशी, २०११ इ) ले भने झैँ आधारभूत रूपमा खसहरूका समुदायमा ‘शूद्र’ भन्दैमा पानी नचल्ने र बाहुन क्षेत्री जस्ता ठालु र तथाकथित ‘शूद्र’ हरूका परिवारमा आपसमा बिहेबारी र पानी नचल्ने चलनै थिएन। त्यस्तो चलन गोर्खालीहरूले जितेपछि मात्र सुरु भएको रहेछ। हिन्दूहरूका आधारभूत प्रामाणिक ग्रन्थहरूमा पनि नभएको र कुमाउँ तथा गढवालका खसहरूमा पनि नभएको दलितहरूमाथिको निषेध, पक्षपात र अन्यायको अन्त्य गर्न र दलितहरूको उत्थान र विकास गर्न भारतमा स्वामी दयानन्द सरस्वती र पूर्वी नेपालमा पण्डित छविलाल पोखरेलले गरे जस्तो सांस्कृतिक क्रान्ति कर्णाली प्रदेशमा गर्नु पर्ने देखिन्छ।

क. ठालु

- अ. बाहुन
- आ. जोशी
- इ. ठकुरी
- ई. क्षेत्री
- उ. हमाल

ख. बिटालु

- अ. बादी
- आ. गाइने\गन्धर्व
- इ. कामी
- ई. दमाईँ
- उ. सार्की

डा० काली बहादुर मल्लको सूचना अनुसार जाजरकोटको भुर गाविसका भुर\भुल जातिहरू पहिले जुम्ली बाहुन थिए; पछि दलित बिहे गरेकाले दलित भए। कर्णाली प्रदेशमा ठेकी बनाउने चुनारो जाति पनि भएको, तर माग हराएपछि चुनाराहरूको पनि पेसा सङ्कटमा परेको सूचना पाइएको छ।

# खसहरूको प्रागितिहास र इतिहास

*पूर्वी मध्य एसियामा खस*

क. राहुल सांकृत्यायन (सांकृत्यायन, मध्य एसियाका इतिहास, २०१३, पाना / पानाहरु १०)ले 'मध्य एसियाको इतिहास' मा पश्चिम चीनको सिन्च्याङ\ताक्लामकान उपत्यकालाई खसहरूको मूल थलो ठहराएका छन् । राहुलले अड्कल गरे झैँ, साँच्चै नै, ताक्लामकान उपत्यकाको नैऋत्य (दक्षिण-पश्चिम) कोणमा पश्चिम तिब्बत पर्छ । पुरानो भारोपेली भाषा तोखारी पनि त्यही ठाउँमा बोलिन्थ्यो । वर्नर विन्टर भन्ने जर्मनेली प्राध्यापकले तोखारी भाषाको 'मैत्रायणी संहिता नाटक' त्यहीँ फेला पारेका हुन् । इतिहासकारहरूले त्यस ठाउँलाई 'तोखारिस्तान' भन्ने नाम पनि दिएका छन् । सिन्च्याङमा तोखारी भाषाका अभिलेखहरू (Blazek, 2011)३-४ किसिमका भाषामा भेटिएका छन्, जसमध्ये नैऋत्य कोणको अभिलेखको भाषा चाहिँ कुषाणहरूको हो भन्ने निष्कर्ष निकालिएको छ । इतिहासकारहरूले ती कुषाणहरू नै खस हुन् भन्ने अड्कल पनि गरेका छन् ।

ख. आधारभूत रूपमा खसहरू प्रागितिहासमा मध्य एसियाको तोखारी अथवा शक, अथवा संस्कृत भाषासँग नजिकको ऐतिहासिक साइनो लाग्ने आर्य परिवारकै कुनै भाषा मातृभाषाका रूपमा बोल्थे होला । प्रागितिहासिक आप्रवासको परिणाम स्वरूप जब खस जाति क्रमशः सर्दै पश्चिम तिब्बत, अफगानिस्तान, पाकिस्तान, काश्मीर, गढवाल, कुमाउँ र नेपालको कर्णाली प्रस्रवण क्षेत्रमा आई पुग्यो, निश्चित रूपमा त्यसमा भारतीय आर्य भाषाको निरन्तर प्रभाव पर्दै गयो । भारतीय उपमहाद्वीप सिन्धु, गङ्गा र ब्रह्मपुत्र नदीको बेँसी र न्यानो अनुकूल भौगोलिकताले गर्दा मध्य एसियाका यायावरहरूलाई पनि दक्षिण चीन र तिब्बतको ईशान कोणका भोट बर्मेली भाषा बोल्नेहरूलाई पनि अनि हिमाल उत्तरका भोटका बासिन्दालाई पनि प्रागितिहासमा आप्रवासका लागि कस्तो आकर्षणको केन्द्र भयो भने, जुन जाति यस उपमहाद्वीपमा छिऱ्यो, त्यो फेरि फर्केर बाहिर गएन । हावापानी र कृषिका लागि पनि सबभन्दा अनुकूल ठाउँ त सिन्धु, गङ्गा र ब्रह्मपुत्रको बेँसी नै हो, तर पछिल्तिरबाट यस उपमहाद्वीपमा आकर्षित हुने मानिसहरूका अनेक समूहहरूको घँचेडाइले गर्दा पहिले आकर्षक ठाउँ ओगट्ने जाति र पछि आउनेहरूका बिचमा हुने जम्काभेटमा भएका होडमा जसले जित्यो, त्यसैले रोज्जा जग्गा ओगट्ने शृङ्खला निरन्तर रूपमा चलिरह्यो ।

ग. मध्य एसियाको इतिहास र प्रागितिहासको अनुसन्धान गर्नेहरूले तोखारहरूलाई कुषाणहरूसित पनि जोडेका छन् । काश्मीरको इतिहास 'राजतरङ्गिणी' (Stein, 1900) मा तोखारहरूलाई 'तुरुष्क' जाति भनिएको छ अनि त्यसै जातिका 'हुष्क', 'जुष्क', 'हुविष्क' र 'कनिष्क' (७८ इ) हरूलाई 'कुषाण' राजाहरूका गन्तीमा राखिएको छ; त्यस्तै, कर्कोटक नाग वंशका आठौँ शताब्दीका राजा ललितादित्यले काश्मीरको उत्तरतिर पर्ने 'तुखार'\तुषारहरूको देशलाई हराएको (पृ० ८७-९१) र एघारौँ शताब्दीमा मु० गजनीले तोखारहरूका अन्तिम राजा 'हम्मिर' लाई उनीहरूको देशबाट हराएको कुरो पनि लेखिएको छ (पृ० १०७)। ताक्लामकानबाट अफगानिस्तानमा विस्थापित भएका कुषाणहरूलाई तोखार\तुषार जाति भनेको पनि पाइन्छ । भिक्टर मायर (Mair, 1998) को अनुसन्धानले तोखारहरूलाई नै आफ्नो पुख्र्यौली थलो कश्यप सागर र कृष्ण सागरका बिचको मूल थलो छोडेर इपू २६०० तिर ताक्लामकान उपत्यका हुँदै सबभन्दा पूर्व

मङ्गोलियाको त्येनसान पहाडसम्म पुग्ने जाति ठहराएको छ । भारोपेली भाषा बोल्नेहरू पूर्वी (शतम्) र पश्चिमी (केन्तुम्) वर्गमा छुट्टिनुभन्दा पनि अगाडि त्यो भाषा बोल्नेहरूको त्यो समूह ताक्लामकान उपत्यकासम्म आइपुग्यो । उनीहरूले बोल्ने भाषालाई तोखारी भाषा भन्ने चलन छ । ताक्लामकान उपत्यकामा तोखार, कुषाण, शक र खसहरू छुट्ट्याउन सजिलो छैन । तिनीहरूलाई इतिहासकारहरूले एउटै जाति ठहराएको पनि पाइन्छ ।

घ. भौगोलिक नक्सामा पश्चिम तिब्बतसितै खसहरूको बाहुल्य भएका पश्चिम नेपालका कर्णाली प्रदेश र सातौँ (सेती महाकाली) प्रदेश, भारतका उत्तराखण्ड (कुमाउँ र गढवाल) र हिमाचल प्रदेश, भारत र पाकिस्तानका जम्मु र काश्मीर, अफगानिस्तान, हिन्दुकुश पहाड, ताजिकिस्तान, किर्घिजिस्तान र कजाकस्तान जोडिएका छन् । कश्यप (क्यास्पियन) सागरको सेरोफेरोदेखि पूर्व ककेसस पहाड लगायत ती सबै ठाउँमा र सिन्च्याङमै पनि खस र शकहरूसँग काटिकुटी अनुहार मिल्ने मानिसहरू र ठाउँका नाउँमा 'खस, कस, सक, खास, कास, स्क, क्स' जस्ता वर्णहरूको संयोगले प्रागितिहासमा ती ठाउँमा शक र खसका गतिविधि भएको प्रमाण दिन्छन् । सिन्च्याङमा खसहरूले चिनियाँ 'रेसम मार्ग'( (Kuzmina, 2008; Mair, 1998) ओगटेका थिए ।

ङ. मध्य एसियाको प्रागितिहासमा घोडा चढेर लडाइँ गर्ने पहिलो जाति भनेर शकहरू चिनिन्छन् (Christian, 1998, p. 125) । सूर्यको पूजा गर्ने शकहरूले चीनका शासकहरूलाई चीनको पर्खाल बनाउन बाध्य बनाए । स्नेल्ग्रोभ (Snellgrove, Indo-Tibetan Buddhism, 1987, 2002) ले कैलास मानसरोवर क्षेत्र (चाङचुङ) मा सातौँ शताब्दी पछि तिब्बतको प्रभाव पर्नुभन्दा अगाडिसम्म बोन धर्म मान्ने चलन भएको उल्लेख गरेका छन् । बोन धर्म मान्नेहरूले सूर्यको प्रतीक स्वस्तिकको पनि पूजा गर्थे । बोन धर्म मान्नेहरू आर्य भाषा बोल्ने अफगानिस्तान, ताजिकिस्तान र ताक्लामकानको तोखारिस्तानबाटै त्यहाँ आएका थिए । भाषा वैज्ञानिकहरूले अफगानिस्तानको नाउँ पनि संस्कृत भाषाको 'घोडा' बुझाउने शब्द (अश्व) बाट विकसित भएको मानेका छन् र अफगान, अल्बानियाली र आर्मेनेयालीलाई शक, कुषाण र तोखारकै नजिकका गोती ठहराएका छन् । मध्य एसिया लगायत नेपाल र भारतका अनेक ठाउँमा शक\शुङ्ग\कुषाण कालमा बुट लगाएका सूर्यका मूर्तिहरू पाइएका छन् (शर्मा, २०१२ (२०५८))। कर्णाली प्रदेशका खसहरू प्राचीन कालदेखि घोडा पाल्थे ।

च. प्रागितिहासमा खसहरूले र उनीहरूका गोती (तुषार, कुषाण र महायुह्ची) हरूले जसरी पश्चिम चीनको सिन्च्याङमा रेसम मार्ग कब्जा गरेका थिए, त्यसैगरी कर्णाली प्रदेश र ताक्लाकोट कब्जा गरेर खसहरूले बुकी सुन उत्पादनमा कब्जा गरेको अड्कल गर्न सकिन्छ ।

छ. चिनियाँ इतिहास अनुसार शकहरूको निरन्तर आक्रमणले गर्दा नै चिनियाँ सम्राट्‌ले चीनको पर्खाल बनाउन बाध्य हुनु पऱ्यो । मध्य एसियाका घाँसे मैदानमा घोडा चढेर युद्ध गर्ने पहिलो जाति शकको एउटा बगाललाई पूर्वमा चीन र मङ्गोलियासम्म युह्ची भनेर चिनिन्थ्यो । मङ्गोलहरूको शक्ति विस्तार भएपछि उनीहरूले शकहरूको त्यो (युह्ची) बगाललाई पश्चिमतिर घँचेडी दिए । त्यसरी घँचेड्दा युह्चीहरू दुई टुक्रामा बाँडिए । ठूलो टुक्रो चाहिँ (महायुह्ची) कजाकस्तानतिर धकेलियो भने, सानो टुक्रो चाहिँ (लघु युह्ची) भागेर पश्चिम चीनको सिन्च्याङ (ताक्लामकान उपत्यका) र पश्चिम तिब्बतको उत्तरतिर पर्ने खुनलुन पहाडको उत्तरी पाखातिर लाग्यो । लघु युह्ची पनि आफ्नै जातीय सागरमा बिलायो होला ।

# मानसरोवर, चाङ्चुङ र पश्चिम हिमालयमा खसहरूको इतिहास

**क. मानसरोवर क्षेत्रको बोन धर्म**

स्नेल्ग्रोभ (p. 400) के लेखेका छन् भने, 'चाङ्चुङ' (राहुल, 'शाङशुङ') अर्थात्, कैलास मानसरोवर क्षेत्रमा दसौँ शताब्दीसम्म बोन धर्म मान्ने शक, कुषाण र तोखारहरू नै बस्थे । टुची (Tucci, Preliminary report on two scientific expedition in Nepal, 1956, pp. 92-93) को भनाइ अनुसार चाङ्चुङ भन्नाले कैलास मानसरोवर क्षेत्र मात्र नभएर मध्य एसियाको ताक्लामकान उपत्यकामा पर्ने खोतानसम्मको व्यापक क्षेत्र थियो, जसको सिमाना पूर्वमा तिब्बत (सुपिया), पश्चिममा उत्तर प्रदेशको मलासा, उत्तरमा ताक्लामकान उपत्यकाको खोतान र दक्षिणमा कुमाउँको बैजनाथ धाम नजिकको ब्रह्मपुर थियो । ताक्लामकान उपत्यकालाई नै राहुल सांकृत्यायन (मध्य एसियाका इतिहास) ले खसहरूको मूल थलो घोषित गरेका छन् । शक, कुषाण र तोखारहरूको भाषा (Bailey, 1979) बेग्लै भारोपेली थियो । जुन वेला चाङचुङमा बोन धर्म मान्ने शक, कुषाण र तोखारहरूको आधिपत्य थियो, त्यति वेला तिब्बती जातिको मानसरोवर क्षेत्रमा प्रवेश नै भएको थिएन भन्ने कुरो स्नेल्ग्रोभले नै लेखेका छन् । वाटर्स (Watters, 1904-1905, p. 330) ले पनि के लेखेका छन् भने, जुन वेला चिनियाँ यात्री स्वेनचाङ कन्नौजको स्थानेश्वरमा हर्षवर्धनको दरबारमा पुगेका थिए, त्यति वेलासम्म पश्चिम तिब्बतको कैलास मानसरोवर क्षेत्रमा स्रोङचन गम्पोको तिब्बती आधिपत्य भएकै थिएन । बोन धर्म मान्नेहरू सूर्यको प्रतीक 'स्वस्तिक' को प्रयोग गर्थे (Snellgrove, Indo-Tibetan Buddhism, 1987, 2002, p. 390) । उनीहरूले बोन धर्म पामिरको पश्चिमतिर पर्ने ताजिकिस्तान, अफगानिस्तान र 'तोखारिस्तान' (ताक्लामकान) बाट ल्याएका थिए; उनीहरू ताजिकिस्तान र पश्चिम चीनको ताक्लामकान उपत्यकाबाट (खुनलुन पर्वत मालाका भन्याङ काट्तै?) विकट पहाडी बाटाबाट मानसरोवर आएका थिए । खस जाति शकहरूकै एउटा समूह हो (सांकृत्यायन,) ।

**ख.** इपू० पाँचौँ शताब्दीका ग्रिसेली इतिहासकार हेरोडोटस (McCrindle, 1971, pp. 3-12) ले कैलास मानसरोवर क्षेत्र छेउमा खसहरूलाई भेटे । यसरी इपू० पाँचौँ शताब्दीमा युनानी इतिहासकार हेरोडोटसले कुमाउँको बैजनाथ धाम छेउको ब्रह्मपुर उत्तरमा पर्ने स्त्री राज्य\सुवर्णगोत्र\सुवर्णभूमि\चाङचुङमा भेटेका खसहरू कहिलेदेखि पश्चिम नेपालसम्मको यस भेगमा बसोवास गरिरहेका थिए भन्ने कुराको अघिल्लो सीमाना थाहा छैन । महाभारत वन पर्व (५१, १९९१) मा पनि त्यस स्त्री राज्यको चर्चा छ (Tucci, Preliminary report on two scientific expedition in Nepal, 1956, p. 101) । चौंथो शताब्दीमा कुमाउँमा कत्युरी ('कर्तृपुर') वंशले शासन गरेको प्रमाण छ (Joshi M. P., pp. 352-360) ।

**ग.** एट्किन्सन (Atkinson, 1980 [1884]) र राहुल सांकृत्यायन (गढवाल, कुमाऊं, मध्य एसियाका इतिहास, तिब्बत में बुद्ध धर्म) ले खसहरूको विस्तृत परिचय दिएका छन् । खसहरूले कैलास मानसरोवर क्षेत्रमा बुकी सुन ('पिपीलिका सुवर्ण') चलाएको कुरो सबैले गरेका छन् (महाभारत सभापर्व, हेरोडोटस,) । यसबाट मानसरोवर क्षेत्र र कर्णाली प्रदेशमा खसहरू आकर्षित हुने र त्यसको आधिपत्य गर्ने कारण बुकी सुन नै हुन

सक्छ। एट्किन्सन (Atkinson, 1980 [1884]) ले मानसरोवर क्षेत्रमा खसहरूलाई पहिले 'यक्ष' भनिन्थ्यो भन्ने कुरो लेखेका छन्।

**घ.** रोमन इतिहासकार प्लिनीले इपू० पहिलो शताब्दीतिर खसहरूको चर्चा गरेका छन् (McCrindle, 1971)।

**ङ.** इसाको तेस्रो शताब्दीतिर मङ्गोल र तुर्कहरूको शक्ति विस्तार हुँदा तुषार\कुषाण शासकहरू ताक्लामकानबाट विस्थापित भएर अफगानिस्तान पुगे र पछाडि त्यहाँबाट पनि विस्तापित भएर भारतमा शक\कुषाण शासकका रूपमा प्रसिद्ध भए। चिनियाँ इतिहासले मङ्गोलहरूको शक्ति विस्तार भएपछि दुई फ्याक भएको 'युह्ची' जातिमा 'लघु युह्ची' चाहिँ ताक्लामकान उपत्यकाको दक्षिणतिर पर्ने खुनलुन पहाडमा पाखा लागे भन्ने लेखेको छ (Atkinson, 1980 [1884])। कैलास मानसरोवर (चाङ्चुङ) क्षेत्रमा तिब्बतको प्रभाव पर्नुभन्दा अगाडि बोन धर्म मान्ने आर्य भाषा बोल्नेहरू (Snellgrove, Indo-Tibetan Buddhism, 1987, 2002) सँग लघु युह्ची मिसिए होलान्, किनभने राहुल सांकृत्यायन (सांकृत्यायन, मध्य एसियाका इतिहास, २०१३, पाना / पानाहरु ७४) ले चाहिँ लघु युह्चीले ताक्लामकान उपत्यका ओगट्नुभन्दा अघि चाहिँ पित्तल युग (इपू १५००-७००) मा त्यो उपत्यका खसहरूको भूमि थियो भन्ने लेखेका छन्।

**च.** दक्षिण एसियाका इतिहासमा शकहरू खसहरूभन्दा पछाडि आएको पाइन्छ। शक र खसहरूकै एउटा बगाल कुषाण र तोखार (तुषार) हरू पहिले सिन्च्याङमा राज्य गर्थे, पछि अफगानिस्तानमा पसे र इसाको पहिलोदेखि तेस्रो शताब्दीसम्म तिनीहरू (शुङ्ग\शक\कुषाण) ले भारतीय इतिहासमा महत्त्वपूर्ण प्रभाव छोडे। भारतकै इतिहासले पनि शक र कुषाणहरू त्यति छुट्ट्याएको पाइँदैन। युरोप, मध्य एसिया, इरान, दक्षिण एसिया र सिरियासम्म इतिहासमा शक र तिनका अनेक बगालका गतिविधिको जति प्रस्ट इतिहास पाइन्छ (क्रिस्चियन, हिस्ट्री अफ इरान), त्यति प्रस्ट इतिहास खसको पाइँदैन। राहुल सांकृत्यायन (सांकृत्यायन, हिमालय-परिचय (१). गढवाल, १९५३ इ, p. ५५) ले कुल्लुदेखि नेपालसम्म मात्र यस जातिलाई 'खस' भन्ने चलन छ भन्ने कुरो लेखेका छन्।

**छ.** स्नेल्ग्रोभ (पृ० ४००) ले तिब्बतमा बुद्ध धर्मको प्रभाव पर्नुभन्दा धेरै अगाडिदेखि मध्य एसियाबाट बुद्ध धर्म कैलास क्षेत्रमा पुगिसकेको थियो भन्ने कुरो लेखेका छन्।

**ज.** महाभारत (सभा पर्व, उद्योग पर्व) र मार्कण्डेय पुराणमा खसहरूको चर्चा छ।

**झ.** सातौँ शताब्दीका चिनियाँ तीर्थ यात्री स्वेनचाङले पनि त्यसै भेग (गोविषाण) मा खसहरूको उल्लेख गरेका छन्। स्वेनचाङ (Watters, 1904-1905) ले कैलास पर्वत नै पुराणहरूमा 'मेरु' भनिएको पर्वत ठहराएका छन्। पुराणहरूमा खसहरू 'मेरु र मन्दर' ('मेरुमन्दरयोर्मध्ये') पहाडको बिचमा बस्ने जाति भनेर उल्लेख गरिएको छ।

**ञ.** इसाको १२औँ शताब्दीमा काश्मीरको इतिहास (कल्हणको राजतरङ्गिणी) मा खसहरूको चर्चा कसरी गरिएको छ भने, खसहरू काश्मीरको दक्षिणतिरका पहाडहरूमा झेलम (वितस्ता) नदीको उपत्यका वरिपरि अर्धचन्द्राकार बनाएर ढाकेर बसेका छन् र त्यहाँ खसहरूलाई 'खख' भन्ने गरेको सूचना दिइएको छ (Stein, 1900, पानाहरु 429-431)।

# खस र मध्य एसियासम्म स्रङचङ गम्पोको दिग्विजय

**क.** सातौँ शताब्दीमै स्रोङ चन गम्पोले नेपालकी भृकुटी (श्वेत तारा) र चीनकी राजकुमारी 'हरित तारा' बिहे गरे झैँ चाङचुङकी राजकुमारी पनि बिहे गरेका थिए (Snellgrove, Indo-Tibetan Buddhism, 1987, 2002, pp. 387-388) । स्रङ चन गम्पोकै एक जना महामात्य (mGar) र उनका छोराले तिब्बतको राज्य विस्तार तोखारिस्तान (ताक्लामकान उपत्यका) सम्म गरेका थिए (स्नेल्ग्रोभ, ३८८)। सातौँ शताब्दीभरि नै चिनियाँ रेसम मार्गको मुखमा पर्ने ताक्लामकान उपत्यका ओगट्न तिब्बतको आक्रमण र प्रत्याक्रमण चिनियाँ, मङ्गोल र तुर्कहरूसित परिरह्यो (Beckwith, 1987) । त्यसैको परिणामस्वरूप आज ताक्लामकान उपत्यकामा खस, शक, कुषाण र तोखारका सन्तानहरू तुर्केली (युगुर) भाषा बोल्छन्, किनभने प्रागितिहासिक र ऐतिहासिक युद्धको परिणामस्वरूप शासकहरू मात्र विस्थापित हुन्छन्; जनताहरू त वैवाहिक र सांस्कृतिक आदानप्रदानबाट जीवन चलाउन बाध्य हुन्छन् । त्यस्ता प्रागितिहासिक र ऐतिहासिक युद्धको परिणामस्वरूप हुने रक्त मिश्रणले गर्दा चीन, मङ्गोलिया, रुसी गणराज्य, ताक्लामकान उपत्यका, कैलास मानसरोवर क्षेत्र र कर्णाली प्रदेशमा समेत खस र उनीहरूका गोतीलाई इतिहासमा मङ्गोल, तातार, तुर्क र भोटे ठान्ने भ्रम इतिहासकारहरूलाई (चिनियाँ इतिहासकारहरूलाई समेत) पनि भएको देखिन्छ । राहुल सांकृत्यायन (तिब्बत में बौद्ध धर्म) ले पनि पश्चिम तिब्बतको त्यस भेगमा 'खछे' भनेर बोलाइने खसहरू भएको कुरो लेखेका छन् । त्यति मात्र होइन सांकृत्यायन (सांकृत्यायन, हिमालय-परिचय (१). गढवाल, १९५३ इ, पाना / पानाहरु ५६) ले तिब्बती भाषामा काश्मीर र काश्मीरीलाई पनि 'ख-छे' भनिने कुरो पनि लेखेका छन् । 'खाण' थर भएका ठकुरी पनि हुन्छन् भन्ने ज्ञान नभएर ह्यामिल्टनले पनि पृथ्वी नारायण शाहको राजवंशलाई ठकुरी इतर वंशका ठहराएका छन् । शिखरनाथ सुवेदीले पनि 'शिखरनाथ भाष्य' मा 'ठकुरीको वंशावली हराउँदै जान्छ; मगरका घरमा पुगे पत्ता लाग्छ' भन्ने लेखेर मगर र ठकुरीमा भ्रम हुने कुरो लेखेका छन् ।

**ख.** तिब्बती वंशावलीअनुसार एकातिर तिब्बतको राजवंश वैशालीबाट गएका लिच्छवि कुलको भएको सूचना पनि पाइन्छ (Roerich, 1949 [1979], p. 37) भने, दसौँ शताब्दीमा स्रङ चन गम्पोका सन्तान लाङ दार्माले बुद्ध धर्म माथि अन्याय गरे । लाङदार्माका सन्तानले आफ्ना तीन भाइ छोराहरूलाई ल्हासा, चाङचुङ (कैलास मानसरोवर क्षेत्र) र लद्दाख बाँडिदिए पछि कैलास मानसरोवर क्षेत्र (गुगे र पुराङ) तिब्बती संस्कृतिको केन्द्र भयो । गुगे (चाङ्चुङ) का ११औँ शताब्दीका राजा ज्ञानप्रभ आफ्ना दुइटा छोरा नागराज र देवराज सहित भिक्षु भए । ज्ञानप्रभले नै पश्चिम तिब्बतमा थोलिङ गुम्बा बनाएर आफ्ना विद्यार्थीहरूलाई संस्कृत पढ्न भारतका काश्मीर र बिहारका नालन्दा र विक्रमशिला विश्वविद्यालयमा पढ्न पठाएकामा चित्त नबुझेर त्यहाँका प्राध्यापकहरू नै बोलाएर तिब्बतको सांस्कृतिक विकास गरे । पृथ्वी मल्लको दुल्लुको शिला स्तम्भमा कर्णाली प्रदेशका मल्ल राजाहरू ती भोटे राजाका उत्तराधिकारी भएकाले भोटे राजाका सन्तान जस्ता देखिन्छन्, तर टुची (Tucci, Nepal: The discovery of the Malla, 1962) ले पनि, स्नेल्ग्रोभ (Snellgrove, Indo-Tibetan Buddhism, 1987, 2002) ले पनि र अरु इतिहासकारहरूले

पनि नवौँ दसौँ शताब्दीतिर भारतीय राजाहरू त्यस भेगमा शासन हत्याउन सफल भएको कुरो लेखेका छन्। तिनीहरूले आफ्नो नाम तिब्बतीमा पनि राखे र आफू बौद्ध पनि भएकाले तिनीहरू भोटे हुन् कि भन्ने भ्रम देखिन्छ। काश्मीरको इतिहास (Stein, 1900) मा 'चल्ल' सित अनुप्रास मिल्ने 'सुल्ल', 'भुल्ल', 'डुल्ल', जस्ता नामहरू भेटिने हुनाले काश्मीरको राजवंशले तिब्बतको राजवंशको उत्तराधिकार लिए जस्तो देखिन्छ।

## कर्णाली प्रदेशमा खसहरूको इतिहास

**क.** इटालेली लामा तारानाथ (Chattopadhyaya, 1970) ले लेखेको 'बुद्ध धर्मको इतिहास' को परिशिष्टमा 'दिव्यावदान' र 'अशोकावदान' भन्ने शीर्षकका दुइटा लेखोट सङ्केटेका छन्, जसमा इपू० तेस्रो शताब्दीमा पाटलिपुत्रमा अशोकलाई सम्राट् बनाउने कुरामा भएको राष्ट्र विप्लवमा पश्चिम नेपालका दुइटा खसहरूले अशोकलाई जिताएका थिए भन्ने लेखिएको छ।

**ख.** खसहरूले १२औँ शताब्दीतिर मानसरोवर क्षेत्रबाट जुम्ला सिँजा र दुल्लुमा आएर राज्य गरेको प्रमाण चाहिँ सबभन्दा पहिले इटालीका पुरातत्त्वविद् ज्युसेप्पे टुची (Tucci, 1956; Tucci, 1962) र योगी नरहरि नाथ (योगी, २०१३) ले फेला पारेका हुन्। तर पृथ्वी मल्लको शिला स्तम्भमा लेखिएका नागराज त ११औँ शताब्दीका पश्चिम तिब्बतका राजा थिए भन्ने स्नेल्ग्रोभले लेखेका छन्। महेश्वर जोशी (Joshi M. P.)ले पनि ११औँ शताब्दीका नागराजले कुमाउँमा शासन गरेको सूचना दिएका छन्। गुगेका राजा नागराजले बनाएको बुद्धको भव्य मूर्ति अहिले पनि कुमाउँ (उत्तराखण्ड) को बाडाहाटमा दत्तात्रेयका रूपमा पुजिन्छ भन्ने सूचना राहुल (सांकृत्यायन, हिमालय-परिचय (१). गढवाल, १९५३ इ, पाना / पानाहरु १११) ले दिएका छन्।

**ग.** जुम्लाका खस राजाहरू पश्चिम तिब्बतको मानसरोवर क्षेत्रदेखि भारतको ठूलो भू-भागमा शासन गर्थे, तर उनीहरूले ग्रीष्मकालीन राजधानी सिँजालाई र शीतकालीन राजधानी दुल्लुलाई बनाएका थिए। ती राजाहरू मध्ये १३औँ शताब्दीका क्राचल्ल र अशोक चल्लका अभिलेखहरू कुमाउँ गोपेश्वरको त्रिशूलमा र गयाको स्तम्भ लेख (Vidyavinoda, 1913-1914)मा पाइने हुनाले र अशोक चल्लले आफूलाई 'सपादलक्षप्रदेश' (सबा लाख पर्वतले घेरिएको प्रदेश अर्थात्, कुमाउँ), 'खसदेशनरेश' (खस देशका राजा) र 'दानव देशका राजा' (कुमाउँको चम्पावत जिल्लाको 'दानापुर'?) भनेर चिनाएकाले अशोक चल्लले राज्य गरेको भौगोलिक सीमाना निकै फराकिलो रहेछ भन्ने अड्कल गर्न सकिन्छ।

**घ.** चौधौँ शताब्दीमा खस राजा आदित्य मल्ल (१३२७ इ) ले काठमाडौँ उपत्यका जितेको कुरो 'गोपाल राजवंशावली' मा लेखिएको छ (वज्राचार्य, २०२२), तर १४औँ शताब्दी पछि खस राज्य टुक्रियो।

**ङ.** खस राज्य टुक्रेपछि बनेका बाइसी-चौबिसी राज्यमा जुम्लाकै रजौटाहरूले राज्य गर्न थाले। चौँतिस ओटा बाइसी-चौबिसी राज्यका अत्रि र आत्रेय गोत्रका शासकहरू मलय बम (१४४६) कै सन्तान थिए (सुवेदी, २०५५)। पृथ्वी नारायण शाहले धेरैजसो मलय बमकै सन्तानहरूलाई नेपाल एकीकरणमा जितेको पाइन्छ। टुची (१९५६ इ) र रामनिवास पाण्डे (Pandey, 1997) ले मलय बमका पूर्खाहरू कन्नौजका अन्तिम राजा थिए भन्ने कुरो लेखेका छन्। राजस्थानको इतिहास लेख्ने टोड (Todd, 1895) ले पनि राजस्थानका एउटा

राजकुमार नेपाल गएको उल्लेख गरेका छन् । यसबाट कर्णाली प्रदेशमा सूर्यवंशी शक र रवि गोत्री खसहरूसँग चन्द्रवंशी राजाहरूको रक्त मिश्रण भएछ भन्ने बुझिन्छ ।

**च.** पुराना शासक र तिनीहरूले बोकेर ल्याएका सांस्कृतिक सम्पदाका पत्र-पत्र यसरी हिमालयका काखमा थुप्रिँदै गए । खसहरू पनि यसै प्रक्रियाको परिणामस्वरूप गढवाल, कुमाउँ, काश्मीर र नेपालका हिमालयका फेदका विकट पहाडी प्रदेशमा शरण लिन बाध्य भए । कैलास मानसरोवर क्षेत्रमा पाइने बुकी सुन पनि खसहरूको आकर्षण शक्ति र त्यो क्षेत्र ओगट्ने राजनीतिक आधार बन्यो होला । जे भए पनि कर्णाली क्षेत्र जस्ता नदी किनारका हिमाली भेगमा मानव सभ्यताका पत्र-पत्र हुने सम्भावनाको अध्ययन र अन्वेषण हुनु आवश्यक छ ।

## खसहरूको लोक सांस्कृतिक मौलिकता

**क.** खसहरूको संस्कृति बारे अनुसन्धान गर्ने लक्ष्मीदत्त जोशी (Joshi L. D., 1984) ले खसहरूका निम्न लिखित चलनहरू उल्लेखनीय ठहराएका छन् :

**ख.** छोराका सन्तान नभए घर ज्वाइँ पाल्ने (पृ० ३)

**ग.** कुमाउँका डोमहरू (र कर्णाली प्रदेशका बिटालु, डुम अथवा दलितहरू) प्राग्वेदिक आर्य (वैदिक 'दस्यु') हुन् । कुमाउँमा खस र नागहरूको हैकम नचलुन्जेल त्यहाँका खस र प्राग्वैदिक आर्यहरूलाई नै दास र बिटालु बनाइएको थियो (पृ० ११-१२) । हिमालयको यस भेगमा शूद्र (डोम) हरू खसहरू भन्दा पहिले आएका आर्य हुन् । एट्किन्सनले इस्वी संवत् सुरु हुनुभन्दा धेरै अगाडि खसहरू हिमालयको यस भेगमा आएका हुन् भन्ने कुरो लेखेका छन् (पृ० २८) ।

**घ.** मार्कण्डेय पुराणमा खसहरूको उल्लेख पहाडे जाति 'निहार' (नेवार?) र 'गुरगण' (गुरुङ?) सँग गरिएको छ (पृ० १२) ।

**ङ.** महाभारत सभापर्व (५२) मा खसहरूले युधिष्ठिरलाई बुकी सुन (पिपीलिका सुवर्ण), मह र चमर चढाए (पृ० १४) अनि महाभारत युद्धमा दुर्योधनका तर्फबाट ढुङ्गा, भाला र तरवारले लडाइँ गरे (पृ० १५)।

**च.** खसहरू नागराज (वासुकि) को पूजा गर्छन् (पृ० २२)।

**छ.** कुमाउँका खस राजा 'पोरुष' ले इपू चौथो शताब्दीमा अलेक्जान्डरसँग लडाइँ गरे र मारिए भन्ने फरिस्ताको भनाइ छ (पृ० २८) ।

**ज.** एट्किन्सनले भने अनुसार कुमाउँ र गढवालको सबभन्दा पुरानो प्रमाणित राजवंश कत्युरी वंश हो, जसको प्रभाव जोशीमठदेखि सतलज नदी किनारसम्म, अनि पूर्वमा गण्डकी नदी किनारसम्म फैलेको थियो । कत्युरी सम्राट् वासुदेवको प्रशस्ति 'वासुदेव गिरिराज चक्रचूडामणि' थियो (पृ० २८) । नेपालका राजाहरूको प्रशस्ति कत्युरी महाराजहरूको प्रशस्तिबाट प्रभावित भएको थियो ।

**झ.** खसहरूको आधिपत्य क्षेत्रमा पूजाआजा गर्दा एकदम धेरै जुनसुकै समस्यामा पनि वलि चढाउनु पर्छ । गाउँका देवतालाई वलि, वनका देउतालाई वलि, दोबाटे देउतालाई वलि, दैत्यलाई वलि, भूत प्रेत

पिशाच आदिलाई वलि, आदि। कुनै मान्छे बिरामी भयो भने, देउतालाई भाकल गरेर बाख्रो वा भेडाको पाठो वलि दिनु पर्छ। यसरी वैदिक देवताहरू त प्राय मान्छेकै आकारका हुन्छन्, तर खसहरू त राक्षस, भूत, प्रेत, पिशाच, जन्तु, पहाड, रुख, ढुङ्गा, खोला, आदि सबैलाई पुज्छन् र वलि दिन ठिक पर्छन्। अनेक किसिमका देउता र वायुलाई उनीहरूले खुसी पार्नु पर्छ (पृ० २३)।

**ञ.** मध्य हिमालयमा बस्ने खसहरू आर्यहरूको सबैभन्दा पुरानो लहर होला, जसलाई पछि आउनेले मलिलो जग्गा ओगटेर विस्थापित गरे (पृ० २६)।

**ट.** पहिले खसहरू जनै लगाउँदैनथे (पृ० ४७)। अझै पनि हुम्लाका थपाल्या व्यासीहरू र अछामका एकथरी बोहोराहरू आफुलाई जनै नलगाउने क्षेत्री भनेर चिनाउँछन्।

**ठ.** खसहरूका केही वैवाहिक चलन (पृ० ४९-५०):

अ. खसहरू कहाँ पहिले विधवा भाउजु सकार्ने चलन थियो।

आ. जारी तिरेर स्वास्नी ल्याउन पाइन्थ्यो।

इ. बिहे गर्न जग्गे गर्नु आवश्यक थिएन।

ई. द्रौपदी प्रथा प्रचलित थियो।

उ. खसहरू कहाँ सौता अंश लाग्छ, छोरा अंश लाग्दैन।

ऊ. बादीहरूको जस्तो श्रीमानहरू आफ्नै श्रीमती अरु कहाँ पैसा कमाउन पठाउने चलन पनि खसहरूकै एउटा समुदाय हो। गढवाल, नैनिताल र अल्मोडाका नायकहरू कहाँ पनि बादीहरूकै जस्तो चलन छ (पृ० ७०)।

ऋ. खसहरू कहाँ छोरीलाई अंश दिइँदैन (पृ० ७०)।

ऌ. छोराले अंश नपाउने, भान्जाले अंश पाउने चलन पनि खसहरू कहाँ थियो (पृ० ७४)।

ऍ. राजस्थानका राजपुतहरू पनि खस नै हुन्। उनीहरू कहाँ केटी माग्न जानेले ससुरालाई पैसा तिर्नु पर्छ। अनि भान्जीको बिहेमा मामाले ‘मामा झोली’ पाउँछ। परिवारमा मामाको हैकम चल्ने यो चलन मातृसत्तात्मक समाजको अवशेष हो (पृ० ७४-७५)। मामा ससुरालाई भान्जे बुहारीले कपाल ढाक्ने नेपाली चलन पनि त्यहीँबाट आयो होला।

ऐ. नेपालका खसहरू कहाँ जेठा छोरालाई ठूलो अंश दिने चलन थियो (पृ० २८०-२८१)।

१. कतिपय ठाउँमा धर्मशास्त्र र पुराणहरूमा मन नपरेका मान्छेका लागि पनि यस्ता शब्द प्रयोग गरिएका देखिन्छन्। ‘मनुस्मृति’ ले नै पनि खसहरूलाई ‘व्रात्य’ भनेको छ भने, महाभारत कर्ण पर्वमा कर्णले खसहरूका चलनहरू मन नपराएको देखिन्छ।

२. बादीहरू पनि खसहरूकै एउटा समुदाय हुन्। तिनीहरूले पुरा कालमा खसहरूका समुदायमा भएको मातृसत्तात्मक समाजको प्रतिनिधित्व गर्छन्। सातौँ शताब्दीमा मानसरोवर क्षेत्रको गुगे (चाङ्चुङ) लाई ‘सुवर्णगोत्र’ भनिन्थ्यो त त्यहाँ ‘स्त्री राज्य’ चल्थ्यो भन्ने कुरो स्वेन चाङ (Watters, 1904-1905, p. 330) ले लेखेका छन्। हिमाली क्षेत्रमा आज पनि अवशेषको रूपमा पाइने मातृसत्तात्मकता अर्थात् बहुपति (द्रौपदी) प्रथा पितृसत्तात्मकतामा द्रुत गतिले रूपान्तरण भई सकेका खसहरू कहाँ दुर्लभ हुँदै गएको छ।

जाजरकोटमा एउटी सम्भ्रान्त महिला अझै एकै साथ दुई पति राखेर बसेको सूचना (काली बहादुर मल्ल) पाइएको छ । त्यही बहुपति प्रथाको अवशेष आज बादीहरू कहाँ देखिन्छ । पितृसत्तात्मक समाजमा बाइस ओटी बिहे गर्ने पुरुषलाई मानिसहरूले पातकी मान्दैनन् अनि एकै रातमा १६,१०८ गोपिनी (अर्काका छोरी बुहारी र पत्नीहरू) सँग रासलीला गर्ने कृष्णजी भगवान् भइरहेकै छन्, तर पुराणमा मातृसत्ताको प्रतिनिधित्व गर्ने कुनै भगवतीले पनि अनेक पति राखेका उदाहरण कमै पाइन्छन् । मातृसत्तात्मक समाज भएका बादी (किमाथाङ्काका शेर्पा र मेघालयका खासी) हरूका समाजमा धेरै पुरुषहरूसँग सहवास गर्नु पितृसत्तात्मक समाजमा पुरुषले बहुविवाह गर्नु जस्तै एकदम स्वाभाविक कुरो मानिन्छ । महाभारतमै पनि सत्यवती, अम्बिका, अम्बालिका, गान्धारी, कुन्ती, माद्री र द्रौपदीहरूले मातृसत्तात्मक समाजको प्रतिनिधित्व गर्थे ।

३. प्रकृतिमा सबै जन्तु र चराचुरुङ्गीमा मातृसत्ता नै पाइने हुनाले मातृसत्ता स्वाभाविक र प्रकृतिको नजिक हो भने, पितृसत्ता चाहिँ कृत्रिम हो । त्यसैले मानव समाज आधारभूत रूपमा मातृसत्तात्मक नै थियो; पछि पितृसत्तात्मकमा क्रमशः रूपान्तरित भयो भन्ने समाजशास्त्र र मानवशास्त्रको स्थापित सिद्धान्तका आधारमा बादी महिलाहरूको सामाजिक मूल्याङ्कन हुनु आवश्यक छ ।

४. खसहरूका समाजमा वर्ण व्यवस्था (बाहुन, क्षेत्री, वैश्य, शूद्रको विभाजन) गङ्गाको मैदानबाट आर्यहरू हिमालयमा शासन गर्न पसेपछि मात्र विकसित भएको हो, पहिले थिएन भन्ने के कुराबाट प्रमाणित हुन्छ भने, खसहरूका समाजमा वैश्य नै पाइँदैन ।

५. भारतमा र नेपाल तराईमा भन्दा खसहरू कहाँ महिलाको स्थान उच्च छ । खसहरूका महिलाहरू भारतमा जस्तो घुम्टो ओढेर बस्तैनन्; खसहरूका परिवारमा पारिवारिक निर्णयमा महिलाको सहभागिता गङ्गाको मैदानमा भन्दा बढ्ता पाइन्छ । पहाडमा महिलाहरूको नेतृत्व तराईमा जति कठिन देखिँदैन । खस र शक महिलाहरू लडाइँमा पनि नेतृत्व गर्थे भन्ने इरान र मध्य एसियाका इतिहासमा अनेक ठाउँमा लेखिएको पाइन्छ (Christian, 1998) । नेपालको प्रचलित मुलुकी ऐनमा पनि सौता अंश पाइने थितिमा खसहरूकै सामाजिक व्यवस्थाले काम गरेको छ ।

## कर्णालीको सांस्कृतिक समृद्धि

### १. लोक साहित्य

क. सल्यानमा टप्पा गीत प्रचलित छ ।

ख. सल्यान बाहेक न्याउल्या गीत कर्णाली प्रदेशकै परिचायक लोक विधा रहेछ ।

ग. 'सोरठी' सल्यानको प्रमुख लोक नाच हो । 'पैँसेरी' खुट्टामा लगाएर सोरठी नाच नाचिन्छ । सोरठीको उत्पत्तिमा शारदा नदीको ठूलो भूमिका रहेको छ । अन्य लोक नाचहरूमा 'बन्गारी', 'झाप्रे', 'भाकाना' र 'गऱ्या' आदि हुन् । 'गऱ्या' नाचमा सबै अङ्गको प्रयोग गरेर नाच्ने भएकाले यसलाई सोह्र अङ्गे भनिन्छ ।

घ. जाजरकोटमा माघी तिहार (माघे सग्राँती) मा खरका बेहुलाबेहुली बनाएर नचाउने चलन छ (डा० मल्ल) ।

ङ. उपल्लो डोल्पाको चैती चाडको सांस्कृतिक अध्ययन ।

## २. वस्तुगत संस्कृति

क. धेरै उचाइ भएको जिल्लामा पनि धानको खेती गर्न मिल्छ कि भनेर अनुसन्धान गर्ने चन्दननाथले धानको बिउ भारतको काश्मीरबाट ल्याएर जुम्लामा धान (कालो मार्सी धान) को खेती गराएका हुन् । जुम्लाको छुमचौर (२८६० मिटर) मा संसारको सबभन्दा अग्लो ठाउँमा धान खेती हुन्छ ।

ख. कालिकोटका गाउँलेहरू जङ्गलमा भएको जैतुन (Olive oil) को प्रयोग गर्थे अरे, जसलाई स्थानीय भाषामा 'औली लौँठो' भन्दछन्, तर त्यो अत्यन्तै महगो तेल हो भन्ने बारेमा गाउँलेहरूलाई भरखरै मात्र थाहा भयो अरे (कालिमान विष्ट, कालिकोट) । जैतुनका बारेमा थप खोजी हुन बाँकी नै छ, तर यो 'औली लौँठो' बाजुरा, अछाम र दैलेखका जङ्गलमा पनि पाइन्छ भन्ने सूचना पाइएको छ ।

ग. नेपालका समान उचाइ, अक्षांश र भौगोलिक वातावरण भएका कुन-कुन ठाउँमा जैतुन ('औली लौँठो) को वृक्षारोपण गर्न सकिन्छ भन्ने अनुसन्धान, व्यापक खेती र तेलको उत्पादन र विश्वमा त्यसको बजारीकरणबाट नेपालको यो हिमाली प्रदेश मालामाल हुन सक्ने देखिन्छ ।

घ. सुन्तलाको खेती गर्ने भन्दा पनि सल्यानको तिन चार ठाउँमा सुन्तलाको जङ्गल नै छ । सुन्तला व्यापार राम्रो छ ।

ङ. सल्यान अदुवा खेतीमा प्रख्यात छ । सल्यानको माल्नेटामा पाइने जातको अदुवा दक्षिण एशियामै अन्त कहीँ पाइँदैन । त्यहाँ अदुवाको चकलेट पनि बनाइन्छ ।

च. सल्यानमा काठ र बाँसका फर्निचर नेपालमै प्रसिद्ध छ ।

छ. सल्यानको खुकुरी र छुरी सुर्खेतमा प्रख्यात थियो ।

ज. हिमाली क्षेत्रमा यार्चागुम्बुको व्यवसाय (डोल्पामा नाउरे पाटनको यार्सागुम्बाको व्यवसायीकरण)

झ. हुम्लाका अधिकांश गाउँमा आफूलाई चाहिने आधारभूत आवश्यकताको वस्तुहरू आफैँ बनाउने सीप भएका मानिसहरू प्रशस्त छन् । जस्तो कुटो, कोदोलो, हँसिया, हतौडा, घन, खुकुरो आदि गाउँमै बनाउँछन् । ओछयाउने फेरुवा, ओढ्ने राडी र लिउ, लगाउने पाखी, सामान ओसारपसार गर्ने डोकाडाली, कपडा सिलाउने सीप, कपाल काट्ने सीप, बिरामी निको पार्ने आम्ची, रातदिनै खेल्न सक्ने देउडा सीप लगायतका तमाम सीपका धनीहरू हुम्लामा प्रशस्त भेटिन्छन् ।

ञ. हुम्ला जिल्लामा पुरुष र महिलाले लगाउने आफ्नै परम्परागत पोसाक र गहना छन्, जसको प्रचलन क्रमशः घटिरहेको छ ।

ट. दैलेख जिल्लामा असङ्ख्य अलिखित इतिहास छिरलिएको पाइन्छ ।

ठ. नेपाली भाषाको सबभन्दा पुराना धेरै अभिलेखहरू दैलेख जिल्लाको दुल्लुमै भेटिएका छन्, तर दुल्लुमा (र कर्णाली प्रदेशभरि नै) थुप्रै पुरातात्त्विक सामग्रीहरू उचित संरक्षण र व्यवस्थापन नपाएर त्यसै मिल्किएका छन् ।

ड. माओवादी जनयुद्धमा दुल्लु दरवार ध्वस्त भयो ।

ढ. दैलेख जिल्लामा असङ्ख्य अलिखित इतिहास छिरलिएको पाइन्छ । ती ऐतिहासिक सामग्रीको राज्यले जगेर्ना, व्यवस्थापन, विकास र प्रचारको जिम्मा लिएको छैन । लक्ष्मी प्रसाद देवकोटाले लेखे जस्तै,

"यहाँ कति सावित्री छन्, जसको कथा दुनियाँले सुनेकै छैनन्; यहाँ कति साहित्य छ, जो लेखिएकै छैन, न लेखिने छ" । देवकोटाको कथन दुल्लु र पूरै कर्णालीका लागि सार्थक हुन्छ । कर्णाली विद्यामा हजारौँ पिएचडी तहका अनुसन्धान हुन सक्ने सम्भावना छ ।

ण. सुर्खेतको परानप्युली, सेतो गुडे र कालो गुडे भन्ने धान हुन्थ्यो अनि थारूहरूले चलाउने अनदी र सिम्ठारो भन्ने चामल अहिले दुर्लभ हुँदै गएको छ ।

त. सुर्खेतमा आउने जुम्लाको सिमी र स्याउ, अछाम र दैलेखको सुन्तला, सल्यानको खुकुरी र छुर्पीको व्यापक बजारीकरणको आवश्यकता छ ।

थ. सुर्खेतको 'पर्म मेला'

द. थारू जातिको घरेलु उद्योग र शिल्प कलालाई टेवा दिनु पर्ने आवश्यकता छ ।

ध. जैतुन (औली लौँठो)

कालिकोट, दैलेख (अछाम र बाजुरा) को जङ्गलमा जैतुन ('औली लौँठो') पाइन्छ अरे । विश्व बजारमा फल र तेलको गुणको बखान गरेर जैतुन महगो भाउमा बिक्छ । कर्णाली प्रदेशले जैतुनको वृक्षारोपण र खेती गरेर त्यही अक्षांश र उचाइमा नेपालको अन्यत्र पनि प्रेरणा दिन सक्छ । यसरी औली लौँठो बेचेर पनि नेपालको स्थानीय, प्रादेशिक र केन्द्रीय सरकार समृद्ध हुन सक्छ ।

न. राजहाँसको पुलिक

दक्षिण एसियाबाट मानसरोवर जाने राजहाँसको वर्णन संस्कृतका महाकवि कालिदासले 'मेघदूत' काव्यमा गरेका छन् । कालिकोट जिल्लाका सूचकहरूले के सुनाए भने, कालिकोटको आकाशबाटै राजहाँसहरू ओहोरदोहोर गर्छन् । ती राजहाँसको विष्ठा ('पुलिक') खोज्न मानिसहरू होड गर्छन्, किन भने त्यो पुलिक बहुमूल्य हुन्छ । कर्णाली प्रदेशमा त्यो पुलिकको सिलो गरेर पनि समृद्धि बढाउन सकिएला । कालिमान विष्टका भनाइमा कैलास मानसरोवरबाट ओहोरदोहोर गर्दा राजहाँसहरू कर्णाली माथि आउँछन् । त्यस वेलामा उनीहरूको दिसा ('पुलिक') जताततै भेटिन्छ । ती राजाहाँसको दिसा चाहिँ बहुमूल्य रत्न हो अरे र त्यो रत्न खोजेर विश्व बजारमा बेच्यो सक्यो भने हाम्रो अर्थतन्त्र बलियो हुन्छ । त्यो रत्न खोज्नेले जागिर पाउने र बेचेर पैसा पनि कमाउन सकिने भएकाले त्यसका लागि वस्तुको मूल्य चिन्ने बजारको आवश्यकता छ । त्यस बजारको पूर्ति कर्णाली प्रदेशको स्थानीय तहबाट र प्रदेश सरकारका तर्फबाट पहल गर्नु जरुरी छ ।

## ३. तीर्थ

क. सल्यान जिल्लामा खैरावाङ भगवतीको मन्दिर (भुवनेश्वरी देवीको शक्तिपीठ हो, यहाँ वलि चढाइन्छ ।), छत्रेश्वरी मन्दिर (सतीदेवीकै अर्को अङ्ग पतन भएको ठाउँमा शुकमाला योगिनी पिशाचेश्वर महादेव उत्पत्ति भएको । सतीदेवीको सबै अङ्ग पतन भएको जनविश्वास रहेको एउटा ठूलो ढुङ्गो त्यहीँ मन्दिर छेउमा छ, त्यस शिलाप्रति अर्को जनविश्वास रहेको छ । यहाँ पशु वलि लिइदैन ।), कालिका भगवती, कमलाक्षी मन्दिर, कुपुण्डे दह, मोखला शिव गुफा, आदि प्रमुख धार्मिक स्थलहरू हुन् ।

ख. रिन्छेलिङ गुम्बा हुम्ला जिल्लाको सबैभन्दा प्राचीन र ठूलो महत्त्वपूर्ण गुम्बा हो। तिब्बतमा बुद्ध धर्मको प्रसार दुई चोटि (सातौँ शताब्दी र ११औँ शताब्दी पछि) भएको थियो। सो प्रसारकालमा महान अनुवादक रिन्छेनजाङबोले १०८ ओटा गुम्बा बनाएका थिए। तीमध्ये अन्तिम तर ठूलो गुम्बा हल्जीमा बनेको रिन्छेलिङ गुम्बा हो। यो कर्ग्युमा सम्प्रदायमा पर्दछ। यो गुम्बाको विस्तृत विवरण छवाङ लामाद्वारा लिखित कैलास मण्डलामा उल्लेख गरिएको पाइन्छ। गुम्बामा रहेका धार्मिक ग्रन्थ, वास्तुकला र छवाङ लामाको भनाइ अनुसार यो गुम्बाको स्थापना ११औं शताब्दीतिर भएको हो।

ग. जाजरकोटमा मालिका देवीको मन्दिर

घ. डोल्पाको माइती बाला, त्रिपुरासुन्दरी र बोन धर्मका मन्दिर

ङ. कालिकोट र बाजुरा जिल्लाको सिमानामा अवस्थित बडी मालिका (सती देवीको कुम पतन भएको जनविश्वास) मन्दिर पर्यटकीय र धार्मिक दुवै दृष्टिले प्रख्यात छ। त्यहाँका अन्य मन्दिरहरूमा चुली मालिका, पुग मालिका, महावु शिव मन्दिर, पंचदेवल, तिला गुफा, कालिका मन्दिर, कृष्ण मन्दिर, देउती आदि हुन्।

च. धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण स्थानहरू खलङ्गामा रहेको गुरु दतात्रेयको मन्दिरमा चेला चन्दननाथ र भैरवनाथ मन्दिर, सिँजामा कनकासुन्दरी मन्दिर, पाण्डव गुफा, विराट राजाको दरवारको भग्नावशेष, आदि रहेका छन्।

छ. नेपालमा अन्यत्र नपाइने दैलेखका तीर्थहरू:

दुल्लु नगरपालिकाको ओरिपरि पाँच ओटी भगवतीका महत्त्वपूर्ण शक्ति पीठहरू (ज्वालाजीको शिरस्थान, नाभिस्थान र पादुकास्थान, विन्ध्यवासिनीको मन्दिर आदि) छन्। ती ठाउँमा सतीदेवीका विभिन्न अङगहरू पतन भएका र त्यहीँ पुण्य भूमिमा शिवशक्ति स्वरूपले रहेका छन् भन्ने जनविश्वास रहेको छ (धुलेश्वर, डुङ्गेश्वर, आदि)। सहायक मन्दिरहरूमा कोटिला, भैरवी, मालिका, सिद्धेश्वर, बालेश्वर, धर्मगति र सती पिपल आदि पर्दछन्। शिरस्थान र नाभिस्थानमा कहिल्यै ननिभ्ने ज्वाला बलिरहेको हेर्नका लागि टाढा-टाढाबाट तीर्थ यात्री तथा पर्यटकहरू आउने गर्दछन्।

ज. दुल्लु पटाङ्गिनीकी भगवतीको पूजा पहिले विधिविधान मिलाएर गरिन्थ्यो; अहिले त्यस्तो छैन।

झ. हुम्ला जिल्लामा हिन्दू धर्म मान्नेहरूले जुन देउता (मष्टो, गुरा, लवासुर, सर्की, भुवानी, हिल्सो, चिङखुरे, गबालो आदि) लाई माङुमा मान्दछन्, ती देउताको चर्चा न पुराणमा छ न भारतमा अन्यत्र कतै पाइन्छ। यहाँका मानिसहरू यिनै देवताको पूजा गरेर आफ्नो इष्ट सिद्धि गर्दछन्।

ञ. सुर्खेतका १३औँ शताब्दीको काँक्रेबिहार, सिद्ध पाइला र देउती बज्यै धार्मिक पर्यटनका आधार हुन सक्छन्।

## ४. ऐतिहासिक स्थल

क. सल्यान बाइसी राज्यहरूमा पर्दथ्यो। त्यहाँ ऐतिहासिक दरबार अझै छ।

ख. जाजरकोट राज्यको इतिहास,

ग. 'मेचीदेखि महाकाली' को उत्तरार्ध (राजनीतिक, सांस्कृतिक अध्ययन)

घ. मोहनप्रसाद खनालले १३१२ सालको नेपाली भाषाको सबैभन्दा पुरानो शिलालेख भनेर दाबी गरेको अशोक चल्लको शिलालेख हुम्ला जिल्लाकै रेलिङ गुम्बामा फेला परेको हो । यो गुम्बा सिमकोटबाट १५ कोस पर छ ।

**५. रत्न कोश**

कर्णाली प्रदेशको स्थलगत अध्ययनमा जाने सिलसिलामा काशीदास जोशीको 'रत्न कोश' भन्ने ज्योतिषको कोशको पाण्डुलिपि फेला परेको छ, जसलाई प्रकाशित गर्नु आवश्यक देखिन्छ । वंशावलीहरू अनुसार काशीदास जोशी नेपालका सबै अत्रि गोत्र र आत्रेय गोत्र नेपालीहरू र चौँतिस ओटा बाइसी-चौबिसी राज्यका राजाका साझे पुर्खा हुन् । कर्णाली प्रदेशमा 'रत्न कोश' जस्ता महत्त्वपूर्ण अनेक ऐतिहासिक पाण्डुलिपिहरू पाइने सम्भावना छ । योगी नरहरि नाथ र पूर्ण प्रकाश नेपाल 'यात्री' जस्ता अनुसन्धाताहरूले सङ्कलन गरेका सामग्रीहरूमा पनि कर्णाली प्रदेशका महत्त्व पूर्ण ग्रन्थ र दस्तावेजहरू पाइन सक्छन् । तिनीहरूको खोजी गरेर प्रकाशन, प्रचार र संरक्षण गर्न कर्णाली प्रदेशमा एउटा प्रादेशिक सङ्ग्रहालय बनाउनु पर्ने आवश्यकता छ ।

## मित लगाउने चलन

कर्णाली प्रदेशमा अन्यत्र जस्तै जाजरकोटमा पनि आफ्नो इष्टसिद्धि (अरिष्ट ग्रह पन्छाउन, दुवै जना धनी छौँ भन्ने देखाउन, व्यापारिक लाभका लागि, चुनाव जित्न) का लागि मित लगाउने चलन छ । डा० मल्लको भनाइ अनुसार जुम्लामा चाहिँ 'भैँसी दण्ड' नपरोस् भनेर मित लगाउने चलन थियो भने, जाजरकोटमा चाहिँ 'भेडा दण्ड' नपरोस् भनेर मित लगाउने चलन थियो ।

## औषधोपचार : धामी, झाँक्री, अस्पताल

क. जाजरकोट : क्षेत्री बाहुनका धामी हुन्छन् भने, अरु जातका झाँक्री हुन्छन् । जाजरकोटमा बिरामी पर्दा पहिले धामी कहाँ लैजाँदा बिसेक भएन भने मात्र अस्पताल लैजान्छन् । (अस्पताल किन दुर्लभ ? धामी विद्याको अनुसन्धान आवश्यक छ)

ख. सल्यान : बिरामी पर्दा धामी झाँक्रीलाई देखाउँदा निको भएन भने मात्र अस्पताल जाने चलन

ग. सुर्खेतका थारूहरू कहाँ अहिले पनि कोही बिरामी भयो भने, गुरुबा कहाँ अक्षता हेर्न लैजाने चलन छ । केही नलागे पछि मात्र अस्पताल लैजाने चलन छ ।

घ. थारूहरू कहाँ अहिले पनि कोही बिरामी भयो भने, गुरुबा कहाँ अक्षता हेर्न लैजाने चलन छ । केही नलागे पछि मात्र अस्पताल लैजाने चलन छ ।

## कर्णालीका प्राकृतिक पर्यटन स्थलहरू

क. जाजरकोट कान्जिरोबा र कागमारा हिमालको दृश्य,

ख. जाजरकोट अनौठो खालको 'भकारे दह' लगायत दहहरू,

ग. पश्चिम रुकुमको देउराली गुफा,

घ. डोल्पाको सुन दह,

ङ. डोल्पाका से-फोक्सुन्डो राष्ट्रिय निकुञ्ज, फोक्सुन्डो ताल, संसारको सबभन्दा अग्लो ठाउँबाट झरेको 'फोक्सुन्डो छहरो\झर्ना',

च. कर्णाली प्रदेशको मुगु (रारा) र डोल्पा (फोक्सुण्डो) आदि जिल्लाहरूमा नेपालको सबै भन्दा ठूलो र सौन्दर्यले भरिएका ताल र झरना, अनि मनमोहक हिमालहरू छन् । ती ठाउँ धार्मिक तथा पर्यटकीय दृष्टिले अत्यन्तै महत्त्वपूर्ण छन् । तिनको प्रचारप्रसारमा भएको कमीका कारण नेपाली तथा विदेशी पर्यटकहरू त्यसबाट अनभिज्ञ नै छन् ।

छ. मुगु जिल्लाको रारा ताल क्षेत्रमा पर्यटकहरूको चापका तुलनामा होटल र अन्य सुविधाको कमी देखिन्छ । त्यहाँ पर्यटकलाई आकर्षण गर्ने खालका होटल हुनु पर्ने देखिन्छ । होटल बनेमा थुप्रै जनशक्तिले काम पनि पाउँछन्।

ज. कर्णाली अञ्चलमा पर्ने मुगु जिल्ला अति विकट, दुर्गम र पिछडिएको जिल्ला हो । यस जिल्लामा मुगु कर्णाली र हुम्ला कर्णाली जस्ता ठूला नदीहरू बगेका छन् । नेपालको सबै भन्दा ठूलो ताल 'रारा' पनि यसै जिल्लामा रारा राष्ट्रिय निकुञ्जको बिचमा रहेको छ । दिनभरिमा आफ्नो रूप फेरिरहने रारालाई मौसम अनुसार विभिन्न रङका फुलले सजाएका छन् । रारामा अन्त कहीँ नपाइने असला जातको हिमाली माछा पाइन्छ । सैपाल हिमाल, चंखेल्नी हिमाल, सिस्नेही हिमाल, छायानाथ र मालिका र काञ्जिरोवा हिमालले मुगु जिल्लाको सुन्दरता बढाएको छ । नेपालको सबै भन्दा खतरा विमानस्थल 'ताल्चा'पनि यसै जिल्लामा रहेको छ । सरकार पर्यटन व्यवसायको ध्यान यसमा पर्याप्त पुगेको देखिँदैन ।

## धर्म

कर्णाली प्रदेशमा परम्परादेखि मूलतः बोन धर्म, हिन्दू धर्म, बुद्ध धर्म र अन्यत्र कतै नभेटिने धर्म मान्नेहरू भेटिने रहेछन् । डोल्पा जिल्ला (हिन्दु र बौद्ध बाहेक) बोन धर्मको पनि अध्ययन गर्ने केन्द्र रहेछ । केही जिल्लामा मुसलमानहरूको पनि उल्लेखनीय सङ्ख्या रहेछ । दैलेखको दुल्लुमा १०० धुरी जति मुसलमानहरू बस्छन् । ती मुसलमानहरू जुम्लाबाट त्यहाँ आएको किम्बदन्ती छ । अहिले कर्णाली प्रदेशमा पनि व्यापक रूपमा इसाईकरण भइरहेको कुरो दैलेख डुङ्गेश्वरका बादीहरूले र जाजरकोट, हुम्ला र सुर्खेतका सूचकहरू जनाए ।

## लोक संस्कृतिको स्थिति

क. पञ्चे बाजाको चलन लोप हुँदै छ ।

ख. थारू जातिका लोक गीत र लोक वार्ताको विकास र बजारीकरण आवश्यक छ ।

ग. थारू जातिको घरेलु उद्योग र शिल्प कलालाई टेवा दिनु पर्ने आवश्यकता छ ।

घ. थारू जातिका लोक गीत र लोकवार्ताको विकास र बजारीकरण आवश्यक छ ।

ङ. दैलेख जिल्लाको दुल्लु क्षेत्र लोक संस्कृतिको मुख्य थलो नै हो । त्यस ठाउँमा धमारी नै ३६० किसिमका थिए अरे, आज भोलि ती लोप हुँदै गइरहेका छन् ।

च. बादी महिलाको कला र सिपको संरक्षण, उत्थान, विकास र व्यवसायीकरण आवश्यक ।

छ. दुल्लुको एउटा गाउँमा मात्रै १०० धुरी जति मुसलमान छन् । पुरै कर्णाली प्रदेशका मुसलमानहरूको परम्परागत पेसा (चुरा, पोते बेच्ने) को सम्भावना घटेको छैन भने, उनीहरूको विपन्नता किन ?

ज. मगरका जातिले मनाउने जात्राहरूमा चिउराली, जाँत (धामी बस्ने), माटे (भूमे देउता) देउताको एक दिने जात्रा हुन्छ ।

## जाडो र गर्मीको यायावरीय जीवन

पश्चिमी रुकुम

क. जाडामा जुडाल हवाई अड्डा बन्द भएपछि यातायातको विकल्प चाहियो,

ख. जाडो महिनामा अत्यन्त जाडो हुनाले सरकारी कार्यालय नै बन्द गर्नु पर्ने अवस्थाबाट कसरी मुक्ति दिने भन्ने समस्या,

ग. जाडामा पुरुषहरू तराई झर्ने तर महिलाहरूले मात्र घर रुङ्ने समस्याबाट मुक्ति कसरी दिने

## मातृभाषाको अध्ययन

क. डोल्पाको पोइके भाषाको अध्ययन,

ख. डोल्पाको काइके भाषाको उत्थान,

ग. कार्मारोङ भाषाका सूचकले कार्मारोङ भाषा मुगुकै भोटबर्मेली मुगाली भाषासित मिल्छ भनेकाले कार्मारोङ भाषाको मुगाली भाषासित तुलनात्मक ऐतिहासिक अध्ययन गर्नु आवश्यक छ, जसबाट कार्मारोङ भाषा र मुगाली भाषा एउटै भाषाका भौगोलिक भेद हुन सक्छन् ।

घ. गुरु स्याङ्ग्याप (गुरु स्याङ्ग्याप कार्मारुङ, मुगु) का भनाइमा कार्मारुङ जातिका बुढाबुढीहरू मानक नेपाली भाषा नबुझ्ने तर स्थानीय खस भाषा भने केही मात्रामा बोल्न र बुझ्न सक्छन्, त्यसैले कोही कार्मारुङ भाषा नबुझ्ने मान्छेसँग कुरा गर्नु पर्‍यो भने उनीहरू जुम्ली खस भाषाको नै प्रयोग गर्छन् ।

ङ. सुर्खेतका ३६ ओटा गाउँमा बस्ने थारू केटाकेटीलाई मातृभाषामा शिक्षा दिने समस्या छ। उनीहरू दाङबाट सुर्खेत गएको विवरणबाट उनीहरूको मातृभाषा दङौरा थारूसित कति मिल्छ, कति मिल्दैन भन्ने लेखाजोखा गर्नु पनि आवश्यक छ ।

च. नेपालका २५ जिल्लामा बस्ने थारूहरूको मातृभाषा परस्पर बोधगम्य नभएकाले उनीहरू राष्ट्रिय भेलामा नेपाली भाषामा अन्तरक्रिया गर्छन् । थारू केटाकेटीहरू नेपाली भाषा सिक्ता के कस्तो गल्ती गर्छन् भन्ने अध्ययन हुनु आवश्यक छ ।

छ. सुर्खेतमा थारू भाषाको पढाइ हुँदैन । दाङमा मात्र थारू भाषामा पढाइ हुन्छ । अहिले थारूहरूलाई थारू भाषामा प्रचलित नव शब्दावली बुझ्न गारो भएको बुझिन्छ ।

ज. दैलेख र सुर्खेतका मगर बालखहरूलाई मातृभाषामा शिक्षा कसरी दिने?

झ. बालकले मातृभाषाको जुन भेदमा बोल्छ, त्यसै भेदमा प्राथमिक शिक्षा (१-४ कक्षा) दिने व्यवस्था

ञ. मगर भाषा र संस्कृति पनि क्रमशः लोपोन्मुख र सङ्कटापन्न छ, त्यसैले घरमा मगर भाषा बोल्ने मगर केटाकेटीहरूलाई कुन कुन गाउँको कुन कुन वार्डमा कसरी तेस्रो कक्षा सम्म सिकाउने भन्ने कार्यक्रम ल्याएर मगर भाषालाई लोप हुनबाट जोगाउँदै सबलीकरण गर्नु पर्ने आवश्यकता छ ।

ट. राजी भाषा पनि कान्छो पुस्तातिर सर्न छोडेको छ ।

# निष्कर्ष

यसरी कर्णाली प्रदेश लोक संस्कृतिका दृष्टिले निकै धनी मानिन्छ । यस प्रदेशमा प्रचलित लोक गाथा, लोकगीत, लोक नाच, लोक कथा, लोक बाजा (वाद्यवादन), उखान, टुक्का, गाउँखाने कथा, रहनसहन, जन्मदेखि मृत्य सम्मका संस्कार, मष्टाको पूजा, मान्यजनलाई देखाउने आदरभाव र शिष्टाचार, भौगोलिक वातावरणकाले गर्दा घर निर्माण (थाडाको प्रयोग) गर्ने तरिका, पेसा, परम्परागत खाना, बोट विरुवा तथा वनस्पतिले, नेपाल तथा भारतमा कहीँ पनि नपाइने देवी कनकासुन्दरीको मन्दिर,गुरु दतात्रेयको खोजी गर्ने बाबा चन्दननाथ र भैरवनाथको मन्दिर आदि नेपाली लोक संस्कृतिको विविधता र अनेकताका दसी हुन् । लोक गीतका भाका र भावले जातीय परम्परालाई निरन्तरता दिँदै राष्ट्रिय स्वाभिमान र एकताको बलियो गाँठोले बाँध्ने भएकाले पुस्तौँ पुस्तादेखि लोक भाषा जनजिब्रोमा झुन्डिँदै आएको छ । त्यस्तै अर्को बहुमूल्य सम्पत्ति भनेका लोक गाथा हुन्, ती भारत र चाँचडीका नामले एउटा पुस्ताबाट अर्को पुस्तामा सर्दै आएका छन् तर ती अमूल्य निधिहरूको पुस्तान्तरण केही मात्रामा हुँदै आएता पनि बाह्य संस्कृतिको प्रभावले नयाँ पुस्तामा उक्त सम्पत्तिको संरक्षण गर्ने उत्प्रेरणा घट्दै गएको पाइन्छ र ती सबै लोक साहित्य लोप हुने अवस्थामा छन्, यो अत्यन्तै दुख लाग्दो कुरा हो । त्यसैले कर्णाली प्रदेशका भाषा, धर्म, संस्कृति तथा लोकवार्ताको उचित पुस्तान्तरणका साथै जगेर्ना गर्नु अति आवश्यक भइसकेको छ । त्यसतर्फ राज्यले उचित कदम चाल्न ढिलो गर्न नहुने देखिन्छ ।

# सुझाव, गन्तव्य र कार्यदिशा

१. आफ्नोपन जोगाऔँ भन्ने कर्णालीको सांस्कृतिक विकासको मूलमन्त्र हुनु पर्छ ।

२. **राजी र राउटेको विकासका लागि**

   क. राउटेहरूलाई आइएनजिओ र एनजिओले पैसा दिएर बिगारे । केही जिविस (जाजरकोट, दाङ, सल्यान, आदि) ले पनि राउटेहरूलाई मासिक भत्ता दिन्छन्, तर त्यस्ता देशीविदेशी सहयोगबाट राउटेहरूको जनजीवनमा सकारात्मक प्रभाव परिरहेको छ कि नकारात्मक प्रभाव परिरहेको छ भन्ने कुराको लेखाजोखा राज्यले गरेको देखिँदैन ।

   ख. सुर्खेत र कैलालीका राजी र उत्तराखण्ड भारतका राजीहरूका भाषा र संस्कृतिको तुलनात्मक अध्ययन गर्ने । उत्तराखण्डका राजीको इतिहास र संस्कृति चाहिँ नेपालका राउटेसँग मिल्ने देखिन्छ ।

   ग. लखनौ विश्वविद्यालयकी प्राध्यापक कविता रस्तोगीले जसरी त्यहाँका राजीहरूको सामाजिक, सांस्कृतिक र आर्थिक उन्नति गर्ने कार्यक्रम सञ्चालन गरेकी छिन् । त्यसको अध्ययन गरेर नेपालका राउटे र आदिवासीहरूको कसरी उत्थान गर्न सकिन्छ भन्ने प्रेरणा लिने ।

   घ. महाकाली वारिपारिका राजी र नेपालका राउटेहरूको तुलनात्मक अनुसन्धान गर्न मध्यपश्चिम विश्वविद्यालयका उपप्राध्यापक रमेश खत्रीलाई लगाउन सकिन्छ, किनभने खत्रीले भाषा विज्ञानमा एमए गर्दा नेपालको राजी भाषामा शोधपत्र लेखेका थिए; यही साल असोजमा कुमाउँ विश्वविद्यालयले गरेको गोष्ठीमा राउटेहरूका विषयमा अनुसन्धान पत्र पनि प्रस्तुत गरेका थिए । त्यस गोष्ठीमा लखनौ

विश्वविद्यालयकी प्राध्यापक रस्तोगी पनि आएकी थिइन् र उनले उत्तराखण्डका राजी र नेपालका राउटेहरूसँग ऐतिहासिक सम्बन्ध भएको हुन सक्ने कुरामा सहमति जनाएकी थिइन् ।

## ३. मगरको विकासका लागि

क. मगर भाषा र संस्कृति पनि क्रमशः लोपोन्मुख र सङ्कटापन्न छ, त्यसैले घरमा मगर भाषा बोल्ने मगर केटाकेटीहरूलाई कुन-कुन गाउँको कुन-कुन वार्डमा कसरी तेस्रो कक्षासम्म सिकाउने भन्ने कार्यक्रम ल्याएर मगर भाषालाई लोप हुनबाट जोगाउँदै सबलीकरण गर्नु पर्ने आवश्यकता छ ।

ख. पश्चिम रुकुमका मगरहरू अठार मगराती (मगर पाङ वा मगर खाम) भाषा बोल्छन् । तिनीहरू मातृभाषा

## ४. थारूको विकासका लागि

क. थारूहरूको मानवशास्त्रीय अध्ययन ठिकसित भएको छैन, त्यसमा अनुसन्धान हुनु आवश्यक छ ।

ख. थारूहरूको प्रागितिहास र इतिहास बारे पनि अनुसन्धान भएको छैन । त्यो अनुसन्धान गराउन विश्वविद्यालयहरूका सम्बन्धित विभाग र अनुसन्धान केन्द्रसित सहकार्य गर्नु आवश्यक छ ।

ग. थारूहरू पाँच सात किसिमको मातृभाषा बोल्छन् । उनीहरूका मातृभाषाहरूको तुलनात्मक ऐतिहासिक भाषा वैज्ञानिक अनुसन्धान हुनु आवश्यक छ, जसबाट थारूहरूबीचको अनेकतामा एकताको परिभाषा गर्न सहयोग पुगोस् ।

घ. फरक भाषा बोले पनि थारूहरू विशेष प्रकारको बोली, व्यवहार, वास्तुकला, हस्तकला र लोक साहित्य र लोक वार्तामा समृद्ध छन् । थारूहरूका ती लोक साहित्य र लोक वार्तामा पर्याप्त मात्रामा खोज अनुसन्धान हुनु आवश्यक छ ।

ङ. कुन-कुन विलक्षणताले थारू जाति नेपालका अरु जनजातिसँग र तराईकै बासिन्दाहरूबाट टड्कारै चिनिन्छ भन्ने थारूहरूका परिचायक लक्षणहरूको सांस्कृतिक अध्ययन हुनु आवश्यक छ ।

च. थारूहरूका रगतको प्रतिरक्षात्मक तत्त्वमा शोध
थारूको रगतमा कुन त्यस्तो प्रतिरक्षात्मक तत्त्व अथवा वंशाणु छ, जसका भरमा थारूहरूलाई औलाको प्रकोपले छोएन, त्यसको अनुसन्धान हुनु आवश्यक छ ।

छ. तराईको वन व्यवस्थापनको जिम्मा थारू जातिलाई दिने
थारू जाति तराई प्रदेशको तरीसित सबभन्दा बढ्ता सांस्कृतिक दृष्टिले समृद्ध छ । अहिलेसम्मको नेपालको वन व्यवस्थापनमा केन्द्रीय सरकार सफल हुन सकेको छैन । यस काममा थारूहरूलाई विशेष अधिकार दिएर नियुक्त गरियो भने अनि सरकारले चाहिँ निगरानी र सुझाव मात्र दिने थिति बसालियो भने, "हरियो वन नेपालको धन" भन्ने उखान चरितार्थ होला ।

## ५. कार्मारोङको विकासका लागि

क. कार्मारोङहरूमा विभिन्न कारणले कार्मारोङ्बाहेक तामाङ, गुरुङ, महतारा, रोकाया जस्ता अरु थरहरू प्रयोग गर्ने चलन पहिलेदेखि नै चलिरहेको पाइन्छ । यसरी एउटै जातिमा अरु जातिका थरहरूसँग मिल्ने परिस्थितिको ऐतिहासिक कारण हुन्छ, जसको अनुसन्धान हुन सक्छ । केन्द्रीय तथ्याङ्क

विभागको तथ्याङ्कमा पनि कार्मारोङहरू तामाङ र गुरुङ समुदायभित्र सूचीकृत छन् । उनीहरू छुट्टै जाति भएकाले आफ्नै पहिचानसहितको कार्मारोङ थरबाट नै आफूहरूलाई चिनाउन पाइयोस् र सरकारले पनि छुट्टै समुदायको रूपमा पहिचान गरोस् र सधैँ आफ्नै पहिचान, संस्कृति र परम्परासँगै रमाउन पाइयोस् भन्ने दृढ इच्छा कार्मारोङ् समुदायको छ ।

ख. कार्मारोङ भाषाका सूचकले कार्मारोङ भाषा मुगुकै भोटबर्मेली मुगाली भाषासित मिल्छ भनेकाले कार्मारोङ भाषाको मुगाली भाषासित तुलनात्मक ऐतिहासिक अध्ययन गर्नु आवश्यक छ, जसबाट कार्मारोङ भाषा र मुगाली भाषा एउटै भाषाका भौगोलिक भेद हुन सक्छन् । त्यस्तै, राष्ट्रिय जनगणनामा कार्मारोङहरू तामाङ र गुरुङ समुदायमा पनि समावेश भएकाले त्यसै तुलनात्मक अनुसन्धानमा तामाङ र गुरुङ भाषालाई पनि सामेल गर्नु न्यायसङ्गत देखिन्छ ।

## ६. बादीको विकासका लागि

क. पितृसत्तात्मक समाजमा बादीहरूको मातृसत्तात्मक समाज अनैतिक र घृणित जस्तो अरुलाई मात्र होइन, बादीहरूलाई पनि लाग्न सक्छ, त्यसैले बादीहरूको परम्परा जोगाउँदै उनीहरूको समाजको सांस्कृतिक क्रान्ति कसरी गर्न सकिन्छ भन्ने कुरा सोच्नु स्थानीय सरकार, प्रदेश सरकार र केन्द्रीय सरकारको दायित्व हो ।

ख. बादीहरूको परम्परागत पेसामा परिवर्तन भइरहेको छ, तर महिलाहरूको वैकल्पिक पेसा भने, राज्यले जुटाउन सकेको छैन ।

## ७. व्यासीका लागि

क. 'व्यासी' शब्द दार्चुला अर्थात् व्यास हिमालका फेदीतिर भोटबर्मेली सार्वनामिक भाषा बोल्ने एउटा मङ्गोलाभ जाति 'व्यासी' जातिका लागि र कर्णाली प्रदेशमा एउटा खस जातिको समुदाय बुझाउन चलेको देखिन्छ । कुन ऐतिहासिक वा राजनीतिक कारणले र कसरी एउटै शब्द दुइटा जातिको नाउँ बुझाउन प्रयोग भएछ भन्ने निर्णय गर्न अनुसन्धान हुनु आवश्यक छ ।

ख. दार्चुला र पिथौरागढमा त्यस जातिको बेग्लै मातृभाषा छ जसलाई व्यासी, व्याङ्सी, टिङ्कर र सौका भन्ने चलन छ । दार्चुलामै व्यासी भाषाका कम्तीमा दुई ओटा भाषिका बोलिन्छन् । भारतको उत्तराखण्ड राज्यको पिथौरागढ जिल्लामा पनि त्यस जातिलाई 'टिङ्कर' भन्दछन् र उनीहरूले बोल्ने भाषालाई व्यासी भाषामा 'टिङ्कर-लो' भन्ने चलन छ । दिल्ली विश्वविद्यालयमा एउटी व्यासी महिला व्यासी भाषामा पिएचडी गरिरहेकी छिन् । इसाओ होन्दा भन्ने अर्का एउटा जापानी अनुसन्धाता पनि व्याङ्सी भाषामा पिएचडी गर्दै थिए; पूरा गरे नगरेको थाहा छैन । उत्तराखण्डमा व्यासी भाषाका अनेक भाषिका बोलिन्छन् । व्यासी भाषाको वर्ण निर्धारण डा० माधव पोखरेलले गरी दिएको भए पनि समुदायमा त्यो कति प्रचार भएको छ, त्यो थाहा छैन । प्रचार नभएको रहेछ भने, व्यासी मातृभाषीहरूको सहभागितामूलता अन्तरक्रियाबाट त्यस भाषाको वर्ण माला बनाउन सकिन्छ, तर भोट बर्मेली भाषा बोल्ने व्यासीहरू नेपालको सातौँ (सुप) प्रदेश र भारतको उत्तराखण्ड राज्यको समस्या भएकाले कर्णाली प्रदेशले सातौँ प्रदेशलाई उत्तराखण्ड राज्यसित त्यसको निक्यौल गर्न

सुझाव दिन सक्छ, किनभने कर्णाली प्रदेशको हुम्लाका व्यासीहरूको बेग्लै मातृभाषा नभएको हुनाले यो समस्या कर्णाली प्रदेशको समस्या चाहिँ होइन।

ग. उत्तराखण्डतिर व्यासी जातिलाई उनीहरू तिब्बतबाट आएका नभए पनि 'भोटिया' भन्ने चलन रहेछ। व्यासी (अथवा सौका) हरू तिब्बततिर व्यापार गर्ने हुनाले पनि भारतमा उनीहरूलाई 'भोटिया' भन्ने भ्रम चलेको रहेछ। यो भ्रम निवारण गर्न कर्णाली प्रदेशले सातौँ प्रदेश र उत्तराखण्ड राज्यसित सहकार्य गर्न सक्छ।

८. **खस**

क. मध्य एसिया र चीनको इतिहास हेर्दा शक र खसहरूले मध्य एसिया, इरान, युरोप, चीन र मङ्गोलियाको अल्ताई पहाडसम्मको फराकिलो संस्कृति बोकेको हुने सम्भावना छ। खस बाहेक मस्टाको पूजा गर्ने अर्को आर्य जाति छैन। कर्णाली प्रदेशका जातिहरूको सांस्कृतिक अध्ययन गर्दा त्यस प्रदेशका खसबाहेक अरु जाति (राउटे, बादी, राजी, मगर, थारू, व्यासी र कार्मारोङ) ले पनि कुनै न कुनै रूपमा मस्टा मानेको देखिन्छ। यसरी मस्टा संस्कृतिको सघन तुलनात्मक अनुसन्धान गर्नु पर्ने आवश्यकता छ।

ख. विदेशी आइएनजिओ हरूले रोपेको जातीय विभेदको विषवृक्षको आड लिएर प्रदेशका आर्थिक, सामाजिक, शैक्षिक र भौगोलिक रूपले विपन्न खसहरूको समानुपातिक उन्नतिमा सरकारले निरपेक्ष हुनु हुँदैन।

९. एउटा नेपाली जातिको राम्रो संस्कार अर्को नेपाली जातिले सिकेको राम्रो हो।

१०. खानपानको प्रचार, आफैँ बनाई हेर कार्यक्रम र व्यवसायीकरणबाट एउटा जाति र ठाउँको खानेकुराको प्रचार अर्को ठाउँमा हुन्छ। भोजन मेला गरेर सरकारले भोजन संस्कृतिमा आदानप्रदानको विकास गर्न सक्छ।

११. नमस्कार, नमस्तेको साटो 'जयदेउ'\जद्देउ\जदौ भन्ने कि?

१२. नेपालले बर्सेनी अर्बौं रुपयाँको अबिर विदेशबाट मगाउँछ। दुई चार जनालाई अबिर उत्पादन गर्ने प्रविधि सिक्ने तालिम लिन पठाएर कर्णाली प्रदेशले आफै अबिर उत्पादन गर्दा कसो होला?

१३. आन्तरिक पर्यटनको व्यावसायिक विकास नेपालमा भएको छैन। कर्णाली प्रदेशले प्रदेशभित्र प्रदेशकै र बाहिरका स्वदेशी पर्यटकहरूलाई कसरी निरन्तर रूपमा ओसार्ने भन्ने कार्यक्रम ल्याउन सक्छ।

१४. कर्णाली प्रदेशमा ठाउँ-ठाउँमा पाइने ठाडा ढुङ्गाको अनुसन्धान हुनु आवश्यक छ। त्यो एउटा व्यापक एसियाली संस्कृतिको अवशेष जस्तो देखिन्छ।

१५. ज्वालाजीको दर्शन र तातो पानीमा स्नान गराउने पर्यटनबाट पनि कर्णाली प्रदेश लाभान्वित हुन सक्छ।

१६. नेपाली मातृभाषा नहुने केटाकेटीको नेपाली पठन सामर्थ्य कसरी बढाउने भन्ने कुरामा कर्णाली प्रदेश सरकार सचेत हुनु आवश्यक छ।

१७. कर्णाली विद्या कसरी नयाँ पुस्तामा सार्ने भन्ने कुरामा सरकारले कार्यक्रमहरू ल्याउन सक्छ। (कर्णाली चिन्तक, कर्णाली गुरु, कर्णाली शिक्षक, कर्णाली व्यवसाय, कर्णाली रोजगार, कर्णाली सहकारी, कर्णाली

अर्थशास्त्री, कर्णाली उद्योगपति, कर्णाली व्यापारी, कर्णाली उत्थान संस्था, कर्णाली धर्म, कर्णाली यातायात, कर्णाली उद्यम, कर्णाली\मानसरोवरको पवित्र पानी, कर्णाली चञ्चू पोषण कार्यक्रम)

१८. कर्णाली प्रदेशमा असङ्ख्य अलिखित इतिहास छिरलिएको पाइन्छ । ती ऐतिहासिक सामग्रीको राज्यले जगेर्ना, व्यवस्थापन, विकास र प्रचारको जिम्मा लिएको छैन । लक्ष्मी प्रसाद देवकोटाले लेखे जस्तै, "यहाँ कति सावित्री छन्, जसको कथा दुनियाँले सुनेकै छैनन्; यहाँ कति साहित्य छ, जो लेखिएकै छैन, न लेखिने छ" । देवकोटाको कथन दुल्लु र पुरै कर्णालीका लागि सार्थक हुन्छ । कर्णाली विद्यामा हजारौँ पिएचडी तहका अनुसन्धान हुन सक्ने सम्भावना छ । मध्यपश्चिम विश्वविद्यालयमा एउटा 'कर्णाली विद्या विभाग' खोलेर कर्णाली विद्याको विकास योजना र कार्यान्वयनको जिम्मा दिन सकिन्छ ।

१९. कर्णाली प्रदेशमा अघि यातायातको सुविधा नहुँदा चाहिँ हुम्ला, सुर्खेत, नेपालगन्ज, ताक्लाकोट र भारतसम्म पनि व्यापार गर्ने चलन थियो । अहिले यातायातको सुविधा केही भएकाले कर्णाली प्रदेशको व्यापारिक आयाम रूपान्तरण र विस्तार हुनुको साटो साँगुरिएको छ र हराएको छ । त्यसको विकास कसरी गर्ने ? कर्णालीको चिनारी : घोडा संस्कृति

२०. कर्णाली प्रदेशको समृद्धि तर त्यसको उचित व्यवस्थापन नदेख्ता हामी माल पाएर चाल पाई रहेका छैनौँ भन्ने कुरो प्रस्ट हुन्छ ।

२१. कर्णाली प्रदेशका दैलेख (दुल्लु), कालिकोट, जुम्ला र मुगुमा नेपाली भाषाका जुन भेद बोलचालमा छन्, मानक नेपाली भाषाबाट ती मातृभाषा छुट्ट्याउन ती स्थानीय मातृभाषालाई धेरैजसो ठाउँमा 'खस भाषा' भनेको पाइयो ।

२२. कर्णाली प्रदेशका मानिसले आफ्नो परम्परागत पेसा र परम्परा छोड्दै गएको पाइन्छ ।

२३. प्रागितिहासमा क्रमशः पश्चिमबाट पूर्वतिर सर्ने पहाडे नेपालीहरू धेरैको थर कर्णाली प्रदेश (र कर्णाली प्रस्रवण क्षेत्र) बाट सुरु भएको पाइयो । यसरी नेपाली थरहरूको व्युत्पत्ति केलाउने परियोजना पनि बन्न सक्छ ।

२४. कर्णाली प्रदेशमा घरमा पहिले धनीले ढुङ्गाको छानो, मध्यमवर्गीले झिँगटीको छानो र गरिबहरूले खरको छानो हाल्ने चलन थियो, तर आज गृह निर्माणमा परम्परागत कलाको लोप हुँदै गएको पाइन्छ ।

२५. परम्परागत कला सङ्ग्रहालय, पुनरुत्पादन, प्रदर्शन, तालिम, मूल्याङ्कन र प्रमाणीकरण गर्नु आवश्यक । दुल्लु पटाङ्गिनीमा भए जस्तो कृषि औजार, ओखल, ढिक्की, हुक्का, ठेको, मधानी, सिलौटो आदिको सङ्ग्रहालयमा सुर्खेत र ठाउँ ठाउँमा बनाउनु आवश्यक छ ।

२६. स्थानीय जरिबुटी, स्थानीय फलफुल, स्थानीय जन्तु, स्थानीय औषधि, स्थानीय चलन, स्थानीय वनस्पति, स्थानीय पर्यावरण अनुसन्धानका विषय हुन् ।

२७. कर्णाली प्रदेशको लोक साहित्य र लोक वार्ता (मागल, धमारी (३६० ओटा धमारी थिए अरे तर अहिले केही मात्र बाँकी छन् । धमारी गाउँदा लय तन्काउँदै गाइन्छ; लोक कथा, लोक बाजा, लोक गाथा, लोक नाच, आदि), छोट्टी गीत, न्याउली, रत्यौली गीत, देउडा गीत, बाह्रमासे गीत, भैली गीत, भैनी, देउसी (१५-२० वर्ष यतादेखि) आदि । मन मिलेका केटा र केटीले छोट्टी गाउने (मनोरञ्जनको साधन) चलन थियो, न्याउली गीत) कसरी हराउन नदिने ?

२८. लोक इतिहासको एउटा मूल भूत पक्ष वंशावली हो । मल्ल राजाको, शाह वंशको, दुल्लुका राजाहरूको पूरै वंशावली नै कमल बहादुर नेपालीलाई कण्ठाग्र छ ।

२९. बन्न लागिरहेको २ देखि ५ कक्षासम्मको पाठ्यक्रममा कर्णाली विद्यालाई सकेसम्म बढ्ता कसरी समावेश गर्ने भन्ने बारे बहस हुनु आवश्यक छ ।

३०. लैङ्गिक विभेद नेपालमा बेग्ला-बेग्लै जातिमा बेग्ला-बेग्लै मात्रा र स्वरूपमा देखिन्छ । कर्णाली प्रदेशमा कतै महिलाहरूको शासन छ, कतै महिलाहरू माथि छन्, कतै महिलाहरू बराबर छन् भने अधिकांश जातिमा महिलाहरूको स्थान पुरुषहरूको भन्दा तल छ । कर्णाली प्रदेशमा पनि यो कुरो लागु हुन्छ ।

३१. छोरीलाई दाइजो दिने चलन थारू जस्ता धेरै नेपालीमा थिएन । अहिले भारतबाट त्यो चलन सरुवा रोग झैँ सल्केको छ ।

३२. नेपालमा एउटा जातिको बिहेको (अरु पनि) चलन अरु जातिसँग मिल्दैन, त्यसैले सामूहिक सांस्कृतिक कार्यक्रम, सांस्कृतिक आदान प्रदान, प्रशिक्षण, प्रचार र बजारीकरणको आवश्यकता छ ।

३३. सांस्कृतिक अर्थ शास्त्र

क. कर्णालीका जनताका लागि कर्णाली प्रदेशमा प्राध्यापक युनुसको जस्तो ग्रामीण ब्याङ्कको कार्यक्रम ल्याउन सकिन्छ ।

ख. कर्णालीको खाँचो देश विदेशमा छरिएका कर्णालीकै व्यवसायीहरूलाई निम्त्याएर टार्न सकिन्छ ।

ग. एकदम थोरै सम्पत्ति हुनेहरूसँग जोसँग जति पैसा मिसाउन पुग्छ त्यति लिएर जोसेफ स्तालिनले सोभियत सङ्घमा सहकारिता कार्यक्रम ल्याएका थिए । विश्वको अर्थशास्त्रलाई सहकारिता स्तालिनको देन थियो । कर्णाली प्रदेशमा पनि पूँजी निर्माणको एउटा सूत्र सहकारिता हुन सक्छ ।

घ. कर्णाली प्रदेशभित्र र कर्णाली प्रदेश बाहिर नेपालका ठूला सहरहरूमा कर्णाली खाजा घर, कर्णाली भोजनालय खोलेर कर्णाली लोक धुन र लोक गीत बजाउँदै कर्णाली लघु उत्पादनहरूको बजारीकरण गर्न सकिन्छ ।

३४. विश्वका मानवशास्त्र र समाजशास्त्रका अनुसन्धाताहरूका लागि हामीले राउटेहरूलाई उनीहरूकै सुरक्षित इकोलोजिकल पर्यावरण दिएर संरक्षण गर्नु र उनीहरूको यायावर जीवन शैलीलाई मानव विकासको एउटा जिउँदो सङ्ग्रहालयका रूपमा राउटे र सरकारको आयआर्जन र समृद्धिको बाटो खोज्नु पर्छ ।

३५. हुम्ला र डोल्पाको ४०% परिवारमा प्रचलित प्रागितिहासिक बहुपति (द्रौपदी) प्रथालाई जीवित सङ्ग्रहालयका रूपमा विश्वका मानवशास्त्र र समाजशास्त्रका अनुसन्धाताहरूको ध्यानाकर्षणका लागि कसरी राख्ने भन्ने विषयमा सरकारको सोच आवश्यक छ ।

३६. बादीहरूको बेग्लै किसिमको बहुपति प्रथालाई कसरी प्रतिष्ठापूर्वक विश्वका अनुसन्धाताहरूका लागि जगेर्ना गर्न सकिएला भन्ने बहस सरकारले चलाउनु पर्छ । उनीहरूको कलाको कसरी संरक्षण, उन्नयन, प्रचार र बजारीकरण गर्ने र बादीहरूलाई वैकल्पिक रोजगार कसरी दिने भन्नेमा सरकारको ध्यान केन्द्रित हुनु वाञ्छनीय छ ।

३७. भाषा वैज्ञानिक दृष्टिले कुसुन्डाहरूको भाषा संसारको कुनै भाषासित पनि मिल्दैन, त्यसैले कुसुन्डाहरूको वंशाणु (जिन) को अध्ययन गर्नु र त्यसको लगत विश्वका अनुसन्धाताहरूलाई उपलब्ध गराउन सुर्खेतमा भेटिने कुसुन्डाहरू उपयोगी हुन सक्छन् । यसमा कर्णाली सरकार सचेत हुनु राम्रो हो ।

३८. कर्णाली प्रदेशमा एकातिर थारू जातिमा रजस्वला भएका महिलाको छुत बार्ने चलन छैन भने, अर्कातिर खसहरूका परिवारमा चाहिँ रजस्वलाले छाउगोठमा यातना भोग्नु परिरहेको छ । खसहरूले थारूहरूसित

सिक्न सकेको राम्रो हो । थारूहरूबाट सिक्न नसके, संस्कृत विश्वविद्यालयका वरिष्ठ पण्डितहरूको सहयोगबाट हिन्दु धर्मका वेद लगायतका प्रामाणिक ग्रन्थमा रजस्वलाहरूले छाउगोठमा बस्नु पर्छ भन्ने कतै नलेखेको कुरो व्यापक रूपमा प्रचार गरेर मन परिवर्तन गराउनु पर्छ । मन परिवर्तन भयो भने मात्र मान्छेले आफ्नो परम्परामा भएका अज्ञानको संस्कार गर्न सक्छन्, आइएनजिओ र एनजिओको डलरले र जबर्जस्ती बल प्रयोग गरेर सामाजिक क्रान्ति दिगो हुन सक्तैन ।

३९. मूलतः खसहरूको परिचायक मस्टो पूजा नै कर्णाली प्रदेशका सबै जाति र जन जातिको परिचायक धर्म देखिन्छ । नेपाल र भारतका उत्तराखण्ड (कुमाउँ र गढवाल), हिमाचल प्रदेश र काश्मीर सम्म नै खसहरूको जीवन पद्धति मस्टाको पूजा र विश्वाससित जोडिएको देखिन्छ, तर मस्टाको पुग्दो अनुसन्धान भएको देखिँदैन । नेपाल र बाहिरका विश्व विद्यालयका अनुसन्धाताहरूलाई यस काममा लगाउनु पर्छ ।

४०. कर्णाली प्रदेशका व्यासी, अछामका बोहोरा र जुम्लाका केही पावै झैँ जनै नलगाउने क्षेत्रीलाई गबारियोले चोखो खस मानेका छन् । वैदिक ब्राह्मण धर्म बन्नु भन्दा अगाडि हिमालयमा पसेका प्राचीन आर्यहरूको परिचय दिने र जनै लगाउने क्षेत्रीसित बिहेबारी चल्ने ती जनै नलगाउने क्षेत्रीहरूको प्रागितिहासेक मानव शास्त्रीय अनुसन्धान गराउनु आवश्यक छ ।

४१. डोल्पो र पश्चिम तिब्बतमा मानिने बोन धर्म स्नेलग्रोभको भनाइ अनुसार कैलास मानसरोवर क्षेत्रमा बुद्ध धर्म पुग्नु भन्दा अगाडिको धर्म हो । पश्चिम तिब्बतमा ताजिकिस्तानबाट आएको मानिने बोन धर्म ताक्लाकोटदेखि ताक्लामकान सम्म व्यापक रूपमा दसौँ शताब्दी सम्म मानिन्थ्यो । प्रदेश सरकारले यस प्रागितिहासिक धर्मको पनि अनुसन्धान गर्न विश्वका अनुसन्धाताहरूको ध्यान आकर्षण गर्नु पर्छ ।

४२. क्रिया विशेषण, विभक्ति र निपात जस्ता अव्ययको पनि लिङ्ग, वचन र आदरार्थीमा विचलन हुने कर्णाली प्रस्रवण क्षेत्रका नेपाली (खस) मातृभाषाहरूको जस्तो पद सङ्गति संसारकै भाषामा नपाइने हुनाले भाषा विज्ञानको प्रकारपरक सिद्धान्तमै योग दान गर्न सक्ने यी मातृभाषाहरूको पद सङ्गतिको अनुसन्धान गराउनु आवश्यक छ ।

४३. मेकालेले पराजित राज्य माथि दिगो शासन गर्न र भारतीय परम्परागत विद्याको बेवास्ता गरेर अङ्ग्रेजी भाषा र बेलाइत तथा युरोपको इतिहास र विद्या अनिवार्य रूपमा पढाउने परिपाटिलाई 'शिक्षा' भन्ने नाम दिएकाले भारतकै सिको गरेर नेपालले पनि आफ्नो परम्परागत लोक संस्कृति र मातृभाषा सिक्न बेवास्ता गरेर त्यसको साटो अङ्ग्रेजी र पश्चिम सिक्ने प्रपञ्च रोज्नाले नेपाल भरि सबै नेपालीहरू बिचमा आफ्नो मातृभाषा, संस्कृति र परम्परा छोड्ने होड चलेको छ (पोखरेल म. प., २०७५)। जुन आमा हजुरआमाहरूले हामीलाई हाम्रो संस्कृति सिकाए, तिनीहरूलाई 'अशिक्षित' ठहराउने गोरखधन्दालाई 'शिक्षा' मान्ने कुरो घातक हो । यस रोगले कर्णाली प्रदेश पनि सिकिस्त छ। यो बिथिति रोक्न प्राथमिक तहदेखि माथिल्लै तह सम्मका पाठ्य क्रममा देश र प्रदेश तथा आफ्नै गाउँका जाति, भाषा, संस्कृति र सम्पदाको ज्ञानबाटै आफ्नै सामर्थ्य ठम्याउने विद्या अनिवार्य रूपमा पढाउने थिति बाँध्नु पर्ने देखिन्छ । कर्णाली प्रदेशले पाठ्य क्रममा कर्णाली विद्या सिकाउने अभ्यास गर्ने र त्यसैलाई आफ्नो चिनारी, उन्नति र आय आर्जनको ब्राण्ड बनाउने शैक्षिक कार्यक्रम लागु गर्नु पर्छ ।

४४. समाज भाषा वैज्ञानिक सिद्धान्तका अनुसार कुनै मातृभाषा बाबुआमा जति सामर्थ्यका साथ बोल्न सक्छन्, छोराछोरी पनि त्यत्तिकै सामर्थ्यका साथ बोल्छन् भने मात्र त्यो भाषा जीवन्त हुन्छ । आमाबाबुको भन्दा छोराछोरीको मातृभाषा बोल्ने सामर्थ्य कम हुने बितिक्कै जुनसुकै मातृभाषा मृत्यून्मुख हुन्छ । कर्णाली

प्रदेशमा पनि व्यापक रूपमा धेरैजसो मातृभाषी आमा बाबुले आफूले जानेको मातृभाषा र परम्परागत चलन र संस्कृति आफ्ना सन्तानमा आफूजत्तिकै कसरी जान्ने बनाउने भन्ने सचेतताको कमी र आलस्य देखिन्छ। प्रदेश सरकारले यसमा सुधार गर्ने कार्यक्रम ल्याउनु आवश्यक छ।

४५. कर्णाली क्षेत्रका नेपाली मातृभाषाका विलक्षणताहरूको अनुसन्धानमा त्रिभुवन विश्वविद्यालय भाषा विज्ञान विभागसँग सहकार्य गर्नु राम्रो हो। यसमा भाषा आयोगले पनि टेवा दिन सक्छ।

४६. लोकवार्ता र लोकसाहित्यको उत्थान, विकास, अभ्यास, प्रचार र बजारीकरण।

दुल्लु लगायत कर्णाली प्रदेशका अनेक ठाउँमा महत्त्वपूर्ण ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक र मानवशास्त्रीय (जीव विज्ञान, वनस्पति विज्ञान, औषध विज्ञान, समेतका दृष्टिले) महत्त्वका सामग्री त्यसै अलपत्र छन्। स्थानीय व्यक्ति र नेपाल सरकारको चेतना र तत्परताको कमीले त्यसको उचित संरक्षण भएको छैन। यस्तो माल पाएर चाल नपाउने स्थितिमा अब निरन्तरता दिनु हुँदैन। यसको समाधानका लागि निम्न लिखित कार्य गर्न सकिन्छ:

क. त्यस्ता बहुमूल्य सामग्री के के हुन्, त्यो ठम्याउने अध्ययन हुनु पर्छ। त्रिभुवन विश्वविद्यालयका सम्बन्धित विभागहरूसँग सहकार्य गरेर त्यो काम सम्भव हुन्छ। मध्यपश्चिम विश्वविद्यालयले त्यसै मार्गमा आफ्नो अनुसन्धान केन्द्रित गर्नुपर्छ।

ख. लोकवार्ता, भाषा, संस्कृतिको बजारीकरण र लोकवार्ताका विद्वान् र प्रयोगकर्ताको रोजगार र स्वाभिमानको अभिवृद्धि

ग. कर्णाली विद्याको प्रादेशिक लोक सङ्ग्रहालय सुर्खेतमा र स्थानीय सङ्ग्रहालय यथासम्भव गाउँ गाउँ र जिल्ला जिल्लामा बनाएर नयाँ पुस्ताको नियमित शैक्षिक भ्रमण गराउनु राम्रो हो।

घ. ती बहुमूल्य वस्तुको संरक्षण र जानकारीका लागि डिजिटल सामग्रीसहितको एउटा कर्णाली प्रदेश सङ्ग्रहालय बनाउनु पर्ने आवश्यकता छ।

ङ. संस्कृति मन्त्रालयको अग्रतामा पुरातत्त्व विभागको प्रदेश शाखा कार्यालय कर्णाली प्रदेशमा खोलेर पनि कर्णाली प्रदेशको पुरातात्त्विक अनुसन्धान सघन रूपमा गर्न सकिन्छ।

च. कर्णाली अञ्चलका सामग्रीमा केन्द्रित लोकवार्ताको अन्तरराष्ट्रिय र राष्ट्रिय सम्मेलन गरेर त्यसको जानकारी र जन सरोकार बढाउन सकिन्छ।

छ. हरेक सम्पदाको मूल्य त्यसको बजारीकरण र त्यसका माध्यमबाट त्यसका उत्पादक र उपभोक्ताको आयआर्जनसँग जोड्न सकिएन भने, त्यो सम्पदा मूल्यहीन हुन्छ, त्यसैले कर्णाली प्रदेशका अद्वितीय ऐतिहासिक, सामाजिक, भाषिक, सांस्कृतिक, साहित्यिक, मानवशास्त्रीय, भौगोलिक र पर्यावरणीय सम्पदालाई कसरी आयआर्जन र आर्थिक विकाससित जोड्ने भन्ने उपायको खोजी कसरी गर्ने भन्ने छलफल सरोकारवाला र विशेषज्ञहरूबीचमा हुनु पर्छ र त्यसलाई छिटै कार्यान्वयन गर्ने रणनीति बनाउनु पर्छ।

ज. मध्यपश्चिम विश्वविद्यालयमा लोकवार्ताको एमए तहको पढाइ भर्खर सुरु गरेको सूचना प्रशंसनीय हो। त्यस विश्वविद्यालयको नाउँ कर्णाली विश्वविद्यालय बनाउनु पर्छ र त्यसले कर्णाली विद्याको अध्ययन, अनुसन्धान र तालिमलाई नै आफ्नो मुख्य ब्रान्ड बनाउनु पर्छ।

झ. लोकवार्ताको हरेक प्रविधि 'आफैँ गरेर सिकौँ, चाखौँ र प्रचार गरौँ' कार्यक्रम अन्तर्गत कर्णाली प्रदेश, नेपालको अन्यत्र र विदेशका बासिन्दा, पर्यटक र सिकारुहरूको रुचि बढाउन र लोक वार्ताका रक्षक सिद्धहस्त कलाकारहरूको आयआर्जन, रोजगार र स्वाभिमानको अभिवृद्धि गर्न सञ्चालन गर्नुपर्छ ।

ञ. भिडिओग्राफी

ट. वेबसाइट

ठ. अनुसन्धान

ड. व्यापारी र व्यवसायीहरूलाई आह्वान

ढ. काठमाडौँको 'म्युजिक नेपाल' सँग सहकार्य

ण. कर्णाली प्रदेशमा पनि कर्णाली विद्याकै प्रवर्धनका लागि प्रज्ञा प्रतिष्ठान र भाषा आयोगका शाखा खोल्न पनि सकिन्छ ।

४७. **सांस्कृतिक नीति :** 'आगो ताप्नु मुढाको: कुरा सुन्नु बुढाको' कार्यक्रम

क. नेपालीमा 'आगो ताप्नु मुढाको, कुरा सुन्नु बुढाको' भन्ने उखान त छ, तर मेकालेको शिक्षा नीतिको फल कस्तो भएको छ भने, जुन आमा, बाबु र हजुरआमाले हामीलाई हाम्रो मातृभाषा र संस्कृति सिकाएर पोख्त बनाए, तिनीहरूलाई नै हामी अशिक्षित र असभ्य ठान्छौँ अनि आफ्नो भाषा संस्कृति नजानेर विदेशी भाषा र संस्कृति सिक्नेलाई चाहिँ हामी शिक्षित र सभ्य ठान्छौँ । यो बिथिति रोक्न र आफ्ना मातृभाषा र संस्कृतिको उत्थान र प्रचार गर्न सरकारले लोकसाहित्य र लोकसंस्कृति जान्नेहरूबाट सिक्न चाहनेहरूलाई तालिम केन्द्रहरू खोलेर अथवा कुनै माध्यमबाट सिकाउने र जान्नेहरूको आयआर्जनको स्रोत जुटाई दिनुपर्ने आवश्यकता छ । जस जसलाई हाम्रा मातृभाषा र परम्पराको राम्रो ज्ञान छ, त्यो ज्ञान कसरी सिक्न चाहनेहरूसम्म सशुल्क पुऱ्याउने भन्ने कुरामा स्थानीय र प्रादेशिक सरकार सचेत हुनुपर्ने र कार्यक्रम ल्याएर सांस्कृतिक शिक्षालय\तालिम केन्द्रहरू खोलेर परम्परागत शिक्षाको प्रचारप्रसार गर्ने (अरु प्रदेशलाई) नमुना तयार गरेर आफ्नो प्रदेशलाई आदर्श बनाउने आवश्यकता छ ।

ख. लोपोन्मुख मातृभाषाको जगेर्ना, उत्थान तथा विकासमा पनि 'कुरा सुन्नु बुढाको' भन्ने कार्यक्रमकै विस्तार गरेर मातृभाषा जान्ने ज्येष्ठ नागरिकहरूसित लोपोन्मुख मातृभाषा सिकेर मातृभाषाहरूलाई मर्नबाट जोगाउन सकिन्छ र मातृभाषाहरूको उत्थान र विकास गर्न सकिन्छ ।

ग. पश्चिम चीनको ताक्लामकान उपत्यकादेखि पश्चिम तिब्बतको ताक्लाकोट\चाङ्चुङ (मानसरोवर क्षेत्र), नेपालको गण्डकीदेखि भारत र पाकिस्तानको सतलजको बेँसी, जम्मु काश्मीर, अफगानिस्तान, ताजिकिस्तान, तुर्कमेनिया र किर्घिजियासम्मको हिमाली भूभागको सेरोफेरोमा खसहरूको एक ढिक्को निरन्तर बसोवास भएको कुरो इतिहासकारहरूले लेखेका छन्, त्यसैले यस भूभागमा खसहरू बाहिरबाट आए भन्नु गलत पूर्वाग्रह हो भन्ने कुरो बुझ्नु बुझाउनु आवश्यक छ ।

घ. मस्टाको पूजाझैँ कर्णाली प्रदेश र सुदूर पश्चिमाञ्चलमा पुजिने धेरै देवीदेउताहरू नेपालका अन्यत्र र भारतमा पुजिँदैनन् । घटोत्कचको पूजा हिन्दूहरू अन्यत्र गर्दैनन्, तर डोटी र डँडेल्धुरा तथा कुमाउँमा 'घटाल' देउताको पूजा हुन्छ । त्यस्तै कर्णाली प्रदेशलाई मैदानी आँखाले नभएर तटस्थ मौलिक अनुसन्धानका आँखाले खोज्नु पर्ने आवश्यकता छ ।

**४८. हाम्रा इतिहास अधुरा छन्**

क. मोहन प्रसाद खनाल (खनाल, २०६८)ले प्रकाशित गरेको ११औँ शताब्दीको बामु खँड्काको अभिलेख नै आजसम्म फेला परेको नेपाली भाषाको सबैभन्दा पुरानो अभिलेख हो । कर्णाली प्रदेशमा नेपाली भाषाको ११औँ शताब्दीको अभिलेख फेला परेपछि अब खस राजाहरू १२औँ शताब्दीदेखि कर्णाली प्रदेशमा शासन गर्न आएको कुरो पनि संशोधन योग्य भएको छ ।

ख. खस राजाहरूले शासन गरेको मिति हेरेर खस जनजाति पनि त्यति वेलैदेखि नेपाल आयो भन्नु गलत हो ।

ग. पृथ्वी मल्लको शिला स्तम्भमा लेखिएका उनका पूर्खा नागराजको समय तिब्बत र गढवाल कुमाउँको इतिहास अनुसार ११औँ शताब्दी मानिन्छ, तर नागराजको इतिहासको कुनै दसी पनि नेपालमा देखिँदैन, त्यसको खोजी हुनु बाँकी छ ।

घ. तिब्बतको वंशावली हेर्दा कर्णाली प्रदेशका खस राजा (नागराज, आदि) स्रङ चन गम्पोका वंशज लाङ दार्माका उत्तराधिकारी देखिन्छन्, त्यसैले ती खस राजाहरू भोटे हुन् भन्ने भ्रम इतिहासमा देखिन्छ । टुचीले त्यसको स्पष्टीकरण दिएर ती खस मल्लहरूको साइनो काश्मीरको राजवंशतिर जोड्न खोजेका छन् । जे भए पनि कर्णाली प्रदेश सरकारले इतिहासका अनुसन्धाताहरूलाई नियुक्त गरेर त्यसको स्पष्ट निक्यौल गर्नु आवश्यक छ ।

ङ. कुमाउँ गोपेश्वर र बाडाहाटमा भेटिएका क्राचल्ल र अशोक चल्लका अभिलेख र अशोक चल्लको गयाको अभिलेख हेर्दा अशोक चल्ल र क्राचल्लको तिथि मितिमा गड्बडी देखिन्छ । कर्णाली सरकारले इतिहासको अनुसन्धान गराएर त्यसको पनि निक्यौल गर्नु राम्रो हो ।

च. राजस्थानको इतिहास र वंशावलीमा कन्नौजका एउटा राजकुमार नेपाल गए भन्ने लेखिएको छ । ती राजकुमार काशीदास जोशी हुन् भन्ने रामनिवास पाण्डे जस्ता इतिहासकारहरूले लेखेका छन् । 'रत्न कोश' का लेखक काशीदास जोशी ३४ ओटा बाइसी चौबिसी राज्यका राजाहरू र अत्रि र आत्रेय गोत्र हुने नेपालीहरूका साझे पुर्खा हुन् भन्ने कुरो टुचीले लेखेका छन् । कर्णाली प्रदेशले यसको टुङ्गो लगाएको राम्रो हो । 'रत्न कोश' डा० पुण्यप्रसाद रेग्मीका पिता धर्मराज रेग्मीको सङ्कलनमा भएको सूचना छ । कर्णाली सरकारले प्रदेशमा भेटिने त्यस्ता अनेक सम्भावित ग्रन्थहरूको अभिलेखालय बनाउने र यथा सम्भव अनुसन्धान गरेर प्रकाशन गर्दै जाने नीति बनाउनु पर्छ ।

छ. भगवान् बुद्ध (इपू० छैटौँ शताब्दी) नै 'शाक्य' वंशी थिए । 'शाक्य' शब्द नै पनि 'शक' शब्दबाट बनेको देखिन्छ, तर मध्य एसियामा शक घोडचढीहरू इपू० आठौँ शताब्दीतिरै देखिएका भए पनि भारतीय

इतिहासमा शकहरू त पहिलो शताब्दीभन्दा अगाडि आएका देखिँदैनन्। भगवान् बुद्ध जन्मनु अगाडि नै शकहरू भारतमा आइसकेका थिए भन्ने मान्दा मात्र बुद्ध 'शाक्यवंशी' हुने सम्भावना हुन्छ। यस बारे पनि ऐतिहासिक खोजी गर्न सकिन्छ कि ?

ज. जब जब गङ्गासिन्धुको मैदानमा मध्य एसियाबाट विदेशी आक्रमण भयो, तब तब पुराना शासकहरू विस्थापित भएर गढवाल, कुमाउँ र नेपालका हिमाली र पहाडी प्रदेशतिर भाग्न बाध्य भए। क्यारमका गोट्टी सरेझैँ त्यस्ता शासकहरू र उनीहरूका सेनामेना तथा आशामुखीहरू लिएर हिमाली र पहाडी प्रदेशतिर विस्थापित हुँदै गए होलान्। त्यसरी विस्थापित हुने अनेक सभ्यताका पत्र पत्र गढवाल, कुमाउँ र नेपालका हिमाली र पहाडी प्रदेशमा भेटिन सक्छन्। यसरी कर्णाली प्रदेशका खसहरूको सभ्यताभित्र अनुसन्धान गरे, अनेक सभ्यताका पत्र पाइन सक्छन्।

झ. विदेशीहरूले लेखेका इतिहासमा उनीहरूको स्वार्थ अनुसार आफूलाई माथि र हामीलाई तल पार्दा रहेछन् भन्ने तथ्य प्रमाणित भइसकेको छ, यसैले चिनियाँहरूले इतिहासको अनुसन्धान गरे झैँ (पोखरेल म. प., इतिहास खोज्ने चिनियाँ तरिका, २०५८), कर्णाली प्रदेश सरकारले इतिहासकार, लोकवार्ताकार, संस्कृतिविद् र मानवशास्त्रीहरूलाई नियुक्त गरेर कर्णाली प्रदेशको सक्कली इतिहास लेखाउने परियोजना थाल्नु आवश्यक छ। यस परियोजनामा त्रिभुवन विश्वविद्यालय इतिहास केन्द्रीय विभाग, नेपाल तथा एसियाली अनुसन्धान केन्द्र, अथवा महेशराज पन्त, दिनेशराज पन्त र ज्ञानमणि नेपालहरू आबद्ध भएको (इतिहास) संशोधन मण्डलसँग परामर्श र सहकार्य गर्न सकिन्छ।

४९. पुराणहरूमा उच्च महत्त्व दिएर वर्णन गरिएको कैलास मानसरोवर क्षेत्र जाने चल्तीको बाटो सातौँ शताब्दीदेखि भारतका कन्नौज र श्रावस्तीबाट सुरु भएर सुर्खेतमा जोडिँदै दुल्लु, सिंजा, सिमकोट र हिल्सा हुँदै मानसरोवर जान्थ्यो। योगी नरहरि नाथले पनि त्यस तीर्थ मार्गका पुरातात्त्विक चिनो धेरै ठाउँमा देखाएका छन्। हिन्दू, बौद्ध र बोन धर्म मान्नेहरूको साझे तीर्थस्थल कैलास जाने अन्तर्राष्ट्रिय बाटो बनाउन कर्णाली प्रदेश सरकारले अग्रता लियो भने, दक्षिण एसिया, पूर्वी एसिया र दक्षिण पूर्वी एसियाका असङ्ख्य हिन्दू र बौद्ध धर्मावलम्बीहरूको कल्याण हुन्थ्यो। त्यो बाटो चीनको रेसम मार्गको पनि एउटा हाँगो भएकाले चीनको प्राथमिकतामा पनि पर्छ। कर्णाली प्रदेशको समृद्धिको सबभन्दा ठूलो फड्को यसै अन्तर्राष्ट्रिय तीर्थ मार्गले गर्न सक्छ।

**५०. धार्मिक अर्थ विज्ञान**

नेपालीहरूले आफ्ना आफ्ना धर्मलाई ब्रान्ड बनाएर अर्थोपार्जन गर्न जानेकै छैनन्। भारतले तीर्थाटन गर्न आउने नेपालीहरूबाट खर्बौं रुपियाँ कमाउँछ। नेपालीहरू पुराणहरूमा वर्णन गरेका आफ्ना तीर्थहरू बिर्सेर बर्सेनी तीर्थयात्रा गर्न भारततिर लाग्छन्। नेपाल सरकारले यसरी विदेश जाने नेपालका तीर्थहरूतिर एकोहोऱ्याउन सक्नु पर्छ। हामीले हिन्दू, बौद्ध र बोन धर्म जस्ता नेपालका बहुसङ्ख्यकले लामो परम्परादेखि मानी आएका धार्मिक तीर्थस्थलको विकास र तिनीहरूको प्रचार र समुचित व्यवस्थापनबाट आफ्ना तीर्थको र त्यहाँका बासिन्दाको आयआर्जनको बाटो बनाउन जानेनौँ। यसका लागि निम्नलिखित रणनीति अपनाउनु पर्छ।

क. नेपाल संस्कृत विश्वविद्यालयलाई कर्णाली प्रदेशका तीर्थ स्थल र देवताहरूको माहात्म्य संस्कृतका प्रामाणिक ग्रन्थहरूमा अनुसन्धान गर्न लगाउने।

ख. भेटिएका तीर्थ र भगवानका प्रमाणहरू संस्कृत, नेपाली, हिन्दी, तिब्बती र अङ्ग्रेजीमा अनुवाद गरेर विभिन्न ठाउँमा होर्डिङ बोर्डहरू टाँसेर प्रचार गर्ने।

ग. मानसरोवरबाट ब्रह्मपुत्र, कर्णाली, गङ्गा र सिन्धुनदीहरू बग्छन्। ब्रह्मपुत्र नदी मात्र राक्षस तालमा नमिसिइकन पूर्वतिर बग्छ, तर गङ्गा, सिन्धु र कर्णालीको पानी त राक्षस तालमा मिसिएर मात्र बग्छ। भारतले चाहिँ ती सबै नदीहरूलाई मानसरोवरबाट बगेको पवित्र पानी मानेर तीर्थको विकास गरेको छ र आफ्ना तीर्थवासीहरूको आयआर्जनको स्रोत बनाएको छ, तर कर्णाली (जस्तै, हुम्ला) का मानिसहरू चाहिँ कर्णाली नदी चाहिँ राक्षस तालबाट निस्केकाले त्यसका किनारका मान्छे दुख्याहा भएका हुन् भन्ने विश्वास मानेर बसेका छन् र कर्णालीको पानी अपवित्र मान्छन्। उनीहरूको यस्तो अन्धविश्वास हटाएर उनीहरूलाई कर्णाली पनि मानसरोवरबाटै बगेको कुरो बुझाएर 'मानसरोवरको पानी' भनेर कर्णालीको पानी बोतलमा हालेर नेपालका तीर्थहरूमा बेच्यो भने पनि भक्तहरूले सङ्ग्रह गर्छन्। सबै नेपाली भक्तहरू १।१ बोतल मानसरोवरको पानी घरमा राख्न तयार छन्। यस प्रचारमा संस्कृतका पण्डित र जोगीहरूलाई नियुक्त गर्नु पर्छ। कर्णाली नदीको पानी पवित्र छ भन्ने श्लोक संस्कृतका विद्वानहरूलाई बनाउन लगाएर त्यसको नेपाली अनुवाद होर्डङ बोर्डहरूमा फैलाउनु पर्छ, किनभने नेपालीहरू संस्कृत भाषामा भगवानको मुखबाट जसले बोले पनि पत्याई हाल्छन्। यसरी मानसरोवरको पवित्र पानी हरेक धर्मप्राण नेपालीको सुलभ पहुँचसम्म पुऱ्याउन पनि स्थानीय सरकार सचेत हुनु पर्छ।

घ. कर्णाली प्रदेशकै यातायात व्यवसायीहरूसँग सहकार्य गरेर हिन्दू, बौद्ध, बोन, मस्टा र अरु धर्म मान्ने तीर्थयात्रा गर्ने धर्म धर्मका बेग्ला बेग्लै बस यातायात सुरु गर्नु पर्छ र सरकारले त्यसका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने द्रुत योजनाहरू बनाएर कार्यान्वयन गर्नु पर्छ।

ङ. संसारभरमा जुनसुकै तीर्थको माहात्म्य र प्रसङ्ग जोड्ने लोक कथाहरू स्थानीय तहमा चलेका हुन्छन्। नेपाली बुज्झकीहरू त्यस्ता लोक विश्वासलाई अन्धविश्वास ठान्छन्, तर धार्मिक स्थानीय जन समुदायले त ती लोकविश्वास र कथाहरूलाई साँच्चैको मानेर ती देवस्थलहरूमा आस्थापूर्वक दैनिक पूजाआजा गरिरहेको छ। कसैले अन्धविश्वास भन्दैमा त्यो लोकाचार रोकिँदैन। त्यसैले स्थानीय सरकारले ती लोककथा र लोकविश्वासहरूलाई संस्कृतमा श्लोक रचना गरेर ठाउँ ठाउँमा प्रचार गर्नु पर्छ र ती देवस्थलहरूको श्रीवृद्धि गर्नु पर्छ। नेपालका तीर्थहरूका त्यस्ता कथाहरूको सङ्ग्रह गरेर सबै नेपालीले पढ्न सक्ने गरी प्रचार गर्नु पर्ने आवश्यकता छ।

च. कर्णाली प्रदेशका धार्मिक स्थलहरूका आख्यानहरूको सङ्ग्रह, प्रकाशन, प्रचार, प्रशिक्षण, शिक्षण र बजारीकरण आवश्यक छ।

छ. यसैगरी पुरातात्त्विक र ऐतिहासिक माहात्यको पनि प्रचार गर्न सकिन्छ।

## ५१. दलित क्रान्ति

क. दलितको बहुमत भएका कालिकोट र जाजरकोट जिल्लाका राजनीतिक र सामाजिक निर्णयमा दलित जातिको हात प्रभावकारी हुनु पर्ने हो, तर त्यो हुन सकेको देखिँदैन।

ख. ऋग्वेदको दसौँ मण्डल र शुक्ल यजुर्वेदको पुरुष सूक्तमा चार जातको जस्तो विभाजन देखिन्छ, त्यो पेसागत विभाजन मात्र थियो, भात, पानी र बिहेवारी नचल्ने आजको हिन्दू समाजको जस्तो निकृष्ट विभाजन थिएन भन्ने कुरो संस्कृत विश्वविद्यालयका प्रकाण्ड पण्डित र साधु महात्माहरू लगाएर प्रचार गर्नु पर्छ।

ग. नेपाल भारतका दलितहरू अन्यायपूर्वक वैदिक सनातन धर्म र हिन्दूहरूका आधारभूत ग्रन्थ (वेद, ब्राह्मण, उपनिषद्, रामायण र महाभारत) मा कतै नभएको कुरो 'हिन्दु धर्म' ले निषेध गरेको भनेर मध्यकालीन उत्तर भारतको जातीय स्वार्थबाट विकसित भएको छुवाछुत र समाजबाट मुलुकी ऐन समेतले काढिएको कुरो संस्कृतका विद्वान् पण्डित र साधु महात्माहरू लगाएर कर्णालीका सर्व साधारण जनताको र दलितहरूकै पनि दलितहरूप्रतिको दृष्टिमा परिवर्तन गर्ने कार्यक्रम चलाउनु पर्छ।

घ. महेश्वर जोशीको अनुसन्धानका आधारमा खस प्रदेशका डोमहरू (र कर्णाली प्रदेशका 'बिटालु', 'डुम' अथवा दलितहरू) प्राग्वेदिक आर्य हुन्। कुमाउँमा खस र नागहरूको हैकम नचलुन्जेल त्यहाँका खस र प्राग्वैदिक आर्यहरूलाई नै दास र बिटालु बनाइएको थियो। हिमालयको यस भेगमा शूद्र (डोम) हरू खसहरूभन्दा पहिले आएका आर्य हुन् भन्ने डा० जोशीको अनुसन्धानको मर्म बुझाएर कर्णाली प्रदेशमा दलित क्रान्ति गर्नु पर्छ।

ङ. महेश्वर जोशीले कुमाउँका त्यस्ता 'शूद्र' हरूसँग बाहुनको बिहेवारी नहुने र तिनीहरूले छोएको पानी नचल्ने प्रतिबन्ध १९औँ शताब्दीसम्म थिएन; गोर्खाली फौजले जितेपछि मात्र तिनीहरू अस्पृश्य भए भन्ने कुरो लेखे अनुसार 'शूद्र', 'अछुत', 'पानी नचल्ने', 'दलित' जस्ता मानवजाति भित्रका पक्षपाती र अन्यायी वर्गीकरण वैदिक सनातन र हिन्दू धर्म दुइटैका आधारभूत मानक ग्रन्थसँग मेल नखाने सामाजिक रोग हुन्। तिनीहरूको अन्त्य हुनु पर्छ। यस काममा नेपाल संस्कृत विश्वविद्यालय, सम्पूर्णानन्द विश्वविद्यालय अथवा पुणे विश्वविद्यालयका संस्कृतका धुरन्धर विद्वान् र अनुसन्धाताको उपयोग गर्नु पर्छ।

च. कर्णाली प्रदेश (र नेपाल भरिकै) दलितहरूको उत्थान गर्न प्रथमतः उनीहरूको सीपलाई राज्यले राष्ट्रिय सीपका रूपमा सबै सरकारी कार्यालयमा अनिवार्य रूपले प्रोत्साहन गर्नु पर्छ।

छ. दलितहरूलाई नै प्राथमिकता र टेवा दिएर कर्णाली प्रदेशमा विदेशी र स्वदेशी पाहुनाहरूको सत्कार गर्ने कार्यक्रम चलाउनु पर्छ।

ज. दलितहरूको कला र सीप सिक्न चाहने त्यसै गाउँ, ठाउँ, जिल्ला र प्रदेशका मात्र होइन, देशका अन्य प्रदेशका देशभरकै र विदेशका विद्यार्थीहरूलाई पाठ्यक्रम बनाएर क्रेडिट कमाउने प्रयोगात्मक तालिम तिनै दलितहरूबाट लिने चाँजो मिलाउनु पर्छ।

झ. दलितहरूका रोजगारका अवसरहरू बढाउनु पर्छ।

ञ. भारतमा स्वामी दयानन्द सरस्वती र पूर्वी नेपालमा पण्डित छविलाल पोखरेलले हिन्दू धर्मशास्त्रका मानक ग्रन्थहरूका प्रमाण अघि सारेर दलितहरूको उत्थानमा जुन सामाजिक क्रान्ति ल्याए, त्यसलाई पूर्ण रूपमा कर्णाली प्रदेशमा लागु गर्नुपर्ने आवश्यकता छ । त्यस्तै सामाजिक सुधार गरेर न्यायिक समानताका आधारमा दलितहरूको वैज्ञानिक र वैधानिक सामाजिक उत्थान नगर्ने हो भने, विदेशी विस्तारवादी धर्महरूले नेपालीहरूका धर्ममा अतिक्रमण गर्ने फटाइँ मुलुकमा कायम रहन्छ ।

**५२. धर्म परिवर्तनमा कडाइसाथ रोक**

कतिपय अन्तर्राष्ट्रिय गैरआवासीय संस्थाहरू कर्णाली प्रदेशका विपन्न जातिहरूको (बादी, थारू, दलित, राउटे, कुसुन्डा, मगर, आदि) हरूको सबलीकरण र सशक्तीकरण गर्ने बहानामा उनीहरूको धर्म परिवर्तन गर्ने उद्योगमा लागेका रहेछन् भन्ने सूचना स्थलगत सर्वेक्षणमा पाइएको छ । स्थानीय, प्रादेशिक र केन्द्रीय सरकारले यो व्यापक सामाजिक अपराधलाई कसरी प्रभावकारी रूपले हतोत्साहित बनाउने र कसरी रोक लगाउने भन्ने कुरामा सचेत हुनुपर्ने आवश्यकता देखिन्छ ।

**५३. भाषा**

क. केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कमा कार्मारोङहरू तामाङ र गुरुङ समुदायभित्र सूचीकृत छन् । उनीहरू छुट्टै जाति भएकाले आफ्नै पहिचानसहितको कार्मारोङ थरबाट नै आफूहरूलाई चिनाउन पाइयोस् र सरकारले पनि छुट्टै समुदायको रूपमा पहिचान गरोस् र सधैँ आफ्नै पहिचान, संस्कृति र परम्परासँगै रमाउन पाइयोस् भन्ने दृढ इच्छा कार्मारोङ समुदायको पाइन्छ । प्रदेश सरकारले कार्मारोङहरूको चिनारीका लागि केन्द्रीय तथ्याङ्क विभागसित अग्रता लिई देओस् ।

ख. कार्मारोङ भाषाका सूचकले कार्मारोङ भाषा मुगुकै भोटबर्मेली मुगाली भाषासित मिल्छ भनेकाले कार्मारोङ भाषाको मुगाली भाषासित तुलनात्मक ऐतिहासिक अध्ययन गर्नु आवश्यक छ, जसबाट कार्मारोङ भाषा र मुगाली भाषा एउटै भाषाका भौगोलिक भेद हुन सक्छन् । त्यस्तै, राष्ट्रिय जनगणनामा कार्मारोङहरू तामाङ र गुरुङ समुदायमा पनि समावेश भएकाले त्यसै तुलनात्मक अनुसन्धानमा तामाङ र गुरुङ भाषालाई पनि सामेल गर्नु न्यायसङ्गत देखिन्छ ।

**५४. तीर्थको अर्थ विज्ञान**

क. कर्णाली प्रदेशका अनेक देवीदेवताको मन्दिर, तीर्थका रूपमा रहेका अनेक दह, अनेक गुफा, अनेक गुम्बाहरूको संरक्षण गरेर यातायात तथा पूर्वाधार (मन्दिर, आवास, भोजन, पसल, मनोरञ्जन, कोसेली, पूजाको सर्दाम, पुरेत, स्वयंसेवक आदि) को विकास गरेर सम्बन्धित तीर्थहरूको आर्थिक विकास गर्न सकिन्छ । यस्ता कार्यमा हामी भारतको उदाहरण लिन सक्छौँ । तीर्थयात्री बस सेवा चलाउन र आवश्यक व्यवस्था मिलाउन सरकारले अग्रता लिन सक्छ ।

ख. सतीदेवीको अङ्ग पतन भएको जनविश्वास भएका ठूला शक्तिपीठ (खैरावाङ भगवतीको मन्दिर, छत्रेश्वरी मन्दिर, सतीदेवीकै अर्को अङ्ग पतन भएको ठाउँमा उत्पत्ति भएका शुकमाला योगिनी पिशाचेश्वर महादेव), कालिकोट र बाजुरा जिल्लाको सीमानामा अवस्थित बडीमालिका (सतीदेवीको

कुम पतन भएको जनविश्वास) मन्दिर, दुल्लु नगरपालिकाको ओरिपरि पाँचओटी भगवतीका महत्त्वपूर्ण शक्तिपीठहरू (ज्वालाजीको शिरस्थान, नाभिस्थान र पादुकास्थान, विन्ध्यवासिनीको मन्दिर आदि) पनि स्थानीय तहको विकास गर्ने पूर्वाधार हुन् । त्यस्ता लोकविश्वासलाई अन्धविश्वास ठानेर बेवास्ता गर्ने साटो त्यस्ता लोकविश्वासका आडमा स्थानीय तीर्थस्थलको विकास गर्न सकिन्छ । कर्णाली प्रदेशमा भक्तहरूको भलो गर्न पर्खेर बसेका देवीदेउताहरू जताततै छन् । खाली सरकारले त्यस्ता लोक विश्वासलाई भँजाउन मात्र जान्नु पर्छ ।

ग. दुल्लुका शिरस्थान, नाभिस्थान र पादुका स्थानमा कहिल्यै ननिभ्ने ज्वाला बलिरहेको हेर्नका लागि टाढा टाढाबाट तीर्थयात्री तथा पर्यटकहरू आउने गर्दछन् ।

घ. रिन्छेलिङ गुम्बा हुम्ला जिल्लाको सबैभन्दा प्राचीन र ठूलो महत्त्वपूर्ण गुम्बा हो । तिब्बतमा बुद्धधर्मको प्रसार दुई चोटि (सातौँ शताब्दी र ११औँ शताब्दीपछि) भएको थियो । सो प्रसार कालमा महान अनुवादक रिन्छेनजाङ बोले १०८ ओटा गुम्बा बनाएका थिए । तीमध्ये अन्तिम तर ठूलो गुम्बा हल्जीमा बनेको रिन्छेलिङ गुम्बा हो । यो कर्ग्युमा सम्प्रदायमा पर्दछ । यो गुम्बाको विस्तृत विवरण छवाङ लामाद्वारा लिखित कैलास मण्डलामा उल्लेख गरिएको पाइन्छ । गुम्बामा रहेका धार्मिक ग्रन्थ, वास्तुकला र छवाङ लामाको भनाइ अनुसार यो गुम्बाको स्थापना ११औं शताब्दीतिर भएको हो । यस गुम्बामा आउन चाहने बौद्ध तीर्थयात्रीहरूलाई र कर्णाली प्रदेशका बेग्लाबेग्लै धर्म मान्ने भक्तहरूका लागि भारतीय प्रधानमन्त्री मोदीले बनाए झैँ, बौद्ध सर्किट, हिन्दू सर्किट, इस्लाम सर्किट, बोन सर्किट, मस्टो सर्किट जस्ता व्यवसाय चलाउन सकिन्छ ।

ङ. हुम्ला जिल्लामा हिन्दू धर्म मान्नेहरूले जुन देउता (मष्टो, गुरा, लवासुर, सर्की, भुवानी, हिल्सो, चिङखुरे, गबालो आदि) लाई माडुमा मान्दछन्, ती देउताको चर्चा न पुराणमा छ न भारतमा अन्यत्र कतै पाइन्छ । यहाँका मानिसहरू यिनै देवताको पूजा गरेर आफ्नो इष्ट सिद्धि गर्दछन् । यस्ता देउता नै स्थानीय चिनारीका वस्तु हुन् भन्ने ठानेर तिनीहरूको विकासका लागि सरकार सहयोगी हुनु पर्छ ।

**५५. ऐतिहासिक स्थलको विकास**

क. मोहन प्रसाद खनालले १३१२ सालको नेपाली भाषाको सबैभन्दा पुरानो शिलालेख भनेर दाबी गरेको अशोक चल्लको शिलालेख हुम्ला जिल्लाकै रेलिङ गुम्बामा फेला परेको हो । यो गुम्बा सिमकोटबाट १५ कोस पर छ ।

ख. सुर्खेतको १३औँ शताब्दीको काँक्रेबिहार, सिद्धपाइला र देउती बज्यै धार्मिक पर्यटनका आधार हुन सक्छन् ।

ग. सल्यानी राजाको दरबार, जाजरकोट राज्यको इतिहास,

घ. कर्णाली प्रदेशको इतिहास लेख्न 'मेचीदेखि महाकाली'को उत्तरार्ध (राजनीतिक, सांस्कृतिक अध्ययन) जस्तो दस्तावेज तयार गरेर कर्णालीको ऐतिहासिक जानकारी बढाउन सकिन्छ ।

**५६. मदिरा निषेध**

अनुसन्धान टोली मुगुको गमगढीमा पुगेका वेलामा मदिरा निषेध कार्यक्रम भइरहेको थियो । यसैगरी पूरै कर्णाली प्रदेशमा नै मदिरा निषेध गर्नु पर्ने देखिन्छ । टेबुलमुनिबाट मदिरा बिक्री नगरुन् भनेर कडा कदम चाल्नुपर्ने देखिन्छ । बादी जाति र राउटे जातिमा पनि मदिरा ठूलो समस्या भएको पाइएको छ ।

**५७. विदेशीहरूको प्रत्यक्ष गतिविधिमा रोक**

नेपालमा केही स्वार्थी आइएनजिओले आफ्नो कुत्सित स्वार्थ पूरा गर्न प्रागितिहासदेखि मिलेर बसेका जात र जातिकाबीचमा फुटको बिरुवा हल्हली बढाइरहेका छन् । नेपाल सरकारले नेपालको छिटो विकास गर्न आफैँ सकिन्छ भन्ने आत्मविश्वास राख्न नसकेको अवस्था विद्यमान रहेकाले विदेशीहरूलाई आफ्नो मझेरीमा सरोबरी पसेर आफ्ना नागरिकहरूसँग लुकेर जे मन लाग्यो त्यही गर्ने कार्यलाई रोक्न सकिएको छैन । कतिपय कार्यक्रम तथा परियोजनाको अभियान सकिएपछि सरकारका डाडुपन्यु हातमा लिनेहरूको क्रयशक्ति चुलिएको देखिन्छ, मह काढ्नेहरूले हात चाटेको देखिन्छ, तिनीहरूले कमाएको बिटुलो धन कता लुकाएर चोख्याउँ भनेर दुला खोजेको देखिन्छ । जुन गाउँमा उनीहरू पसे, ती गाउँको आत्मनिर्भरता घटाएको देखिन्छ, देशवासीको बानी बिग्रेको देखिन्छ, गाउँको सांस्कृतिक विनाश भएको देखिन्छ, देशलाई विदेशको मुख नताकी आफैँ विकासको सङ्कल्प पनि गर्न नसक्ने बनाएको देखिन्छ, देशको प्राकृतिक, भौतिक, मानवीय, सामाजिक र सांस्कृतिक सम्पदा नष्ट गरेको देखिन्छ; हजारौँ वर्षदेखि छिमेकी भएर मिलेर बसेका नेपाली नेपालीमा काटोछिनो र वैमनस्य बढेको देखिन्छ, धेरै विपन्न र मुट्ठीभर सम्पन्न नागरिकहरू आफ्नो परम्परागत धर्म परिवर्तन गरेर अर्कै धर्ममा दीक्षित भएको देखिन्छ अनि सामाजिक सद्भावमा खलबल आएको देखिन्छ । असङ्ख्य आइएनजिओ र एनजिओ सग्बगाएको कर्णाली प्रदेशका गाउँगाउँमा तिनीहरूका यस्तै गतिविधिको सिकार भएको देखिन्छ । यस्ता संस्थाहरूको वितण्डामा रोक लगाउन कतिपय देशले अपनाएजस्तो विधि नेपालले पनि अपनाउन सक्नु पर्ने देखिन्छ ।

**५८. वस्तुगत संस्कृति**

क. जुम्लाको कालो मार्सी धानको चामल, छुमचौरको संसारको सबभन्दा अग्लो ठाउँमा फलेको भौगोलिक र ऐतिहासिक महत्त्व भएको चामलको प्रचार गरेर आयआर्जन गर्न सकिन्छ ।

ख. प्रदेशको खुर्पानी, स्याउ, घोडेमच्चो, सिमी, शिलाजित, जरिबुटी र कर्णाली विद्याको बजारीकरण गर्नु पर्छ ।

ग. सल्यानको माल्नेटाको अदुवा, बाँसको फर्निचर, खुकुरी, छुर्पी र दैलेख र सल्यानको सुन्तलाको बजार विस्तार गर्नु पर्छ ।

घ. सल्यानको माल्नेटाको अदुवाको चकलेटको प्रचार र बजार विस्तार गर्नु पर्छ ।

ङ. हिमाली क्षेत्रमा पाइने यार्चागुम्बुको व्यवसाय कर्णालीका जनता, सरकार र नेपाललाई अधिकतम फाइदा हुने गरी व्यवसायीकरण गर्नु पर्छ ।

च. हुम्लाका अधिकांश गाउँमा आफूलाई चाहिने आधारभूत आवश्यकताको वस्तुहरू आफैँ बनाउने सीप भएका मानिसहरू प्रशस्त छन् । जस्तो कुटो, कोदोलो, हँसिया, हतौडा, घन, खुकुरो आदि गाउँमै बनाउँछन् । ओछ्याउने फेरुवा, ओढ्ने राडी र लिउ, लगाउने पाखी, सामान ओसारपसार गर्ने डोका, डाली, कपडा सिलाउने सीप, कपाल काट्ने सीप, बिरामी निको पार्ने आम्ची, रातदिनै खेल्न सक्ने देउडा सीप लगायतका तमाम सीपका धनीहरू हुम्लामा प्रशस्त भेटिन्छन् ।

छ. आत्मनिर्भरताको हुम्लाको नमुना कर्णाली र नेपालभरि सिको गर्न प्रेरणा दिनु पर्छ र प्रचार गर्नुपर्छ अनि कर्णाली प्रदेशभरि उत्पादन हुने त्यस्ता घरेलु शिल्पकलाहरूको प्रदर्शन र विक्री केन्द्र जिल्ला जिल्ला र प्रदेश प्रदेशका केन्द्र र नेपालका मुख्य सहरहरूमा खोलेर सरकारले व्यवसायीकरण गर्न टेवा दिनु पर्छ ।

ज. कर्णाली प्रदेशका बेग्लाबेग्लै जात र जातिले लगाउने परम्परागत पोसाक र गहनाहरूको प्रचार र बजारका लागि सरकारले बेला बेलामा प्रदेश स्तरका, राष्ट्रिय स्तरका र अन्तर्राष्ट्रिय स्तरका मेला गर्नु पर्छ ।

झ. कर्णाली अञ्चलका कालिकोट र दैलेख (अनि बाजुरा र अछाम) का जङ्गलमा जैतुन **(Olive)** पाइन्छ अरे । जैतुनलाई उनीहरू 'औली लौँठो' अथवा 'लौँठो' भन्दछन् अरे । कालिकोटका गाउँलेहरू जङ्गलमा भएको जैतुनको प्रयोग गर्थे अरे, तर त्यो अत्यन्तै महङ्गो तेल हो भन्ने बारेमा गाउँलेहरूलाई भरखरै मात्र थाहा भयो अरे (कालिमान विष्ट, कालिकोट) । जैतुनको फल र तेल स्वास्थ्यका लागि एकदम राम्रो मानिन्छ । सबै नेपालीलाई जैतुनको तेल र फल पुऱ्याउने र निर्यातसम्म गर्न लक्ष्य राखेर कर्णाली (र सातौँ प्रदेश) सरकारले समान अक्षांश, उचाइ र भौगोलिक अवस्था भएका नेपालका विभिन्न ठाउँमा बेर्ना हुर्काएर जैतुनको खेती र वृक्षारोपण गराउन नेतृत्व लिन सक्छ । यसरी जैतुनबाटै मात्र पनि कर्णाली र नेपालको हिमाली क्षेत्र मालामाल हुन सक्ने देखिन्छ ।

ञ. दैलेख जिल्लामा असङ्ख्य अलिखित इतिहास छिरलिएको र थुप्रै ऐतिहासिक महत्त्वका सामग्री त्यसै मिल्किएको पाइन्छ । सरकारले त्यसको उचित सम्भार, व्यवस्थापन, प्रचार र प्रदर्शनबाट पनि दैलेखका दुल्लु जस्ता ऐतिहासिक स्थलहरूको समृद्धि बढाउन सक्छ । भारत, चीन र विश्वले आफ्ना ऐतिहासिक सामग्रीको व्यवस्थापनबाट कसरी आयआर्जन गरिरहेका छन् भन्ने नमुना पनि सरकारले लिन सक्छ ।

ट. जनयुद्धताका माओवादीहरूले दुल्लु दरबार ध्वस्त गरी दिए भन्ने सूचना पाइयो । कुरो ठिक हो भने, नेपालमा विद्रोही राजनीति गर्नेहरूले ऐतिहासिक महत्त्वका वस्तुहरूमा आफ्नो रिस पोख्नु हुँदैन भन्ने माउ च तुङ र लेनिनसित सिक्नु पर्छ । चीनले आज पनि राजा महाराजाहरूका दरबारमा टिकट लगाएर आयआर्जन गरिरहेको छ ।

ठ. 'के नेपाल सानो छ ?' भन्ने निबन्धमा लक्ष्मी प्रसाद देवकोटाले लेखेका छन्, "यहाँ कति सावित्री छन्, जसको कथा दुनियाँले सुनेकै छैनन्; यहाँ कति साहित्य छ, जो लेखिएकै छैन, न लेखिने छ ।" देवकोटाको यो कथन दुल्लु र पूरै कर्णालीका लागि सार्थक हुन्छ । कर्णाली विद्यामा हजारौँ पिएचडी तहका अनुसन्धान हुन सक्ने सम्भावना छ । कर्णाली सरकारले यसमा चनाखो हुनु आवश्यक छ ।

ड. सुर्खेतको परानप्युली, सेतो गुडे र कालो गुडे भन्ने धान अनि थारूहरूले चलाउने अनदी र सिम्ठारो अहिले दुर्लभ हुँदै गएको छ । कर्णाली प्रदेशमा मात्र पाइने कुन कुन चिजका के के प्रजाति छन्, तिनीहरूको अन्वेषण गरेर तिनीहरूलाई कर्णालीका चिनारीका वस्तु मानेर कर्णालीले जगेर्ना, विकास, प्रदर्शन र बजारीकरण गर्नु पर्छ । जुम्लाको सिमी र स्याउ अनि सल्यान, (अछाम) र दैलेखको सुन्तला पनि त्यस्तै वस्तु हुन् ।

ढ. सुर्खेतको 'पर्म मेला' नेपालीहरूको आफ्नै मौलिक सहकारिता हो । त्यस प्रथाको विस्तार नेपाल र विशेषतः कर्णाली प्रदेशको विकासमा काम लाग्ने देखिन्छ ।

ण. थारू झैँ कर्णाली प्रदेशका विभिन्न जातिहरूको संस्कृति र परम्परासित नङ मासु भएर जोडिएका थुप्रै घरेलु उत्पादन छन् । त्यस्ता उत्पादनलाई सरकारले कोसेलीका रूपमा अथवा कसै गरी प्रवर्धन नगरे घरेलु उद्योग र शिल्पकलामा अडिएको नेपाली जातजातिको चिनारीलाई नै गुमाउनु पर्छ भन्ने ठानेर सरकारले तिनीहरूलाई आयआर्जनको बाटो बनाउन प्रयत्न गर्नु पर्छ ।

त. महाकवि कालिदास जस्ता संस्कृत महाकविहरूले वर्णन गरेको दक्षिण एसियाबाट मानसरोवर ओहोरदोहोर गर्ने राजहाँसको ताँती अहिले पनि कालिकोटको आकाशबाटै जान्छ अरे र ती राजहाँसको विष्ठा ('पुलिक') बहुमूल्य रत्नका रूपमा खोज्न मानिसहरू होड गर्छन् अरे । विश्व बजारमा बहुमूल्य रूपमा बिक्ने कर्णाली प्रदेशमा त्यो पुलिकको सिलो गरेर पनि प्रदेशको समृद्धि बढाउन सकिएला । त्यो रत्न खोज्नेले जागिर पाउने र बेचेर पैसा पनि कमाउन सकिने भएकाले त्यसका लागि वस्तुको मूल्य चिन्ने बजारको आवश्यकता छ । त्यस बजारको पूर्ति कर्णाली प्रदेशको स्थानीय तहबाट र प्रदेश सरकारका तर्फबाट पहल गर्नु जरुरी छ ।

थ. कस्तूरी, हिउँ चितुवा, घोरल र रातो पाण्डा जस्ता कर्णाली प्रदेशका दुर्लभ जन्तु (र चरा) हरूको संरक्षण, विकास र प्रदर्शन गरेर पनि पर्यटन व्यवसायलाई टेवा पुग्छ ।

५९. कर्णाली प्रदेशमा अहिलेसम्म पनि घरमा बिरामी हुँदा पहिले धामीझाँक्रीकै भर पर्ने, तर केही सीप नलागेपछि मात्र अस्पताल जाने चलन रहेछ । सरकारले आफ्नो प्रदेशमा अवकाश प्राप्त वा कार्यरत डाक्टरहरूको सञ्जाल बनाएर प्रदेशको कुनै जनता पनि पैसा नपुगेर औषधोपचारबाट वञ्चित नहोओस् भन्ने व्यवस्था गर्ने सङ्कल्प गर्नु पर्छ ।

६०. पशुपालन व्यवसाय कर्णाली प्रदेशको एउटा मुख्य व्यवसाय हो । सरकारले ऋण दिएर भए पनि सबै गाउँका सबै वार्डमा पशुपालन व्यवसाय गर्न प्रोत्साहन, तालिम, उपचार, भण्डारण र बजार व्यवस्थापनसम्म पशुपालकहरूलाई सघाउनु पर्छ ।

**६१. पर्यटन नै पनि कर्णाली प्रदेशको आर्थिक समृद्धिको आधार हुन सक्छ ।**

क. हिमाली टाकुरा (जाजरकोट कान्जिरोबा र कागमारा हिमाल, मुगुका सैपाल हिमाल, चंखेली हिमाल, सिस्नेही हिमाल, छायानाथ र मालिका र काञ्जिरोवा हिमाल)

ख. दह र ताल (जाजरकोट अनौठो खालको 'भकारे दह', डोल्पाको सुन दह, डोल्पाको फोक्सुन्डो ताल, मुगुको 'रारा' दह,

ग. गुफा (पश्चिम रुकुमको देउराली गुफा आदि)

घ. राष्ट्रिय निकुञ्ज (डोल्पाका से-फोक्सुन्डो, मुगुको रारा राष्ट्रिय निकुञ्ज),

ङ. छहरा (संसारको सबभन्दा अग्लो ठाउँबाट झरेको 'फोक्सुन्डो छहरो\झर्ना'

च. नदी (मुगु कर्णाली, हुम्ला कर्णाली, हिमा, तिला)

छ. विभिन्न रङका फुलहरू

ज. हिमाली माछा (रारा)

झ. सबैभन्दा विकट विमानस्थल मुगुको 'ताल्चा'

ञ. मुगु जिल्लाको रारा ताल क्षेत्रमा पर्यटकहरूको चापका तुलनामा होटल र अन्य सुविधाको कमी देखिन्छ । त्यहाँ पर्यटकलाई आकर्षण गर्ने खालका होटल हुनु पर्ने देखिन्छ । होटल बनेमा थुप्रै जनशक्तिले काम पनि पाउँछन् ।

## ६२. महिलाको स्थिति

कर्णाली प्रदेश खस जातिको बाहुल्य भएको प्रदेश भए पनि खस जातिकै महिलाहरूको स्थिति चाहिँ अरु जातिको भन्दा निम्नस्तरको देखिन्छ । जुन जातिमा मातृसत्ता थियो र अझै केही रूपमा ठाउँ ठाउँमा छ, इपू० पाँचौँ शताब्दीमै युनानी इतिहासकार हेरोडोटसले जुन जातिमा महिलाहरूको शासन देखेको थियो; जुन खस जातिकै गोती शक जातिकी एउटी वीराङ्गनाले अलेक्जान्डरलाई युद्धमा मारेकी थिइन् र शक जातिकै वीराङ्गनाहरूले चित्तौरमा वीरता देखाएका थिए, त्यस जातिको बहुमत भएका ठाउँमा आज महिलाहरूको स्थिति खच्केको छ । कर्णाली प्रदेशमा पहिले महिलाहरूका खटनमा पारिवारिक निर्णय हुन्थ्यो, तर अहिले पुरुषहरूका हातमा त्यो निर्णय गर्ने अधिकार सरेको छ । दुल्लुमा छोरो जन्मिँदा मात्र छैटी खेलाउँछन्, छोरीको छैटी गर्दैनन्; छोरो जन्मिँदा खुसी हुने चलन छ; महिलाहरूलाई घरभित्रको काम महिलाले गर्ने चलन छ । खसहरूको बहुमत भएका क्षेत्रमा रजस्वला भएका महिलाहरूलाई हिन्दू धर्मका वेद र धर्मशास्त्रमा कतै नभएको छाउगोठमा राख्ने चलन छ । संस्कृतका धुरन्धर पण्डित र ज्ञानी सन्त, महन्त र जोगीहरूलाई खटाएर कर्णाली सरकारले लैङ्गिक समानता ल्याउन सक्ला ।

## ६३. हिमाली भेगमा आवासीय शिक्षा

क. छरिएका विद्यालय क्षेत्रबाट उत्कृष्ट विद्यार्थी रोजेर सरकारी आवासीय विद्यालय

ख. गाउँ शून्य भएका ठाउँमा आवासीय विद्यालय र आवासीय महाविद्यालय र उद्योगधन्दा खोल्न सकिन्छ ।

## ६४. समग्र विकासका लागि चञ्चू पोषण कार्यक्रम

माथि उल्लेख गरिएका ठाउँमा बाहेक कर्णाली प्रदेश सरकारले 'चीनको चञ्चू पोषण सूत्र' (पोखरेल म. प., चिनियाँ चञ्चू पोषण सूत्र, २०७५) लगाएर कर्णाली प्रदेशका सबै आयाममा विदेशको सहयोगविनै आफ्नो

प्रदेशलाई आत्मनिर्भरतातिर उकास्न सक्छ । चीनको चञ्चू पोषण सूत्र विदेशको सहयोगविनै देशकै एउटा कुनामा भएको शक्तिको भरबाट अर्को कुनाको समस्या र कमजोरी समाधान गर्ने सूत्र हो । त्यो सूत्र प्रयोग गरेर कर्णाली प्रदेशको कुनै गाउँ (जस्तै, सिँजा) लाई काठमाडौँ, विराटनगर, वीरगन्ज, नेपालगन्ज, ललितपुर र भक्तपुर जस्ता महानगरले नै पूर्णरूपमा आत्मनिर्भर बनाउन जे जे गर्नु पर्छ, त्यो सबै योजना आफ्नै खर्चमा बनाएर विकसित गर्ने सूत्र हो । यही सूत्र प्रयोग गरेर प्रदेश सरकारले त्रिभुवन विश्वविद्यालयले २०३६ साल अघि चलाएको राष्ट्रिय विकास सेवा जस्तै 'कर्णाली विकास सेवा' कार्यक्रम ल्याउन सक्छ; कर्णाली प्रदेशमा जन्मेका विदेशिएका अथवा स्वदेशी धनाढ्य र व्यापारीहरूलाई कर्णाली प्रदेशको विकासमा निम्त्याउन सकिन्छ; अवकाशित विद्वान र प्रशासकहरूलाई कर्णाली प्रदेशको विकासमा लगाउन सकिन्छ; प्रवेशिका परीक्षा अनुत्तीर्ण भएकालाई पूर्व प्राथमिक तहका विद्यार्थी पढाउने काममा लगाउन सकिन्छ । यसरी कर्णाली प्रदेशभित्र, देशभित्र अथवा देश बाहिर भएको कर्णालीको शक्तिको उपयोग गरेर कर्णालीको विकास गर्न सकिन्छ । द्रुत विकास गर्ने चीनको यो चञ्चू पोषण सूत्र प्रयोग गरेर कर्णाली प्रदेशले अनेक परियोजनाहरू बनाउन सक्छ ।

# सन्दर्भ सूची


Arthur Anthony Macdonell, & Arthur Berriedale Keith. (१९१२ [१९५८]). *Vedic index of names and subjects* (भा. I & II). London [Delhi]: Motilal Banarasidass.

Christopher I Beckwith. (१९८७). *The Tibetan empire in Central Asia.* New Jersey, Princeton: Princeton University Press.

David Christian. (१९९८). *A history of Russia, Central Asia and Mongolia.* Oxford: Blackwell.

David Snellgrove. (१९८०). *The nine ways of Bon.* Boulder, Co, USA: Prajna Press.

David Snellgrove. (१९८१). *Himalayan pilgrimage.* Boulder, Colorado, USA: Prajna Press.

David Snellgrove. (१९८७, २००२). *Indo-Tibetan Buddhism.* Boston: Shambala Publications.

Deviprasad Chattopadhyaya (सम्पादक). (१९७०). *Taranath's history of Buddhism in India.* Shimla: Indian Institute of Advanced Study.

E. E. Kuzmina. (२००८). *The prehistory of the Silk Road.* (Victor H. Mair, सम्पादक) Philadelphia: University of Pensylvannia Press.

Edwin T Atkinson. (१९८० [१८८४]). *Kumaon hills: History, geography and anthropology with reference to Garhwal and Nepal.* New Delhi: Cosmo Publications.

Giuseppe Tucci. (१९५६). *Preliminary report on two scientific expedition in Nepal.* Rome: Instituto Italiano Per IL Medio Ed Estremo Oriente.

Giuseppe Tucci. (१९६२). *Nepal: The discovery of the Malla.* (Lowett Edwards, अनुबादक) London: George Allen & Unwin.

H. W. Bailey. (१९७९). *Dictionary of Khotan Saka.* London: Cambridge University Press.

James Todd. (१८९५). *The annals and antiquities of Rajasthan, or the central and western Rajput states of India* (भा. I & II). Calcutta: Beni Madhaba Ghosh.

Johan Reinhard, & Sueyoshi Toba. (१९७०). *Preliminary linguistic analysis and vocabulary of the Kusunda language.* Kathmandu: Summer Institute of Linguistics.

John McCrindle. (१९७१). *Ancient India as described in classical literature.* Amsterdam: Philo Press.

John Reinhard. (१९६८). Kusunda: Ethnographic notes on a hunting tribe of Nepal. *Bulletin of the international committee on urgent anthropological and ethnological research, १०*, ९५-११०.

Kavita Rastogi. (२०१२). *A descriptive grammar of Raji.* Lucknow: Aviram Prakashan.

Laksmi Dat Joshi. (१९८४). *Tribal people of the Himalayas: A study of the Khasas.* Delhi: Mittal Press.

M. A. Stein. (१९००). *Kalhana's Rajatarangini.* Delhi: Motilal Banarasidass.

Madhav P Pokharel. (To appear). Nominal agreement with adverbials in Khasani. *Nepalese linguistics*.

Maheshwar P. Joshi. (मिति उल्लेख नभएको). The riddle of Ashoka Challa. मा *Kaladarpana: The mirror of Indian art.*

Marc Gaborieau. (१९७६). Preliminary report on the god Masta. मा John T Hitchcock, & Rex L Jones (सम्पादकहरू), *Spirit possession in the Nepal Himalayas* (पानाहरू २१७-२४३). New Delhi, India: Vikas Publishing House.

P. V. Kane. (१९४१). Niyoga. मा P. V. Kane, *History of Dharmasastra* (भा. II, पानाहरू ५९९-६०७). Poona, Maharastra, India: Bhandarkar Oriental Research Institute.

Prayag Raj Sharma. (१९७४). The divinities of the Karnali Basin in Western Nepal. मा Christoph von Furer-Haimendorf (सम्पादक), *Contributions to the anthroplogy of Nepal: Proceeding of a symposium* (पानाहरू २४४-२६०). London: School of Oriental and African Studies.

Ram Niwas Pandey. (१९९७). *Making of modern Nepal: A study of history, art and culture of the principalities of western Nepal.* New Delhi: Nirala.

Ramesh Khatri. (२००८). *The structure of Raji verbs and sentences.* Kirtipur, Tribhuvan University: Central Department of Linguistics.

Suniti Kumar Chatterji. (१९७४). *Kirata-jana-krti.* Calcutta: Asiatic Society.

Thomas Watters. (१९०४-१९०५). *On Yuan Chwang's travels in India (AD ६२९-६४५).* (T. W. Rhys-Davies, & S. W. Bushell, सम्पादकहरू) London: Royal Asiatic Society.

Vaclav Blazek. (२०११). *Tocharian studies works १.* (Michael Schwarz, सम्पादक) Brno: Masaryk University.

Victor H. Mair (सम्पादक). (१९९८). *The Bronze Age and Early Iron Age peoples of eastern Central Asia* (भा. I & II). Washington D. C. & Philadelphia: The Institute for the Study of Man & University of Pensylvannia Museum Publications.

Vinoda Vihari Vidyavinoda. (१९१३-१९१४). Two inscriptions from Bodh-Gaya. (Sten Konow, सम्पादक) *Epigraphica Indica & record of the Archeological Survey of India, XII*, २७-३०.

एन० एस० सोनटक्के, & सी० जी० काशीकर (सम्पादकहरू). (१९४६ इ). *ऋग्वेद (सायण भाष्य), नवौं-दसौं मण्डल* (भा. ४). पुणें, महाराष्ट्र, भारतः वैदिक संशोधन मण्डल.

कुलचन्द्र कोइराला. (२०५२). *नेपाली खस-बाहुनका कुलदेवता मष्टो.* काठमाडौंः गुठी संस्थान.

घनश्याम लेखक. (२०६७). *मानसखण्ड लोकसंस्कृति र लोकसाहित्यको रूपरेखा.* कञ्चनपुरः लेखक.

जनकलाल शर्मा. (२०१२ (२०५८)). शकसूर्य. मा माधव प्रसाद पोखरेल, & सुमन ढकाल (सम्पादकहरू), *जनकलाल शर्माका प्रबन्ध* (पानाहरू ८६-८७). काठमाडौंः बगर फाउन्डेशन.

टेकनाथ गौतम. (२०५०). *रापती अञ्चलको इतिहास र केही संस्मरणहरू.* वाराणसीः अजय प्रिन्टर्स.

धनवज्र वज्राचार्य. (२०२२). कर्नाली प्रदेशको इतिहासको एक झलक. *पूर्णिमा*(६), १४-२९.

नरहरिनाथ योगी. (२०१३). *इतिहास प्रकाश* (भा.हरू २।१, २।२, २।३). काठमाडौंः नेपाल प्रेस.

पूर्णप्रकाश नेपाल 'यात्री'. (२०३९). *राजा गगनिराजको यात्रा.* काठमाडौंः नेपाल रिसर्च एसोसिएट्स.

बिहारीकृष्ण श्रेष्ठ. (२०२८). *कर्णाली लोक संस्कृति : जन जीवन.* काठमाडौंः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान.

भारवि. (मिति उल्लेख नभएको). *किरातार्जुनीयम्.* काशीः चौखम्बा.

महेश्वर प्रसाद जोशी. (२०११ इ). *शूद्रों का ब्राह्मणत्व.* देहरादून, उत्तराखण्डः युगशैल कल्याण समिति.

माधव प्र पोखरेल. (कात्तिक १०, २०७५). उल्टो बाटोमा शिक्षा. *कान्तिपुर.*

माधव प्रसाद पोखरेल. (२०५८). इतिहास खोज्ने चिनियाँ तरिका. *कान्तिपुर.*

माधव प्रसाद पोखरेल. (पुस ७, २०७५). चिनियाँ चञ्चू पोषण सूत्र. *कान्तिपुर 'कोसेली',* घ.

मोहनप्रसाद खनाल. (२०६८). *नेपाली भाषाका हजार वर्ष.* काठमाडौंः राइनो पब्लिकेसन.

राजाराम सुवेदी. (२०५५). *बाइसी राज्यको ऐतिहासिक रूपरेखा.* काठमाडौंः नेपाल तथा एसियाली अनुसन्धान केन्द्र.

रामधारी सिंह दिनकर. (१९५६ इ). *संस्कृति के चार अध्याय.* पटनाः लोक भारती प्रकाशन.

राहुल सांकृत्यायन. (१९४८ इ). *तिब्बत में बौद्धधर्म.* इलाहाबादः किताब महल.

राहुल सांकृत्यायन. (१९५३ इ). *हिमालय-परिचय (१). गढवाल.* इलाहाबादः इलाहाबाद ला जर्नल प्रेस.

राहुल सांकृत्यायन. (२०१३). *मध्य एसिया का इतिहास.* पटनाः बिहार राष्ट्रभाषा परिषद.

*स्कन्द पुराण, केदार खण्ड.* (१९९४ इ). (शिवानन्द (हिन्दी अनुवाद) नौटियाल, अनुबादक) इलाहाबादः हिन्दी साहित्य सम्मेलन.

## परिशिष्ट क:

# अनुसूची: स्थलगत अन्तरक्रियाका सहभागीहरू

### १. वीरेन्द्रनगर, सुर्खेत

| क्र.सं. | नाम | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| १ | प्रा.डा. माधव प्र. पोखरेल | अनुसन्धान टोली नेता | ९८५१२१८०५४ |
| २ | डा. दीपेन्द्र रोकाया | अनुसन्धान टोली सदस्य | ९८६१०४३१३३ |
| ३ | डा. अपर्णा पोखरेल | अनुसन्धान टोली सदस्य | ९८४१४३२८५९ |
| ४ | प्रतिज्ञा रेग्मी | अनुसन्धान टोली सदस्य | ९८४९६६५०७२ |
| ५ | मनबहादुर बगाले मगर | चौकुने, १ सुर्खेत | ९७५८००२६९० |
| ६ | नरबहादुर चौधरी | सुर्खेत जिल्ला | ९८६८०९१७४६ |
| ७ | रमेश खत्री | सुर्खेत जिल्ला | ९८४१६९४६१ |
| ८ | डा. हर्कबहादुर शाही | सुर्खेत जिल्ला | ९८४८०२७४७५ |
| ९ | भीमबहादुर कार्की | सुर्खेत जिल्ला | ९८४८२३३७१० |
| १० | प्रा. महेन्द्र प्रसाद गिरी | सुर्खेत जिल्ला | ९८५८०५१५९० |
| ११ | प्रेमदेव गिरी | सुर्खेत जिल्ला | ९८४८०४८४१५ |
| १२ | सूर्य नारायण शाही कल्याल | राउटे, सुर्खेत | |
| १३ | शेरबहादुर शाही रास्कोटी | राउटे, सुर्खेत | |
| १४ | चन्द्रमान शाही रास्कोटी | राउटे, सुर्खेत | |

### २. सल्यान

| क्र.सं. | नाम | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| १ | प्रा.डा. माधव प्र. पोखरेल | अनुसन्धान टोली नेता | ९८५१२१८०५४ |
| २ | डा. अपर्णा पोखरेल | अनुसन्धान टोली सदस्य | ९८४१४३२८५९ |
| ३ | प्रतिज्ञा रेग्मी | अनुसन्धान टोली सदस्य | ९८४९६६५०७२ |
| ४ | माननीय टेक बहादुर बस्नेत | सल्यान जिल्ला | ९८५७८२४६६६ |
| ५ | अधिवक्ता मनोहर लामिछाने | सल्यान जिल्ला | ९८५११४७४१५ |

### ३. दुल्लु, दैलेख

| क्र.सं. | नाम | ठेगाना | सम्पर्क नं |
|---|---|---|---|
| १ | प्रा.डा. माधव प्र. पोखरेल | अनुसन्धान टोली नेता | ९८५१२१८०५४ |
| २ | डा. दीपेन्द्र रोकाया | अनुसन्धान टोली सदस्य | ९८६१०४३१३३ |
| ३ | डा. अपर्णा पोखरेल | अनुसन्धान टोली सदस्य | ९८४१४३२८५९ |
| ४ | प्रतिज्ञा रेग्मी | अनुसन्धान टोली सदस्य | ९८४९६६५०७२ |
| ५ | भूपाल विक्रम शाह | पटाङ्गिनी, दुल्लु | ९८६७३६२३३२ |
| ६ | रामप्रसाद अधिकारी पाण्डे | भैरवी गा.पा., दैलेख | |

| क्र.सं. | नाम | ठेगाना | सम्पर्क नं |
|---|---|---|---|
| ७ | मेनका दहाल | पटाङ्गिनी, दुल्लु | |
| ८ | कमल बहादुर नेपाली | दुल्लु नगरपालिका व.नं. १<br>शान्ति बजार, दैलेख (५३ वर्ष) | ९७४८०३५१२६ |
| ९ | हिरा सिंह बादी | तल्लो डुङ्गेश्वर, दैलेख | ९८१६५७७९५३ |
| १० | कृष्णा बादी | तल्लो डुङ्गेश्वर, दैलेख | |
| ११ | हिक्मत बादी | तल्लो डुङ्गेश्वर, दैलेख | ९८१५५९०३१९ |

## ४. जाजरकोट

| क्र.स. | नाम | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| १ | प्रा.डा. माधव प्र. पोखरेल | अनुसन्धान टोली नेता | ९८५१२१८०५४ |
| २ | डा. जय गुरुङ | कार्यकारी निर्देशक,<br>नेपाल विकास अनुसन्धान प्रतिष्ठान | ९८५११०१६७५ |
| ३ | डा. अपर्णा पोखरेल | अनुसन्धान टोली सदस्य | ९८४१४३२८५९ |
| ४ | अधिवक्ता मनोहर लामिछाने | सल्यान जिल्ला | ९८५११४७४१५ |

## ५. पश्चिम रुकुम

| क्र.स. | नाम | ठेगाना | सम्पर्क न. |
|---|---|---|---|
| १ | डा. अपर्णा पोखरेल | अनुसन्धान टोली सदस्य | ९८४१४३२८५९ |
| २ | अधिवक्ता मनोहर लामिछाने | सल्यान जिल्ला | ९८५११४७४१५ |

## ६. मान्म, कालिकोट

जिल्ला प्रशासन कार्यालय मान्म खलङ्गाको छलफलमा सहभागीहरुः

| क्र.सं. | नाम | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| १ | प्रा.डा. माधवप्र. पोखरेल | अनुसन्धान टोली नेता | ९८५१२१८०५४ |
| २ | डा. दीपेन्द्र रोकाया | अनुसन्धान टोली सदस्य | ९८६१०४३१३३ |
| ३ | डा. अपर्णा पोखरेल | अनुसन्धान टोली सदस्य | ९८४१४३२८५९ |
| ४ | प्रतिज्ञा रेग्मी | अनुसन्धान टोली सदस्य | ९८४९६६५०७२ |
| ५ | दीपक बहादुर बुढा | अनुसन्धान टोली सदस्य | ९८५११४२६९९ |
| ६ | चन्द्र बहादुर कार्की | प्रमुख जिल्ला अधिकारी | ९८५८३३७७७७ |
| ७ | मक्कर ब.भण्डारी | जिल्ला शिक्षा एकाइ प्रमुख | ९८६३१२०७५३ |
| ८ | अनिपाल शाही | प्रमुख जिल्ला समन्वय समिति कालिकोट | ९८५८०५२०४२ |
| ९ | नेत्रराज शाही | जिसस | ९८५८३२००२२ |
| १० | खडानन्द चौलागाई | शुभकालिकागाउँपालिका अध्यक्ष | ९८४८३६०९९१ |
| ११ | मा. दुर्गाबहादुर रावत | प्रतिनिधिसभा | ९८४८३२०५३१ |
| १२ | मा. कुर्मराज शाही | प्रदेश सभा | ९८४८३०६०९५ |

| क्र.सं. | नाम | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| १३ | मा. तुलराज विष्ट | संविधानसभा | ९७५८९००९९४ |
| १४ | कृष्णप्रसाद आचार्य | नेकपा कालिकोट | ९८४८३०१८११ |
| १५ | नन्दबहादुर शाही | नेमकिपा | ९८५८३२००१५ |
| १६ | रमेश कुमार शाही | नेकपा | ९८५८३९०३५४ |
| १७ | खेमबहादुर सिंह | मुख्यमन्त्रीको स्वकीय सचिव | ९८५८०९२२२२ |
| १८ | दिनेश चदारा | नेकपा | ९८५८३००२७ |
| १९ | राजकुमार दुलाल | सहायक प्रजिअ | ९८४११४५११३ |
| २० | जयचन्द्र अधिकारी | समाजसेवी | ९८४८३०१३४४ |
| २१ | जसीप्रसाद पाण्डे | खाँडाचक्र नपा प्रमुख | ९८५५०३९०३८ |
| २२ | हिक्मत ब. विष्ट | जिल्ला वार एशोसिएसन | ९८४१४०२२३४ |
| २३ | दमन ब. शाही | नेपाली काँग्रेस | ९८४१३२९१३४ |
| २४ | रमेश रावल | पत्रकार | ९८५८३२०४१० |
| २५ | लालबहादुर मल्ल | राप्रपा नेपाल | ९८४८३०७८४० |
| २६ | अमरराज सेजुवाल | कालिकोट | ९८५११७३३१८ |
| २७ | जीवन रावत | कालिकोट | ९८६८६९००१९ |
| २८ | रवीन्द्र शाही | नेकपा | ९८४८३०१०९० |
| २९ | पुष्पराज आचार्य | संस्कृतिकर्मी | ९८४८०५१९८४ |

**७. खलङ्गा, जुम्ला**

| क्र.सं. | नाम | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| १ | प्रा.डा. माधव प्र. पोखरेल | अनुसन्धान टोली नेता | ९८५१२१८०५४ |
| २ | डा. दीपेन्द्र रोकाया | अनुसन्धान टोली सदस्य | ९८६१०४३१३३ |
| ३ | डा. अपर्णा पोखरेल | अनुसन्धान टोली सदस्य | ९८४१४३२८५९ |
| ४ | प्रतिज्ञा रेग्मी | अनुसन्धान टोली सदस्य | ९८४९६६५०७२ |
| ५ | दीपक बहादुर बुढा | अनुसन्धान टोली सदस्य | ९८५११४२६९९ |
| ६ | डा. ओम आचार्य | खलङ्गा, जुम्ला | ९८४१९३३८५१ |
| ७ | पूर्णप्रसाद धिताल | सिँजा, जुम्ला | ९८५८३२०५७० |
| ८ | रामानन्द आचार्य | खलङ्गा, जुम्ला | ९८४९३०४९१२ |
| ९ | दिलमाया शाही | नेपाली रेडियो नेटवर्क, जुम्ला | ९८६८३३६७१२ |
| १० | सरिता पराजुली | रेडियो खुला आवाज, जुम्ला | ९८४८३४४९०१ |
| ११ | पूर्णप्रसाद चौलागाई | नेपाल पत्रकार महासंघ, जुम्ला | ९८४८३४९५३४ |
| १२ | कृष्ण माया उपाध्याय | विविसी नेपाली सेवा, जुम्ला | ९८४८३१३९२७ |
| १३ | नेत्रबहादुर शाही | नेपाल पत्रकार महासंघ, जुम्ला | ९८४८३००८६८ |
| १४ | राज शाही | कर्णाली कला केन्द्र, जुम्ला | |
| १५ | जीवन वुढथापा | नेकपा, जुम्ला | |

## ८. सिँजा, जुम्ला

| क्र.सं. | नाम | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| १ | प्रा.डा. माधव प्र. पोखरेल | अनुसन्धान टोली नेता | ९८५१२१८०५४ |
| २ | डा. दीपेन्द्र रोकाया | अनुसन्धान टोली सदस्य | ९८६१०४३१३३ |
| ३ | डा. अपर्णा पोखरेल | अनुसन्धान टोली सदस्य | ९८४१४३२८५९ |
| ४ | प्रतिज्ञा रेग्मी | अनुसन्धान टोली सदस्य | ९८४९६६५०७२ |
| ५ | दीपक बहादुर बुढा | अनुसन्धान टोली सदस्य | ९८५११४२६९९ |
| ६ | धनजित रोकाया | अध्यक्ष कनकासुन्दरी गापा, सिँजा | ९७५८००५५७७ |
| ७ | भेषबहादुर रोकाया | प्र.अ., मालिका मावि खिच्चने, सिँजा | ९८४८३१२२२२ |
| ८ | भक्तबहादुर रोकाया | वि.व्य.स अध्यक्ष, सिँजा | ९७४८९११५६६ |
| ९ | मनवीर बुढा | ३ नं वडा अध्यक्ष, सिँजा | ९८४८३०६९८ |
| १० | नवराज न्यौपाने | पशुसेवा केन्द्र, सिँजा | ९८४८०९९२०७ |
| ११ | दत्तबहादुर रोकाया | समाजसेवी, सिँजा | ९८३८३२०५८७ |
| १२ | दीपेन्द्र रोकाया | शिक्षक, पाण्डुगुफा मावि, सिँजा | ९८५११४८४२० |
| १३ | गोरखबहादुर बुढा | शिक्षक, कोइलीचरी मावि, सिँजा | ९८४८३१८९५४ |
| १४ | गोविन्द पुरी | कार्यकारी प्रमुख, कनकासुन्दरी गापा, सिँजा | ९७४४०८००६६ |
| १५ | पद्म शरण उपाध्याय | वडा सदस्य, सिँजा | ९८४८३४५७९१ |
| १६ | टुङ्गनाथ उपाध्याय | सामाजिक अध्ययनकर्ता, सिँजा | ९८४७९८९५६६ |
| १७ | भीमनिधि हमाल | नेपाली काँग्रेस, जुम्ला | ९८५८३२०५५० |
| १८ | प्रेमबहादुर पछाई | समाजेवी, जुम्ला | ९७४३०६६०२८ |
| १९ | जग्गी प्र. आचार्य | वडानं६, अध्यक्ष, सिँजा | ९७५८००५५६६ |
| २० | जयकृष्ण हमाल | ऋहेव, सिँजा | ९८६९९६२८२७ |
| २१ | दीर्घब.शाशी | समाजसेवी, जुम्ला | ९८६८३०८५८९ |
| २२ | अर्जुन पछाई | कुमारी बैंक, जुम्ला | ९७४८१५७७४० |
| २३ | मनबहादुर रोकाया | शिक्षक, जुम्ला | ९८४८३१३४५२ |
| २४ | तेजबहादुर बडुवाल | समाजसेवी, जुम्ला | ९८७६६००१९ |
| २५ | दलसिंह रोकाया | सिँजा | ९८४०४४३९८७ |
| २६ | गजेन्द्र हमाल | सिँजा | ९८४८३१३६२८ |
| २७ | बलरूप कामी | सिँजा | |
| २८ | नैनसिंह कडार | सिँजा | |
| २९ | विष्णु लाल न्यौपाने | लुड्कु, जुम्ला | |
| ३० | रामु न्यौपाने | लुड्कु, जुम्ला | |
| ३१ | सूर्य बहादुर घर्ती | लुड्कु, जुम्ला | |
| ३२ | मनबहादुर बोहरा | लुड्कु, जुम्ला | |
| ३३ | सिंहबहादुर शाही | लुड्कु, जुम्ला | |
| ३४ | कर्णदेवी न्यौपाने | लुड्कु, जुम्ला | |

## ९. गमगढी, मुगु

| क्र.सं. | नाम | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| १ | प्रा.डा. माधव प्र. पोखरेल | अनुसन्धान टोली नेता | ९८५१२१८०५४ |
| २ | डा. दीपेन्द्र रोकाया | अनुसन्धान टोली सदस्य | ९८६१०४३१३३ |
| ३ | डा. अपर्णा पोखरेल | अनुसन्धान टोली सदस्य | ९८४१४३२८५९ |
| ४ | प्रतिज्ञा रेग्मी | अनुसन्धान टोली सदस्य | ९८४९६६५०७२ |
| ५ | दीपक बहादुर बुढा | अनुसन्धान टोली सदस्य | ९८५११४२६९९ |
| ६ | गुरु लामा | समाजसेवी | ९८४१६९६५३० |
| ७ | रमेश मल्ल | जिल्ला शिक्षा एकाइ, नि.प्रमुख | ९८४८३००५२२ |
| ८ | मंगल बहादुर शाही | नेकपा, मुगु | ९८५११९११५८ |
| ९ | बिर्खबहादुर थापा | नेकपा, मुगु | ९८५८३२२८२८ |
| १० | जीतबहादुर मल्ल | नेकपा, मुगु | ९७५८९००४४६ |
| ११ | ऐनबहादुर शाही | नेपाली काँग्रेस, मुगु | ९८४१३३२८०८ |
| १२ | प्रकृति शाही | संस्कृति प्रेमी, मुगु | |
| १३ | राज शाही | समाजसेवी, मुगु | ९८५८३२२१५५ |

## १०. हुम्ला

| क्र.सं. | नाम | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| १ | दीपक बहादुर बुढा | अनुसन्धान टोली सदस्य | ९८५११४२६९९ |
| २ | डा. दीपेन्द्र रोकाया | अनुसन्धान टोली सदस्य | ९८६१०४३१३३ |
| ३ | जोगवीर रोकाया | हुम्ला | |
| ४ | गगवीर ऐडी | हुम्ला | |
| ५ | मा. छक्कबहादुर लामा | प्रतिनिधिसभा | |
| ६ | के. बी सिम्पल | प्राज्ञ, गोठी हुम्ला | |

## ११. डोल्पा

| क्र.सं. | नाम | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| १ | दीपक बहादुर बुढा | अनुसन्धान टोली सदस्य | ९८५११४२६९९ |
| २ | अंगत राना मगर | अध्यक्ष, गा. पा., डोल्पा | ९८४९३६४०७७ |
| ३ | शेरबहादुर बुढा | प्रमुख, जिल्ला समन्वय समिति, डोल्पा | ९८५११०३२९४ |
| ४ | सिहराज डाँगी | प्रमुख, जिशिई, डोल्पा | ९८५११५१५२७ |

## परिशिष्ट ख

# खस जातिको भूगोल, इतिहास र चिनारी

*(अन्नपूर्ण पोस्टमा 'खस जातिको खास कुरो' शीर्षकमा प्रकाशित, फागुन ११ गते, २०७५)*

डा० माधव प्रसाद पोखरेल

नेपाली भाषालाई मगर, नेवार र पश्चिमका केही जनजातिहरू खस भाषा भनेर चिनाउँछन् । त्यस्तै नेपाली मातृभाषा हुने पहाडे बाहुन, क्षेत्री, ठकुरी, सन्यासी, कामी, दमाईँ, गाइने र (सम्भवतः) बादीहरूलाई खस जाति भनेर प्राय: आफूले भन्दा अरुले अलिक तल खसालेर चिनाउने चलन थियो । हिजोआज चाहिँ विशेषगरी कर्णाली प्रदेश र सुदूर पश्चिमका नेपाली मातृभाषीहरूले आफू र आफ्नो मातृभाषालाई गर्वसाथ खस भनेर चिनाउने चलन चलेको पाइन्छ । आफूलाई 'खस आर्य' भनेर चिनाउने राजनीतिक आन्दोलन पनि केही वर्षअघि चलेको थियो । वास्तवमा खसहरू को हुन् र तिनीहरूको प्रागितिहासिक, ऐतिहासिक, भौगोलिक र सामाजिक चिनारी के हो भन्ने कुरो अत्यन्त छोटकरीमा दिन यो लेख लेखिएको हो ।

महाभारत, विष्णु पुराण, मार्कण्डेय पुराण, वायु पुराण आदि पुराणहरूमा खस जातिको वर्णन पाइन्छ । इपू० पाँचौँ शताब्दीका युनानी इतिहासकार हेरोडोटस, इपू० तेस्रो शताब्दीका रोमन इतिहासकार प्लिनी, सातौँ शताब्दीका चिनियाँ यात्री स्वेन चाङ, बारौँ शताब्दीको काश्मीरको इतिहास 'राजतरङ्गिणी', आदि ग्रन्थहरूमा खस जातिको सामान्य चर्चा छ । युधिष्ठिरको राजसूय यज्ञमा खसहरू कैलास मानसरोवर क्षेत्रबाट कमिलाले धुल्याएको बुकी सुन कोसेली लिएर पुगेका थिए ।

एड्वार्ड एट्किन्सन (१८८४ इ) ले 'हिमालयन गजेटियर' मा खसहरूको विस्तृत परिचय दिएका छन् । राहुल सांकृत्यायनले खसहरूका वर्णन तीनचार ओटा किताबमा गरेका छन्, तर इटालीका पुरातत्त्वविद् जिउसेप्पे टुची (१९५६ इ) र योगी नरहरि नाथले २०१२-१३ सालतिर कैलास मानसरोवर क्षेत्र र जुम्लामा खसहरूको सिँजा खोला उपत्यका फेला नपारुन्जेल नेपालीहरूलाई काठमाडौँको इतिहासलाई मात्र नेपालको इतिहास भन्ने बानी परेको थियो ।

टुचीले कैलास मानसरोवर क्षेत्रदेखि जुम्लाको सिँजा खोला उपत्यका हुँदै दैलेखको दुल्लुसम्म खस राज्यका कीर्ति राख्ने बलिया प्रमाणहरू प्रस्तुत गरे । योगी नरहरि नाथ (२०१३, २०२२) ले 'इतिहास प्रकाश' का तीनओटा किताब मात्र निकालेनन्, खस प्रदेशका थुप्रै अभिलेखहरू पनि प्रकाशित गरे । त्यसपछि मात्र इतिहासको अध्ययन गर्नेहरूले अशोक चल्लका अभिलेखहरू भारतको गयामा अनि गढवाल र कुमाउँमा क्राचल्ल र अशोक चल्लका अभिलेख भएको कुरो प्रकाशित भइसकेको कुरो खोजेर बटुले । अब चाहिँ खस राजाहरूको कीर्ति दुल्लुमा भएको पृथ्वी मल्लको कीर्ति स्तम्भ (१४१३) ले मात्र देखाएन पृथ्वी मल्लका पूर्खा अशोक चल्लले त गयाको अभिलेखमा आफूलाई 'सपादलक्ष प्रदेश' र 'दानव भूतल (कुमाउँको 'दानापुर' र बर्दियाको 'दानव ताल' छेउ) का राजा' भनेर चिनाएका रहेछन् । तेरौँ शताब्दीमै जुम्लाका आदित्य मल्लले काठमाडौँ उपत्यका जितेको कुरो धनवज्र वज्राचार्य (२०२२) ले प्रकाशमा ल्याए ।

कलकत्ता विश्वविद्यालयबाट भाषा शास्त्रमा एमए गरेर फर्केपछि बालकृष्ण पोखरेलले खसानमा पैदल यात्रा गरेर 'नेपाली' पत्रिकामा 'नेपाली भाषाको कथा' (२०१७) भन्ने लेख लेखेर ऐतिहासिक भाषा विज्ञानका आधारमा

ध्वनि परिवर्तनका नियम बनाएर कर्णाली प्रस्रवण क्षेत्रको 'खस' भाषा नेपाली भाषाको माउ हो भन्ने प्रमाणित गरे, अनि पनि 'पाँच सय वर्ष' (२०२०) का अभिलेखहरू कालक्रम मिलाएर प्रकाशित गर्दै खस जातिको परिचय दिने विस्तृत भूमिका लेखे। बालकृष्ण पोखरेलको त्यो भूमिका राहुल सांकृत्यायनका ग्रन्थबाट प्रभावित थियो। यसरी त्रिभुवन विश्वविद्यालयका नेपाली विषयका विद्यार्थीहरूलाई पढाउँदा पोखरेलले नै खस जातिको परिचय दिए।

चूडामणि बन्धु उनकै विद्यार्थी हुन्, जसले 'नेपाली भाषाको उत्पत्ति' (२०२६) भन्ने किताबमा खस भाषा र नेपालीको विस्तृत परिचय दिए। सत्यमोहन जोशी नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव भएपछि सिँजा खोला उपत्यकाको 'लोक संस्कृति' को परियोजना बनाएर पाँच जना बेग्लाबेग्लै शोधकर्ता (भाषामा चूडामणि बन्धु, मानवशास्त्रमा बिहारीकृष्ण श्रेष्ठ, भूगोलमा स्थिरजङ्गबहादुर सिंह, लोकसाहित्यमा प्रदीप रिमाल र इतिहासमा आफैँ) लिएर स्थलगत अनुसन्धान गर्न २०२७ सालमा जुम्ला पुगे। झन्डै डेढ महिनाको स्थलगत अध्ययन पछि प्रकाशित भएको पाँच ठेलीको 'कर्णाली लोक संस्कृति' भन्ने किताबले २०२८ सालको मदन पुरस्कार पायो। त्यसपछि मोहन बहादुर मल्ल, सूर्यमणि अधिकारी, पूर्णप्रकाश नेपाल 'यात्री' आदि अनुसन्धाताहरू खसको खोजीमा कर्णाली प्रस्रवण क्षेत्रतिर आकर्षित भए।

नेपालमा खसहरू बारे केही भ्रमहरू प्रचलित छन्। पहिलो भ्रम चाहिँ खस जाति 'खस्' धातुबाट विकसित भएको हो कि भन्ने भ्रम। तर 'संसारको छानो' भन्ने विश्वको सबभन्दा अग्लो ताजिकिस्तानमा पर्ने पामिरको पठार वरिपरि (नेपाल, कुमाउँ, गढवाल, पञ्जाब, काश्मीर, पाकिस्तान, अफगानिस्तान, ताजिकिस्तान, चीनको सिन्च्याङ र पश्चिम तिब्बत) हिमाच्छादित पर्वतमालाको वरिपरि 'खस मण्डल' बनाएर एक ढिक्को भएर आज पनि अनुहार, भाषा, भेस, संस्कृति र स्थान नाममा दसीका रूपमा देखिने खस जातिको नामको व्युत्पत्ति कसरी नेपाली भाषाको 'खस्' धातुबाट हुनु सम्भव छ ?

खसहरू बारे दोस्रो भ्रम हो तिनीहरू नेपालमा बाहिरबाटै आए भन्ने भ्रम। माथि भर्खरै उल्लेख गरिएको हिमाली भूभागमा एक ढिक्को भएर पनि कतै बाहिरबाट आउन सकिन्छ ? खसहरूसित अनुहार मिल्ने मानिस माथि उल्लेख गरिएको ताजिकिस्तान, तुर्कमेनिया, उज्बेकिस्तान, इरान, ककेसस, रुस लगायत पुरै युरोपसम्म लगातार रूपमा जोडिएको नदेखेर खसहरू बाहिरबाट आए भन्नु भ्रम र पूर्वाग्रह बाहेक केही पनि होइन। खस जनता जहाँ जहाँ छन्, त्यहीँकै आदिवासी हुन् भन्ने अनेक प्रमाणहरू छन्।

महाभारत र माथि उल्लेख गरेका पुराणहरूमा खसहरू मानसरोवर क्षेत्रमा भएको उल्लेख छ। महाभारत काललाई प्राध्यापक बी० बी० लाल (१९५५ इ) ले खैरो रङका माटाका भाँडा चलाउने समय (इपू० नवौँ शताब्दी) को ठहराएका छन्। महाभारतको घटना नवौँ शताब्दी भए पनि पुराणहरू इपू० दोस्रो शताब्दीभन्दा अघि लेखिएनन्। धेरैजसो पुराणहरू त गुप्त काल (चौथो-छैटौँ शताब्दी) मा लेखिए। विष्णु पुराण र मार्कण्डेय पुराणलाई सबैभन्दा पुराना मानिएको छ। एट्किन्सनले ती पुराणमा पनि खसहरूको उल्लेख भेटेका छन्।

इपू० पाँचौँ शताब्दीका युनानी इतिहासकार हेरोडोटसले कैलास मानसरोवरको कमिलाले उत्पादन गरेको बुकी सुनको चर्चा गरेका छन्। अलेक्जान्डर कनिङ्घमले इपू० छैटौँ शताब्दीसम्म भारतमा सुनको सिक्का बनाउने चलनै थिएन, त्यसैले भारतीय राजाहरू इपू० छैटौँ शताब्दीका इरानी सम्राट् दारिउसलाई बुकी सुन नै थैलामा राखेर चढाउँथे भन्ने लेखेका छन्। खसहरूले मानसरोवर क्षेत्रको त्यही कमिलाले उत्पादन गर्ने बुकी सुन

(पिपीलिका सुवर्ण) नै आफ्नो खटनमा राख्न नै मानसरोवर क्षेत्र रोजेका रहेछन् । इरानका सम्राट्लाई भारत सरकारले चढाउने बुकी सुन पनि मानसरोवर क्षेत्रमै उत्पादन भएको होला ।

इटालेली लामा तारानाथले बुद्ध धर्मको इतिहासको परिशिष्टमा 'दिव्यावदान' र 'अशोकावदान' शीर्षकका दुइटा लेख दिएका छन्, जस अनुसार इपू० तेस्रो शताब्दीमा पाटलीपुत्र (पटना) मा अशोकका बाबु बिन्दुसारको मृत्यु भएपछि अशोकलाई राज्यको उत्तराधिकार नदिन राज्य विप्लव भएका वेलामा अशोकलाई गद्धीमा चढाउन पश्चिम नेपालका दुइटा खसहरूले सघाएका थिए भन्ने कुरो देखिन्छ । पछि अशोकले पश्चिम नेपालको खस प्रदेश जितेको कुरो पनि बौद्ध साहित्यमा पाइने सूचना सेलुप्स्की (१९६७ इ) ले दिएका छन् । रोमन इतिहासकार प्लिनी (इपू० पहिलो शताब्दी) ले पनि हिमालयको यस भेगमा खसहरूको बसोवासको चर्चा गरेका छन् ।

बालकृष्ण पोखरेलले 'खस जातिको इतिहास' मा युरेसियामा भेटिने खसका सबै गोती (शक) हरूलाई खस घोषित गरेका छन्, तर समग्र भित्री र बाहिरी युरेसियाको ऐतिहासिक र पुरातात्त्विक अनुसन्धानको अध्ययन गर्दा राहुल सांकृत्यायनले भने झैँ, खसको उपवर्ग शक नभएर शकको उपवर्ग मात्र खस भएको देखिन्छ । 'खस' शब्दसित मिल्ने ठाउँहरू ताक्लामकान, अफगानिस्तान, पाकिस्तान, आदि ठाउँमा पाइने भए पनि (खोअस, खोअस्पेस, खोफेने, खसमीर, खसघर, खो आदि) यस जातिलाई खालि भारतको कुल्लुदेखि नेपालसम्म मात्र खस नामले बोलाउने गरेको पाइन्छ । यी तथ्यले पनि खसहरूलाई 'खसमण्डल' सँग मात्र जोड्छ, बाहिर पुऱ्याउँदैन । कैलास पर्वत शिवजीको मूल थलो मानिन्छ ।

शिवजीलाई 'यक्षस्वरूपाय जटाधराय' (जटाधारी यक्ष स्वरूपका) भनिएको छ । एट्किन्सनले खसहरूलाई पहिले 'यक्ष' भनिन्थ्यो भन्ने लेखेका छन् । खसहरू शिव भक्त हुन्छन् । खसहरू बसेको ठाउँमा शिवजीकै पूजा बढ्ता हुन्छ । वासुकी नाग शिवजीको गहना मानिन्छ । खसहरू वासुकी नागलाई धेरै मान्दछन् । खसहरूका बसोबास क्षेत्रमा नाग पञ्चमी, नाग पूजा, नाग लाग्ने, नागको शिर जस्ता अनेक लोकाचार पाइन्छन् ।

तेस्रो भ्रम खस राजाहरू भोटे हुन् कि भन्ने पनि छ, किनभने पहिलो त तिब्बतबाटै आएर नागराजले जुम्लालाई आफ्नो केन्द्र बनाएको कुरो कीर्ति स्तम्भमा छ । दसौँ शताब्दीपछि तिब्बतका राजा स्रङ चन गम्पोका सन्तानले तिब्बतलाई तिन ओटा राज्यमा बाँडे । त्यसपछि पूर्वको केन्द्र ह्लासा भयो, बिचको केन्द्र मानसरोवर क्षेत्र भयो र पश्चिमको केन्द्र चाहिँ लद्दाख भयो । त्यसपछि ह्लासाबाट मानसरोवर क्षेत्र (गुगे र पुराङ) तिब्बती संस्कृतिको केन्द्र भयो । एघारौँ शताब्दीका भोटे राजाले थोलिङ गुम्बा बनाए अनि काश्मीर र बिहारमा विद्यार्थीहरूलाई संस्कृत पढ्न पठाए, तर काश्मीरकै गर्मी पनि तिब्बती विद्यार्थीले सहन सकेनन् । धेरै विद्यार्थी मरेपछि राजाले विक्रमशिला महाविहारबाट धेरै प्रयत्न गरेर गुरु दीपङ्करलाई बोलाए । एघारौँ शताब्दीमा दीपङ्कर नेपालको बाटो थोलिङ गुम्बा पुगे, त्यहाँका विद्यार्थी पढाउने जिम्मा लिए, तिब्बती पनि सिके र संस्कृतका सयौँ ग्रन्थ अनुवाद गरे । जुन राजाले दीपङ्करलाई बोलाए, ती चाहिँ दुई जना छोरासहित भिक्षु भए । ती राजाको संस्कृत नाम ज्ञानप्रभ थियो र उनका एउटा छोराको नाउँ नागराज थियो ।

पृथ्वी मल्लको दुल्लुको कीर्ति स्तम्भमा दुइटा वंशावली छन् । पृथ्वी मल्लका बाबु पुण्य मल्ल जन्मिँदा पाल थरका थिए, तर राजा हुँदा ससुराली मल्ल राजाहरू अपुता भएकाले 'मल्ल' थर लिएर घरज्वाइँ तथा पुण्य मल्लका उत्तराधिकारी धर्मपुत्र भए । यसरी दुइटा वंश जोडिएर मल्ल भएको देखिन्छ । मल्ल थर भएका मानिसहरू त बुद्धकै पालामा पनि कुसिनगरमा बस्थे । राजाहरूको पाल वंश आठौँ शताब्दीतिर बङ्गालमा

थालियो । ठिक त्यसैवेला गुजरातमा गुर्जर प्रतिहारवंशी राजाहरू बलिया भए, तर नवौँ दसौँ शताब्दीमा गुर्जर प्रतिहारवंशी राजाहरूले कन्नौज हत्याउँदा उनीहरूको थर पाल भइसकेको थियो । मध्य एसियाका राजा मुहम्मद गजनीले एघारौँ शताब्दीमा कन्नौज हत्याएपछि आफ्ना आसेपासे लिएर उनीहरू मानसरोवर पुगे र सम्भवतः उनीहरूले तिब्बती राजवंशबाट राज्य हत्याए । यसरी गुगेका पाल थर भएका राजाहरू भोटे राजाका उत्तराधिकारी भएका देखिन्छन् अनि कालान्तरमा तिनीहरूकै मल्ल थर हुन्छ ।

यसरी प्रागितिहासिक आप्रवासको परिणामस्वरूप खस जाति दुई किसिमले क्रमशः सर्दै कर्णाली प्रदेश आई पुगेको देखिन्छ । खस शासकहरू चाहिँ पामिरको फेरो मारेर पश्चिम चीनको ताक्लामकान उपत्यकाबाट ताजिकिस्तान, ताजिकिस्तानबाट अफगानिस्तान, अफगानिस्तानबाट पाकिस्तान, पाकिस्तानबाट काश्मीर, काश्मीरबाट गढवाल, गढवालबाट कुमाउँ र कुमालबाट नेपाल आएको इतिहासले देखाउँछ भने, गुगल-अर्थ हेर्दा खस जनता चाहिँ ताक्लामकान उपत्यकाबाट पाखैपाखा पश्चिम तिब्बतको ताक्लाकोट हुँदै नेपाल मात्र होइन, काश्मीर, ताजिकिस्तान, किर्घिजिस्तान र मङ्गोलियासम्म त्यसै पुग्न सक्ने देखिन्छ । यसरी खस जनता चाहिँ पामिरको मालभूमि वरिपरिको भौगोलिक मण्डल बनाएर एकढिक्को भएर फैलेको देखिन्छ; यस भूभाग भित्र बिचमा अर्को जाति नै छैन । भारतमा आइपुगेका खस शासकहरू पनि नेपालमा शासन गर्न आइपुगेकै देखिँदैन । मानसरोवर क्षेत्रबाट नेपालमा शासन गर्न कर्णाली प्रदेश आएका 'खस राजा' हरूको थर 'पाल', 'चल्ल' र 'मल्ल' देख्ता तिनीहरू एघारौँ शताब्दीमा भारतको बङ्गाल, बिहार र काश्मीरमा शक्ति खिएर पश्चिम तिब्बत पुगेर शक्ति सञ्चय गर्दै तिब्बती राजवंशलाई विस्थापित गरे पनि तिब्बती संस्कृतिको संरक्षण गर्ने भारतीय शासकहरूका रक्त मिश्रित वंशज होलान् भन्ने अड्कल गर्न सकिन्छ, तर उनीहरूका जनतालाई पनि भारतीय नै ठान्नु इतिहासको बहुआयामिक स्वरूपसित परिचित नहुनु हो । यसरी खस राजाहरूका रगतमा त भारतीय र तिब्बतीहरूको रक्तमिश्रण भएको हुने सम्भावना भए पनि खस जनतालाई पनि त्यस्तै ठान्न सकिँदैन ।

यसै आधारमा जब जब गङ्गासिन्धुको मैदानमा मध्य एसियाबाट विदेशी आक्रमण भयो, तब तब पुराना शासकहरू विस्थापित भएर गढवाल, कुमाउँ र नेपालका हिमाली र पहाडी प्रदेशतिर भाग्न बाध्य भए । क्यारमका गोट्टी सरे झैँ त्यस्ता शासकहरू उनीहरूका सेनामेना तथा आशामुखीहरू लिएर हिमाली र पहाडी प्रदेश तिर विस्थापित हुँदै गए होलान्। त्यसरी विस्थापित हुने अनेक सभ्यताका पत्र पत्र गढवाल, कुमाउँ र नेपालका हिमाली र पहाडी प्रदेशमा भेटिन सक्छन् । यसरी कर्णाली प्रदेशका खसहरूको सभ्यताभित्र अनुसन्धान गरे, अनेक सभ्यताका पत्र पाइन सक्छन् ।

खसहरूका धेरै चलनहरू भारतका हिन्दुका चलनसँग मिल्दैनन् । आज पनि हुम्ला र डोल्पामा ४०% परिवारमा द्रौपदी प्रथा पाइन्छ । यो चलन तिब्बती मूलका जनतामा मात्र होइन, खसहरूमा पनि पाइन्छ । बादीहरूको बहुपति प्रथा हिमाली क्षेत्रको 'द्रौपदी प्रथा' भन्दा फरक छ । पितृसत्तात्मक समाजले धेरै दरबारका राजा महाराजाहरूमा प्रचलित एउटै पुरुषले बेलुकै पिच्छे अर्का अर्कै महिलासित रात बिताएको धेरै अस्वाभाविक मान्दैन । अरुकै छोरीबुहारी र पत्नीहरूसित एकैचोटि रासलीला मनाउने पुरुषलाई भगवान् कृष्ण मानेर पूजा गर्न समाजले केही पनि अप्ठ्यारो मानेको छैन, कृष्णजी र राजा महाराजाहरूलाई समाजले चरित्रहीन ठहराएर कलङ्कित गरेको छैन, तर मातृसत्तात्मक समाजमा त्यसैगरी एउटै महिलाले बेग्लाबेग्लै पुरुषसित रात बिताएको पनि स्वाभाविक हुन्छ भन्ने कुरो हाम्रो पितृसत्तात्मक आँखाले बुझ्न सक्तैन । बादीहरूको समाजमा मातृसत्तात्मक समाजको त्यही अवशेष छ, जहाँ श्रीमतीहरू गाउँका राजा, रजौटा र ठालुहरू कहाँ नाचगान गरेर रात बिताउन

पुग्छन् र उनीहरूका पतिहरू चाहिँ मादल र बाजा बजाएर सहजकर्ता हुन्छन् । बादीहरूले खस जातिको प्रागितिहासिक चलन साँचेको देखिन्छ । चीन, ग्रीस, संस्कृत र मध्य एसियामा 'स्त्री राज्य' को वर्णन पाइन्छ । महाभारत र हेरोडोटसले पनि कुमाउँको ब्रह्मपुर मास्तिरको खसहरूको स्त्री राज्यको उल्लेख गरेका छन् । खसहरूका परिवारमा सौता अंश लाग्छ, भारतमा जस्तो छोरा अंश लाग्दैन । पाञ्चाल (कुमाउँ) की राजकुमारी द्रौपदीको बहुपतित्वको उपहास महाभारतमा पनि गरिएको छ ।

कर्णाली प्रस्रवण क्षेत्रमा कुनै पुराणमा पनि उल्लेख नभएका असङ्ख्य देउताहरूको पूजा हुन्छ । कुमाउँमा कुम्भ निकुम्भको पूजा हुन्छ । डोटी र बैतडीमा घटाल (घटोत्कच) देउताको पूजा हुन्छ । खसहरू हिन्दू धर्मशास्त्र बन्नुभन्दा अगाडिदेखि नै यस भूभागमा बसोबास गरेकाले र गङ्गासिन्धुको मैदानमा वेद, ब्राह्मण र हिन्दू पुराणहरू लेखिएकाले ब्राह्मण धर्म (वर्णाश्रम धर्म) बन्नुभन्दा अगाडि नै हिमालयको यस भेगमा बिसरहेका आदिवासी खसहरूलाई मनुस्मृतिमा पनि जातमा काढेको देखिन्छ । कुमाउँ, बैतडी, डोटी, अछाम, हुम्ला र जुम्लामा अझै पनि जनै नलगाउने (मतवाली) क्षेत्रीहरू पाइन्छन् । गबारियोले यस्तै क्षेत्रीलाई चाहिँ सक्कली खस मानेका छन् । पछि बनेको हिन्दु वर्णाश्रम धर्मले यस्ता क्षेत्रीहरूलाई अछाममा पानी नै काढेको पनि देखिन्छ भने, कतै कतै चाहिँ बिहेबारी चल्ने सूचना पनि पाइएको छ ।

'संस्कृति के चार अध्याय' भन्ने किताबमा दिनकरले के लेखेका छन् भने, हिन्दू समाजले प्रविधिज्ञहरूलाई चाहिँ जातकट्टा गरेर पानी काढेको देखिन्छ । नेपालका कामी, दमाईँ, सार्की, गाइने, आदि त्यस्तै प्रविधिज्ञ हुन्; नेपालका प्राचीन इन्जिनियर हुन् । डा० महेश्वर जोशी (२०११ इ) ले 'शूद्रों का ब्राह्मणत्व' भन्ने किताबमा के लेखेका छन् भने, कुमाउँमा गोर्खालीहरूले नजितुन्जेल त्यहाँका शूद्रलाई पानी काढिएको पनि थिएन, बाहुनसँग बिहेबारीमा पनि बन्देज थिएन । यसरी नेपालमा चाहिँ मैदानी हिन्दू धर्मको प्रभावले आफ्नै सीप भएका केही खस जातिलाई अन्यायपूर्वक दलित बनाइएको रहेछ ।

जुम्लामा नारायणको पूजा गर्दा पनि बोको वलि गर्ने चलन छ । यो चलन हिन्दु धर्मसित मिल्दैन ।
यसरी खसहरूका चलन नै हिन्दुहरूसँग धेरै मिल्दैनन् ।

## परिशिष्ट ग

# कैलास मानसरोवर जाने प्रागितिहासिक नेपाली बाटो

*('कैलासतिरको बाटो' शीर्षकमा, अन्नपूर्ण, २०७५ चैत २ गते शनिबार)*

डा० माधव प्रसाद पोखरेल

कैलास पर्वत र मानसरोवर हिन्दू, बौद्ध र बोन धर्म मान्नेहरूको तीर्थ स्थल हो । घनश्याम आचार्य (२०६७) को सूचना अनुसार वाल्मीकि रामायण, विष्णु पुराण, वायु पुराण, श्रीमद्भागवत, देवी भागवत, भविष्य पुराण अनि स्कन्द पुराणका केदार खण्ड, मानस खण्ड र हिमवत्खण्डमा कैलास मानसरोवर क्षेत्रलाई उच्चतम महत्त्व दिइएको छ। सातौँ शताब्दीका चिनियाँ यात्री स्वेन चाङले कैलास पर्वतलाई नै पुराणहरूमा 'मेरु पर्वत' भनिएको कुरो ठहर गरेका छन् । महाकवि कालिदासले पनि उनको 'मेघदूत' खण्ड काव्यमा राजहाँसहरू जाडो र गर्मीमा मानसरोवर सम्म ओहोरदोहोर गर्छन् भन्ने कुरो लेखेका छन् । साँच्चै नै, आज पनि कालिकोट र अछाम छेउछाउका मानिसहरूले राजहाँसहरू मानसरोवर ओहोरदोहोर गरेको देख्छन् र राजहाँसको बहुमूल्य दिसा (पुलिक) सिलो गर्ने सांस्कृतिक कुरा सुनाउँछन् ।

भारतीय उपमहाद्वीपका सबै प्राग्वैदिक र अवैदिक जातिहरूले अत्यन्त श्रद्धा गरेर मान्ने भगवान शिव कैलास पर्वतमै बस्छन् भन्ने कुरो पुराणहरूमा लेखिएको छ । काश्मीरदेखि पूर्व नेपालको 'गण्डकी सम्म' को भूभागलाई महाभारत र पुराणहरूमा 'खसमण्डल' (केदार खण्ड र मानस खण्ड) भनिएको पाइन्छ (योगी नरहरि नाथ) । खसहरूलाई पहिले 'यक्ष' भनिन्थ्यो भन्ने कुरो एट्किन्सनले 'हिमालयन गजेटियर' मा लेखेका छन् । शिवजीलाई नै 'यक्ष स्वरूप' (यक्षस्वरूपाय) भनिएको पनि पाइन्छ । नेपालदेखि काश्मीर सम्म शिवजी र नागको पूजा धुमधामसित हुन्छ, किन भने नागहरूका राजा वासुकिलाई शिवजीले गलामा गहना लगाउँछन् भन्ने उल्लेख पाइन्छ ।

कैलास मानसरोवर क्षेत्रको आर्थिक व्यापारिक महत्त्व पनि छ । महाभारत (इपू० नवौँ शताब्दी) सभा पर्वमा खसहरूयुधिष्ठिरको राजसूय यज्ञमा कैलास मानसरोवर क्षेत्रबाट राजालाई बुकी सुन (पिपीलिका सुवर्ण) चढाउन लाम लागेका थिए ।इपू० पाँचौँ शताब्दीका युनानी इतिहासकार हेरोडोटसले कैलास मानसरोवरको कमिलाले उत्पादन गरेको बुकी सुनको चर्चा गरेका छन् । ह्यामिल्टन (१८१९ इ) ले मानसरोवरको उत्तर तिर करिब २० दिनको बाटो हिँड्दा थोक्लाजुङ, मुनाकथोक, रुङमार आदि ठुल्ठुला सुनखानी क्षेत्र भएको सूचना दिएका छन् ।
सत्यमोहन जोशी (२०२८, कर्णाली लोक संस्कृति, ५५-५६) ले मानसरोवर क्षेत्रको आर्थिक महत्त्व बढाउने वस्तुमा नुन खानी, कस्तूरी, जरीबुटी, असल जातका घोडा, चौँरी, झोपा, भेडा, च्याङ्ग्रा, आदिको उल्लेख गरेका छन् । स्नेल्ग्रोभले पनि तिब्बतको इतिहासमा मानसरोवर उत्तर तिरको जङ्गलमै पाइने वन चौँरी, वन गधा, वन कुकुर र मिर्गहरूलाई पनि प्रागितिहासिक आकर्षणका आधार मानेका छन् । प्रागितिहासिक कालदेखि नै कमिलाले धुल्याएर उत्पादन गरेको बुकी सुन (पिपीलिका सुवर्ण) पाइने क्षेत्र भएकैले होला इतिहास र पुराणमा पनि यस क्षेत्रलाई 'सुवर्ण भूमि' र 'सुवर्ण गोत्र' भनिएको पाइन्छ । कर्णाली प्रदेशका खसहरू प्राचीन कालदेखि घोडा पाल्थे । घोडा व्यापार कर्णाली प्रदेशका खसहरूको एउटा मुख्य व्यवसाय नै थियो । मानसरोवर जाने प्रागितिहासिक बाटाले त्यस व्यवसायलाई पन सघाएको थियो ।

बुकी सुन पाइने हुनाले नै विकट प्रदेश भए पनि खसहरूले त्यो क्षेत्र ओगटेका होलान् । मध्य एसियाको पुरातात्त्विक अन्वेषणले के देखाएको छ भने, प्रागितिहासमा सबभन्दा पहिले सुन चलाउने जाति नै शक हो । मैले 'खस जातिका खास कुरा' (अन्नपूर्ण, २०७५ फागुन ११ गते शनि बार) भन्ने लेखमा के लेखेको छु भने खसहरू पनि पामिरको ओरिपरि हिमाच्छादित क्षेत्रमा बसोवास गर्ने शकहरूकै एउटा बगाल हो, त्यसैले मानसरोवर क्षेत्रको बुकी सुनको सुइँको पाउने जाति पनि मानव इतिहासमा यही हो । ताक्लाकोटका सुन खानीले नै ताक्लामकान उपत्यकाका शक (खस, कुषाण, तोखार) हरू खुनलुन खोलाको गड्तिरै गड्तिर मध्य एसियाबाट पश्चिम तिब्बतको पाखापाखै मानसरोवर क्षेत्रमा आई पुगे होला । यस क्षेत्रको त्यसै व्यापारिक महत्त्वले पुराणहरूमा यक्षराज कुबेरले पनि यसलाई आफ्नो राजधानी बनाएका थिए होलान् ।खसहरूका कब्जामा भएको यसै क्षेत्रको बुकी सुन युधिष्ठिरको राजसूय यज्ञमा मात्र चाहिएन, संभवतः भारत सरकारले इरानका इसा पूर्व छैटौँ शताब्दीका सम्राट् दारिउसलाई पनि थैलामा हालेर यसै क्षेत्रको सुन सिर्तो बुझाउने गरेका होलान् ।

ई.पू. छैटौँ शताब्दीको इरानले र ई.पू. पाँचौँ शताब्दीको युनानले समेत सुइँको पाएको बुकी सुनकै कारणले ई.पू. तेस्रो शताब्दीदेखि पन्ध्रौँ शताब्दी सम्म चीनको सिआनदेखि मध्य एसिया, लघु एसिया, पश्चिम एसिया र युरोप सम्म रेसमको सङ्गठित व्यापार गर्न चीनले बनाएको रेसम मार्गको एउटा हाँगो ताक्लामकानमा कासगरको काशीदेखि खोतान हुँदै पश्चिम तिब्बतको ङरी सम्म र ङरीबाट सम्भवतः नेपाल हुँदै भारत जाने रेसम मार्गको पहाडी हाँगो भेटिएको छ । ङरीमा हालसालै भेटिएको १८०० वर्ष अगाडिको एउटा भव्य चिहानमा फेला परेका चिनियाँ व्यापारिक सर्दाम (चिनियाँ अक्षरमा 'वाङ होउ' 'राजा र राजकुमार' लेखेर बुट्टा काढेको एउटा रेसमी लुगा, सुनको मुखुन्डो, चिनियाँ माटाका भाँडा र काँसका सर्दाम, चियाका मुना, आदि) ले यो कुरो सङ्केत गरेको छ । यो मात्र तिब्बतको पहाडलाई रेसम मार्गले जोड्ने पहिलो दसी हो (जेन छिउ, २०१६ ई, साइन्टिफिक अमेरिकन) ।

दक्षिण एसियाबाट मानसरोवर जाने प्राचीन राजमार्गको पनि तीर्थ यात्रा बाहेक चिनियाँ रेसम मार्गसित जोडिनु प्राथमिकता हुन सक्छ, जसबाट यसको धार्मिक महत्त्व मात्र नभएर अन्तरराष्ट्रिय व्यापार तथा रणनीतिमा समेत उल्लेखनीय उपयोग भएको हुन सक्छ । चीनको सिआनबाट पेइचिङ हुँदै रेसम मार्गको अर्को एउटा हाँगो म्यानमार तिर पनि लागेको थियो भने, त्यसको भारतीय हाँगो विक्रमशिला (बिहार), वैशाली, कुशिनगर, श्रावस्ती, अहिच्छत्र (उ०प्र०) सम्म पनि जोडिन्थ्यो (जेन छिउ)। त्येन सान र अल्ताई पहाडका सुन खानी अनि सिन्च्याङ क्षेत्रको फलाम खानीका साथै मानसरोवर क्षेत्रको बुकी सुनको समृद्धिले गर्दा नै सातौँ शताब्दीमा स्रङ चन गम्पोले मानसरोवर क्षेत्र (चाङचुङ\साङसुङ) का (खस) राजालाई आफ्नी बहिनी बिहे गरेर पनि दिए र विश्वासघात गरेर बहिनीद्वारै मराए (स्नेल्ग्रोभ), तर आठौँ शताब्दी लाग्दा नलाग्दा पश्चिम तिब्बतको त्यो क्षेत्रमा आधिपत्य जमाउन चीन, तिब्बत र तुर्कहरूको लडाइँ चली रह्यो र त्यो क्षेत्र अस्थिर भयो भन्ने सूचना ताक्लाकोटदेखि ताक्लामकान सम्मको इतिहास लेख्ने बेक्विथ (१९८६ इ) ले लेखेका छन् ।

मानसरोवर क्षेत्रको समृद्धिले गर्दा नै खसहरूले भारत (श्रावस्ती, नैमिषारण्य र कान्यकुब्ज) बाट कैलास मानसरोवर तीर्थ यात्रा गर्न जाने बाटामा पर्ने दुल्लु, सिंजा र पश्चिम तिब्बतको ताक्लाकोटको ङरी (कैलासको पश्चिम तिरको गुगे र कैलासको दक्षिण तिरको पुराङ) कब्जा गरेको देखिन्छ । कन्नौजमा हर्षवर्धनले शासन गर्दा (६४७ इ) त्यहाँबाट नेपाल हुँदै तिब्बत पुगेर मध्य एसिया पुग्ने चल्तीको बाटो थियो भनेर राहुल सांकृत्यायन ('तिब्बत में बौद्ध धर्म') र स्नेल्ग्रोभ (इन्डो-टिबेटन बुद्धिज्म) ले पनि लेखेका छन् ।

आज कर्णाली प्रदेशको डोल्पा र अरु ठाउँमा तिब्बती मूलकै भक्तहरूले मानी आएको 'बोन धर्म' आधारभूत रूपमा ताजिकिस्तानबाट आएका खस\शक जातिको धर्म हो भन्ने कुरो स्नेल्ग्रोभ ('इन्डो-टिबेटन बुद्धिज्म', १९८७ इ, 'नाइन वेइज अफ बोन', २००२ इ) ले लेखेका छन्। स्नेल्ग्रोभको भनाइ अनुसार बोन धर्म कैलास मानसरोवर क्षेत्रमा बुद्ध धर्म पुग्नु भन्दा अगाडिको धर्म हो। तिब्बत बाहेक आज यो धर्म नेपालको डोल्पो र सम्भवतः कर्णाली प्रदेशको हिमाली भेगमा मानिन्छ। यो धर्म पश्चिम तिब्बतको कैलास मानसरोवर क्षेत्र, ताजिकिस्तान, अफगानिस्तान, तुर्कमेनिस्तान, इरान र मध्य एसियामा पालन गरिन्थ्यो। बोनहरूको तिब्बती परम्पराले पनि यसलाई ताजिकिस्तान (अर्थात्, काश्मीर पश्चिमका देश) बाटै आएको मान्दछ। टुची (१९५६ इ) ले कैलास मानसरोवरको उत्तर तिर बोन धर्मका मन्दिरहरूका चित्र पनि दिएका छन् भने, स्नेल्ग्रोभले डोल्पोमा यसको व्यापकता भएको देखाएका छन्।

स्नेल्ग्रोभले के लेखेका छन् भने, 'चाङ्चुङ' (राहुल, 'शाङशुङ') अर्थात्, कैलास मानसरोवर क्षेत्रमा दसौँ शताब्दी सम्म बोन धर्म मान्ने शक, कुषाण र तोखारहरू नै बस्थे। टुचीको भनाइ अनुसार चाङ्चुङ भन्नाले कैलास मानसरोवर क्षेत्र मात्र नभएर मध्य एसियाको ताक्लामकान उपत्यकामा पर्ने खोतान सम्मको व्यापक क्षेत्र थियो, जसको सिमाना पूर्वमा तिब्बत, पश्चिममा उत्तर प्रदेश, उत्तरमा ताक्लामकान उपत्यकाको खोतान र दक्षिणमा कुमाउँको बैजनाथ धाम नजिकको ब्रह्मपुर थियो। ताक्लामकान उपत्यकालाई नै राहुल सांकृत्यायन (मध्य एसिया का इतिहास, पहिलो भाग) ले खसहरूको मूल थलो घोषित गरेका छन्।

शक, कुषाण र तोखारहरूको भाषा (बेइली, १९७९ इ)बेग्लै भारोपेली थियो। जुन वेला चाङचुङमा बोन धर्म मान्ने शक, कुषाण र तोखारहरूको आधिपत्य थियो, त्यति वेला तिब्बती जातिको मानसरोवर क्षेत्रमा प्रवेश नै भएको थिएनभन्ने कुरो स्नेल्ग्रोभले नै लेखेका छन्। वाटर्स (१९०४-१९०५ इ) ले पनि के लेखेका छन् भने, जुन वेला चिनियाँ यात्री स्वेनचाङ कन्नौजको स्थानेश्वरमा हर्षवर्धनको दरबारमा पुगेका थिए, त्यति वेला सम्म पश्चिम तिब्बतको कैलास मानसरोवर क्षेत्रमा स्रोङचन गम्पोको तिब्बती आधिपत्य भएकै थिएन। स्नेल्ग्रोभको भनाइ अनुसार बोन धर्म मान्नेहरू सूर्यको प्रतीक 'स्वस्तिक' को प्रयोग गर्थे। शकहरू सूर्यका उपासक थिए। जनकलाल शर्मा ('शक सूर्य', २०१२) ले शकहरूका बुट लगाएका सूर्य मूर्तिहरू शक, शुङ्ग, कुषाण कालीन (इपू० पहिलोदेखि तेस्रो शताब्दी) भारतका विभिन्न भागमा पाइन्छन् भन्ने लेखेका छन्।

पुराणहरूमा उच्च महत्त्व दिएर वर्णन गरिएको कैलास मानसरोवर क्षेत्र जाने चल्तीको बाटो सातौँ शताब्दीदेखि भारतका कन्नौज र श्रावस्तीबाट सुरु भएर सुर्खेतमा जोडिँदै दुल्लु, सिजा, सिमकोट र हिल्सा हुँदै मानसरोवर जान्थ्यो। योगी नरहरि नाथले पनि त्यस तीर्थ मार्गका पुरातात्त्विक चिनो धेरै ठाउँमा देखाएका छन्। हिन्दु, बौद्ध र बोन धर्म मान्नेहरूको साझे तीर्थ स्थल कैलास जाने अन्तरराष्ट्रिय बाटो बनाउन नेपालले प्राथमिकतामा राख्यो भने, दक्षिण एसिया, पूर्वी एसिया  र दक्षिण पूर्वी एसियाका असङ्ख्य हिन्दु र बौद्ध धर्मावलम्बीहरूको कल्याण हुन्थ्यो। त्यो बाटो चीनको रेसम मार्गको पनि एउटा हाँगो भएकाले त्यो बाटाको पुनर्निर्माण चीन सरकारको प्राथमिकतामा पनि पर्छ। कर्णाली प्रदेशको समृद्धिको सबभन्दा ठूलो फड्को यसै अन्तराष्ट्रिय तीर्थ मार्गले गर्न सक्छ।

पेइचिङको अल्पसङ्ख्यक विश्व विद्यालयका तिब्बत विशेषज्ञ प्राध्यापक वाङ याउसित लिएको अन्तर्वार्ता अनुसार रेसम मार्ग चीनको सिआनबाट पश्चिम तिर सिलिङ पुगे पछि त्यसको हाँगो फाट्छ र एउटा हाँगो ह्लासा

तिर लाग्छ। ह्लासा पुगे पछि त्यो सिगाचे तिर लाग्छ। सिगाचेमा फेरि दुइटा हाँगा फाट्छ। एउटा हाँगो चाहिँ केरुङ हुँदै काठमाडौँ तिर लाग्छ भने, अर्को हाँगो चाहिँ न्यालुम तिर लाग्छ। चीनमा छिङ वंशले शासन गरेका वेलामा (सातौँ शताब्दी) खुनलुन नदीको गड्तिरै गड्तिर मन्चुहरू खोतानबाट तिब्बत छिरेको सूचना पनि प्राध्यापक वाङ याउले दिएका छन्।

सत्यमोहन जोशी (२४) ले ताक्लाकोटदेखि सुर्खेत सम्म ओहोरदोहोर गर्ने कैलास मानसरोवर क्षेत्रको बाटामा निम्न लिखित ठाउँ पर्ने उल्लेख गरेका छन् : ताक्लाकोट, खोचरनाथ, मुचु, सिमकोट, छिब्रा, दोर्पा, कुटिकलाँस, राहदेउ फुचा, भुवाभैला, रिमी, गुम, चहट्टा, हाटसिँजा, नाग्म, जुफिथा, हाउडी, दुल्लु हुँदै सुर्खेत। जोशी के भन्दछन् भने त्यो बाटाको डोब र दसी आज पनि विद्यमान छ। अझै त्यस राजमार्ग छेउछाउमा रोपिएका विशाल देवदारुका रुखहरू तथा अनेक धार्मिक सूत्र, कला कृति र ऐतिहासिक अभिलेख भएका शिला स्तम्भहरू तथा चैत्य, देवल, ढुङ्गे धाराहरू पनि घाम पानी पचाएर आजसम्म भग्नावशेषका रूपमा ठडिएर रहेकै छन्।...सिँजा खोला उपत्यकाको राजमार्ग (अहिले अवशेषका रूपमा विद्यमान मूल बाटो) त्यस वेलाको समृद्धि र उन्नतिको प्रतीक भई रहेको छ।

हुम्ला राहदेउमा जन्मेका र आफैँ अनेक पल्ट पैदल यात्रा गरेका डा० दीपेन्द्र रोकायाले दिएको सूचना अनुसार नेपाल भारतको सिमानाबाट कैलास मानसरोवर क्षेत्रसम्म पुग्ने प्रागितिहासिक बाटामा पर्ने मुख्य ठाउँहरू यी हुन्, (१) बाँकेको रुपेडियाबाट चिसापानी, (२) सुर्खेत, (३) दैलेखको घोडावासबाट दुल्लु हुँदै राकम, (४) कालिकोटको मान्म हुँदै नाग्म, (५) जुम्लाको सिजा, (६) मुगुको गमगढीबाट वाम, (७) हुम्लाका दार्मदेउली हुँदै क्रमशः ह्याप्सा (पुमा), पङ्खा (राहदेउ), दुर्पा (घट्टया), सिमकोट, यौवनफया, केर्मी (सल्लिसल्ला\यालबाङ), यारी, हिल्सा, (८) तिब्बतको ताक्लाकोट हुँदै मानसरोवर र कैलास पर्वत। डा० रोकायाले कालिकोटको जितेगाडबाट रास्कोट हुँदै बाजुराको पिलु हुँदै हुम्लाको सल्लिसल्ला जोडिने वैकल्पिक बाटाको पनि सूचना दिएका छन्।

टेकनाथ गौतम (२०५०) के लेख्छन् भने, सातौँ शताब्दीदेखि १३ औँ शताब्दी सम्म (सम्भवतः कर्णाली प्रदेशका खस राजाहरूका पाला सम्म) वर्तमान भारतको उत्तर प्रदेशको फर्रुखावाद जिल्लामा पर्ने कन्नौज (कान्यकुब्ज) को प्रभाव उत्तर भारतमा रहँदा ५०० वर्ष सम्म तिब्बतबाट गुगे, मानसरोवर, सिजा, दुल्लु, सुर्खेत र श्रावस्ती हुँदै एउटा चल्तीको बाटो साकेत (अयोध्या) भएर जान्थ्यो, अर्को नैमिषारण्य (हालको सीतापुर जिल्ला भित्र पर्ने नेमसर) भएर कन्नौजमा जोडिन्थ्यो।

भारतका तीर्थ यात्रीको मानसरोवर जाने सबभन्दा छोटो र सजिलो बाटै त्यही थियो, तर पृथ्वी मल्लको पाला (१४ औँ शताब्दी) पछि खस राज्य टुक्रिनाले अथवा अलाउद्दिनको आक्रमणले कन्नौज ढले पछि त्यस बाटाको प्रयोग किन कम हुँदै गएछ, त्यो कुरो बुझ्न सकिएन।

नेपाल सरकारले अहिल्यै उच्च प्राथमिकता दिएर त्यो बाटो बनाउन सके हिन्दु, बौद्ध र बोनधर्मीहरूको तीर्थ कैलास मानसरोवर ओहोरदोहोर गर्न त्यो नै चीन र भारत जोड्ने सबभन्दा सजिलो र छोटो अन्तरराष्ट्रिय मूल बाटो हुन्थ्यो। त्यो बाटाको पुनर्निर्माण नेपालले नगरेकाले भारतको पिथौरागढबाट ठूलो कष्ट सहेर तीर्थ यात्रीहरू अहिले कैलास मानसरोवरको तीर्थ यात्रा गरी रहेका छन्। यसमा नेपाल सरकारले भारत र चीनको (अथवा नेपालकै कर्मचारी सञ्चय कोशको) संयुक्त लगानी निम्त्याउन पनि सक्छ। नेपाली तीर्थ यात्रीहरूलाई पनि त्यहाँ

पुग्न मन छ, तर सस्तो र सजिलो बाटै छैन। मानसरोवर जाने त्यो प्रागितिहासिक बाटो फेरि जीवन्त बनाउन सके, त्यस बाटाले पनि नेपालको आन्तरिक पर्यटन र त्यस क्षेत्रको आर्थिक विकासमा ठूलो टेवा दिने थियो।
पहिले मानसरोवर क्षेत्र नेपालकै थियो, २०१८ तिर मात्र नेपालले सम्हाल्न नसकेर चीनको भयो भन्ने कुरो सत्यमोहन जोशी (२०२८) ले लेखेका छन्।

मानसरोवर क्षेत्रसित भौगोलिक रूपमा नेपाल जोड्ने कर्णाली नदीले हो। मानसरोवरबाट ब्रह्मपुत्र, कर्णाली, गङ्गा र सिन्धु नदीहरू बग्छन्। ब्रह्मपुत्र नदी मात्र राक्षस तालमा नमिसिइकन पूर्व तिर बग्छ, तर गङ्गा, सिन्धु र कर्णालीको पानी त राक्षस तालमा मिसिएर मात्र बग्छ, किन भने राक्षस तालमा पानीको सतह मानसरोवरको सतह भन्दा ५० मिटर तल छ। भारतले चाहिँ राक्षस तालमै मिसिएर पानी बग्ने ती सबै नदीहरूलाई मानसरोवरबाट बगेको पवित्र पानी मानेर तीर्थको विकास गरेको छ र आफ्ना तीर्थवासीहरूको आय आर्जनको स्रोत बनाएको छ, तर कर्णाली (जस्तै, हुम्ला) का मानिसहरू चाहिँ कर्णाली नदी चाहिँ राक्षस तालबाट निस्केकाले त्यसका किनारका मान्छे दुख्याहा भएका हुन् भन्ने अन्धविश्वास मानेर बसेका छन् र कर्णालीको पानी अपवित्र मान्छन्।

कर्णाली नदीको विस्तृत चिनारी सत्यमोहन जोशी (२०२८) ले दिएका छन्। मानसरोवरको दक्षिण तिर 'माप्चा चुङ्गो' (मुजुरको टाउको) नामक पानीको मूलबाट कर्णाली उम्रिन्छ। माप्चा चुङ्गोबाट हिमाल छेडेर मुख्य कर्णालीमा त्यो पानी मिसिँदा मुजुरको घाँटी जस्तो हरियो झ्याउ भएको पानी देखिन्छ। यसैले कर्णालीको नाउँ 'मुजुर मुखे' भएको हो। लाम्पिया घाटीबाट कर्णाली तिब्बतबाट निस्किन्छ (४-५)। कर्णालीले हिमालयलाई 'यादाङ्ग्री' र 'सियार' बिचको घाटीबाट छिचोल्छ। त्यही कर्णाली नदीले हुम्ला पुगे पछि 'हुम्ला कर्णाली' नाउँ पाउँछ। त्यसैमा मुगुबाट आएको 'मुगु कर्णाली' मिसिन्छ। सिँजा खोलामा बग्ने हिमा नदी र जुम्ला उपत्यकाबाट बग्ने तिला नदी पनि यसैमा मिल्छन्। तल पुग्दा त्यसैमा व्यास हिमालबाट निस्केको सेती र कागमाराबाट निस्केको भेरी पनि मिसिन्छन्। भारतको उत्तर प्रदेशमा भगवान रामको जन्म थलो अयोध्या पुग्दा यही नदी भगवान रामको थाङ्ना धुने 'सरयू' नदीका नामले प्रसिद्ध भएर त्यस मनि गङ्गा नदीमा गएर मिल्छ (६-७)।

यसरी कर्णालीका बासिन्दाको कर्णाली नदी बारेको अन्धविश्वास हटाएर उनीहरूलाई कर्णाली पनि मानसरोवरबाटै बगेको र अझ भगवान रामचन्द्रलाई समेत नुहाएर पवित्र बनाउने पानी हो भन्ने कुरो बुझाएर 'मानसरोवरको पानी' भनेर कर्णालीको पानी बोतलमा हालेर नेपालका तीर्थहरूमा बेच्यो भने पनि भक्तहरूले सङ्ग्रह गर्छन्। सबै नेपाली भक्तहरू १।१ बोतल मानसरोवरको पानी घरमा राख्न तयार छन्। मानसरोवरको पवित्र पानी हरेक धर्मप्राण नेपालीको सुलभ पहुँचसम्म पुऱ्याउन सचेत हुनु पर्छ।

मानसरोवर जाने नेपाली बाटो धेरैजसो त्यही पवित्र कर्णाली नदीको गड्तिर हुँदै उकालो लाग्छ।

## परिशिष्ट घ

# नेपालमा स्त्री राज्य र मातृसत्ताको अवशेष

*(नयाँ पत्रिकाको 'झन नयाँ' स्तम्भमा 'स्त्री राज्य' शीर्षकमा प्रकाशित, शनिबार, चैत १६ गते २०७५)*

डा० माधव प्रसाद पोखरेल

महाभारतमा पाञ्चाल (कुमाउँ) की राजकुमारी द्रौपदीको एकै चोटि पाँच भाइ पाण्डवसित बिहे भएको कुराले पितृसत्तात्मक समाजका पाठकहरूलाई उदेक लाग्छ । त्यो भन्दा बढ्ता उदेक आफ्ना श्रीमान् (पाण्डु) हुँदा हुँदै श्रीमानकै सल्लाहले मथुराकी राजकुमारी कुन्तीले अनेक देउताबाट छोरा (धर्मराजबाट युधिष्ठिर, वायुबाट भीमसेन र इन्द्रबाट अर्जुन) पाएको र माद्रीले जम्ल्याहा दाजु भाइ अश्विनीकुमारबाट जम्ल्याहा छोरा (नकुल र सहदेव) पाएको कथाले पाठक छक्क पर्छ । कुन्तीले बिहे नै नभइकन सूर्यबाट एउटा छोरो (कर्ण) जन्मेको कुरो 'लोक लाज' ले कसैलाई नसुनाएको तर अर्जुनसँग धनुर्विद्यामा होड गर्न रङ्गशालामा आएको कवच कुण्डल सहितको कर्णलाई देख्ता र दरबारियाहरूले त्यस छोराको अपमान गर्दा कुन्ती भित्रभित्रै भुट्भुटिएको र फत्र्याक फत्र्याक भएको देख्ता चाहिँ धेरैजसो पाठकलाई स्वाभाविक नै लाग्छ । कुरुक्षेत्रमा कर्णको लासको सद्गति गर्न कुन्तीले युधिष्ठिरलाई कर्ण तेरै दाजु हो भनेर सार्वजनिक गर्दा कथा रोमाञ्चक बन्छ ।

कुन्तीकी सासु कस्तूरीगन्धा सत्यवतीले आफ्ना शान्तनु तर्फका छोरा चित्राङ्गद र विचित्रवीर्य मरे पछि सत्यवतीका बाबुकै कारणले आजीवन ब्रह्मचर्य लिने भीष्म प्रतिज्ञा गरेका जेठी (गङ्गा) पट्टिका छोरा देवव्रतलाई कुलको 'निरन्तरता' का लागि बिहे गर्न कर गर्दा पनि नमाने पछि आफ्ना भाइ बुहारी (अम्बिका र अम्बालिका) हरूबाट कुलको रक्षा गरी देउ भन्दा पनि नमाने पछि बिहे गर्नुभन्दा अगाडि पराशर ऋषिबाट जन्मेका आफ्ना छोरा व्यास ऋषिलाई लगाएर 'नियोग' प्रथाबाट अम्बिका र अम्बालिकाबाट क्रमशः धृतराष्ट्र र पाण्डु जन्माएको कुरालाई कथा मात्र मानेर धेरैजसो पाठकहरू तिनछक परेका छन्, तर महाभारतको यो चलन आज पनि कुमाउँ, गढवाल (पाञ्चाल) र नेपालमा पाइन्छ भन्ने कुरा चाल पाउँदा अधिकांश नेपाली पाठक कति छक्क पर्लान् र झस्केलान् भनेर यो लेख लेखिएको हो ।

महाभारतका यी पात्रको लिङ्ग मात्र परिवर्तन गरेर सोच्ता के होला ? द्रौपदीका श्रीमानको सङ्ख्या गनेर महाभारतमै कर्ण, दुर्योधन र दुःशासनले द्रौपदीको अपमान गरे, तर अर्जुनको बिहे कति ओटीसित भयो, त्यसको निश्चित गन्ती कसैले गरेन, किनभने अर्जुनका भित्रिनी र बाहिरिनीहरूको गणनाबाट समाजले अर्जुनलाई कलङ्कित गर्दैन । पतिसित सल्लाह गरी गरी अनेक पुरुषबाट छोरा पाउने कुन्तीको चरित्र सहन गारो मान्ने समाजले कुन्तीका ठाउँमा पाण्डुले कुन्तीसँग सल्लाह गरी गरी अनेक महिलाबाट छोरा पाएका भए, समाजले त्यसमा उदेक मान्नु पर्ने र पाण्डुको चरित्र कलङ्कित बनाउनु पर्ने केही कारण देख्तैन । सत्यवती र कुन्तीले बिहे नै नगरी छोरा पाएको अहिलेकै नेपाली मुलुकी ऐनले भेट्यो भने पनि कलङ्कित गर्ला, तर उही घटनाका अङ्सियार पराशर ऋषि र सूर्य भगवानको जात कट्टा गर्ने कुरो नेपालको कुनै पनि मुलुकी ऐनले सोच्तैन । व्यास ऋषिले बुहारीहरूलाई पुत्रवती बनाएको घटना (र नियोग प्रथा) त प्राचीन हिन्दु समाजमा चलेकै थियो भन्ने कुरो पाण्डुरङ्ग काणे (१९४१ इ) ले 'धर्मशास्त्रको इतिहास' मा लेखेका छन् । नेपाल भारतमा नै कतै कतै विधवा भाउजुको देवरसित स्थायी रूपमा अनौपचारिक बिहे भएका घटना त मेरै जानकारीमा पनि भेटिएलान् ।

पुरुष प्रधान (पितृसत्तात्मक) समाजमा जति किसिमले महिलासँग यौन सम्बन्ध राख्न पुरुषलाई छुट र अधिकार दिएको हुन्छ, त्यति नै अधिकार महिलालाई दिएको हुँदैन। त्यसै गरी महिला प्रधान (मातृसत्तात्मक) समाजमा त्यही अधिकार र छुट जति महिलालाई दिइएको हुन्छ, त्यति पुरुषलाई दिइएको हुँदैन। यस दृष्टिले विचार गर्दा महाभारतको उत्तरी भेगमा सम्भवतः खस र शकहरूको समाज कतै कतै मातृसत्तात्मक रहेछ भन्ने बुझ्नु पर्ने हुन्छ। अहिले पनि ब्रह्मपुत्र बेँसीका खासी, गारो र जयन्तियाहरूका समाजमा अनि केरलाका नायरहरूका समाजमा अनि चीनका युन्नान र सिछुवान प्रान्तका पहाडमा बसोवास गर्ने मोसुओ जातिहरूका समाजमा पुरुषको नभएर महिलाको हैकम चल्छ। एसिया, अफ्रिका, युरोप र दक्षिण अमेरिका, आदि महादेशका खास खास समुदायमा मातृसत्ता अहिले पनि चलेको सामाजिक अवस्था भएकाले कति समाज वैज्ञानिकहरू के धारणा राख्छन् भने, हरेक मानव समाज पहिले मातृसत्तात्मक नै थियो, पछि पितृसत्तात्मक भएको हो। त्यसो हो भने, सङ्खुवा सभाको किमाथाङ्काका शेर्पाहरूका परिवारमा आंशिक रूपमा मात्र उभ्रेको, तर नेपाल हिमालयका हुम्ला र डोल्पामा झन्डै आधा जसो परिवारमा व्याप्त भएको बहुपति (द्रौपदी) प्रथाले र पश्चिम नेपालका बादी र गढवाल कुमाउँका नायरहरूमा पाइने बहुपति प्रथाले प्रागितिहासिक सामाजिक अवस्थाको जिउँदो सङ्ग्रहालयको प्रतिनिधित्व गर्लान्।

समाज वैज्ञानिकहरूले मातृसत्ताका किसिमको वर्गीकरण पनि केस्रा केस्रा छुट्ट्याएर गरेको पाइन्छ, तर म समाज शास्त्रको विद्यार्थी नभएकाले नेपालमा पाइने मातृसत्ताको सामान्य चिनारी मात्र यस लेखमा गराउने कोसिस गर्छु।

## १. हुम्ला र डोल्पाको बहुपति प्रथा :

दीपक बुढाको सूचना अनुसार हुम्ला र डोल्पामा झन्डै ४०% परिवारमा अझै एउटै महिलासित सबै दाजु भाइको बिहे र दाम्पत्य हुने बहु पति (द्रौपदी) प्रथा प्रचलित छ। यो चलन तिब्बती मूलका परिवारमा बढ्ता प्रचलित छ (लक्ष्मीदत्त जोशी, पृ० ७७), तर खस समुदायमा पनि पाइन्छ। डा० काली बहादुर मल्लले भने अनुसार जाजरकोटमा पुरैनीकी एउटी महिलाले सानका साथ दुइटा पुरुषसित बिहे गरेकी छिन्।

मानव विकासको प्रारम्भिक चरणको मानिएको यो संस्कृतिलाई नेपालका बुज्झकीहरूले कलङ्क ठानेर त्यसलाई युरोप अमेरिकाका पश्चिमी आँखाले अथवा हिन्दु अतिवादीहरूका आँखाले हेरेर पितृसत्तात्मक समाजमा परिवर्तन गराउन लागी पर्नु दुर्भाग्य हो। विश्वका मानव शास्त्री र समाज शास्त्री अध्येता र अनुसन्धाताहरूका लागि नेपाल हिमालयले जोगाएको यो प्राचीन जीवन शैली अध्ययन र अनुसन्धानको विषय हुन सक्छ, त्यसैले यस्तो प्रागितिहासिक परम्परा बदल्न खोज्ने 'सांस्कृतिक क्रान्ति' लाई हतोत्साहित गर्दै कसरी यस्ता मानव समुदायको यो प्रागितिहासिक प्रथालाई आदर्श ढङ्गले जिउँदो सङ्ग्रहालयका रूपमा संरक्षण गर्ने भन्ने कुरामा स्थानीय, प्रादेशिक र केन्द्रीय सरकार लाग्नु पर्छ।

## २. माथि उल्लेख गरे झैँ महाभारतमा मातृसत्तात्मक समाजका अनेक उदाहरण छन् :

क. बाबु आमाले नै औपचारिक रूपमा पाँच ओटा दाजु भाइ (युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव) सित बिहे गरी दिएकी पाञ्चाल देश (वर्तमान उत्तराखण्ड अथवा कुमाउँ र गढवाल) की राजकुमारी द्रौपदी,

ख. बिहे गरी दिएका पति (पाण्डु) सितै सल्लाह गरेर रोजी रोजी अनेक परपुरुषबाट सन्तान जन्माउने शूरसेन अथवा मथुराकी राजकुमारी कुन्ती (धर्मराज, वायु र इन्द्र) र माद्री (जम्ल्याहा अश्विनीकुमार),

ग. सासु (पराशर ऋषिका कृपाले उच्च हिमाली क्षेत्रमा पाइने कस्तूरी मृगको बास्ना आउने सत्यवती) र जेठाजु (भीष्म) कै सल्लाह अनुसार सासुले बिहे गर्नु भन्दा अगाडि नै अर्कै पुरुष (पराशर ऋषि) बाट जन्माएका छोरा भएकाले साइनाले जेठाजु पर्ने वेद व्यासबाट सन्तान जन्माउने हस्तिनापुर (दिल्ली) का राजकुमार विचित्रवीर्यका विधवा अम्बिका (धृतराष्ट्र) र अम्बालिका (पाण्डु),

घ. समाजको लाजले खोलामा बगाई दिएको र बिहे गर्नु भन्दा अघि नै पाएको अनौपचारिक छोरा (कर्ण) लाई आफु राजमाता भई सके पछि आफ्नै औपचारिक छोरा (अर्जुन) सित धनुर्विद्यामा होड गर्न हाँक दिँदै आउँदा रङ्गशालामा चिने पनि सार्वजनिक नगरेर भित्रभित्रै भुट्भुटिने कुन्ती र

ङ. कुरु वंश अपुतो हुने सङ्कट आउँदा मात्र विधवा बुहारीहरूबाट नियोग प्रथा अनुसार त्यो सङ्कट टार्न आफ्नो बिहे गर्नुभन्दा अगाडि जन्मेको छोरा (वेदव्यास) को नाम भीष्मसित सार्वजनिक गर्ने 'कस्तूरीगन्धा' सत्यवती, अनि

च. आफ्ना पति (धृतराष्ट्र) हुँदा हुँदै ससुरा पर्ने वेदव्यासबाट आशीर्वाद पाएर एक सय एक सन्तान पाउने गान्धार (अफगानिस्तान) की राजकुमारी प्रतिव्रता गान्धारी।

महाभारत कालको मूलतः उत्तरी हिमाली क्षेत्र (गान्धारदेखि पाञ्चाल सम्म) मा पाइने मातृसत्तात्मक समाज आज पनि कर्णाली प्रदेशका हुम्ला र डोल्पामा पाइने रहेछ। द्रौपदीको जस्तो बिहेसँग हुम्ला र डोल्पाको चलन ठ्याक्क मिल्ने रहेछ। महाभारतले अम्बिका, अम्बालिका, कुन्ती र माद्रीका लागि स्वीकार गरेको मातृसत्तात्मक 'नियोग' प्रथालाई पितृसत्तात्मक हिन्दु धर्म शास्त्रले चाहिँ हियाएको छ भन्ने कुरो काणे (पाण्डुरङ्ग काणे, १९४१, पृ० ५९९-६०७) ले आफ्नो धर्मशास्त्रको इतिहास भन्ने किताबमा लेखेका छन् ।खसहरूका समाजमा त्यस्तो नियोग प्रथा थियो र अवशेषका रूपमा अझै कतै कतै छ भन्ने कुरो लक्ष्मीदत्त जोशी (१९८४ इ) ले 'ट्राइबल पिपल अफ हिमालयाज' (हिमालयका जन जाति : खसहरूको अध्ययन) भन्ने किताबमा लेखेका छन्।

## ३. खस समाजमा मातृसत्ता

खसहरूको संस्कृति बारे अनुसन्धान गर्ने लक्ष्मीदत्त जोशी (१९८४ इ) ले खसहरूका निम्न लिखित चलनहरू उल्लेखनीय ठहराएका छन्, जसलाई मातृसत्तात्मकताका अवशेष मान्न सकिन्छ :

क. छोराका सन्तान नभए घर ज्वाइँ पाल्ने चलन (पृ० ३)

ख. खसहरूका केही वैवाहिक चलन (पृ० ४९-५०): खसहरू कहाँ पहिले विधवा भाउजु सकार्ने चलन थियो, जारी तिरेर स्वास्नी ल्याउन पाइन्थ्यो, बिहे गर्न जग्गे गर्नु आवश्यक थिएन, द्रौपदी प्रथा प्रचलित थियो।

ग. खसहरू कहाँ सौता अंश लाग्छ, छोरा अंश लाग्दैन। छोराले अंश नपाउने, भान्जाले अंश पाउने चलन पनि खसहरू कहाँ थियो (पृ० ७४)।

घ. राजस्थानका राजपुतहरू पनि खस (शक?) नै हुन्। उनीहरूकहाँ केटी माग्न जानेले ससुरालाई पैसा तिर्नु पर्छ। नेपालका कति जातिमा पनि यो चलन छ। राजस्थानमा भान्जीको बिहेमा मामाले 'मामा झोली'

पाउँछ। परिवारमा मामाको हैकम चल्ने यो चलन मातृसत्तात्मक समाजको अवशेष हो (पृ० ७४-७५)। मामा ससुरालाई भान्जे बुहारीले कपाल ढाक्ने नेपाली चलन पनि त्यहीँबाट आयो होला।

## ४. बादीहरूको बहुपति प्रथा :

बादीहरूको बहुपति प्रथा हिमाली क्षेत्रको 'द्रौपदी प्रथा' भन्दा फरक छ। द्रौपदी प्रथामा चाहिँ एउटी महिलाको बिहे महिलासित साइनो नलाग्ने सहोदर दाजुभाइहरूसित स्थायी रूपमा हुन्छ। बादीहरूको समाजमा चाहिँ बादी महिलाहरूको परस्पर साइनो नलाग्ने नै अनेक पुरुषहरूसित अस्थायी रूपमा मात्र हुन्छ। एक किसिमले बादीहरू पुराणका अप्सरा जस्ता हुन्छन्। पितृसत्तात्मक समाजले धेरै दरबारका राजा महाराजाहरूमा प्रचलित एउटै पुरुषले बेलुकै पिच्छे अर्का अर्कै महिलासित रात बिताएको धेरै अस्वाभाविक मान्दैन। अरुकै छोरी बुहारी र पत्नीहरूसित एकै चोटि रासलीला मनाउने पुरुषलाई भगवान् कृष्ण मानेर पूजा गर्न समाजले केही पनि अप्ठ्यारो मानेको छैन, कृष्णजी र राजा महाराजाहरूलाई समाजले चरित्रहीन ठहराएर कलङ्कित गरेको छैन, तर मातृसत्तात्मक समाजमा त्यसैगरी एउटै महिलाले बेग्लाबेग्लै पुरुषसित रात बिताएको पनि स्वाभाविक हुन्छ भन्ने कुरो हाम्रो पितृसत्तात्मक आँखाले बुझ्न सक्तैन। त्यसै कारणले पुराणहरूमा कृष्णजी जस्तै एकैचोटि अनेक देवताहरूसित रासलीला गर्ने वीराङ्गना भगवतीहरूको कथा अर्थात्, लैङ्गिक समानता पाइँदैन। रामायणमा भगवती सीताको चाहिँ अग्नि परीक्षा बरु भेटिन्छ।

नेपालका बादी जाति र गढवाल कुमाउँका नायक जाति खस समुदायकै सदस्य हुन्, तर परम्परा अनुसार बादी महिलाहरूले ठालुहरूका घरमा नाच्न जाने र पुरुषहरूले मादल बजाएर आफ्ना महिलाहरूलाई सघाउने चलन थियो। यसरी महिलाहरू ठालुहरू कहाँ रात बिताएर धेरै पैसा र अन्नपात कमाउँथे, त्यसैले बादी समुदायमा छोरो जन्मेको भन्दा छोरी जन्मेको धेरै मूल्य थियो अनि परिवारमा महिला (आमा, पत्नी र छोरीबुहारी) हरूकै हैकम चल्थ्यो। बादी समुदायमा धेरै छोरी जन्मनेहरू र धेरै पत्नी हुनेहरू भाग्यमानी मानिन्थे र सम्पन्न हुन्थे।

नेपालका बादीहरूको समाजमा झैँ खसहरूका समुदायमा अहिलेसम्म पनि कुनै न कुनै रूपमा पाइने महाभारतको जस्तो मातृसत्तात्मकताको अवशेषले विश्वका समाजशास्त्र र मानवशास्त्रका विद्यार्थी र अनुसन्धाताहरूका लागि बहुमूल्य जीवन्त सङ्ग्रहालयको प्रतिनिधित्व गर्छन्। बादीहरूको जस्तो श्रीमान-हरू आफ्नै श्रीमती अरु कहाँ पैसा कमाउन पठाउने खसहरूकै एउटा समुदायको चलन गढवाल, नैनिताल र अल्मोडाका नायकहरू कहाँ पनि पाइन्छ (लक्ष्मीदत्त जोशी, ट्राइबल पिपल अफ द हिमालयाज, पृ० ७०)।

एउटा गाईका गोठमा बाच्छा बाच्छीहरूको अथवा चराचुरुङ्गीहरूका बथानमा बचराहरूको बाबु कुन कुन हो भन्ने हिसाब नभए जस्तै बादीहरूका छोरा छोरीको वास्तविक बाबुको हिसाब त्यति हुँदैन। प्रकृतिमा सबै जन्तु र चराचुरुङ्गीमा मातृसत्ता नै पाइने हुनाले मातृसत्ता स्वाभाविक र प्रकृतिको नजिक हो र पितृसत्ता चाहिँ कृत्रिम हो जस्तो देखिन्छ, त्यसैले मानव समाज आधारभूत रूपमा मातृसत्तात्मक नै थियो; पछि पितृसत्तात्मकमा क्रमशः रूपान्तरित भयो भन्ने समाज शास्त्र र मानव शास्त्रको एउटा सिद्धान्तका आधारमा बादी महिलाहरूको सामाजिक मूल्याङ्कन हुनु आवश्यक छ। बादीहरूका परिवारमा जसले आमालाई स्थायी रूपमा बिहे गर्‍यो, त्यसैलाई बाबु मान्नु पर्ने अवस्था देखिन्छ।

बादीहरूले पूरा कालमा खसहरूका समुदायमा भएको मातृसत्तात्मक समाजको प्रतिनिधित्व गर्छन् । हिमाली क्षेत्रमा आज पनि अवशेषको रूपमा पाइने मातृसत्तात्मकता अर्थात् बहुपति (द्रौपदी) प्रथा पितृसत्तात्मकतामा द्रुत गतिले रूपान्तरण भई सकेका खस समुदायमा दुर्लभ हुँदै गएको छ । जाजरकोटमा एउटी सम्भ्रान्त महिला अझै एकै साथ दुई पति राखेर बसेको सूचना (काली बहादुर मल्ल) पाइएको छ । त्यही बहुपति प्रथाको अवशेष आज बादीहरू कहाँ देखिन्छ। मातृसत्तात्मता भएका बादी (किमाथाङ्काका शेर्पा र गढवाल, कुमाउँका नायक) हरूका समाजमा धैरै पुरुषहरूसँग सहवास गर्नु पितृसत्तात्मक समाजमा पुरुषले बहुविवाह गर्नु जस्तै एकदम स्वाभाविक कुरो मानिन्छ । महाभारतमै पनि सत्यवती, अम्बिका, अम्बालिका, गान्धारी, कुन्ती, माद्री र द्रौपदीहरूले मातृसत्तात्मक समाजको प्रतिनिधित्व गर्थे ।

पितृसत्तात्मक समाजमा बादीहरूको मातृसत्तात्मक समाज अनैतिक र घृणित जस्तो अरुलाई मात्र होइन, अरुको खिसी-टिउरी सुनेर बादीहरूलाई नै पनि लाग्न सक्छ, त्यसैले बादीहरूको परम्परा र प्रतिभा जोगाउँदै उनीहरूको समाजको सांस्कृतिक क्रान्ति कसरी गर्न सकिन्छ भन्ने कुरा सोच्नु स्थानीय सरकार, प्रदेश सरकार र केन्द्रीय सरकारको दायित्व हो ।

परम्परा अनुसार मातृसत्तात्मक बादी समुदाय आज भोलि भई रहेको सामाजिक परिवर्तनले क्रमशः पितृसत्तात्मक भई रहेको छ, त्यसैले आज परिवारमा क्रमशः पुरुषको हैकम चल्न थालेको छ; महिलाहरूको कमाइ घटेको छ; परम्परागत पेसामा परिवर्तन भई रहेको छ; तर महिलाहरूको वैकल्पिक पेसा भने, राज्यले जुटाउन सकेको छैन । यसरी बादीहरू विपन्नताले ग्रस्त भएका छन् । स्थानीय, प्रादेशिक, अथवा केन्द्रीय सरकारले बादीहरूलाई विपन्नताबाट मुक्ति दिँदै वैकल्पिक रोजगार दिलाउँदै सामाजिक आर्थिक सुधारद्वारा सबलीकरण गर्नु पर्ने आवश्यकता छ ।बादीहरूको प्रागितिहासिक मातृसत्तात्मक समाजको सौन्दर्य र महत्त्व पितृसत्तात्मक नेपाली आँखाले बुझ्न नसकेर बादीहरूको मातृसत्तात्मक सहवासलाई घृणित मान्यो र उनीहरूको चलनलाई रोक लगायो, तर बादीहरूको समाजलाई वैकल्पिक रोजगार भने दिन सकेन ।

बादीहरूको परम्परागत संस्कृतिलाई सरकारले कसरी संरक्षण गरेर विश्वका मानव शास्त्री र समाज शास्त्रीहरूको अध्ययन, अनुसन्धान र जीवन्त सङ्ग्रहालयको रूप दिने र उनीहरूको सिप र संस्कृतिको विस्तार गरेर आय आर्जनको बाटो बनाउने भन्ने उपाय निकाल्नु न्याय सङ्गत हुने देखिन्छ ।

## ५. खस र शकहरूको स्त्री राज्यको चर्चा :

रोमन इतिहासकार प्लिनी (इसाको पहिलो शताब्दी) ले चम्बा उपत्यकामा खसहरूको स्त्री राज्यको सूचना दिएका छन् । इन्साइक्लोपिडिया आमाजनिका अनुसार युरेसियाको पूर्वमा अल्ताई पहाडदेखि पश्चिम युरोपमा कृष्ण सागर भन्दा पश्चिम सम्मका घाँसे मैदानमा अनि दक्षिण पश्चिममा पश्चिम एसिया र इजिप्ट सम्म युद्धमै भाग लिने शक वीराङ्गनाहरूको चर्चा गरिएको छ । ग्रिस, रोम, चीन र इजिप्टका पितृसत्तात्मक समाजमा शकहरूका समाजको लैङ्गिक समानता उदेक लाग्दो र हास्यास्पद भएको देखिन्छ, त्यसैले ग्रिसेली मिथकहरूमा आमाजन र स्त्री राज्यका मनगढन्ते दन्ते कथाहरू थुप्रै बनेका पाइन्छन् । 'खस जातिको खास कुरो' (अन्नपूर्ण, फागुन ११) भन्ने लेखमा मैले खसहरू पनि पामिरको माल भूमि वरिपरि भेटिने शकहरूकै बगाल हो भन्ने कुरो लेखेको छु ।

ब्रह्मपुर (कुमाउँ) को उत्तर तिर हिमालय पारि सुवर्णगोत्र (कैलास मानसरोवर क्षेत्र) मा उत्कृष्ट सुन पाइने हुनाले त्यस ठाउँको नावैं सुवर्णगोत्र भएको हो। यस देशलाई चिनिया इतिहासमा 'पूर्वी स्त्री राज्य' भन्ने नाउँ किन दिइएको (स्वेनचाङ) भने, त्यहाँ राजाको भन्दा रानीको हैकम चल्थ्यो अरे। त्यो देश पूर्वमा तुर्फान, पश्चिममा मालवा (गुजरात र राजस्थान) र उत्तरमा खोतान सम्म फैलेको थियो भन्ने कुरो स्वेन चाङ (वाटर्स, १९०४-१९०५ इ, पृ० ३३०) ले लेखेका छन्। स्वेनचाङको त्यस सूचनाका आधारमा चाङचुङ राज्यको सिमाना भित्र कुमाउँ र कर्णाली प्रदेश सम्मको नेपाल पनि पर्थ्यो कि जस्तो देखिन्छ। राहुल सांकृत्यायन (तिब्बत में बुद्धधर्म), टुची (१९५६ इ) र स्नेल्ग्रोभ (१९८१ इ) ले त्यस राज्यको नाउँ ‘चाङचुङ’ (वा ‘शाङशुङ) राखेको कुरो मैले त्यसै लेखमा उल्लेख गरेको छु। स्वेनचाङ (पृ० २५८) ले पश्चिमी स्त्री राज्य चाहिँ बृहत्संहितामा वर्णन गरिएको (बेलुचिस्तान उत्तरको) स्त्री राज्य हो भन्ने ठहराएका छन्। त्यो पनि खस भूमि नै हो भन्ने कुरो एट्किन्सन (१८८४ इ) र ग्रियर्सन (१९१६ इ) ले ठहराएका छन्।

विष्णु पुराणमा पनि स्त्री राज्यको वर्णन गरिएको छ। त्यस राज्यमा छोराले आमाको थर लिनु पर्थ्यो र छोरीहरू राजा हुन्थे अरे (एट्किन्सन ४५८-४५९)। महाभारत वन पर्व (५१, १९९१) मा पनि त्यस स्त्री राज्यको चर्चा छ भन्ने सूचना टुची (पृ० १०१) ले दिएका छन्।राजतरङ्गिणी (१२ औँ शताब्दी) अनुसार काश्मीरका सातौँ शताब्दीका कर्कोटक नाग वंशकाराजा जयापीड (७५१-७८२ ई) ले कन्नौज, प्रयाग र पुर्णियाँ (पौण्ड्रवर्धन) सम्म दिग्विजय गरेका थिए। अर्को दिग्विजयमा जयापीडले 'स्त्री राज्य' जितेर नेपालका राजा अरमुडिलाई आक्रमण गरे (स्टेइन, १९०० इ, पृ० ९५)। अरमुडि पछि हट्तै गएर काली गण्डकी तर्न लागेका जयापीडका सेनालाई माथि थुनी राखेको पानी छोडी दिएर बगाई दिएर जयापीडलाई बन्दी बनाए। पछि जयापीडका मन्त्रीले छल मैत्री गराएर जयापीडलाई भगाए (स्टेइन, ५३१-६५९)।

## ६. शक जातिका महिला र लैङ्गिक समानता :

युरेसियाको विस्तृत घाँसे फाँटमा घोडा चढेर आफ्ना वस्तु चराउँदै बसाइँ सर्ने शक जातिका २० ओटा जति नाम इपू० पाँचौँ शताब्दीका ग्रिसेली भूगोलविद् स्ट्राबोले लेखेका छन्। ठावैँ पिच्छे बेग्ला बेग्लै नाउँ भएका ती शकहरूका अनेक बगालमा लोग्ने मान्छे र आइमाईले छुट्टाछुट्टै आत्मरक्षा गर्न सक्ने हुनु आवश्यक थियो, त्यसैले शकहरूका समाजमा महिलाहरू पनि घोडा चढेर लडाइँ गर्ने तालिम लिन्थे, लोग्ने मान्छेहरूसित युद्धमा बराबरी गर्थे, मल्ल युद्धमा पनि भिड्थे, रण क्षेत्रमै पुरुषहरू सरह लडाइँ गर्न पुग्थे, टमक्क परेका छालाका लुगा लगाउँथे, ब्वाँसाको छालाको चुच्चे टोपी लगाउँथे, बुट लगाउँथे, पेटी कस्थे अनि तरवार, भाला, चुप्पी, धनुर्वाण र कोर्रा चलाएर शत्रुको सामना गर्थे। उनीहरू आफ्ना वाणका टुप्पा सर्पका बिखमा चोब्थे र शत्रुहरूमा घातक प्रहार गर्थे। यो कुरो पितृसत्तात्मक ग्रिसलाई सारै उदेक लाग्दो भयो, त्यसैले उनीहरूले (ई.पू. पाँचौँ शताब्दीका इतिहासकार हेरोडोटसले पनि) ती शक युवतीहरू (आमाजनहरू) का विषयमा अनेक मनगढन्ते दन्ते कथा, काव्य, नाटक र कला कृतिहरू बनाए। ग्रिसमा मात्र नभएर ती शक युवतीहरूका किम्बदन्तीहरूले भारत, इजिप्ट र चीन सम्म पनि साहित्यको रूप लिए (इन्साइक्लोपिडिया आमाजनिका, २०१४ ई.)।

इपू० तेस्रो शताब्दीका भारतीय सम्राट् चन्द्र गुप्त मौर्य र उनकी सहशासिका नेपाली महारानी ‘कुमारदेवी’ का सेना र अङ्ग रक्षकमा सुसज्जित वीर महिला योद्धाहरू नै खटिएका थिए र सम्भवतः ती महिला सैनिकहरू

स्त्री राज्य (चाङचुङ) का नागरिक (खस वीराङ्गना?) थिए भन्ने कुरो अलेक्जान्डरका राजदूत मेगास्तनिजले 'इन्डिका' भन्ने किताबमा लेखेको कुरो उल्लेख गरिएको छ (इन्साइक्लोपिडिया आमाजनिका, ४०७-४०८)। कौटिल्यको अर्थशास्त्रमा पनि त्यस्तै महिला अङ्ग रक्षकको व्यवस्था गरिएको छ । चन्द्रगुप्त मौर्यलाई पश्चिम नेपालका खसहरूले सघाएको कुरो त 'दिव्यावदान' र 'अशोकावदान' मा लेखिएको कुरो लामा तारानाथको 'बुद्ध धर्मको इतिहास' को कुरो मैले माथिकै लेखमा पनि उल्लेख गरेको छु । भारतवर्षमा प्राचीन कालदेखि युवा र युवती दुवैलाई युद्ध कला सिकाइन्थ्यो भन्ने कुरो पनि त्यहाँ उल्लेख गरिएको छ।

## ७. शकहरूका बहुविवाहको किसिम :

युरेसियाका घोडचढी शकहरूका विभिन्न समुदायमा पितृसत्तात्मक ग्रिसेलीहरूलाई उदेक लाग्ने अनौठा किसिमका बहुविवाहहरूको चर्चा पनि इन्साइक्लोपिडिया आमाजनिका (१३०-३७) मा गरिएको छ। पुरुष र महिला दुवैलाई विना भेदभाव मायाँ लगाउन पुरै छुट (पोलिअमोरी), एकैचोटि अनेक पति राख्न पनि पाउने बहुपति प्रथा(पोलिएन्ड्री) र एकैचोटि अनेक पत्नी राख्न पनि पाउने बहुपत्नी(पोलिग्यामी) प्रथा ती यायावर शकहरूका समुदायमा प्रचलित थियो। त्यति मात्र नभएर गाँजा खान, ऋग्वेदका आर्यहरूले खाने सोमलता, मादक मह र रक्सी खान पनि शकहरूका समाजमा लैङ्गिक पक्षपात थिएन (१४३-१४४, १४५-१५१)।

अलेक्जान्डरलाई पनि एउटी शक युवतीले मारेकी थिइन् । 'स्त्री राज्य'को वर्णनबाट खस महिलाहरूको हैकम त्यस क्षेत्रमा पुरुषको भन्दा माथि रहेछ भन्ने बुझिन्छ। बादीहरू प्रागितिहासका त्यस्तै शक महिलाहरू हुन्, अथवा त्यही स्त्री राज्यका नागरिक हुन्, जसले आफ्नो परम्परा अहिलेसम्म जोगाएका छन्। बादीहरू-को प्रागितिहास र इतिहास नबुझी उनीहरूको अपमान गर्नुको साटो बादीहरूको परम्परालाई कर्णाली प्रदेश र सुदूर पश्चिमले जोगाएको प्रागितिहासको जिउँदो सङ्ग्रहालयका रूपमा व्यवस्था गर्नु बुद्धिमानी होला।

## ८. महिलाको स्थिति

कर्णाली प्रदेश खस जातिको बाहुल्य भएको प्रदेश भए पनि खस जातिकै महिलाहरूको स्थिति चाहिँ अरु जातिको भन्दा निम्न स्तरको देखिन्छ । जुन जातिमा मातृसत्ता थियो र अझै केही रूपमा ठाउँ ठाउँमा छ, इपू० पाँचौँ शताब्दीमै युनानी भूगोलविद् स्ट्राबोले जुन जातिमा महिलाहरूको शासन देखेका थिए; जुन खस जातिकै गोती शक जातिकी एउटी वीराङ्गनाले अलेक्जान्डरलाई युद्धमा मारेकी थिइन् र शक जातिकै वीराङ्गनाहरूले चित्तौरमा वीरता देखाएका थिए र जुन जातिको लैङ्गिक समानता र महिलाहरूको वीरता र रणकौशलबाट प्राचीन ग्रिस, रोम, इजिप्ट र चीन थर्कमान थियो, त्यसै जातिको बहुमत भएका ठाउँमा आज महिलाहरूको स्थिति पुरुषका तुलनामा खच्केको छ। कर्णाली प्रदेशमा पहिले महिलाहरूका खटनमा पारिवारिक निर्णय हुन्थ्यो, तर अहिले पुरुषहरूका हातमा त्यो निर्णय गर्ने अधिकार सरेको छ। दुल्लुमा छोरो जन्मिँदा मात्र छैटी खेलाउँछन्, छोरीको छैटी गर्दैनन्; छोरो जन्मिँदा खुसी हुने चलन छ; घर भित्रको काम महिलाले नै गर्ने चलन छ। खसहरूको बहुमत भएका क्षेत्रमा रजस्वला भएका महिलाहरूलाई हिन्दु धर्मका वेद र धर्मशास्त्रमा कतै नभएको छाउगोठमा राख्ने चलन छ।

कर्णाली सरकारले आफ्नो प्रदेशका सबै महिलाहरूलाई खस महिलाहरूले उपभोग गरेको प्रागितिहासिक र ऐतिहासिक गौरव दिन सक्ला ?

## परिशिष्ट ङ

# खसानको जातभात र प्रागितिहास

*('खसानी' जातभात र प्रागितिहास' शीर्षकमा नयाँ पत्रिकाको 'झन नयाँ' स्तम्भमा प्रकाशित, २०७६ साल वैशाख ७ गते शनिबार)*

डा० माधव प्रसाद पोखरेल

कल्याल महलको ताम्र पत्र (१८०२) मा खसहरू बसोबास गर्ने नेपालको भू भागलाई 'खसान' भनिएको छ। यस लेखमा 'खसान' शब्दले नेपालको कर्णाली प्रदेशदेखि भारतका उत्तराखण्ड र हिमाचल प्रदेशसम्मको खस जाति बसोबास गरेको भू-भाग जनाउँछ। हुन त 'खस जातिको खास कुरो' (अन्नपूर्ण, फागुन १३, २०७५) भन्ने लेखमा स्थान नाम, सांस्कृतिक समानता र युरेसिया, चीन तथा दक्षिण एसिया सम्मका ऐतिहासिक प्रमाणका आधारमा ताजिकिस्तानमा पर्ने विश्वको सबभन्दा अग्लो पामिरको माल भूमि वरिपरिको नेपाल, पश्चिम तिब्बतको ताक्लाकोट, सिन्च्याङको ताक्लामकान उपत्यका, किर्घिजिस्तान, उज्बेकिस्तान, अफगानिस्तान, पाकिस्तान, काश्मीर, हिमाचल प्रदेश र उत्तराखण्डको हिमाच्छादित भू भागको मानव बस्तीलाई 'खस मण्डल' भनेर चिनाएको थिएँ, तर जातभातका आधारमा खस जातिलाई नै अनेक पत्रमा विभाजन गर्ने देश नेपाल र भारत मात्र भएकाले यस लेखको 'खसान' शीर्षकले चाहिँ नेपाल र भारतका त्यति क्षेत्रको जातभातलाई मात्र समेटेको छ। सप्त सिन्धुदेखि गङ्गाको बेँसी सम्म आर्यहरूले वैदिक साहित्य (इपू० १२ औँ शताब्दीको 'ऋग्वेद' को दसौँ मण्डल (९०।१२) र इपू० १० औँ शताब्दीको 'शुक्ल यजुर्वेद' को ३१ औँ अध्यायको 'पुरुष सूक्त') मा उल्लेख गरेको चार जातको विभाजनको प्रभाव र सुइँको आर्यहरू नै भए पनि हिमाच्छादित पहाडी भेगमा गाई, भेडा, बाख्रा र घोडा पालेर बसेका खसहरूलाई थिएन, तर सुरुमा वैदिक धर्मले रचेको अनि गुप्त काल (चौथोदेखि छैटौँ शताब्दी) मा पुराणहरूमा व्यापक भएको हिन्दू धर्मको चार जातले भारतीय उपमहाद्वीपका आर्य, अनार्य सबैलाई प्रभाव नपारी छोडेन, त्यसैले खसानका खसहरू पनि वैदिक र हिन्दू धर्मको जात विभाजनको प्रभावबाट मुक्त हुन सकेनन्, तर त्यो जात विभाजन खसानमा चाहिँ बेछन्द्याइलो र अड्बङ्गे देखिन्छ।

बझाङ (डा० लक्ष्मी पण्डित) मा चाहिँ धामी, रोकाया र कडायत क्षेत्रीहरू तागाधारी र मतुवाली दुवै पाइन्छन् अरे। दार्चुला (वासुदेव बिस्ट) मा जनै नलगाउने बोहोरा (कुकुडे\कुखुरा काट्ने बोहोरा) को पानी पनि चल्दैन अरे र तिनीहरूलाई घर भित्र पस्न पनि दिँदैनन् अरे। उनीहरूको लोथ्यान र बडालसित मात्र बिहे चल्छ अरे। डँडेल्धुरा(आर० डी० प्रभास चटौत) र बझाङ (डा० लक्ष्मी पण्डित) मा चाहिँ बोहोरा बाहुन पनि हुन्छन् अरे। बैतडीमा चाहिँ बोहोरा जनै लगाउने क्षेत्री नै छन् अरे।

बैतडी (आत्माराम भट्ट)मा ठगुन्ना जनै लगाउने क्षेत्री हुन् अरे, अछाम(डा० हर्कबहादुर शाही) र बझाङ (डा० लक्ष्मी पण्डित) मा चाहिँ ठगुन्ना मतुवाली हुन् अरे। त्यस्तै डोटी(शान्ति भट्ट) मा साउँद र ऐरले पहिले जनै लगाउदैनथे रे, बैतडी(आत्माराम भट्ट) का अनुसार भाट र राउत (राउट) ले पनि पहिले जनै लगाउँदैनथे अरे। अहिले भने सबै जना जनै लगाउन तर्फ अग्रसर भएको पाइन्छ, यससम्बन्धी भेदभाव पनि कम हुँदै गइरहेको छ। डँडेल्धुरा (आर० डी० प्रभास) र डोटी (शान्ति भट्ट) मा उपाध्याय बाहुनमा पनि चार राठ भन्दा बार राठ तल्लो जात मानिन्छ अरे, तर चार राठका बाहुनले बार राठलाई छोरी चाहिँ दिन्छन् अरे, बुहारी चाहिँ ल्याउँदैनन् अरे। डँडेल्धुरा (प्रभास) का क्षेत्रीहरूमा विवाहिता पत्नीले पकाएको भात पनि नखाने चलन छ अरे।

दार्चुलामा बडु जैसी बाहुन हुन् (वासुदेव बिस्ट) अरे । जुम्ला (बालकृष्ण पोखरेल, बिहारी कृष्ण श्रेष्ठ) मा क्षेत्री मात्र 'घिउ पोल्ने' र 'घिउ खाने' दुई जातका हुन्छन् अरे, तर बाजुरा (रूपक रोउले) मा बाहुनलाई नै 'घिउ पोल्ने' (उपाध्याय) र 'घिउ खाने' (पाध्याय) भनेर छुट्याउँछन् अरे ।

बाजुरा (रूपक रोउले) का उपाध्याय पण्डितहरू पहिले राजा थिए अरे, त्यसैले उनीहरू अरु उपाध्याय बाहुनसित बिहेबारी चाहिँ गर्थे अरे, तर छोएको भात चाहिँ खाँदैनथे अरे, आफुलाई ठूला मानेर अरु बाहुनको टिको चाहिँ थाप्थे अरे, तर अरु कसैलाई पनि टिको लगाई दिँदैनथे अरे ।

बाजुरामा बाहुनका तिन जात हुन्छन् अरे । बाजुरामा खत्री बाहुन र हमाल बाहुन पनि हुन्छन् अरे । खत्री बाहुन चाहिँ तेस्रो दर्जाको बाहुनमा पर्छ अरे, हमाल बाहुन चाहिँ दोस्रो दर्जा (जैसी सरह) र तेस्रो दर्जाका हुन्छन् अरे । बाजुरामा ठकुरीहरूमा अरु भन्दा आफैँलाई ठूलो मान्ने चलन छ अरे । खसानमा धैरै तिर ठकुरीहरू क्षेत्री भन्दा आफुलाई माथ्लो जातका ठान्छन् अरे ।

बाजुरामा क्षेत्रीहरू थरैले पनि तिन दर्जाका छुट्टिन्छन् अरे । नुवाँघरी थापा पहिलो दर्जाका क्षेत्रीमा पनि अब्बल दर्जाका मानिन्छन् अरे । त्यहाँ पहिलो दर्जाका क्षेत्रीमा नुवाँघरे थापा, बुड्थापा, बिस्ट, कार्की, अधिकारी, कुँवर र बानियाँ आउँछन् अरे, दोस्रो दर्जामा भँडारी, रौले, खँड्का, खाती, बुढाथोकी, बोगटी, ओली, कटुवाल, खडायत, ऐडी, जेठारा, राना र दानी पर्छन् अरे भने, तेस्रो दर्जाका क्षेत्रीमा चाहिँ बुढा, धामी, राउत, बोहोरा, डँडाल, भाट र साँउद आउँछन् अरे । रूपक रौलेको भनाइ अनुसार बाजुरामा यी तेस्रो दर्जाका क्षेत्रीहरू दुर्गम ठाउँमा चाहिँ जनै लगाउँदैनन् अरे, तर सुगम ठाउँमा चाहिँ जनै लगाएका भेटिन्छन् अरे ।डोल्पा (जय बहादुर डसाल) को एउटा गाउँमा ८० प्रतिशत क्षेत्री (डसाल, महतारा, साहिला, आदि) जनै नलगाउने नै छन् अरे ।हुम्ला (दीपक बुढा) का थपाल्या व्यासी पनि जनै नलगाउने क्षेत्री नै हुन् । बझाङमा झैँ खसानमा कतै कतै जनै लगाउने र नलगाउने क्षेत्री बिच बिहेबारी पनि चल्छ अरे ।

सबै भारतीय आर्य समुदायमा झैँ खसानमा पनि परम्परागत प्रविधिज्ञ (टेक्निसियन अथवा इन्जिनियर) जतिलाई दलित बनाइएको पाइन्छ, जस्तै, दार्चुलाका लावड (दलितको पुरेत), लोहार (फलाम), मउर (घर बनाउने), ओड (फलाम, सुन, घर), पार्की (बाँस), चुनारा (ठेकी), दमाईँ (लुगा, बाजा), बादी (नाचगान), भाण (गीत), भुल (छाला), आउजी (बाजा, लुगा), टमट्टा (तामा, सुन, चाँदी) । बाजुरा (रूपक रौले) मा चाहिँ सेराला (ठालुका खेतमा पानी लगाउने), सनाई (सनई बजाउने), कुमाल, कँडारा (माटाका भाँडा) र तिरुवा (तिरो तिर्न नसकेर हली भएको) जातका पनि दलित पाइने रहेछन् । रुकुम, जाजरकोट र सल्यान (मनोहर लामिछाने) मा चाहिँ तामाको काम गर्ने दलितलाई 'ताम्या' अथवा 'ताउल्या' भन्छन् अरे अनि गाइने अथवा गन्धर्वहरू गीत र कर्खाका लागि प्रसिद्ध छन् अरे । अरु तिर भुल दलित छन् अरे, तर बझाङ (डा० लक्ष्मी पण्डित) मा चाहिँ भुल बाहुन पनि छन् अरे । बझाङमा सूचना प्रसारण गर्ने ओखेडा र सरसफाइ गर्ने च्यामे पनि दलितमै पर्छन् अरे । कालीकोट (धनकृष्ण उपाध्याय) मा कामीहरू पनि मिझार (फलाम), सुनार (सुन), कसारा (काँस), टमोट्टा (तामा), लोहार (फलाम) र ओड (घर) गरी ६ किसिमका, दमाईँहरू दमाईँ (दमाहा), हुड्के (हुड्को) र आउजी (लुगा) गरी तिन किसिमका हुन्छन् अरे ।

लक्ष्मीदत्त जोशी (१९८४ इ) को अनुसन्धान अनुसार खसहरूका समुदायमा हिन्दु वर्णाश्रम धर्मको वैश्य जाति नै पाइँदैन, तर पनि मैदानी भागको भारतीय हिन्दु वर्णाश्रम धर्मसित मिलाउन खसहरूका समुदायमा पनि ठूलो जात (चोखा) र सानो जात (बिटालु) मा वर्गीकरण गरिएको पाइन्छ।

यसरी खसानमा वैदिक धर्मले चार जात छुट्याउनु भन्दा अगाडिका मतुवाली क्षेत्री पनि पाइन्छन् अनि अनेक किसिमका प्राविधिक सिप भएका परम्परागत टेक्निसियन र इन्जिनियरहरूलाई नै दलित बनाएर घर र मन्दिरमा पस्न नदिने र पानी काढ्ने प्रवृत्ति पाइन्छ, तर यही समान व्यवहार आधुनिक टेक्निसियनहरूलाई गर्ने गरेको पाइँदैन।

मानव इतिहासमा मान्छेलाई अनेक जातिमा बाँड्नु त स्वाभाविकै देखिन्छ। त्यस्तै, एउटै जाति पनि अनेक राज्यमा बाँडिएर होड गरेको पनि देखिन्छ। मानव जातिका अमानवीय युद्धहरूले राष्ट्र राष्ट्रका सीमाहरू बनाएर अनेक जातिलाई मात्र होइन, आफ्नै जातिलाई थिचेको र दास बनाइएको पनि देखिन्छ। अस्को पार्पोला ('द रुट अफ हिन्दुइज्म', २०१५ इ) को अनुसन्धान अनुसार स्थायी बसोबास गर्ने आर्यहरूलाई यायावर शकहरूले पटकपटक आक्रमण गरेको र कति शकहरूलाई स्थायी बसोबास गर्नेले कमारै बनाएर राखेका हुनाले 'ऋग्वेद' मै पनि शकहरूलाई 'दास' र 'दस्यु' भनेको पाइन्छ। इतिहासमा जित्ने देउता हुन्छ, हार्ने राक्षस मानिन्छ !

मानव इतिहासमा सबै भन्दा पहिले घोडा, भेडा र गाई पाल्नेलाई भारोपेली जाति भन्ने चलन छ। पुरातत्त्वविद्हरुले युराल पहाडको छेउछाउमा कृष्ण सागर र कश्यप सागरको सेरोफेरोलाई त्यस जातिको मूल थलो ठहराएका छन्। आर्य जाति त्यसै भारोपेली जातिको पूर्वी बगाल ठहराइएको छ। आर्यहरूसँग सबभन्दा पछाडि मूल थलाबाट छुट्टिने लिथुआनियालीहरू र त्यस भन्दा अगाडि छुट्ने ग्रिसेलीहरू मानिन्छन्। पुरातत्त्वविद्हरुले कजाखस्तान (आन्द्रोनोभो संस्कृति) लाई इरानी र दक्षिण एसियाली आर्यको साझा संस्कृति बुनिएको ठाउँ मान्दछन् (इलेना कुज्मिना, 'द ओरिजिन अफ इन्डो इरानियन', २००७ इ)।

आर्यहरूकै एउटा बगालले दक्षिण तुर्कमेनिया तिर इपू० १५ औँ शताब्दी तिर ऋग्वेदको रचना गर्न थालेका पुरातात्त्विक दसी भेटिएका छन् (भिक्टर मायर र जेन हिक्मन, 'रिकन्स्ट्रक्टिङ द सिल्क रोड', २०१४ इ)। पछि सिन्धु नदीको बेँसीमा वैदिक सभ्यता फस्टायो। इरानमा पसेको आर्यहरूको अर्को एउटा बगाल हो, तर यी दुइटा बगाल बाहेक पुरै युरेसिया, चीन, मङ्गोलिया, सिरिया र 'खस मण्डल' का हिमाच्छादित मानव बस्तीहरूमा घोडा चढेर घोडा, गाई, भेडा र बाख्रा चराउँदै हिंड्ने सबै आर्यका बगाल तिनै इरानमा बस्ने र ऋग्वेद लेख्ने भारतीय आर्यहरू मात्र होइनन्। अहिले पनि त्यस हिमाच्छादित भू भागका मानव वस्ती (चित्राल, नुरिस्तान, आदि) मा सहरको मुखै नदेख्ने आर्यहरूका थुप्रै बगाल छन्। खसहरूले आर्यहरूका तिनै बगाल मध्ये एउटा बगालको प्रतिनिधित्व गर्छन् (कुज्मिना, २००७ इ)।

ऋग्वेद लेख्ने आर्यहरूका बगालमा खस र शकहरू सामेलै थिएनन्, त्यसैले वैदिक सामाजिक धर्म अनुसार मानव जातिलाई चार जातमा विभाजन गर्ने ऋग्वेदको ऋचा ('ब्राह्मणोऽस्य मुखमासीत्...') अनुसार खसहरू त बाहुन, क्षेत्री र वैश्यमा पर्न सक्ने नै थिएनन्, त्यसैले खसहरूको वैदिक जात विभाजन नहुनु स्वाभाविक हो। यसरी बुझ्दा वैदिक आर्यहरू भन्दा अवैदिक आर्यका बगालहरू धेरै तिर बग्रेल्ती हुने भए। वास्तवमा खसहरू अवैदिक आर्य नै भएका हुनाले गवारियो (१९७६ इ) ले खसानका जनै नलगाउने मतुवाली क्षेत्रीलाई चाहिँ सक्कली खस मानेका हुन्।

वैदिक आर्यहरूले नै पनि ब्राह्मण हुनलाई धेरै नियम र अनुशासन पुरा गर्नु पर्थ्यो, त्यसैले 'जन्मना जायते शूद्रः कर्मणा जायते द्विजः' (जन्म मात्रले मान्छे शूद्र मात्र हुन्छ, कर्मले मात्र ब्राह्मण हुन्छ) भन्ने उखानै चलेको थियो। क्षत्रिय र वैश्य वास्तवमा जातै नभएर पेसाका आधारका सामाजिक वर्ग मात्र थिए। यस हिसाबले वैदिक आर्यहरूले जन्मने बितिक्कै कसैलाई ब्राह्मणै ठहराउँदैनथे। ब्राह्मण हुन धर्मका निर्धारित नियम, अभ्यास र अनुशासनको अनिवार्य आवश्यकता थियो।

उत्तर वैदिक ग्रन्थ (पञ्चविंश ब्राह्मण, १७।४, शतपथ ब्राह्मण, १३।४।२।७) हरूमा कसरी अवैदिकलाई वैदिक धर्ममा प्रवेश गराउने भन्ने विधि पनि पाइन्छ, जसलाई 'व्रात्यस्तोम' भनिन्छ। त्यस अनुसार रहर गर्ने खसहरूलाई पनि वैदिक जात दिइयो। वैदिक धर्म अनुसार जनै लगाउन पाउने अवैदिक आर्यहरूलाई 'व्रात्य' भन्ने चलन थियो। पञ्चविंश ब्राह्मणमा व्रात्यहरूका बेहोरा यस प्रकार छन् : कुरो नबुझ्नेलाई कुट्ने, फेटा (उष्णीष) बाँध्ने, हातमा कोर्रा लिने (प्रतोद), अनौठो धनुष बोक्ने (ज्याह्रोड), कालो लुगा लगाउने, छालाकै पोसाक लगाउने (अजिन), फलेकका घेरा लगाउने (फलकास्तीर्ण), लक्ष्यहीन हुल (व्रात)बाँधेर हिँड्ने, तल्लो जातको सङ्गत गर्ने, थातवासको ठेगान नभएका अर्थात्, यायावर,संस्कृतको अशुद्ध उच्चारण गर्ने, आर्य भएर पनि अनार्यको भाषा बोल्ने, मगध निवासी अर्थात् पुर्बेली भाषिकाबोल्ने,  दश संस्काररहित, शूद्र र छेत्रिनी आमाका सन्तान, ब्रह्मचर्य पालन नगर्ने, आदि (पञ्चविंश ब्राह्मण, मोनियर विलियम्स)। यस्ता केही बेहोरा हुने शिवजी र उनका केही भक्त पनि पर्छन्, खसहरू पनि पर्छन्।

'मनुस्मृति' मा खसहरूलाई पनि 'व्रात्य' भनिएको छ। अथर्व वेद संहिता (१५।१।४।५) मा त शिवजीलाई पनि 'व्रात्य' हरूका नाइके (महादेव) भनिएको पाइन्छ। वैदिक आचरण अक्षरशः नमान्ने भएकाले शिवजीलाई पुराणहरूमा पनि गतिछाडा मानिएको छ। वैदिक अनुशासन नमान्ने हुनाले पार्वतीकी आमाले पनि दक्ष प्रजापतिले पनि शिवजीलाई 'असभ्य' ठहराएका छन्। शिवजी आधारभूत रूपमा हरप्पा अथवा भारतीय उपमहाद्वीपका देवता हुन्। कैलास पर्वत शिवजीको आवास भएकाले शिवजीलाई 'यक्ष' ('यक्षस्वरूपाय') अर्थात्, एट्किन्सन अनुसार 'खस' मानिएको छ।

उत्तर वैदिक ग्रन्थ (पञ्चविंश ब्राह्मण, आदि) हरूमा पाइने 'व्रात्यस्तोम' अनुसार वैदिक धर्म लिन निकै ठूलो श्रम र धन खर्च गर्नु पर्थ्यो, त्यसैले धनी मानी, राजा महाराजाहरूले त जनै लगाएर वैदिक धर्म लिँदा फाइदै देखे होलान्, तर खसानका जुन गरिबहरूसित जनै लगाउन चाहिने धन पनि थिएन र जनै लगाउँदा फाइदा पनि थिएन र जनै नलगाउँदा नोक्सानी पनि थिएन, ती खसहरूका काँधमा जनै नै पाइँदैन। यसरी नेपाल र भारतको खसानमा जनै नलगाउने अर्थात् मतुवाली क्षेत्री जो भेटिन्छन्, गबारियोले भने झैँ, ती चोखा खस हुन्। तिनीहरूले हिमालयका यस भेगमा खसहरूको प्रागितिहासिकताको जीवन्त परिचय दिई रहेका छन्।

भारतवर्षमा वैदिक धर्मले राजनीतिक शक्तिको पुठ पाए पछि, त्यो धर्मको जोडदार प्रचार प्रसार हुनु स्वाभाविक हो। समाजका 'ठूलाबडा' ले जे गर्छन्, लोकले त्यसैको सिको गर्छ। यसरी वैदिक धर्म नमान्ने कोही भेटियो भने, त्यसको उपहास गर्ने प्रवृत्ति हुनु र उछित्तो काढ्नु पनि स्वाभाविक भयो। छान्दोग्य उपनिषद् (१।१०।७-९) मा नजान्नु नै दण्डनीय अपराध मानिने कुरो लेखिएको छ (अस्को पर्पोला, 'रुट अफ हिन्दुइज्म', १३९)। उत्तर वैदिक साहित्यमा त्यसको पनि दसी पाइन्छ। मैदानी भागबाट राजनीतिक शरण लिन हिमालय पसेका राजाहरूले वैदिक धर्मको प्रभाव हिमालयमा ल्याए होलान्। यसरी धेरैजसो खसहरू वैदिक धर्मको जात भित्र पसे पनि मतुवाली

क्षेत्रीहरू मिलेनछन् । अरुको धर्मको सिको गर्दा केही ढङ्ग नपुगेको हो कि किन हो, खसान क्षेत्रको जात विभाजनमा मैदानी आँखाले हेर्दा धेरै कुरा अनौठा देखिने रहेछन्।

मध्यकाल पछि गङ्गाको मैदानका हिन्दू समाजमा जसका हातमा प्राविधिक सीप छ (कामी, दमाईं, सार्की, गाइने), त्यसलाई चाहिँ शूद्र बनाइएको पाइन्छ (दिनकर, १९५६ ई.) । त्यस स्थितिको नराम्रो प्रभाव तराई र पहाडका नेपाली समाजमा परे झैं कर्णाली प्रदेशमा पनि नराम्रो गरी प्रचलित छ।

ऋग्वेद र यजुर्वेदको 'पुरुष सूक्त' मा चार जातको जस्तो विभाजन देखिन्छ, त्यो पेसागत विभाजन मात्र थियो, भात, पानी र बिहेवारी नचल्ने आजको हिन्दू समाजको जस्तो निकृष्ट विभाजन थिएन । त्यसको प्रमाण महाभारतमा अनेक ठाउँमा देखिन्छ :

अ. एउटै राजा गाधिका छोरा विश्वामित्र चाहिँ क्षेत्री र छोरीका छोरा नाति अष्टावक्र चाहिँ बाहुन भएका छन्।

आ. विश्वामित्र आफैँ पनि जन्मिँदा क्षेत्री थिए; वशिष्ठ ऋषिले बाहुन भइस् भने पछि बाहुन भए।

इ. पराशर ऋषिले माझीकी छोरी सत्यवतीबाट जन्माएका व्यास ऋषि बाहुन भएका छन्।

ई. वासुकी नाग (जन जाति) की बहिनी जरत्कारुको जरत्कारु ऋषिबाट जन्मेका आस्तिक मुनि चाहिँ बाहुन थिए।

नेपालको मुलुकी ऐनले छेत्रिनी, जन जाति, र बिहे नगरेका कन्याबाट जन्मेका बाहुनका छोरालाई बाहुन बनाउन कहिल्यै सक्थ्यो? त्यसैले नेपाल भारतका दलितहरू अन्यायपूर्वक वैदिक सनातन धर्म र हिन्दुहरूका आधारभूत ग्रन्थ (वेद, ब्राह्मण, उपनिषद्, रामायण र महाभारत) मा कतै नभएको कुरो 'हिन्दु धर्म' ले निषेध गरेको भनेर मध्यकालीन उत्तर भारतको जातीय स्वार्थबाट विकसित भएको छुवाछुत र समाजबाट मुलुकी ऐन समेतले काढिएका छन्।

कुमाउँका पुरातत्त्वविद् महेश्वर जोशी (१९८४ इ) को अनुसन्धान अनुसार हिमालयको यस भेगमा त'शूद्र' (डोम) हरू खसहरू भन्दा पनि पहिले आएका आर्य हुन्। महेश्वर जोशी (२०११ इ) ले 'शूद्रों का ब्राह्मणत्व' भन्ने शोध ग्रन्थमा के कुरो भनेका छन् भने, 'ब्राह्मण' शब्दको आधारभूत अर्थ 'कर्मकाण्ड गर्न जान्ने' मात्र हो, त्यसैले गङ्गा र सिन्धुको बेँसीमा विकसित भएको कर्मकाण्डको ज्ञान नहुने मध्य हिमालयका आर्यहरूलाई उनीहरू वैदिक कर्मकाण्ड नजान्ने हुनाले 'शूद्र' ठहराइयो । उनले कुमाउँका त्यस्ता 'शूद्र' हरूसँग बाहुनको बिहेवारी नहुने र तिनीहरूले छोएको पानी नचल्ने प्रतिबन्ध १९औँ शताब्दी सम्म थिएन, गोर्खाली फौजले जिते पछि मात्र तिनीहरू अस्पृश्य भए भन्ने कुरो लेखेका छन्।

जे भए पनि, 'शूद्र', 'अछुत', 'पानी नचल्ने', 'दलित' जस्ता मानव जाति भित्रका पक्षपाती र अन्यायी वर्गीकरण वैदिक सनातन र हिन्दु धर्म दुइटैका आधारभूत मानक ग्रन्थसँग मेल नखाने सामाजिक रोग हुन् । तिनीहरूको अन्त्य हुनु पर्छ, त्यसैले नेपालले दलित उत्थान अभियान कार्यक्रमकारूपमा ल्याउनु पर्छ । नेपालीहरू संस्कृत भाषामा भगवानका मुखबाट जसले जे भने पनि पत्याउँछन्, त्यसैले दलितहरूको जातभातको अन्त गर्ने यस अभियानमा नेपाल संस्कृत विश्व विद्यालय, सम्पूर्णानन्द विश्व विद्यालय अथवा पुणे विश्व विद्यालयका संस्कृतका धुरन्धर विद्वान् र अनुसन्धाताको उपयोग गर्नु पर्छ। स्व० योगी नरहरि नाथ जस्ता विद्वान् जोगी, महात्मा र साधु सन्तहरूलाई पनि दलितहरूको सम्मानपूर्ण उत्थान र जातभातको समानताको अभियानमा अघि सार्नु पर्छ।

इतिहासको मध्य कालमा बिग्रेको जाति विभाजनको रूढि नै नेपाली दलितहरूको छुवाछुत प्रथामा देखिन्छ । भारतमा स्वामी दयानन्द सरस्वती र पूर्वी नेपालमा पण्डित छविलाल पोखरेलले हिन्दु धर्म शास्त्रका मानक ग्रन्थहरूका प्रमाण अघि सारेर दलितहरूको उत्थानमा जुन सामाजिक क्रान्ति ल्याए, त्यसलाई पूर्ण रूपमा समस्त नेपालमा लागु गर्नु पर्ने आवश्यकता छ ।

सिप नभएका दलित नै हुँदैनन् । दलितका परम्परागत सिपहरूसित नेपाली संस्कृति नङमासु भएर मिलेको छ । नेपालमा प्रचलित शिक्षा 'उल्टो बाटो' मा चली रहेकाले (हेर्नु 'उल्टो बाटोमा शिक्षा', कान्तिपुर, कात्तिक १०, २०७५) नेपाली संस्कृतिका सिक्नु पर्ने कुरा सिकाउने, अभ्यास गराउने र नेपाल र नेपाली चिनाउने कुनै पनि चलन लोप नहुने गरी नयाँ पुस्तामा कसरी शिक्षा र तालिम, अभ्यास, परीक्षा, पुरस्कार र प्रचारद्वारा सार्ने भन्ने कुरामा नेपालको शिक्षा मन्त्रालय संवेदनशील नभएकाले दलितहरू, उनीहरूको सिप र रोजगारसँगै नेपाली संस्कृति र हाम्रो राष्ट्रिय चिनारी दिनानुदिन सङ्कटमा परी रहेका छन् । नेपालको शिक्षा व्यवस्थामा प्रभावकारी रूपमा राष्ट्रिय चेत र दूरदर्शिता उच्चतम प्राथमिकतामा नपरेकाले समग्र नेपाली संस्कृति अहिले दलित र शूद्र झैँ बनाइएको छ ।

शिक्षा मन्त्रालयले हरेक दलितको सिप त्यही जात अथवा अरु जातका सिक्न चाहने विद्यार्थीहरूलाई र विदेशी विद्यार्थीहरूलाई पनि त्यसै गाउँ, ठाउँ, जिल्ला र प्रदेशका मात्र होइन, देशका अन्य प्रदेशका देशभरकै र विदेशका विद्यार्थीहरूलाई तालिम केन्द्र र पाठ्य क्रम बनाएर क्रेडिट कमाउने प्रयोगात्मक तालिम तिनै दलितहरूबाट लिने चाँजो मिलाउन सक्छ । नेपाली लोक संस्कृतिको ठूलो अंश दलितहरूका परिवारमा सीमित भएकाले उच्च सम्मानका साथ त्यसको जगेर्ना, उत्थान, विकास, प्रचार, प्रशिक्षण, प्रदर्शन र बजारीकरण गर्न सरकार सचेत र सक्रिय हुनु पर्छ ।

- क. नेपाल भरिकै दलितहरूको उत्थान गर्न प्रथमतः उनीहरूको सिपलाई राज्यले राष्ट्रिय सिपका रूपमा सबै सरकारी कार्यालयमा अनिवार्य रूपले उपयोग गरेर प्रोत्साहन गर्नु पर्छ ।
- ख. दलितहरूलाई नै प्राथमिकता र टेवा दिएर सबै प्रदेशमा विदेशी र स्वदेशी पाहुनाहरूको सत्कार गर्ने कार्यक्रम चलाउनु पर्छ ।

त्यो सामाजिक सुधार गरेर न्यायिक समानताका आधारमा दलितहरूको वैज्ञानिक र वैधानिक सामाजिक उत्थान नगर्ने हो भने, विदेशी विस्तारवादी धर्महरूले नेपालीहरूका धर्ममा अतिक्रमण गर्ने फटाइँ मुलुकमा कायम रहन्छ । नेपालका कानुनले धर्म परिवर्तन गर्न निषेध गरे पनि थुप्रै विदेशी आइएनजिओ-हरू नेपालको सामाजिक उत्थान गर्ने निहुँ बनाएर गाउँ गाउँमा धर्म परिवर्तन गर्न डलर बाँडी रहेका छन् भन्ने कुरो नेपाल सरकारले किन देख्न सकी रहेको छैन?दलितहरूलाई विदेशी विस्तारवादी धर्ममा दीक्षित गराउने अपराध देशभरमा खुल्लमखुल्ला चली रहेको छ । त्यसमा रोक र कानुन लगाउनु पर्छ ।

# स्थलगत अध्ययन भ्रमणका केही तस्बिरहरू



पाँच पाण्डव र द्रौपती, पाण्डवगुफा सिंजा



कार्मारोङ भाषीसँग सूचना सङ्कलन गर्दै, मुगु



सूचना सङ्कलन गर्दै, गमगढी, मुगु



मष्टोको थान, मुगु



मदिरा निषेधित नगर घोषणा कार्यक्रम, गमगढी, मुगु



कर्णाली प्रदेशको मुख्यमन्त्रीसँग अनुसन्धान टोली



राउटे समुदायसँग अनुसन्धान टोली, सुर्खेत




मगर, थारु र खस समुदायसँगको छलफलपछि वीरेन्द्रनगर, सुर्खेत

# स्थलगत अध्ययन भ्रमणका केही तस्बिरहरू



दुल्लू साँस्कृतिक संग्रहालय



विजयश्वरी मन्दिर, दुल्लू



विन्ध्यावासिनी मन्दिर, दैलेख



हुड्के नाच



वादी समुदायसँगको अन्तरक्रियापछि, दैलेख



कर्णाली राजमार्ग



सूचना सङ्कलन गर्दै, खलङ्गा जुम्ला



सूचना सङ्कलन गर्दै, कालिकोट